# परिच्छेद एक

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधको शीर्षक “गोविन्द भण्डारीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन” रहेको छ ।

## १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तहको दसौँ पत्रको प्रयोजनका निमित्त प्रस्तुत गरिएको हो ।

## १.३ विषयप्रवेश

गुल्मी जिल्ला, लिम्घा गा.वि.स., वडा नं. ९, स्याङ गाउँमा २०२१ साल चैत्र ३० गते पिता नीलमणि र माता तेजकुमारी भण्डारीका माहिला सुपुत्रका रूपमा गोविन्द भण्डारीको जन्म भएको हो । उनले बाल्यकालको पूर्वार्द्ध पहाडमै बिताएर २०३० सालमा सपरिवार करहिया गा.वि.स., वडा नं.८, ज्योतिनगर उत्तर टोलमा स्थायी रूपमा बसोवास सुरु गरे । उनले गीर्वाण सरस्वती संस्कृत माध्यमिक विद्यालय, मणिग्राम, रूपन्देहीबाट २०३९ मा प्रवेशिका परीक्षा उत्तीर्ण गरी प्रमाणपत्र तह बुटवल बहुमुखी क्याम्पस, बुटवलबाट र स्नातक तह भैरहवा बहुमुखी क्याम्पस, भैरहवाबाट उत्तीर्ण गरे र काठमाडौँबाट नेपाली विषयमा स्नातकोत्तर तहको अध्ययन गर्दागर्दै उनी २०५० साल श्रावण १६ गते २८ वर्षको कलिलो उमेरमा विमान दुर्घटनामा परी दिवंगत भए ।

गोविन्द भण्डारीले कलिलो उमेरदेखि साहित्यलेखन प्रारम्भ गरेका हुन् । उनले विद्यालयमा अध्ययन गर्दा गुरुजनको उत्प्रेरणाबाट साहित्यमा प्रवेश गरेको पाइन्छ । उनको विभिन्न छन्दमा रचित **फिलिङ्गो** खण्डकाव्य र कविताहरू **दियालो** (कवितासङ्ग्रह) र **आगो पालेका पेट र शीत ओढेका बस्तीहरू** (संयुक्त कवितासङ्ग्रह)मा उनको जीवनकालमा नै प्रकाशित भएका हुन् । यसका अतिरिक्त अन्य केही रचनाहरू उनको जीवनपश्चात् पनि प्रकाशित हुँदै आएका छन् । उनको कलम बढीजसो कवितामा चलेको छ, तर पनि उनको जीवनी, व्यक्तित्व र कतित्वका बारेमा व्यवस्थित अध्ययन भएको पाइँदैन ।

## १.४ समस्याकथन

साहित्यकार गोविन्द भण्डारीका खण्डकाव्य र केही फुटकर कविता प्रकाशित छन् भने केही रचना अझै पनि अप्रकाशित अवस्थामै छन् । प्रस्तुत शोधकार्य गोविन्द भण्डारीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा केन्द्रित छ । यस मूल समस्यासँग सम्बद्ध भएर निम्नलिखित प्रमुख प्राज्ञिक प्रश्नहरू रहेका छन् :

(क) साहित्यकार गोविन्द भण्डारीको जीवनी केकस्तो छ ?

(ख) साहित्यकार गोविन्द भण्डारीको व्यक्तित्व केकस्तो छ ?

(ग) साहित्यकार गोविन्द भण्डारीको साहित्यिक यात्रा केकस्तो छ ?

(घ) साहित्यकार गोविन्द भण्डारीका कृतिहरू केकस्ता रहेका छन् ?

## १.५ शोधको उद्देश्य

प्रस्तुत शोधकार्य निम्नलिखित उद्देश्यप्राप्तिमा केन्द्रित छ :

(क) साहित्यकार गोविन्द भण्डारीको जीवनीको खोजी गर्नु ।

(ख) साहित्यकार गोविन्द भण्डारीको व्यक्तित्वको अध्ययन गर्नु ।

(ग) साहित्यकार गोविन्द भण्डारीको साहित्यिक यात्राको निर्क्योल गर्नु ।

(घ) साहित्यकार गोविन्द भण्डारीको कृतित्वको अध्ययन गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

साहित्यकार गोविन्द भण्डारीको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा विस्तृत अध्ययन हालसम्म भएको पाइँदैन । उनका तीन कृतिहरू र अन्य साहित्यिक पत्र-पत्रिकामा प्रकाशित विभिन्न विधाहरूको जेजति अध्ययन भएका छन्, तिनीहरूलाई कालक्रमिक रूपमा निम्नअनुसार प्रस्तुत गरिएको छ :

गोविन्द भण्डारीद्वारा रचित **फिलिङ्गो** (२०३६) खण्डकाव्यका प्रकाशक ऋषिराम भुसालले 'प्रस्तुत काव्य र कविका सम्बन्धमा' भन्ने शीर्षकको भूमिकामा बालक भण्डारीको विचित्रको कवित्वले आफ्ना साथीहरूमा प्रशंसाको पात्र र विद्यालयकै इज्जत बनेको उल्लेख गर्दै २०३६ श्रावणमा पन्ध्र दिनमा सो खण्डकाव्यको रचना गरेको र सो खण्डकाव्य क्रान्तिकारी चेतनाले भरिएको भनी गोविन्द भण्डारीको साहित्यिक योगदानको चर्चा गरेका छन् । यहाँ साहित्यकार गोविन्द भण्डारीको जीवनी, व्यक्तित्व र कतित्वका पक्षमा अध्ययन भएको छैन ।

टेकबहादुर गुरुङ, गङ्गाराम अर्याल लगायतका उनका तत्कालीन तथा समकालीन सहपाठी साथीहरूले 'बुटवल प्रेसमा कम्पोजिटर तालिमका सन्दर्भमा भण्डारीबाट रचित विभिन्न छन्दका कविताहरूको सङ्ग्रह **दियालो** (२०३९) का बारेमा 'हाम्रो तर्फबाट' शीर्षक दिएर प्रकाशकीय लेखेको पाइन्छ, जसमा **दियालो**का कविताले जनताको मनोबल उच्च पारेको बताइएको छ । यहाँ साहित्यकार गोविन्द भण्डारीको जीवनी, व्यक्तित्व र कतित्वका बारेमा केही उल्लेख भएको पाइँदैन ।

समालोचक हीरामणि शर्मा पौड्यालले आफ्नो **समालोचनाको बाटोमा** (२०४१) समालोचना ग्रन्थमा 'साहित्यिक फाँटमा लुम्बिनी अञ्चलका केही प्रबन्धकाव्यहरू' शीर्षक समालोचनामा गोविन्द भण्डारीको **फिलिङ्गो** खण्डकाव्यलाई लुम्बिनी अञ्चलको प्रतिनिधित्व गर्ने प्रगतिवादी खण्डकाव्य भनेर समीक्षा गरेका छन् । यहाँ साहित्यकार गोविन्द भण्डारीको जीवनी, व्यक्तित्व र कतित्वका अन्य पक्षका बारेमा केही उल्लेख भएको छैन ।

गोविन्द भण्डारी, मुरारि पराजुली र बोधराज पन्तको संयुक्त कवितासङ्ग्रह **आगो पालेका पेट र शीत ओढेका बत्तीहरू** (२०४६) को भूमिकामा आनन्ददेव भट्टले गोविन्द भण्डारीलाई छन्दमय सङ्गीतका प्रेमी भन्दै भण्डारीले नेपाली जीवनमा देखिएका समस्याहरूलाई नाटकीय ढङ्गले दर्साएको बताएका छन् । यसै गरी यहाँ प्रकाशक ऋषिराम भुसालले 'त्रिवेणीको सुसेली' शीर्षकको भूमिकामा गोविन्द भण्डारीका कवितामा नेपालको राष्ट्रिय र सामाजिक जीवनका विसङ्गतिसँग गाँसिएका नक्कली र खोक्रो चरित्रको चित्रण रहेको चर्चा गरेका छन् । यहाँ साहित्यकार गोविन्द भण्डारीको जीवनी, व्यक्तित्व र कतित्वका अन्य पक्षको अध्ययन भएको छैन ।

दिल साहनीले **दैनिक लुम्बिनी** (२०५० श्रावण २९, पृ.४) पत्रिकामा 'श्रद्धाञ्जलिका शब्दहरू, युवाकवि गोविन्द भण्डारी' शीर्षकमा सम्पूर्ण देशवासीहरूलाई आफ्नो अस्मिताप्रति सचेत र सजग रहन व्यक्त गरेका कविताको स्मरण गर्दै तथा विमान दुर्घटनामा परी मृत्यु भएका गोविन्द भण्डारीप्रति श्रद्धाञ्जलि तथा शोकाकुल परिवारप्रति समवेदना प्रकट गर्दै गोविन्द भण्डारीको साहित्यिक योगदानको चर्चा गरेका छन् । यहाँ साहित्यकार गोविन्द भण्डारीको जीवनी, व्यक्तित्व र कतित्वको अध्ययन भएको छैन ।

अजित खनालले "नेपाली साहित्यमा रूपन्देही जिल्लाको योगदान" शीर्षकको त्रि.वि., नेपाली केन्द्रीय विभाग, कीर्तिपुरमा प्रस्तुत अप्रकाशित नेपाली स्नातकोत्तर शोधपत्र (२०५५) मा गोविन्द भण्डारीका तीनवटै कृतिको कृतिगत सङ्क्षिप्त चर्चा गरी सफल साहित्यकारका रूपमा चिनाउने प्रयास गरेका छन् । खनालले गोविन्द भण्डारीका काव्यमा उमेरको काँचोपन पाइने भए पनि उनको काव्यचेतना, वैचारिक प्रतिबद्धता, सङ्घर्षशीलता र लगनशीलता कदरयोग्य भएको उल्लेख गर्दै गोविन्द भण्डारीको साहित्यिक योगदानको चर्चा गरेका छन् । खनालले साहित्यकार गोविन्द भण्डारीको जीवनी, व्यक्तित्व र कृतित्वका अन्य पक्षका बारेमा यस शोधमा अध्ययन गरेको पाइँदैन ।

शालिकराम पौडेलले "रूपन्देही जिल्लाका प्रतिनिधि कवि र तिनका प्रमुख कविता-कृतिको अध्ययन" शीर्षकको त्रि.वि., नेपाली केन्द्रीय विभाग, कीर्तिपुरमा प्रस्तुत अप्रकाशित नेपाली स्नातकोत्तर शोधपत्र (२०६१)मा गोविन्द भण्डारीको सामान्य परिचय **दिँदै** उनका प्रकाशित काव्यकृतिको छुट्टाछुट्टै सङ्क्षिप्त रूपमा अध्ययन गरेको देखिन्छ । सालिकराम पौडेलले गोविन्द भण्डारीको **फिलिङ्गो** खण्डकाव्यको तेस्रो र पाँचौ झिल्कोबाट महत्त्वपूर्ण पद्यांश लिएर कविले आदि, मध्य र अन्त्यानुप्रासको आयोजना गरी गेयात्मकता प्रदान गरेका र समाजलाई शोषण दमनका विरुद्ध एकजुट हुन र लडेर आफ्नो हक लिन आग्रह गरेको कुराको चर्चा गरेका छन् । यसै गरी **दियालो** कवितासङ्ग्रह भित्रका ११ वटा विभिन्न शीर्षकका गद्यात्मक कवितामा ४ वटा छन्दको प्रयोग सहित सामाजिक क्रान्तिकारीको रुचि र विचारको चर्चा गरेका छन् । गोविन्द भण्डारीको अर्को तेस्रो कृति **आगो पालेका पेट र शीत ओढेका बस्तीहरू** (संयुक्त कवितासङ्ग्रह, २०४६) भित्रका उनका १० वटा कविताहरूमा प्रगतिवादी, सामाजिक, आर्थिक, शैक्षिक सुधारको आग्रह भएको एवम् कविताहरू सहज बोधगम्य रहेको चर्चा गरेका छन् । यहाँ पौडेलले साहित्यकार गोविन्द भण्डारीको जीवनी, व्यक्तित्व र कृतित्वका अन्य पक्षका बारेमा अध्ययन गरेका छैनन् ।

मुरारि पराजुलीले 'गोविन्दका कविताभित्रको भावसंसार' शीर्षकको लेख (**समष्टि,** वर्ष-२७, अङ्क ३, २०६३, मङ्सिर-पुस, पृ. ८-२३) मा भण्डारीका प्रकाशित तीन काव्यकृतिहरूको अध्ययन गरेका छन् । पराजुलीले यहाँ गोविन्द भण्डारी कवि मात्र नभएर कथाकार, निबन्धकार, गजलकार, नाट्यकलाकार, चित्रकार समेत रहेको चर्चा गर्दै उनको जीवकालमा प्रकाशित तीनवटा कृतिहरूको सङ्क्षेपमा अध्ययन गरेका छन् । यस क्रममा गोविन्द भण्डारीको पहिलो कृति **फिलिङ्गो** खण्डकाव्यको विषयलाई करिब छ पृष्ठमा विस्तार गरेका छन् । गोविन्द भण्डारीले चौध वर्षको उमेरमा सिर्जित यस काव्यमा पुष्पपुर नामको दुर्गम पहाडी गरिब बस्तीका भरिया मुख्य पेसा अँगालेका पुष्पपुरे गाउँलेहरू बीच एकता र सद्भाव दर्साइएको उल्लेख छ । मरुन्जेल दिनभर काम गर्दा पनि परिवार भोकै नाङ्गै बस्नुपर्ने व्यथाले छटपटिएको पुष्पपुर गाउँ र भाग्यवाद र पूर्वजन्म जस्तो पुरातनवादी सोचको सूत्र प्रयोग गरेर गाउँका केही पण्डित पुरोहित र महेश जस्ता शोषक-सामन्तले चरम शोषण गरिरहेका एवम् गरिब जनता एकतावद्ध भई त्यसबाट मुक्ति पाउन गरिएको क्रमबद्ध सङ्घर्षका आख्यानमूलक चित्रण गरिएको छ । आठवटा श्लोक उद्धृत गरेर पराजुलीले आफ्नो अध्ययनको पुष्टियाइँ गरेका छन् । पराजुलीले यहाँ शास्त्रीय छन्द सहित अति रम्य काव्यरचना र पाँच सर्गको विभाजन, कलिलो उमेरमै मार्क्सवादी वर्गीय सङ्घर्षको चिन्तन, समसामयिक घटनालाई नाटकीकृत गरी आख्यानमा ढालेर काव्य रचना गर्न सक्ने विलक्षण बालप्रतिभाको उच्च मूल्याङ्कन गरेका छन् । यसैगरी **दियालो** कवितासङ्ग्रहको सङ्क्षिप्त चर्चा गर्दै पराजुलीले गोविन्द भण्डारीका शास्त्रीय छन्दमा रचिएका एघारवटै कविताहरूको शीर्षकगत छोटो-छोटो टिप्पणी प्रस्तुत गरेका छन् । एघारवटै शीर्षकका कविताहरूको मूलभावमा महान् सहिदहरू र जनपक्षीय साहित्यकारहरूप्रति हार्दिकता, प्रगतिशील क्रान्तिकारी वर्गीय सङ्घर्षको परिपक्व चेतना,

विपन्न शोषित-पीडित वर्गप्रति सहानुभूति, सामन्त राज्यसत्ताप्रति आक्रोश र विद्रोह, भाट लेखकहरूप्रति व्यङ्ग्य, विशाल नेपाल र युवाशक्तिको स्पष्ट चिनारी सहितका विचारहरू कलात्मक रूपले व्यक्तिएको कुरा प्रस्ट्याएका छन् । गोविन्द भण्डारीको तेस्रो कृति **आगो पालेका पेट र शीत ओढेका वस्तीहरू** संयुक्त कवितासङ्ग्रहको विषयमा पराजुलीले भण्डारीका दसवटा कविताहरू शास्त्रीय छन्दइतर गद्यकविताहरू, कवितासङ्ग्रहको नामकरण यसैको आवरणचित्र समेत उनले नै सिर्जना गरेको कुरा उल्लेख गरेका छन् । कवितासङ्ग्रहको समग्र कथ्यवस्तु एवम् भावभित्र नेपाली समाजमा व्याप्त भ्रष्टाचारी प्रवृत्ति, बेरोजगार र अभावग्रस्त जनजीवनमा, घर्किएको जवानीको नवीकरण गर्ने चाहना, ओरालो लागेको वर्तमान जीवनस्तर, इज्जत र अस्मिताको अवमूल्यन, असहायहरूको बढ्दो असहज परिवेश, नेपालीलाई हेर्ने पर्यटकीय दृष्टि, महङ्गी र गरिबीले पटके मृत्युवरण गरिरहनु परेको स्थिति, नेपाली युवाहरू आफ्नो अस्तित्व गुमाइरहेको मार्मिकता बारेमा सुन्दर बिम्ब र प्रतीकको प्रयोग गरेर सरल भाषामा आफ्नो विचार व्यक्त गरेको कुरा पराजुलीले यहाँ उल्लेख गरेका छन् । पहिलेका दुई कृतिभन्दा यस कवितासङ्ग्रहका कविताहरू उच्च कोटिका रहेको भनी टिप्पणी गरेका छन् । यसरी गोविन्द भण्डारीका तीन कृतिहरूको अध्ययनका आधारमा उनका केही अस्पष्ट र अपरिपक्वताका काव्य प्रस्तुतिको उदाहरण दिँदै बाल्यउमेरमै छन्दोबद्ध शैलीमा खण्डकाव्यको सिर्जना गर्ने भण्डारीको समाजवादी विचार र काव्यकौशलको प्रंशसा गरेका छन् । यसरी पराजुलीले भण्डारीका तीनवटै कविताकृतिको अध्ययन गरेका भए पनि यहाँ उनले साहित्यकार भण्डारीको जीवनी, व्यक्तित्व र समस्त कृतित्वको व्यवस्थित अध्ययन भन्ने गरेका छैनन् ।

देवीप्रसाद न्यौपानेले "रूपन्देही जिल्लाको साहित्यिक विकासमा सिद्धार्थ साहित्य परिषद्को योगदान' शीर्षकको त्रि.वि., भैरहवा बहुमुखी क्याम्पस, भैरहवामा प्रस्तुत अप्रकाशित नेपाली स्नातकोत्तर शोधपत्र (२०६४) मा रूपन्देही जिल्लाको साहित्यिक सृजनापरम्परा शीर्षकमा गोविन्द भण्डारीको प्रकाशित कृति **फिलिङ्गो**को सङ्क्षिप्त चर्चा गरेका छन् । यस क्रममा **फिलिङ्गो** खण्डकाव्यको संरचनागत, पद्यात्मक भाषाशैली, प्रगतिवादी र सामाजिक परिवर्तनको भाव, कविका उमेरअवस्थानुसार रचना एवम् सिर्जनाशक्तिको चर्चा र रूपन्देही जिल्लाका साहित्य सिर्जनामा उनले पुऱ्याएको योगदानको मूल्याङ्कनको प्रयत्न गरेको देखिन्छ, तर पनि यहाँ साहित्यकार गोविन्द भण्डारीको जीवनी, व्यक्तित्व र कतित्वका बारेमा व्यवस्थित अध्ययन भएको छैन ।

यसरी साहित्यकार गोविन्द भण्डारीका साहित्यिक योगदानका विषयमा हालसम्म चर्चापरिचर्चा कमै गरिएका छन् भने त्यस्ता चर्चापरिचर्चा पनि छरिएर रहेका छन् । प्रकाशित र अप्रकाशित फुटकर रचनाहरूबाट गोविन्द भण्डारीलाई चिनाउने र साहित्यिक योगदानको सम्झना गराउने काम भएका छन्, तर उनको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा अध्ययन हुन सकेको देखिँदैन । उनका विषयमा हालसम्म जेजति अध्ययन भएका छन्, ती नितान्त कम र अपर्याप्त छन् ।

## १.७ शोधको औचित्य, महत्त्व र उपयोगिता

रूपन्देही जिल्लालाई कर्मभूमि बनाई नेपाली साहित्यको विकासमा गोविन्द भण्डारीले पुऱ्याएको योगदानको व्यवस्थित अध्ययन गर्नु आफैँमा औचित्यपूर्ण रहेको छ । यसबाट गोविन्द भण्डारीका बारेमा गहन र विस्तृत अध्ययन गर्न चाहने अध्येयतालाई सहयोग पुग्नेछ भने ज्ञान क्षेत्रको विस्तार हुनेछ ।

## १.८ शोधको सीमाङ्कन

प्रस्तुत शोध साहित्यकार गोविन्द भण्डारीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा सीमित छ । कृतित्वको अध्ययन गर्दा २०६५ सम्म प्रकाशित रचनालाई आधार बनाइएको छ । केही रचनाहरू अझै पनि अप्रकाशित छन् भने तिनको यथास्थान चर्चासम्म गरिएको छ ।

## १.९ सामग्री सङ्कलन विधि

साहित्यकार गोविन्द भण्डारीको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा अध्ययन गर्ने क्रममा यहाँ प्राथमिक तथा द्वितीय स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । शोधनायकका प्रकाशित र अप्रकाशित कृतिहरू र शोधनायकका परिवार, आफन्त, नातेदार तथा सहपाठी, सहयात्री र परिचित व्यक्तिहरूसँगको भेटघाट, अन्तर्वार्ता विधिद्वारा पनि केही सामग्री सङ्कलन गरिएको छ । यसका साथै पुस्तकालय समेत सामग्री सङ्कलनको प्रमुख स्रोत रहेको छ ।

## १.१० शोधविधि

प्रस्तुत शोधकार्यमा सामान्यतः वर्णनात्मक र विश्लेषणात्मक विधि अवलम्बन गरिएको छ । गोविन्द भण्डारीको जीवनीको अध्ययनको क्रममा जीवनीपरक समालोचना प्रणालीलाई आधार बनाइएको भने कृतिको विश्लेषणका क्रममा खासगरी विधासिद्धान्तलाई आधार बनाइएको छ ।

## ११. शोधपत्रको रूपरेखा

"गोविन्द भण्डारीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन" शीर्षकको प्रस्तुत शोध निम्नलिखित विभिन्न परिच्छेदमा सङ्गठित छ :

परिच्छेद एक : शोधपरिचय

परिच्छेद दुई : गोविन्द भण्डारीको जीवनी

परिच्छेद तीन : गोविन्द भण्डारीको व्यक्तित्व

परिच्छेद चार : गोविन्द भण्डारीको साहित्ययात्रा

परिच्छेद पाँच : गोविन्द भण्डारीको **फिलिङ्गो** खण्डकाव्यको अध्ययन

परिच्छेद छ : गोविन्द भण्डारीको **दियालो** कवितासङ्ग्रहका कविताको अध्ययन

परिच्छेद सात : गोविन्द भण्डारीको **आगो पालेका पेट र शीत ओढेका बस्तीहरू** कवितासङ्ग्रहका कविताको अध्ययन

परिच्छेद आठ : शोधनिष्कर्ष

सन्दर्भसूची

उपर्युक्त परिच्छेदहरूलाई आवश्यकताअनुसार विभिन्न शीर्षक-उपशीर्षकहरूमा विभाजन गरी अध्ययन गरिएको छ ।

# परिच्छेद दुई

# गोविन्द भण्डारीको जीवनी

## २.१ विषयप्रवेश

यस परिच्छेदमा साहित्यकार गोविन्द भण्डारीको जीवनी प्रस्तुत गरिएको छ । यस क्रममा यहाँ उनका पूर्वजहरूको बसोबास र रहनसहन, जन्म र जन्मस्थान, नामकरण, पारिवारिक विवरण, बाल्यकाल, उपनयन संस्कार, पेसा, शिक्षादीक्षा, उनको पारिवारिक वातावरण, सामाजिक, राजनैतिक र आर्थिक क्रियाकलापमा उनको संलग्नता, साहित्य सिर्जना र लगनशीलता, विभिन्न सङ्घसंस्थाहरूसँगको आबद्धता, सम्मान जस्ता सन्दर्भ र घटनाक्रमहरूलाई उल्लेख गरिएको छ ।


## २.२ पुर्ख्यौली र पारिवारिक पृष्ठभूमि

माण्डव्य गोत्रअन्तर्गत ब्राह्मण कूलका गोविन्द भण्डारीका पूर्वज गुल्मी जिल्लाको लिम्घा गा.वि.स., वडा नं. ९ स्याङ रहेको देखिन्छ भने २५ वर्ष जति त्यहाँ बसी त्यहाँबाट सोही जिल्लाको हसरा गा.वि.स., वडा नं. ८ को ढाँडमा बाजेको समयमा लिएको जमिनमा पुनः बसाइ सरेर गई बसेको पाइन्छ । गुल्मी जिल्लाका ठाउँ-ठाउँमा बसोबास गर्दै आएका भण्डारी परिवारको पैतृक थलो कहाँ हो र कुन समयमा कहाँ-कहाँबाट गुल्मी जिल्लामा बसाइसराइ गरेका हुन् भन्ने विषयमा उनका पितालाई पनि थाहा छैन । उनका पिताको नाम नीलमणि भण्डारी र माताको नाम तेजकुमारी भण्डारी हो । उनका हजुरबुवाहरूको अंशबन्डा हुँदा उनका पिता नीलमणि भण्डारी हसरा गा.वि.स.को ढाँडमा बसोबास गर्दै आएका थिए ।[1] गोविन्द भण्डारीका हजुरबुवा डिठ्ठा बलराम भण्डारी पाल्पामा जागिरे भई अस्थायी बसोबास हुँदा उनका पिता नीलमणि भण्डारीको जन्म १९९५ जेष्ठ २ गते पाल्पा जिल्लाको तानसेन, वसन्तपुर बजारमा भएको थियो । १६ वर्षको उमेरमा उनका पिताको विवाह २०११ साल जेष्ठ ९ गते गुल्मी धरमपानी, रानीपोखरा निवासी थानेश्वर पन्थकी छोरी तेजकुमारीसँग भएको थियो ।[2] नीलमणिको बाल्यकाल पाँच वर्षसम्म तानसेनमा बितेको देखिन्छ भने त्यसपछि बाबुआमासँग गुल्मी जिल्लाको लिम्घामा जानुपरेको र त्यहाँ २५ वर्ष बसी ३० वर्षको उमेरमा बाजेको समयदेखि बसोबास गर्दै आएको सोही जिल्लाको हसरा गा.वि.स.को ढाँडमा गई बसोबास गरेको देखिन्छ । गोविन्द भण्डारीका पिता नीलमणि भण्डारीबाट प्राप्त जानकारी अनुसार गुल्मी जिल्लाको हसरा गा.वि.स.मा बसोबास गर्दै आएका भण्डारी परिवारको वंशवृक्षलाई निम्नअनुसार वृक्षारेखमा देखाउन सकिन्छ :

---

[1] शोधनायकका पिता नीलमणि भण्डारीबाट प्राप्त जानकारी ।

[2] शोधनायकका पिता नीलमणि भण्डारीबाट प्राप्त जानकारी ।




पिता नीलमणि र माता तेजकुमारी भण्डारीका चार छोरा र एक छोरीको जन्म भएको देखिन्छ । सबै दाजुभाइहरू बाबुआमासँग सगोलमै रहेको भए पनि आआफ्नो जागिर र पेसालाई पायक मिलाएर स्वतन्त्ररूपमा बसोबास गर्दै आएको पाइन्छ भने सबै सन्तानको सुखमय जीविका चलिरहेको देखिन्छ । यहाँ गोविन्द भण्डारीका दाजुभाइ र दिदीबहिनीहरूको सामान्य पारिवारिक विवरण निम्नानुसार छ :

गोविन्द भण्डारीकी एक मात्र दिदी गङ्गादेवीको जन्म २०१७ साल जेठ ३ गते गुल्मी जिल्लाको लिम्घा गा.वि.स. मा भएको हो । २०३० साल चैत्र २७ गते तराईमा सपरिवार बसाइसराइ गरी करहिया गा.वि.स. वडा.नं ८ ज्योतिनगरमा स्थायी बसोबास गर्दै आएका गोविन्द भण्डारीका सपरिवार तथा माता पिताबाट पहिलो सन्तानको रुपमा जन्मेकी ठूली दिदी गङ्गादेवी भण्डारीको १६ वर्षको बाल्यावथामै कक्षा ५ सम्म पढ्दापढ्दै मक्रहर गा.वि.स. वडा नं. ४, जमुहानी निवासी शारदा भट्टराईका जेठा छोरा नीलकण्ठ भट्टराईसँग २०३२ साल फागुनमा परम्परा अनुसार विवाह भएको थियो । ठूली दिदी गङ्गादेवीका ३ छोरीहरू क्रमशः दुर्गा, कमला र सपना एवम् एक छोरा केशव गरी ४ सन्तान रहेका छन् । उनका भिनाजु नीलकण्ठ भट्टराई कृषि पेसा र करहिया गा.वि.स.को स्वास्थ्य चौकीमा प्रशासन फाँटमा खरदार पदको सरकारी जागिरमा कार्यरत रहेको देखिन्छ ।

गोविन्द भण्डारीका ठूलो दाजु अर्जुन भण्डारीको जन्म पनि गुल्मी जिल्लाको लिम्घा गा.वि.स.मै २०१९ साल मङ्सिर २५ मा भएको हो । उनको विवाह २०४६ साल अषाढमा स्याङ्जा जिल्लाको मिर्मीकी उमा भट्टराईसँग भएको हो । अर्जुन भण्डारीले अङ्ग्रेजी विषयमा एम्.ए.सम्मको शिक्षा हासिल गरी काठमाडौँको जागृतिनगरमा आफ्नो परिवारका साथ २०४७ साल देखि डेरामा बसेर **द हिमालयन टाइम्स** राष्ट्रिय पत्रिकामा सहसम्पादक भई

पत्रकारिताको पेसा गर्दै आएका छन् । उनका एक छोरी र एक छोरा गरी दुई सन्तान छन् । २०४७ साल जेष्ठ १३ गते जन्मेकी छोरी माधवी भण्डारी विज्ञान विषयमा १०+२ उत्तीर्ण गरी एम्.बी.बी.एस् अध्ययनका लागि तयारी गर्दै छन् भने २०५० साल फागुन २३ गते जन्मेका छोरा अनुराग भण्डारी कक्षा १० मा अध्ययनरत छन् । अर्जुन भण्डारी ने.क.पा. (एमाले) निकट रही राजनीतिक क्षेत्रमा पनि सक्रिय रहेको पाइन्छ ।

गोविन्द भण्डारीका साहिँला भाइ अयोध्या भण्डारीको जन्म पनि गुल्मी जिल्लाको लिम्घा गा.वि.स.मा २०२४ साल आश्विन १० गते भएको हो । उनले कानुन विषयमा स्नातक तहसम्मको शिक्षा हासिल गरेका छन् । अयोध्या भण्डारीले २०५२ साल माघ महिनामा मधवलिया गा.वि.स., रूपन्देहीकी लीलादेवी भुसालसँग परम्परा अनुसार विवाह गरेका हुन् । उनका २ वटा छोरा छन् । २०५३ साल कार्तिक २३ गते जन्मेका जेठो छोरा एट्लान्टिक भण्डारी ८ कक्षामा पढ्दै छन् भने २०५६ साल साउन २० गते जन्मेका कान्छो छोरा विपुल भण्डारी ६ कक्षामा पढ्दै छन् । अयोध्या भण्डारी रूपन्देही जिल्ला निर्वाचन कार्यलयमा शाखा अधिकृत पदमा कार्यरत छन् । सगोलमा बस्दै आएका अयोध्या भण्डारी २०५८ सालदेखि पडसरी गा.वि.स.को लखनचोकमा छुट्टै डेरामा बस्दै आएका छन् । उनले समाजशास्त्र विषयमा एम्.ए. अध्ययन गर्दै छन् ।

गोविन्द भण्डारीका कान्छा भाइ मथुरा भण्डारी गुल्मी जिल्लाको लिम्घा गा.वि.स.मा २०२६ साल भाद्र २८ गते जन्मेका हुन् । उनले बी.कम. सम्मको शिक्षा प्राप्त गरेका छन् । यिनी आफ्नो माता पिताका साथमा करहिया-८ ज्योतिनगरमा बसोबास गर्दै आएका छन् । कान्छा भाइ मथुराको विवाह परम्पराअनुसार २०५५ साल माघ २७ गते कपिलवस्तु जिल्लाको मोतिपुर गा.वि.स. वडा नं. ६, बनडौलीकी सरिता पौडेलसँग भएको हो । यिनका २ छोरा छन् । २०५७ आउन २० गते जन्मेका जेठो छोरो अमन भण्डारी विश्वशान्ति सामुदायिक विद्यालय, करहिया-९ मा कक्षा ४ मा अध्ययनरत छन् भने २०६१ साल मङ्सिर १८ गते जन्मेका कान्छो छोरा सुशान्त भण्डारी सोही विद्यालयमा कक्षा १ मा पढ्दै छन् ।

माथि उल्लिखित गोविन्द भण्डारीका सगोलमा रहेका आफ्ना दिदी र दाजुभाइहरू सबैले विवाह पछि आआफ्नो जागिर, पेसा र बालबच्चाको अध्ययनलाई पायक मिलाएर छुट्टाछुट्टै डेरा लिइबसेका र पैतृक सम्पत्ति सगोलमै रहेको देखिन्छ ।

## २.३ जन्म, जन्मस्थान, नामकरण र उपनाम

गोविन्द भण्डारीको जन्म जन्मकुण्डली अनुसार गुल्मी जिल्लाको लिम्घा गा.वि.स., वडा नं. ९ को स्याङ बस्तीमा २०२१ साल चैत्र ३० गतेका दिन भएको हो, तर शैक्षिक प्रमाणपत्र तथा नागरिकतामा भने २०२२ साल वैसाख ३० गते उल्लेख भएको पाइन्छ । गोविन्द भण्डारी नीलमणि भण्डारी र माता तेजकुमारी भण्डारीका तेस्रो सन्तान एवम् माहिला छोरा हुन् । गोविन्द भण्डारीको जन्म-नक्षत्र मोहगा र राशि सिंह हो । जन्म नक्षत्र

अनुसारको नाम मोहगा नक्षत्रको पहिलो अक्षर (पाउका आधारमा 'म') बाट उठ्ने हुनाले जन्मकुण्डली अनुसार उनको वास्तविक नाम महेन्द्रमणि रहेको थाहा हुन्छ । शैक्षिक प्रमाणपत्र तथा नागरिकताको प्रमाणपत्रमा गोविन्द भण्डारी रहेको र यही नामबाट सबैतिर परिचित हुँदै आएको पाइन्छ । उनले आफ्नो नाम गोविन्द भण्डारीसँगै 'नवीन' पनि राखेको देखिन्छ ।

माध्यमिक विद्यालय कविता गोष्ठीमा तृतीय स्थान प्राप्त गरी २०३६ साल आश्विन ५ गते प्राप्त गरेको पुरस्कार सहितको प्रशंसापत्रमा गोविन्दप्रसाद भण्डारी रहेको पाइन्छ भने यस बाहेक **फिलिङ्गो** खण्डकाव्यको मुखपृष्ठ, 'कविको कलमबाट' शीर्षकको सोही खण्डकाव्यको आफ्नो भनाइ र **दियालो** कवितासङ्ग्रहको मुखपृष्ठ एवम् सोही कवितासङ्ग्रहको आफ्नो भूमिकाको अन्तमा मात्र गोविन्दप्रसाद भण्डारी उल्लेख गरेको भेटिन्छ । यसका अतिरिक्त **गरिमा** (वर्ष-५, अङ्क-१२, पूर्णाङ्क ६०, २०४४, पृ.६१) मा 'गाउँतिरको घिउ' कथामा उनले आफ्नो साहित्यिक उपनाम जोडेर थर उल्लेख नगरी गोविन्द 'नवीन' मात्र उल्लेख गरेको पाइन्छ । अन्यत्र गोविन्द भण्डारी नामको प्रयोग भएको छ ।

## २.४ बसोबास

गोविन्द भण्डारीका पिता नीलमणि भण्डारी २०३० साल चैत्र २७ गते गुल्मी जिल्ला हसरा गा.वि.स., वडा नं. २ ढाँडबाट बसाइ सरी रूपन्देही जिल्लाको करहिया गा.वि.स., वडा नं. ८ ज्योतिनगर उत्तरटोलमा आएर बस्न थाले । त्यहाँदेखि हालसम्म यसै स्थानमा स्थायी बसोबास गर्दै आएका छन् । माथि उल्लिखित स्थानमा संयुक्त परिवारको बसाइ एवम् पैतृक जायजेथा रहे तापनि जागिरको सिलसिलामा २०४९ सालदेखि चितवन जिल्लाको भरतपुर नगरपालिका वडा नं. ११, मुक्तिनगरमा आफ्नो परिवार लिएर स्वतन्त्र रूपमा बसोबास गर्दै आएको देखिन्छ ।

गोविन्द भण्डारी रूपन्देही जिल्लाको करहिया गा.वि.स., वडा नं. ८ ज्योतिनगरमा संयुक्त परिवारको बसाइ एवम् पैतृक जायजेथा रहे तापनि जागिरको सिलसिलामा २०४९ सालदेखि चितवन जिल्लाको भरतपुर नगरपालिका वडा.नं. ११, मुक्तिनगरमा परिवारका साथ आएका थिए । २०५० साल श्रावण १६ गते विमान दुर्घटनामा परी गोविन्द भण्डारीको असामयिक निधन भएपछि सरकार र आफ्नो संस्थाबाट प्राप्त भएको क्षतिपूर्ति रकमले उपर्युक्त स्थानमा २०५५ सालमा ३ कट्ठा घडेरी जग्गा खरिद गरी साधारण पक्कीघर निर्माण गरेर उनको परिवार त्यहीँ बसोबास गरिरहेको छ । गोविन्द भण्डारीकी धर्मपत्नी जानकी भण्डारी स्नातक तह (बी.एड्.) सम्मको शैक्षिक योग्यता पनि भएको र बालबच्चा र आफ्नो जीजनयापनका लागि रोजगार आवश्यक भइसकेको कारण सरकारबाट सान्त्वना र राहत स्वरुप जिल्ला शिक्षा कार्यालय, चितवनमा ना.सु. पदमा नियुक्ति पाएको कारण भरतपुर, चितवनमै बच्चाहरू सहित बसिरहेको देखिन्छ ।

## २.५ बाल्यकाल

गोविन्द भण्डारीको आठ वर्षसम्मको बाल्यकाल गुल्मी जिल्लाको लिम्घा र हसरा गा.वि.स.मा पहाडी रहनसहनको वातावरणमा बित्यो । उनको बाल्यकालका आठ वसन्तहरू मध्ये लिम्घाको स्याङमा करिब एक वर्ष र बाँकी सात वर्ष हसरा गा.वि.स. वडा नं. २ को ढाँड बस्तीमा बितेको र त्यसपछि आमाबाबुसँग सपरिवार २०३० साल चैत्र २७ गते रूपन्देही जिल्लाको करहिया गा.वि.स. वडा नं. ८, ज्योतिनगरमा आई बसेका थिए । खेलकुद र मनोरञ्जनप्रति अति आकृष्ट भएको नदेखिए तापनि विशेष चाडपर्व र विद्यालयको वार्षिकोत्सवमा गीत र फुटकर कविता रचना गरी सहभागी भएर गाउन र सुनाउनमा विशेष चासो राख्दथे । सादा खाना जे भए पनि सन्तोष मानेर खाने गर्दथे ।[३]

## २.६ शिक्षादीक्षा

साहित्यकार भण्डारीका हजुरबुवा डिट्ठा बलराम भण्डारी न्याय क्षेत्रमा जागिरे भएका र पिता नीलमणि भण्डारी पनि शिक्षाप्रेमी भएकाले गोविन्द भण्डारीलाई विद्यालय भर्ना गर्नु भन्दा अगाडि घरमा सावा अक्षरहरू चिनाउने काम भएको देखिन्छ । घरमा सावा अक्षर चिनेर स्थानीय च्युरीकोट प्रा.वि.मा सिधै कक्षा एकमा भर्ना भई कक्षा चारसम्मको अध्ययन पहाडमा नै पूरा गरेर तराईतर्फको बसाइसराइसँगै २०३० साल मङ्सिरमा श्री गीर्वाण सरस्वती संस्कृत मा. वि. मा कक्षा पाँचमा भर्ना भएर अध्ययन अगाडि बढाएका हुन् ।[४] सोही विद्यालयमा २०३८ सालमा टेस्ट पास र २०३९ सालमा पूरक परीक्षा तथा मौका परीक्षामा द्वितीय श्रेणीमा प्रवेशिका परीक्षा उत्तीर्ण गरेका हुन् । २०४० सालमा बुटवल बहुमुखी क्याम्पस, बुटवलमा भर्ना भई २०४२ सालमा प्रवीणता प्रमाणपत्र तह र २०४६ सालमा भैरहवा बहुमुखी क्याम्पस, भैरहवाबाट स्नातक तह उत्तीर्ण गरेको देखिन्छ । २०४८ सालमा प्राइवेटरूपमा नेपाली विषयमा एम्. ए. को अध्ययन थालेका हुन् । दोस्रो वर्षको अन्तिम परीक्षा दिएर फर्कने क्रममा २०५० साल श्रावण १६ गते चुलीघोप्टे भिरमा विमान दुर्घटनामा परी असामयिक निधन हुन पुगेकाले उनको शिक्षादीक्षा यत्तिमै पूर्णविराम लागेको देखिन्छ ।

## २.७ व्रतबन्ध, विवाह र पारिवारिक स्थिति

गोविन्द भण्डारीको व्रतबन्ध (चूडाकर्म तथा उपनयन संस्कार) २०३२ साल फागुन महिनामा ११ वर्षको उमेरमा आफ्नै घर ज्योतिनगरमा विधिपूर्वक सम्पन्न भएको हो ।[५] साहित्यकार भण्डारीको विवाह २०४४ साल भाद्र ३ गते करहिया गा.वि.स., वडा नं. ८ ज्योतिनगर निवासी धनेश्वर बरालकी जेष्ठ सुपुत्री जानकी बरालसँग भएको हो । उनको

---

[३] शोधनायकका माता र पिताबाट प्राप्त जानकारी ।

[४] शोधनायकका पिता नीलमणि भण्डारीबाट प्राप्त जानकारी ।

[५] शोधनायकका पिता नीलमणि भण्डारीबाट प्राप्त जानकारी ।

विवाह पुर्ख्यौली परम्परागत संस्कार अनुसार नभई आधुनिक रूपले अन्तर्जातीय, प्रेम तथा कानुनी विवाह (कोर्ट म्यारिज) भएको हो । गुल्मी जिल्लामा तत्कालीन समयको जिल्ला पञ्चायत सचिवालयको साझा विकास शाखा, तम्घासमा राजपत्र अनंकित द्वितीय श्रेणीको प्रशासन सेवा लेखा समूहको सहलेखापाल पदमा कार्यरत भएको समयमा गुल्मी जिल्लाको जिल्ला प्रशासन कार्यालय, तम्घासको अभिलेखमा जिल्लामा प्रथम कानुनी विवाह भएको थियो ।[६] गोविन्द भण्डारी र जानकी बराल बीचको प्रेमसम्बन्ध स्थानीय जनकल्याण क्लब मार्फत् हरेक वर्ष दसैंका सन्दर्भमा **बसाइँ** उपन्यासको नाट्यरूपान्तरित नाटकमा नायक नायिकाको भूमिका निर्वाह गर्दागर्दै र तिहारमा गाउँघरमा खेलिने देउसी र भैलो खेल्ने सिलसिलामा एकअर्का बीचको अन्तर्मनको सद्भाव र विश्वास बढ्दा दुवैका बीच विवाह गर्ने निधो भएको र घरमा सामाजिक परम्परा अनुरूप विवाह गर्ने अनुकूल परिस्थिति नदेखी जागिरको सिलसिलामा गुल्मी जिल्लाको सदरमुकाम तम्घासमा वैधानिक रूपमा प्रेमविवाह गरेको देखिन्छ ।

गोविन्द भण्डारी २०५० सालमा विमान दुर्घटनामा परी असामयिक निधन भएपछि धर्मपत्नी जानकी भण्डारी (बराल) आफ्नो एकमात्र छोरा अविरलसँग चितवन जिल्ला, भरतपुर नगरपालिकाको वडा नं. ११, मुक्तिनगरमा तीन कट्ठा घरघडेरीमा जिल्ला शिक्षा कार्यालयमा अधिकृत स्तरको सरकारी सेवा गर्दै एम्.एड्.मा अध्ययनरत रहेकी छन् ।

गोविन्द भण्डारी र जानकी भण्डारीबाट दुई छोरा अविरल र आयाम (दुई सन्तान) को जन्म भएको पाइन्छ । २०४५ सालमा जेठो छोरा अविरल र २०४८ सालमा कान्छो छोरा आयाम जन्मेका हुन् । २०५५ साल कार्तिक २० गते घर नजिकको कुवामा खसी कान्छो छोरा आयामको निधनपछि हाल एक छोरा अविरल मात्र रहेका र उनले अहिले बी.ए. प्रथम वर्षमा अध्ययन गर्दै रहेको पाइन्छ । गोविन्द भण्डारीको परिवार सरकार र आफ्नो कार्यरत संस्थाबाट प्राप्त क्षतिपूर्ति वापतको रकमबाट भरतपुर नगरपालिका वडा नं. ११, मुक्तिनगरमा तीन कट्ठा घडेरी जग्गा लिएर साधारण पक्कीघर बनाई स्वतन्त्ररूपमा बस्दै आएको देखिन्छ ।[७]

## २.८ पेसा

साहित्यकार गोविन्द भण्डारीको पुर्ख्यौली पेसा कृषि हो । २०३९ सालमा एस्.एल्.सी. परीक्षा उत्तीर्ण भएपछि उच्च शिक्षाको अध्ययनसँगै अस्थायी शिक्षक र सरकारी सेवा ( सहलेखापाल) मा प्रवेश गरेको देखिन्छ । गोविन्द भण्डारी घरको आर्थिक अवस्थालाई बुझेर आफ्नै परिश्रम र मिहेनतमा विश्वास राख्ने व्यक्ति भएकाले निरन्तर सङ्घर्ष र क्रियाशील हुन रुचाउँथे । किशोर अवस्थामा घरमा कृषि पेसामा घरपरिवारलाई सहयोग गर्नेदेखि लिएर कहिले शिक्षक, कहिले लेखापाल भएर विद्यार्थी जीवनलाई क्रियाशील बनाएको देखिन्छ ।

[६] शोधनायककी धर्मपत्नी जानकी भण्डारीबाट प्राप्त जानकारी ।

[७] शोधनायककी धर्मपत्नी जानकी भण्डारीबाट प्राप्त जानकारी ।

साहित्यकार भण्डारीले अध्ययनलाई निरन्तरता दिँदै बीचबीचमा समय निकालेर सामाजिक सङ्घसंस्थामा सहकार्य गर्ने र साहित्यिक लेखरचना लेख्ने, साहित्यिक गोष्ठीमा भाग लिने जस्ता मुख्य र सहायक पेसाहरू अँगालेको देखिन्छ ।

२०४२ सालमा प्रवीणता प्रमाणपत्र तहको दोस्रो वर्षको परीक्षा दिएपछि नेपाल परिवार नियोजन सङ्घ, रूपन्देही जिल्ला शाखाको कार्यालयमा एक मोटिभेटरका रूपमा करिब डेढ वर्ष जागिर गरेका र त्यसपछि राजपत्र अनंकित, लेखासमूहको सहलेखापाल पदमा निजामती कर्मचारी भएर २०४४ सालदेखि २०४८ सालसम्म गुल्मी जिल्लाको तम्घास, भै.लु.भु.ज. भैरहवा र म.ले.प.के. बबरमहल, काठमाडौँमा गरी चार वर्ष र २०४८ सालदेखि २०५० श्रावणसम्म नेपाल दूरसञ्चार संस्थानमा पाँचौँ तह (ना.सु.पद) मा नेपालगञ्ज र भरतपुर, चितवन गरी डेढ वर्ष राष्ट्रसेवकका रूपमा जागिरे पेसालाई मुख्य पेसा बनाएको पाइन्छ । यसबाहेक अतिरिक्त समयमा द रेयूकाइ नेपाल, नवलपरासी र सिद्धार्थनगरमा सदस्य एवम् सिद्धार्थ साहित्य परिषद्को सचिव पदमा रही २०४७ सालदेखि २०५० सालसम्म समाज र साहित्य सेवामा पनि क्रियाशील रहेको देखिन्छ ।[ड]

## २.९ आर्थिक अवस्था

गोविन्द भण्डारीको जीवनमा आर्थिक विपन्नता र उच्च सम्पन्नता नभई निम्न मध्यमवर्गीय अवस्था देखिन्छ । पुर्ख्यौली कृषि पेसामा निर्भर सामान्य परिवार र न्युन वेतनमा विभिन्न सङ्घसंस्थामा अस्थायी र स्थायी जागिरे जीवन उनको पारिवारिक आर्थिक पृष्ठभूमि हो । सबै दाजुभाइ र बाबुआमासँग सगोलको पैतृक सम्पतिमा विगतमा बस्दै आएको भए तापनि २०५० देखि आआफ्नै पेसा र जागिरका सिलसिलामा आआफ्नै पायक पर्ने स्थानमा स्वतन्त्ररूपले बस्दै आएको देखिन्छ । पढ्ने उमेरमा केही आर्थिक अभाव देखिए तापनि उच्चशिक्षाको थालनी सँगसँगै अध्ययन र जागिर पनि साथै लैजानु पर्ने वाध्यता रहेको र पछि दुवै दम्पति भण्डारीले जागिर र अध्ययनलाई सँगसँगै अगाडि बढाउन लागेपछि उनको आर्थिक अवस्था क्रमशः सुध्रिँदै गएको देखिन्छ ।

२०५० सालको श्रावण १६ गते विमान दुर्घटनामा परी साहित्यकार गोविन्द भण्डारीको असामयिक निधन भए पछि सम्बन्धित निकायबाट प्राप्त गरेको क्षतिपूर्तिस्वरूपको रकमबाट हाल चितवनको भरतपुर नगरपालिका वडा नं. ११, मुक्तिनगरमा घरजग्गाको व्यवस्था मिलाई भण्डारीको परिवार स्थायीरूपमा बसोबास गर्दै आएका छन् । उनको धर्मपत्नी जानकी भण्डारी र एक मात्र छोरा अविरल भण्डारी गरी दुई जनाको परिवार रहेको छ । जानकी भण्डारी हाल जिल्ला शिक्षा कार्यालय, चितवनमा शाखा अधिकृत स्तरमा सेवारत रही छोरालाई स्नातक तहमा अध्यापन गराउदै आएकी छन् ।[ढ]

---

[ड] कपिल लामिछाने 'सिद्धार्थ साहित्य परिषद्को इतिवृत्त' **पदचिन्ह**, २०६३ र भण्डारीले प्राप्त गरेका प्रमाणपत्रहरू अनुसार ।
[ढ] शोधनायकको धर्मपत्नी जानकी भण्डारीबाट प्राप्त जानकारी ।

## २.१० स्वभाव र रुचि

सरल र शान्त स्वभावका गोविन्द भण्डारी बाध्यता र विवशताले कृषि र जागिरे पेसामा देखिए पनि साहित्यिक क्रियाकलापमा नै उनको विशेष रुचि रहेको देखिन्छ । सादा जीवन उच्च विचारले सम्पन्न उनका सबभन्दा नजिकका विद्यालयका गुरु ऋषिराम भुसालका शिष्य भएका र विद्यालयस्तरमा अध्ययन गर्दा नि.मा.वि. तहबाट नै समस्यापूर्ति लगायतका साहित्यिक कार्यक्रमहरूमा सहभागी भई कविताहरू लेख्ने, देखाउने, सुनाउने साहित्यप्रेमी विद्यार्थीहरू र शिक्षकहरूसँग बढी सम्पर्कमा रहने स्वभावले उनमा साहित्यतर्फ सानैदखि रुचि बढ्दै गएको पाइन्छ ।

गाउँ र समाजमा व्याप्त वर्गीय असमानता, सामन्तवादी हैकम, छाडा र उच्छृङ्ल पश्चिमी संस्कृति, भड्किलो र विदेशी मोडलको बढ्दो फेसनप्रति व्यङ्ग्य प्रहार गरी कविताहरू लेख्ने, प्रगतिवादी लेखकका रचना एवम् पुस्तकहरू अध्ययन गर्ने, साहित्यिक कार्यक्रमहरूको जानकारी भए जसरी भए पनि सहभागी हुने जस्ता अध्ययनशील, सिर्जनशील र रचनात्मक क्रियाकलापमा अति नै रुचि देखाउने स्वभाव उनमा देखिन्छ । पहिरनका विषयमा सामान्य सर्ट र पाइन्ट जस्ता सादा पोसाक मन पराउने भण्डारीलाई युवावस्थामा पनि भड्किलो र चम्किलो पहिरन रोज्ने स्वभाव देखिँदैन । उनी खानपिन र बोलीव्यवहारमा नेपालीपन रुचाउँछन् ।

## २.११ सङ्घसंस्थासँगको आबद्धता

गोविन्द भण्डारी विद्यार्थी अवस्थादेखि नै साहित्यप्रेमी र कलासंस्कृति र खेलकुदप्रेमीहरूको समूहमा संलग्न रहँदै आएको देखिन्छ । साहित्यसिर्जनाको क्रममा मणिग्राम स्थित गीर्वाण सरस्वती संस्कृत माध्यमिक विद्यालय, रूपन्देहीमा अध्ययनरत हुँदा आफ्ना गुरु ऋषिराम भुसालको प्रत्यक्ष निर्देशन र संरक्षणमा स्थापित 'समस्यापूर्ति' नामक साहित्यसिर्जना समूहमा आबद्ध भएर कविता लेख्ने अभ्यासबाट साहित्यलेखनको थालनी गरेको पाइन्छ । २०३६ सालदेखि हालसम्म साहित्यिक र सामाजिक विषयसँग सम्बन्धित विभिन्न सङ्घसंस्थाहरूमा आबद्ध रहँदै आएका भण्डारी २०४७ मा गुरु कपिलदेव लामिछानेको प्रोत्साहन र प्रेरणाबाट सिद्धार्थ साहित्य परिषद्, भैरहवाका सचिव हुन पुगे । कवि भण्डारीको संस्थागत क्रियाकलापलाई निम्नलिखित बुँदाहरूमा प्रस्तुत गरिएको छ :

(क) २०३६ मा गीर्वाण सरस्वती संस्कृत माध्यमिक विद्यालय, रूपन्देहीमा स्थापित समस्यापूर्ति साहित्य मण्डलीका सदस्य ।[१०]

(ख) २०४१/०४२ मा आफ्नै गाउँमा स्थापित संस्था जनकल्याण क्लवको सदस्य पदमा रही दसैं-तिहार जस्ता चाडपर्वहरूमा प्रदर्शन गरिने सांस्कृतिक

---

[१०] ऋषिराम भुसालबाट प्राप्त जानकारी ।

कार्यक्रमहरूमा गीतको रचना गर्ने, आवश्यक पर्दा गाउने, **बसाइँ** जस्ता उपन्यासलाई नाटकमा रूपान्तरण गरी ऋषिराम भुसालको निर्देशनमा नायकको अभिनय गर्ने ।[११]

(ग) २०४७/०४८ मा द रेयुकाई नेपाल सिद्धार्थनगर र नवलपरासी शाखाको सदस्य ।[१२]

(घ) २०४३ देखि साहित्य संगम, रूपन्देहीका एक सक्रिय सदस्य ।[१३]

(ङ) २०४७ देखि २०४९ सम्म सिद्धार्थ साहित्य परिषद्, भैरहवाका सचिव ।[१४]

## २.१२ राजनीतिक प्रेरणा र संलग्नता

गोविन्द भण्डारीको राजनैतिक पृष्ठभूमिलाई हेर्दा उनका पिता-पुर्खाहरूमा कुनै किसिमको राजनैतिक व्यक्तित्व भएको पाइँदैन । २०३६ सालमा नेपालको विद्यार्थी आन्दोलन मणिग्राम र गीर्वाण सरस्वती संस्कृत माध्यमिक विद्यालय, मणिग्रामको नाम पनि रूपन्देही जिल्ला प्रशासनको दृष्टिमा परेको थियो । गोविन्द भण्डारी पनि विद्यार्थी आन्दोलनको तत्कालीन समयमा नि.मा.वि. तहमा अध्ययनरत रहेका र वामपन्थी विचारका विद्यार्थी नेता घनश्याम भुसालसँगको सान्निध्य, गुरु ऋषिराम भुसालको निकटतम सम्पर्कबाट सादा जीवन उच्च विचार, सरल स्वभाव, मानवतावादी एवम् सामाजिक न्यायप्रति बलियो आस्था, वैज्ञानिक समाजवाद, प्रगतिवादी र मार्क्सवादी विचारले प्रभाव पारेको देखिन्छ । समस्यापूर्ति साहित्य मण्डलीमा आबद्ध भई कविता लेखनको अभ्यासबाट सामाजिक विकृति, विसङ्गति, सामन्ती शोषण, उत्पीडनका विरुद्धमा आवाज उठाउने गरेको कुरा उनका मुख्य कृतिहरू **फिलिङ्गो, दियालो**, **आगो पालेका पेट र शीत ओढेका बस्तीहरू**का समग्र अंशको भावले बताउँछन् । उनका गुरुहरू ऋषिराम भुसाल र गोपीरमण उपाध्याय, विद्यार्थी नेता घनश्याम भुसाल, सहपाठी गङ्गाराम अर्याल, टेकबहादुर गुरुङ, मुरारि पराजुली लगायतका वामपन्थी विचारका व्यक्तित्वहरूको संलग्नताबाट सोही अनुरूपको राजनैतिक प्रेरणा तथा पृष्ठभूमि तयार भएको देखिन्छ ।

## २.१३ साहित्यलेखन, प्रेरणा र प्रारम्भ

२०३० साल मङ्सिरमा गीर्वाण सरस्वती संस्कृत माध्यमिक विद्यालय, मणिग्राम, रूपन्देहीमा कक्षा ५ मा भर्ना भई अध्ययन अगाडि बढाउँदै जाँदा ऋषिराम भुसाल र

---

[११] ऋषिराम भुसालबाट प्राप्त जानकारी ।

[१२] शोधनायकले प्राप्त गरेका सम्मान, प्रशंसा र कदर-पत्र अनुसार ।

[१३] ऋषिराम भुसाल र मुरारि पराजुलीबाट प्राप्त जानकारी ।

[१४] कपिल लामिछानेबाट प्राप्त जानकारी ।

गोपीरमण उपाध्यायको निर्देशनबाट भण्डारीलाई साहित्य क्षेत्रमा सहजरूपले प्रवेश गर्न वातावरण मिलेको देखिन्छ । विद्यालयको विभिन्न कार्यक्रमबाट विस्तारै काव्ययात्रामा लागेका भण्डारीको पहिलो प्रकाशित कविता 'उच्चता प्राप्त गर्न' (**वीणा**, २०३६) रहेको र यहीँबाट उनले साहित्यिक क्षेत्रमा प्रवेश भएको मानिन्छ ।[१५]

गीर्वाण सरस्वती संस्कृत माध्यमिक विद्यालय, रूपन्देहीमा भएको समस्यापूर्ति मण्डलको साहित्यमय वातावरणमा बेजोड काव्यशैलीका प्रतिभा गोविन्द भण्डारीले अध्ययन गर्ने अवसर पाउनु पनि साहित्यलेखनका लागि एउटा आधारभूत प्रेरणाको स्रोत र अनुकूल शैक्षिक वातावरण भएको मान्न सकिन्छ । समस्यापूर्ति मण्डलका संस्थापक गुरुहरू ऋषिराम भुसाल र गोपीरमण उपाध्यायको निरन्तर सम्पर्क, निर्देशन, उत्प्रेरणा र प्रोत्साहनले साहित्यकार भण्डारीको साहित्यलेखनका निम्ति उर्वर पृष्ठभूमि र प्रेरणाको स्रोत बनेको देखिन्छ । पञ्चायती व्यवस्थाको निरङ्कुश र दमनकारी शासन प्रणाली, समाजमा व्याप्त सामन्ती शोषणको पराकाष्ठा एवम् सामाजिक विकृतिलाई हटाउन र परिवर्तन चाहने सबै वर्गले सङ्घर्ष गर्नुपर्छ भन्ने तत्कालीन राजनैतिक, सामाजिक र देशकाल परिस्थिति पनि उनका लागि साहित्यलेखनको अर्को थप प्रेरणाको स्रोत भएको देखिन्छ । २०३४ सालमा विद्यालयबाट शैक्षिक भ्रमणमा जाँदा पाल्पा जिल्लाको अर्घलीस्थित रानीमहल नजिकको संस्कृत पाठशालाका शिक्षकहरूसँग परिचय र भलाकुसारीकै क्रममा साहित्यको चर्चा चलेको र साहित्यकार भण्डारीले रिडीबजार, पवित्र तीर्थस्थल कालीगण्डकी नदी र वरिपरिको केही समथर फाँट र पहाडको वनजंगल, छहराको मनोरम प्राकृतिक वातावरणलाई विषयवस्तु बनाई एउटा कविता तुरुन्त रचेर सबैका सामु सुनाउँदा त्यहाँका प्रधानाध्यापकले दस रुपियाँ दिएर उत्साहित गरेका थिए ।[१६] १४ वर्षको उमेरमा आठ कक्षामा पढ्दै गर्दा **फिलिङ्गो** नामक खण्डकाव्यको रचना गरे, जसको प्रकाशन ऋषिराम भुसालले गरेका हुन् । यही **फिलिङ्गो** खण्डकाव्यबाट गोविन्द भण्डारीको औपचारिक साहित्यलेखनको प्रारम्भ भएको हो ।

## २.१४ प्रकाशित कृतिहरू

साहित्कार गोविन्द भण्डारीले चौध वर्षको कलिलो उमेरमा खण्डकाव्य लेखेर साहित्यिक क्षेत्रमा प्रवेश गरेपछि उनले एउटा एकल कवितासङ्ग्रह र एउटा संयुक्त कवितासङ्ग्रहको रचना र प्रकाशन गरी आफ्नो साहित्यिक प्रतिभा देखाएका छन् । साहित्यकार भण्डारीका प्रकाशित पुस्तकाकार कृतिहरू निम्नअनुसार रहेका छन् :

१. **फिलिङ्गो** (खण्डकाव्य, २०३६)

२. **दियालो** (कवितासङ्ग्रह, २०३९)

[१५] अजित खनाल 'नेपाली साहित्यमा रूपन्देही जिल्लाको योगदान', २०५५, पृ..सं. ६२ ।

[१६] मुरारि पराजुलीबाट प्राप्त जानकारी ।

३. **आगो पालेका पेट र शीत ओढेका बस्तीहरू** (संयुक्त कवितासङ्ग्रह, २०४६)

उपर्युक्त कृतिहरूमा अनुष्टुप्, शार्दूलविक्रीडित, मन्दाक्रान्ता, पञ्चचामर र मुक्त छन्दमा पनि कविता लेख्ने भण्डारीले नेपाली समाजमा देखापरेका शोषण, उत्पीडन र गरिबी जस्ता असामाजिक पक्षको उजागर गर्दै आमूल परिवर्तनका लागि सङ्घर्षको आह्वान गर्नुका साथै नेपाली साहित्यको भण्डारमा आफ्ना प्रकाशित रचनाका माध्यमबाट महत्त्वपूर्ण योगदान दिएका छन् ।

## २.१५ सम्मान तथा पुरस्कार

साहित्यिक प्रतिभावान् व्यक्ति साहित्यका हरेक कार्यक्रमहरूमा भाग लिने र आफ्नो प्रतिभालाई निखार्न उत्सुक हुन्छन् । साहित्यिक कार्यक्रमहरूमा पाउने सम्मान र पुरस्कारले नवप्रतिभाका लागि थप प्रोत्साहन दिन र लगनशील गराउन सहयोग पुऱ्याउँछ । विद्यालयस्तरमा सङ्गठित समस्यापूर्ति मण्डल समूहसँगको सङ्गत र साहित्यकार भण्डारीको निरन्तर लगनशीलताले छोटो र कलिलो उमेरमा नै सम्मान र पुरस्कार प्राप्त गर्न सफलता मिलेको देखिन्छ । उनले प्राप्त गरेका विभिन्न सम्मान र पुरस्कारलाई सङ्क्षेपमा बुँदागतरूपमा निम्नअनुसार प्रस्तुत गरिएको छ :

१. २०३४ साल पौष १५ गते तत्कालीन आनन्दवन गाउँ पञ्चायतको आयोजनामा श्री ५ वीरेन्द्रको ३३औं जन्मोत्सवको उपलक्ष्यमा कविता प्रतियोगिता कार्यक्रम हुँदा द्वितीय स्थान प्राप्त गरी पुरस्कृत र सम्मानित ।

२. २०४० सालमा बुटवल बहुमुखी क्याम्पस, बुटवलको आयोजनामा सम्पन्न शिक्षा दिवसको उपलक्षमा भएको हाजिरी जवाफ प्रतियोगितामा द्वितीय स्थान प्राप्त ।

३. २०४१ सालमा बुटवल बहुमुखी क्याम्पस, बुटवलको आयोजनामा सञ्चालित लेखनाथ शतवार्षिकी समारोहमा भएको लुम्बिनी अञ्चल अन्तरक्याम्पस स्तरीय वादविवाद प्रतियोगिता हुँदा प्रथम स्थान हाँसिल भई सम्मान र पुरस्कार प्राप्त ।

४. २०४२ साल भाद्र २२ गते द रेयुकाई नेपाल, बुटवल शाखाबाट आयोजित अन्तर्राष्ट्रिय युवा वर्ष (सन् १९८५)को उपलक्षमा सञ्चालित राष्ट्रिय खुल्ला वक्तृत्वकला प्रतियोगितामा तृतीय स्थान प्राप्त गरी सम्मानित ।

५. २०४२ सालमा बुटवल बहुमुखी क्याम्पस, बुटवलको आयोजनामा सम्पन्न शिक्षा दिवसमा क्याम्पस स्तरीय हाजिरी जवाफ प्रतियोगितामा द्वितीय स्थान प्राप्त गरी पुरस्कृत ।

६. २०४४ साल श्रावण १४ गते जिल्ला पंचायत सचिवालय, साझा विकास शाखा, गुल्मीको आयोजना र निजामती कर्मचारी दिवसको समारोहमा निजामती कर्मचारी भएर सर्वगुण सम्पन्न भए वापत प्रसंसा-पत्रबाट सम्मानित ।

७. २०४५ सालमा बुटवल बहुमुखी क्याम्पस, बुटवल र जनकपुर चुरोट कारखाना लिमिटेडको संयुक्त आयोजनामा सञ्चालित श्री ५ वीरेन्द्रको ४४औं जन्मोत्सवको उपलक्षमा भएको रूपन्देही जिल्लाव्यापी अन्तरक्याम्पस समूहगत वादविवाद प्रतियोगितामा प्रथम स्थान हासिल गरी पुरस्कृत र सम्मानित ।

८. २०४६ साल पौष २ गते संयुक्त वर्गीय सङ्गठन अञ्चल कार्यसमितिबाट आयोजित २९औं स्व.श्री महेन्द्रजयन्ती तथा संविधान दिवसका उपलक्षमा लुम्बिनी अञ्चलव्यापी अन्तरक्याम्पस हाजिरी जवाफ प्रतियोगितामा प्रथम स्थान हासिल गरी सम्मानित ।

९. २०४६ भाद्र ४ गते भैरहवा बहुमुखी क्याम्पस, भैरहवाको आयोजनामा श्री ५ मुमाबडामहारानी सरकारको ६२औं जन्मोत्सवको सन्दर्भमा भएको अन्तरक्याम्पस चित्रकला प्रतियोगितामा सान्त्वना पुरस्कारले सम्मानित ।

१०. मिति २०४६/१/१४ मा नेपाल राष्ट्र बैंक, भैरहवा शाखाको ३४औं वार्षिकोत्सवका अवसरमा जिल्लाका अन्तरकार्यालय भलिबल प्रतियोगितामा रेफ्रीको भूमिका निर्वाह गरेवापत सम्मान र कदरपत्र प्राप्त ।

११. मिति २०४७।५।१० मा राष्ट्रिय योजना आयोगको सचिवालय, जनसङ्ख्या महाशाखाको आयोजनामा जनसङ्ख्या शिक्षा विषयक अधिराज्यव्यापी कविता प्रतियोगिता हुँदा सान्त्वना पुरस्कारले सम्मानित ।

१२. २०४७।३।२३ मा द रेयुकाई नेपाल, केन्द्रीय कार्यसमितिको आयोजनामा आयोजित अन्तर्राष्ट्रिय युवा वक्तृत्वकला पर्व (सन् १९९०) का सन्दर्भमा भएको छैठौं राष्ट्रव्यापी खुल्ला युवा वक्तृत्वकला प्रतियोगिता (अन्तिम चरण)मा तृतीय स्थान प्राप्त गरी सम्मानित ।

१३. मिति २०४७।४।१३ मा द रेयुकाई नेपाल सिद्धार्थनगर शाखाको आयोजनामा अन्तर्राष्ट्रिय युवा वक्तृत्वकला पर्व (सन् १९९०)को उपलक्षमा सञ्चालित वक्तृत्वकला प्रतियोगितामा प्रथम स्थान हासिल गरी पुरस्कृत र सम्मानित ।

१४. मिति २०४८।८।२८ मा द रेयुकाई नेपाल परासी, शाखाको आयोजनामा आयोजित अन्तर्राष्ट्रिय युवा वक्तृत्वकला पर्व (सन् १९९०)को उपलक्षमा सातौं राष्ट्रव्यापी खुल्ला युवा वक्तृत्वकला प्रतियोगिता (प्रथम चरण)मा पनि प्रथम स्थान हासिल गरी पुरस्कृत र सम्मानित ।

१५. मिति २०४८।१०।४ मा द रेयुकाई नेपाल केन्द्रीय कार्यसमितिको आयोजनामा आयोजित अन्तर्राष्ट्रिय युवा वक्तृत्वकला पर्व (सन् १९९१)को सन्दर्भमा सातौं राष्ट्रव्यापी खुल्ला युवा वक्तृत्वकला प्रतियोगिता (केन्द्रस्तर प्रतियोगिता) मा प्रथम स्थान हासिल गरी पुरस्कृत र सम्मानित ।

१६. मिति २०४८।१०।११ मा द रेयुकाई नेपाल परासी शाखाको सहयोगमा अन्तर्राष्ट्रिय युवा वक्तृत्वकला पर्व सन् १९९२ का सन्दर्भमा दक्षिण कोरियाको सिउलमा नेपालका तर्फबाट सहभागी ।

उल्लिखित सम्मान र पुरस्कारको विवरण साहित्यकार भण्डारीले प्राप्त गरेका प्रमाणपत्र र कदर तथा प्रशंसापत्रको आधारमा तयार गरिएको हो । कतिपय उनका सम्मान र प्रशंसाका प्रमाणपत्रहरू प्राप्त हुन नसकेकाले यहाँ समावेश गर्न सकिएको छैन ।

## २.१६ जीवनदृष्टि

मानिस चेतनशील र विवेकशील प्राणी हो । त्यसैले अन्य प्राणीले भन्दा मानिसले आफ्नो जीवन बाँच्ने, सोच्ने, हेर्ने दृष्टिकोण फराकिलो र जटिल हुन्छ । मानवजीवन प्रकृतिको एउटा अभिन्न अंश भएकाले प्रकृति जस्तै यो पनि परिवर्तनशील हुन्छ । कुनै निश्चित लक्ष्य र उद्देश्य लिएर आफ्नो भाग्य तथा भविष्य आफैं निर्माण गर्न विभिन्न चुनौती, समस्या र अवसरसँग योजनाबद्ध तरिकाले सङ्घर्ष गर्दै जीवन सार्थक बनाउन एउटा सचेत मानिस निरन्तर प्रयत्नशील हुन्छ । यही कुरालाई आत्मसात् गरेर होला साहित्यकार गोविन्द भण्डारीले आफ्नो नामको पछाडि साहित्यिक उपनामका रूपमा ‘नवीन’ र छोराहरूको मूल नाम नै क्रमशः अविरल र आयाम राखेका छन् । भण्डारीले आफ्ना पथप्रदर्शक गुरुहरूको जीवनशैलीलाई प्रेरणाका रूपमा पछ्याउँदै त्यस्तै साधा जीवन उच्च विचार र जनपक्षीय साहित्यकलाको माध्यमबाट देश र समाजमा आमूल परिवर्तन ल्याउनुपर्छ भन्ने उनको जीवनदृष्टि रहेको देखिन्छ । साहित्यकार भण्डारीका रचित खण्डकाव्य, कवितासङ्ग्रह, कथा, निबन्ध र गजल जस्ता रचनाहरू एवम् उनका दिनानुदिनका व्यावहारिक क्रियाकलापहरू अनुसार उनमा प्रगतिवादी तथा मार्क्सवादी जीवनदृष्टिले ओतप्रोत भएको देखिन्छ । जीवनसम्बन्धी दृष्टिकोणका बारेमा उनले आफ्नो दोस्रो कृति **दियालो** कवितासङ्ग्रहको दोस्रो कवितामा भनेका छन् :

सपूत हुँ म क्रान्तिको सचेत एक बीज हुँ
नवीन युग सिर्जने चिराग हुँ म अग्नि हुँ

म भष्मीभूत पार्दछु उडुस बिच्छिको वन
लडेर पाउँछु जित र नास्छु वर्ग दुस्मन ।

(**दियालो,** पृ. २)

यसरी गोविन्द भण्डारीले आफ्नो जीवनलाई हरेक कोणबाट क्रियाशील बनाउँदै बडो मिहेनतका साथ एक उत्कृष्ट साहित्यकार र प्रतिष्ठित अभिव्यक्तिकलाका बेजोड प्रतिभाका रूपमा आफूलाई छुट्टै पहिचान गराएका छन् ।

## २.१७ देहावासान

एम्. ए. नेपाली विषयको दोस्रो वर्षको परीक्षा दिएर २०५० साल श्रावण १६ गते शनिवारका दिन एभरेस्ट एयरको विमानबाट काठमाडौँबाट भरतपुर (चितवन) मुरारि पराजुलीको नामको विमान टिकटबाट फर्कने क्रममा अचानक तनहुँ जिल्लाको चुलीघोप्टे पहाडी जङ्गलको रुखमा ठक्कर खाई विमान दुर्घटनामा परी २८ वर्षको अल्पायुमै साहित्यकार गोविन्द भण्डारीको दुखद निधन भएको हो । उनकी धर्मपत्नी जानकी भण्डारी (बराल), छोराहरू, मातापिता, दाजुभाइ सबै शोकाकूल हुन पुगे । मूल घर ज्योतिनगर, मणिग्राममा काजक्रिया सम्पन्न भयो । लुम्बिनी अञ्चलका साहित्यप्रेमी, आफन्तजन, शुभचिन्तकहरू गीर्वाण सरस्वती संस्कृत माध्यमिक विद्यालयमा भेला भई उनको असामयिक दुखद निधनप्रति श्रद्धाञ्जली कार्यक्रम गरियो । सो अवसरमा उनका अप्रकाशित रचनाहरू प्रकाशनमा ल्याउने प्रतिबद्धता प्रकट गरिएको थियो । भण्डारीको सम्झना गर्दै साहित्यकार दिल साहनीले सोही वर्षको श्रावण २९ गतेको **दैनिक लुम्बिनी** पत्रिकामा 'युवाकवि गोविन्द भण्डारीलाई श्रद्धाञ्जलीका शब्दहरू' शीर्षकमा उनको साहित्यिक योगदानको चर्चा गरेका छन् । यसरी गोविन्द भण्डारी भौतिकरुपमा उपस्थित नरहे पनि उनका कृतिहरूमा भने अद्यापि बाँचिरहेकै छन् ।

## २.१८ निष्कर्ष

साहित्यकार गोविन्द भण्डारीको पुर्ख्यौली गुल्मी हुँदै रूपन्देहीको मणिग्राम करहियासम्म रहेको छ । आफ्नै मातापिताको न्यानो छत्रछायामा हुर्केबढेका भण्डारीले उच्चशिक्षा हासिल गरी राष्ट्रसेवकका रूपमा जागिरे जीवन बिताएको देखिन्छ भने साहित्य सिर्जनालाई पनि सँगै अगाडि बढाएको देखिन्छ । भण्डारी अध्ययनलाई निरन्तरता दिने विद्यार्थी देखिन्छन् भने सामाजिक सङ्घसंस्थामा आबद्ध भई क्रियाशील समाजसेवीका रूपमा पनि देखिन्छन् । राष्ट्रसेवा र साहित्य सिर्जनाबाट राष्ट्रिय स्तरसम्म पुगेका भण्डारीको जीवन सफल मान्नुपर्छ । बाल्यकालदेखि उत्तर तथा मध्ययुवावस्थामा अध्ययन अवलोकन गर्दा उनी सबै क्षेत्रबाट सहानुभूति, प्रेरणा, प्रोत्साहन र सम्मान पाउन सफल, योग्य र अनुकरणीय स्रष्टाका रूपमा देखिएका छन् । २०५० साल श्रावण १६ गते शनिवारका दिन विमान दुर्घटनामा परी उनको देहावसान भयो । उनी भौतिक रूपमा नभए पनि उनका कृति र कृतिमा निहित विचारले युवास्रष्टाहरूलाई सदैव बाटो देखाइरहनेछन् ।

# परिच्छेद तीन

# गोविन्द भण्डारीको व्यक्तित्व

## ३.१ विषयप्रवेश

यस परिच्छेदमा गोविन्द भण्डारीले आफ्नो जीवनभर विभिन्न क्षेत्रगत क्रियाकलाप एवम् कार्यव्यवहारबाट आर्जन गरेको व्यक्तित्वका बारे अध्ययन प्रस्तुत गरिएको छ । कुनै पनि मानिसको समष्टिगत व्यक्तित्व उसको जीवनमा आइपर्ने सुख-दुखसँगको क्रिया-प्रतिक्रिया, आरोहअवरोह, जीवन भोगाइको तरिकाबाट निर्माण भएको हुन्छ । त्यसै गरी व्यक्तित्वको निर्माणमा उसको पारिवारिक र आर्थिक पृष्ठभूमि, सामाजिक, सांस्कृतिक र धार्मिक आस्था जस्ता कुराले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यसरी नै गोविन्द भण्डारीको समष्टिगत व्यक्तित्वलाई केलाउँदा उनी मुख्यतः साहित्यकारका रूपमा देखिन्छन् भने उनले आफ्नो सिङ्गो जीवन राष्ट्रसेवक (कर्मचारी) र सामाजिक र साहित्यिक सङ्घसंस्थामा समर्पित गरेको देखिन्छ ।

## ३.२ शारीरिक व्यक्तित्व

गोविन्द भण्डारीको बाह्य व्यक्तित्वलाई हेर्दा ५ फिट ४ इन्च अग्ला, साधारण शरीर, गहुँगोरो वर्णका र हँसिलो मुहारका थिए । उनले प्रायः दाह्री पाल्ने र साधारण सर्टपाइन्ट लगाउने गर्थे । उनको शारीरिक व्यक्तित्व फरासिलो, छिटोछरितो र फुर्तिलो देखिन्छ । उनी कुनै पनि समस्यामा र आईपर्ने नवीन मोडमा नआत्तिने, उत्तेजित नहुने, शान्त र धैर्य स्वभावका देखिन्थे । उनी धेरैजसो समय साहित्यिक क्रियाकलाप र केही समय सामाजिक सङ्घसंस्थामा व्यस्त हुन्थे । सरल, मृदुभाषी, स्पष्टवक्ता, मिजासिलो एवम् जुधारु प्रतिस्पर्धी स्वभाव, सादा जीवनशैली तथा उच्च विचारका धनी भण्डारी सरल र शान्त प्रकृतिका व्यक्तित्व हुन् ।

## ३.३ राष्ट्रसेवक व्यक्तित्व

गोविन्द भण्डारीले २०४० सालमा प्रवेशिका परीक्षा उत्तीर्ण गरेपछि सुरुमा अस्थायी सेवाका रूपमा नेपाल परिवार नियोजन सङ्घ, बुटवल शाखामा मोटिभेटर पदमा करिव डेढ वर्ष जागिर गर्दै उच्चशिक्षामा अध्ययन गरेका हुन् ।[१७] २०४२ साल चैत्र १५ देखि २०४८ साल आषाढ १० सम्म तत्कालीन श्री ५ को सरकार अर्थ मन्त्रालय महालेखा नियन्त्रण कार्यालय, कर्मचारी प्रशासन अन्तर्गत राजपत्र अनंकित द्वितीय श्रेणी प्रशासन सेवा लेखा समूहको सहलेखापाल पदमा नियुक्ति भई जि.पं. सचिवालय साझा विकास शाखा गुल्मी तम्घासमा निजामती कर्मचारीका रूपमा कार्यरत रहेका देखिन्छन् । भण्डारी सहलेखापाल

---

[१७] शोधनायककी धर्मपत्नी जानकी भण्डारीबाट प्राप्त जानकारी ।

भई काम गर्ने सिलसिलामा भै.लु.भू.ज. भैरहवामा र पछि म.ले.प. काठमाडौँ बबरमहल सरुवा भई कार्यरत रहँदा त्यहीँबाट दूरसञ्चार संस्थानको ना.सु.पद (पाँचौँ तह) मा परीक्षा उत्तीर्ण गरी २०४९ सालमा नेपालगन्ज र २०५० साल वैशाखमा चितवन जिल्लाको भरतपुरमा सरुवा भई राष्ट्रसेवकका रूपमा काम गरेको पाइन्छ । २०४४ श्रावण १४ गते निजामती सेवा दिवसको सन्दर्भमा तत्कालीन जि.पं. सचिवालय, साझा विकास शाखा, गुल्मी तम्घासबाट निजामती कर्मचारी भएर पनि सर्वगुण सम्पन्न भएको मानी भण्डारीले राष्ट्रसेवकीय व्यक्तित्वका रूपबाट स-सम्मान प्रसंसा-पत्र पाएका थिए ।[१८]

## ३.४ सामाजिक व्यक्तित्व

२०४७ सालमा द रेयुकाई नेपाल, सिद्धार्थनगर शाखामा र २०४८ सालमा नवलपरासी शाखामा आबद्ध भई संस्थागत रूपबाट सामाजिक सेवामा पनि संलग्न रहेका दखिन्छन् । २०४० साल देखि २०४६ सालसम्म आफ्नै गाउँ ज्योतिनगरमा स्थापित जनकल्याण क्लबको सदस्य पदमा रही विभिन्न सांस्कृतिक कार्यक्रमका माध्यमबाट संस्थाको आन्तरिक आयआर्जन गर्न र स्थानीय तहका सबै वर्गमा सामाजिक परिवर्तनका लागि चेतना र जनजागरण अभिवृद्धिमा मुख्य सहजकर्ताको भूमिका खेलेको देखिन्छ । आफ्नो फुर्सदको समय र बिदाका दिनमा गाउँ-समाजमा भेट हुने सबै उमेर र अवस्थाका बाल, युवा, मित्रजन, प्रौढ र वृद्ध-वृद्धाहरूलाई दया, माया, मीठो भलाकुसारी, सम्मान र मित्रवत् सद्भाव देखाउन पछि नपर्ने र समाजमा सकरात्मक परिवर्तनका लागि आँटिलो एवम् फुर्तिलो व्यवहारले भण्डारीको सामाजिक व्यक्तित्व निर्माण भएको देखिन्छ ।

## ३.५ राजनैतिक व्यक्तित्व

गोविन्द भण्डारीका साहित्यिक कृतिहरू अध्ययन गर्दा उनी प्रगतिवादी विचारबाट प्रभावित भएको पाइन्छ । रूपन्देही जिल्लाको २०३५।०३६ देखि ०४५।०४६ सम्मको वामपन्थी राजनीतिमा भलवाडी र मणिग्राम सक्रिय क्षेत्र मानिएको छ । गीर्वाण सरस्वती संस्कृत मा.वि. अनुकूल स्थान मानिएको देखिन्छ । त्यस समयमा गोपीरमण उपाध्याय र ऋषिराम भुसालको अध्यापन तथा राजनैतिक प्रशिक्षणका कारण त्यस भेकका विद्यार्थी नेता घनश्याम भुसाल, कविराम अर्याल, अर्जुन भण्डारी लगायतका विद्यार्थीहरू वामपन्थी राजनीतिमा सचेत रहेका र यसै सलिसिलामा उनीहरूको सङ्गत र बसाउठीले गोविन्द भण्डारी पनि सोही विचारको राजनीतिमा समाहित भएको देखिन्छ । २०३६ र २०४६ सालको राजनैतिक परिवर्तनकारी आन्दोलनहरूमा सक्रिय सहभागी भएका र ने.क.पा. ( एमाले) का साधारण सदस्य रहेका, पछि कर्मचारी सङ्गठनका तर्फबाट फ्र्याक्सन कमिटीमा आबद्ध भई सङ्गठित सदस्यको प्रतीक्षामा रहेको पाइन्छ ।[१९] 'कवि भनेको भुकभुकेमा जाग्ने

---

[१८] शोधनायक भण्डारीले प्राप्त गरेको प्रशंसा-पत्र अनुसार ।

[१९] ऋषिराम भुसालबाट प्राप्त जानकारी ।

र अरुलाई जगाउने घरको बूढो हो' भन्ने मोदनाथ प्रश्रितको कविप्रतिको दृष्टिकोण र बुर्जुवा साहित्य होइन, जनपक्षीय साहित्य हुनुपर्छ भन्दै आफ्नो भूमिकामा 'सिद्धान्त व्यवहारमा लागु गरिएन भने उद्देश्यहीन हुन्छ' भन्ने स्टालिनको भनाइ उल्लेख भएको उनको पहिलो कृति **फिलिङ्गो**मा 'लेखौँ नयाँ जीवनको सुचित्र, सङ्घर्षको लालसलाम ! मित्र' भनी उनले लेखेका छन् । ने.क.पा.(एमाले) जि.क. रूपन्देहीद्वारा प्रकाशित **रूपन्देहीको कम्युनिस्ट आन्दोलनका पचास वर्षहरू** नामक पुस्तकको परिशिष्ट -१ मा रूपन्देही जिल्लाको कम्युनिस्ट तथा प्रजातान्त्रिक आन्दोलनको विकासका लागि जनचेतना विस्तारको भूमिका पूरा गर्ने पत्र-पत्रिका र पुस्तकहरूको नामावलीमा **फिलिङ्गो**ले पनि स्थान पाएको[२०] तथ्यबाट पनि साहित्यकार भण्डारीको राजनैतिक व्यक्तित्व प्रस्ट देखिन्छ ।

## ३.६ साहित्यकार व्यक्तित्व

नेपाली साहित्यका विभिन्न विधामा गोविन्द भण्डारीले चलाएको कलमले नेपाली साहित्यको भण्डारमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । २०३६ सालमा उनले 'उच्चता प्राप्त गर्न' भन्ने विषय शीर्षकमा लेखेको कविता **वीणा** नामक साहित्यिक पत्रिकामा प्रकाशित भए पछि औपचारिक रूपमा नेपाली साहित्यमा देखापरेका हुन् । २०३६ सालदेखि हालसम्मको समयावधिमा एउटा खण्डकाव्य र दुईवटा कवितासङ्ग्रह गरी जम्मा तीनवटा पुस्तकाकार कृतिहरू प्रकाशित भइसकेका छन् । यसबाहेक उनले धेरै फुटकर कविता, निबन्ध, कथा, गीत, गजल र मुक्तक रचना गरी डायरीमा सङ्ग्रह गरी छोडेर गएको पाइन्छ । गोविन्द भण्डारी कवि, नाटककार, कथाकार, निबन्धकार, गीत एवम् गजलकार पनि हुन् । यी सबैको समष्टिमा गोविन्द भण्डारीको साहित्यिक व्यक्तित्वको निर्माण भएको छ ।

### ३.६.१ कवि व्यक्तित्व

गोविन्द भण्डारीमा समग्र साहित्यिक व्यक्तित्व रहँदा रहँदै पनि उनि विशेषतः कविताकै क्षेत्रमा विशिष्टता हासिल गर्न सफल रहेका देखिन्छन् । कविताबाट साहित्य यात्रा सुरु गरेका भण्डारीका पुस्तकाकार कृतिहरू पनि कविता विधाकै रहेका छन् । 'उच्चता प्राप्त गर्न' कवि भण्डारीको प्रथम प्रकाशित कविता हो । २०३४ सालमा विद्यालयबाट शैक्षिक भ्रमणमा जाँदा पाल्पा जिल्लाको अर्घलीस्थित रानीमहल नजिकको संस्कृत पाठशालाका शिक्षकहरूसँग परिचय र भलाकुसारीकै क्रममा साहित्यको चर्चा चलेको र साहित्यकार भण्डारीले रिडीबजार, पवित्र तीर्थस्थल कालीगण्डकी नदी र वरिपरिको केही समथर फाँट र पहाडको वनजङ्गल र छहराको मनोरम प्राकृतिक वातावरणलाई विषयवस्तु बनाई एउटा कविता तुरुन्त रचेर सबैका सामु सुनाउँदा उनले प्रधानाध्यापकबाट दस रुपिया पुरस्कार

---

[२०] **रूपन्देहीको कम्युनिस्ट आन्दोलनका पचास वर्षहरू** (२००९-२०५९), ने.क.पा. (एमाले), जि.क., रूपन्देही ।

पाएका थिए । विद्यार्थी जीवनदेखि कविताप्रतिको रुचिले गर्दा कविताका माध्यमबाट साहित्यमा प्रवेश गरेका हुन् ।

### ३.६.२ कथाकार व्यक्तित्व

गोविन्द भण्डारीले कथा पनि लेखेका छन् । भण्डारीका तेरवटा कथाहरू उनको डायरीमा सङ्ग्रह गरी सुरक्षित रहेका छन् । उनका ती कथाका शीर्षकहरू हुन् : १. तृष्णा २. गन्तव्य ३. गाउँतिरको घिउ ४. यसरी टुक्रिन्छ सपना ५. भैदिए पछि ६. ड्याङ ऽ.. ऽ..ऽऽ ७. एउटा शैशव ८. बाबुको बिहे ९. विखण्डन १०. विवादमा मुछिन लागेको छोरो ११. हर्न बज्ने बाटो १२. कथाकार १३. माथि नै आउन । 'गाउँतिरको घिउ' कथा उनको जीवनकालमा नै **गरिमा** (वर्ष ५, अङ्क १२, २०४४, पृ. ६१) मा प्रकाशित भइसकेको देखिन्छ ।[२१] उनका अरु कथाहरू उनकै धर्मपत्नी जानकी भण्डारी (बराल) सँग रहेको र पछि मुरारि पराजुलीले पत्रिकामा प्रकाशित गरिदिने वचन दिएर लिएपछि अर्को एउटा कथा 'विवादमा मुछिन लागेको छोरो' **शब्ददूत** (वर्ष २, अङ्क ३, २०६२, पृ.२३) मा प्रकाशित भएको छ । यसरी गोविन्द भण्डारीले कथाका क्षेत्रमा पनि कलम चलाउन खोजेको देखिन्छ ।

### ३.६.३ निबन्धकार व्यक्तित्व

साहित्यकार भण्डारीको निबन्धमा पनि कलम चलेको देखिन्छ । उनीबाट सिर्जित आफ्ना तीनवटा निबन्धहरू १. प्रेम, प्रेम-विवाह र अपराध २. दार्शनिक बन्ने धुनमा र ३. नमस्ते रहेका छन् । उनका यी तीन निबन्धहरू उनको तेरवटा कथाहरूको सँगालो रहेको डायरीभित्रै सुरक्षित छन् । यी तीनवटा निबन्धहरूमध्ये एउटा निबन्ध 'दार्शनिक बन्ने धुनमा' **शब्ददूत** (वर्ष १, अङ्क २, २०६१, पृ.३५) साहित्यिक पत्रिकामा प्रकाशित भएको छ ।[२२] भण्डारीका थोरै सङ्ख्यामा भए पनि उल्लिखित निबन्धहरू स्तरीय छन् । यसरी साहित्यकार गोविन्द भण्डारीको साहित्यिक क्षेत्र निबन्ध विधाबाट पनि अगाडि बढेको देखिन्छ ।

### ३.६.४ गीत एवम् गजलकार व्यक्तित्व

गोविन्द भण्डारीको विभिन्न परिवेश र समय-सन्दर्भमा गीत र गजलहरू पनि सिर्जना गरी डायरीमा सङ्ग्रह गरेका छन् । उनले गुल्मी तम्घासमा सहलेखापालको पदमा जागिरे हुँदा २०४५ सालमा 'पाखुरीको ... नियाल बल लाएर कसी सेवाले' भन्ने शीर्षकको लयमा दुई पाउको एउटा स्काउट गीत रचना गरेको देखिन्छ ।[२३] यसबाहेक उनले जागिरकै सिलसिलामा विशेष कार्यक्रमहरूमा प्रस्तुतिका लागि विभिन्न विषय र सन्दर्भमा मीठा-मीठा सातवटा गजलहरू पनि लेखेर डायरीमा छाडेका छन् । गजलका विषयहरूमा शीर्षक

---

[२१] **गरिमा** (वर्ष ५, अङ्क १२) पृ. ६१ ।

[२२] मुरारिप्रसाद पराजुली, 'दार्शनिक बन्ने धुनमा', **शब्ददूत** (वर्ष १, अंक २, २०६१) ।

[२३] शोधनायक भण्डारीको अप्रकाशित फुटकर कविता, गीत र गजल भएको डायरी अनुसार ।

नदिइएकोले सरसर्ती हेर्दा क्रमशः मोति जयन्ती, घर, माया पाइएन, सपना, सङ्घर्ष, धराप, गोठाला र प्रभु रहेका छन् । यी गजलहरू २०४४-२०४७ सालको अवधिमा रचना गरेको देखिन्छ । यसरी उनमा गजलकार व्यक्तित्व पनि झल्किन्छ ।

## ३.७ नाट्यकलाकार व्यक्तित्व

साहित्यकार भण्डारी कवि मात्र नभएर नाट्यकलामा पनि प्रयासरत रहेको कुरा उनले **बसाइँ** नाटकका लागि गरेको अभिनयले स्पष्ट पार्दछ । **बसाइँ** उपन्यासलाई गोविन्द भण्डारीको नेतृत्व र मुरारि पराजुलीको सहसम्पादनमा नाटकमा रूपान्तरित गरी स्थानीय तहमा स्थापित जनकल्याण क्लबद्वारा २०४१ सालको बडादसैंको सन्दर्भमा आयोजना गरिएको नाटक तथा सांस्कृतिक कार्यक्रममा मणिग्राम ४ नं. ज्योति नि.मा.वि. को खुल्ला मैदानमा र नयाँमिल, दुर्गामन्दिरको प्राङ्गणमा ऋषिराम भुसालको निर्देशनमा भव्य प्रदर्शन हुँदा गा.वि.स. करहियाका तत्कालीन प्रधानपञ्च कर्णबहादुर पुनबाट जनकल्याण क्लबलाई विशेष प्रशंसा-पत्र समेत प्राप्त भएबाट उनी नाट्यकलामा पनि सक्षम व्यक्तित्वका रूपमा देखिन्छन् ।[२४]

## ३.८ वक्ता व्यक्तित्व

गोविन्द भण्डारीको बोल्ने (वक्तृत्व) कला पनि उत्तिकै प्रखर देखिन्छ । २०४१ सालको बुटवल बहुमुखी क्याम्पसको लेखनाथ शतवार्षिकी समारोहको लुम्बिनी अञ्चल स्तरीय अन्तरक्याम्पस वादविवाद प्रतियोगितामा प्रथम स्थान प्राप्त गरेका भण्डारीले पछि द रेयुकाइ नेपाल, रूपन्देही र नवलपरासी शाखाको विभिन्न समयमा (२०४२-२०४७) पटक-पटकको अन्तर्राष्ट्रिय युवा पर्वको सन्दर्भमा जिल्ला र राष्ट्रिय स्तरको वक्तृत्वकला प्रतियोगितामा क्रमशः द्वितीय र प्रथम स्थान हासिल गरी अन्तर्राष्ट्रिय क्षेत्रमा दक्षिण कोरियाको सिउलमा आयोजित अन्तर्राष्ट्रिय युवा वक्तृत्वकला पर्व (१९९२)मा नेपालको तर्फबाट सहभागी हुने अवसर पाएको तथ्यबाट उनमा कुशल वक्ताको व्यक्तित्व पनि रहेको स्पष्ट हुन्छ ।[२५]

## ३.९ चित्रकार व्यक्तित्व

गोविन्द भण्डारीमा साहित्यका साथै उनमा चित्रकलाप्रति पनि रुचि राखेर सोही विषयको प्रतियोगितात्मक कार्यक्रममा सहभागी भई प्रशंसित भएका छन् । भैरहवा बहुमुखी क्याम्पसको आयोजनामा तत्कालीन मुमा बडामहारानी सरकारको ६२औं जन्मोत्सवको उपलक्षमा अन्तरक्याम्पस स्तरीय चित्रकला प्रतियोगिता हुँदा उनी सान्त्वना पुरस्कारले पुरस्कृत भएका छन् । प्रतिष्ठित साहित्यकारहरूमा जस्तै उनका सबै प्रकारका विधागत

---

[२४] ऋषिराम भुसाल, मुरारि पराजुली तथा **बसाइँ** नाटकमा मोटे कार्कीको भूमिका निर्वाह गर्ने दुर्गाप्रसाद थापाबाट प्राप्त जानकारी ।

[२५] शोधनायक भण्डारीले प्राप्त गरेका कदर र प्रमाण-पत्रहरू अनुसार ।

रचनाहरूमा मूर्त या अमूर्त शैलीबाट बिम्ब र प्रतीकका माध्यमबाट शाब्दिक भावका विभिन्न चित्रहरू स्वतः भेटिन्छन् । **आगो पालेका पेट र शीत ओढेका बस्तीहरू**को आवरण चित्र उनैको कलाकारितामा निर्माण भएको सोही पुस्तकले प्रमाणित गर्दछ । यसका साथै उनका विभिन्न विधागत रचना भएको डायरीका छेउछाउमा पनि शैलीका चित्रहरू कोरेर आफ्नो थप चित्रकारी व्यक्तित्व पनि दर्साएका छन् ।

## ३.१० निष्कर्ष

साहित्यकार गोविन्द भण्डारीको शारीरिक व्यक्तित्व स्वाभाविक र सामान्य देखिए पनि अन्य सामाजिक, राजनैतिक लगायत साहित्यिक क्षेत्रमा प्रायः धेरैजसो विधामा कलम चलाउन सफल बहुप्रतिभाशाली व्यक्तिका रूपमा देखिएका छन् । जीवन जिउने आधार जागिरेका रूपमा राष्ट्रसेवाकै सिलसिलामा पनि सम्मानजनक प्रतिभा प्रदर्शन गरेको पाइन्छ । भण्डारीको औपचारिक वा अनौपचारिक रूपले जहाँ जसरी उपस्थित भए पनि उनको व्यक्तित्व हँसिलो, फरासिलो, सरल र सहज, निडर, गम्भीर रहेको पाइन्छ । समग्रमा उनको व्यक्तित्व कलाकारिताले युक्त र साहित्यिक भावले पूर्ण देखिन्छ ।

साहित्यकार गोविन्द भण्डारीको व्यक्तित्वलाई अध्ययन गर्दा विचार गरेर मात्र बोल्ने, सादा जीवन उच्च विचार राख्ने, मृदुभाषी, फरासिलो र पारदर्शी, स्वतन्त्रताप्रेमी, राष्ट्रप्रेमी स्वाभिमानी, सरल, प्रगतिवादी, यथार्थवादी, करुण, दयामाया र विवेकशील एवम् मानवतावादी व्यक्ति रहेको पाइन्छ । उनी शोषणरहित समाजको विकासका लागि सर्वपक्षीय विचार मौलाउन र खेल्न पाउनु पर्छ भन्ने मान्यताका पक्षधर थिए । उनी समाजसेवी, गीतकार, कवि, निबन्धकार, कथाकार, नाटककार, राजनैतिक, शिक्षक, राष्ट्रसेवक आदि व्यक्तित्वका धनी थिए । साहित्यिक व्यक्तित्व नै उनको पहिचान दिने प्रभावशाली व्यक्तित्व हो । वैचारिक दृष्टिले हेर्ने हो भने उनी सामन्ती शोषक व्यक्तिका विरुद्ध कलम चलाउने प्रगतिवादी जनपक्षीय साहित्यकार देखिन्छन् ।

# परिच्छेद चार

# साहित्यकार गोविन्द भण्डारीको साहित्ययात्रा

## ४.१ विषयप्रवेश

प्रस्तुत परिच्छेदमा साहित्यकार गोविन्द भण्डारीको साहित्ययात्राको पृष्ठभूमि, विद्यार्थी जीवनदेखि गार्हस्थ्य जीवनसम्ममा उनले साहित्यक्षेत्रमा देखाएका गतिविधि, क्रियाशीलता र साहित्यिक रचनाको प्रवृत्तिगत मोड तथा प्रकाशित कृतिका आधारमा चरणबद्ध अध्ययन गरिएको छ ।

## ४.२ गोविन्द भण्डारीको साहित्य यात्राको पृष्ठभूमि

गोविन्द भण्डारी बाल्यकालदेखि नै कविता लेख्न र गीत गाएर सुनाउन रुचि राख्दथे । लिम्घाको च्युरीकोट प्रा.वि.बाट कक्षा ४ उत्तीर्ण गरी २०३० सालमा रूपन्देही जिल्लामा बसाइसराइ गरी मणिग्रामस्थित गीर्वाण सरस्वती संस्कृत मा.वि. मा कक्षा ५ मा भर्ना भए पछि कविता लेख्नेसुन्ने उचित वातावरण पाएको देखिन्छ । सहपाठीहरू र गुरुहरूको प्रोत्साहनबाट उनलाई साहित्यप्रति रुचि बढ्दै गएको पाइन्छ । रूपन्देही जिल्लाको मणिग्राम त्यसमा पनि गीर्वाण सरस्वती संस्कृत मा.वि. त्यस समयमा साहित्यसिर्जना गर्न उर्वर स्थान मानिन्छ । उनी अध्ययनरत सो विद्यालयमा समस्यापूर्ति मण्डल स्थापना हुनु उनका लागि अनुकूल परिस्थिति हुन पुगेको पाइन्छ । २०३४ सालमा विद्यालयबाट शैक्षिक भ्रमणमा जाँदा पाल्पा जिल्लाको रिडी बजार नजिक अर्घलीको रानीमहल छेउको संस्कृत पाठशालाका शिक्षक र विद्यार्थीवर्गसँग भेटघाट र भलाकुसारीका क्रममा भण्डारीले तत्कालै त्यहीँ नजिकको कालीगण्डकी वरिपरिको प्राकृतिक मनोरम दृश्यलाई विषयवस्तु बनाई एउटा छन्दोबद्ध कविता रचना गरी दुवै पक्षको संयुक्त समूहमा सुनाउँदा प्रधानाध्यापकले प्रोत्साहन र प्रशंसास्वरूप भण्डारीको हातमा दस रुपिया राखिदिएर सम्मान गरेको तथ्यले उनमा साहित्यप्रतिको जागरुकता बाल्यकालदेखि नै रहेको देखिन्छ । ऋषिराम भुसाल र गोपीरमण उपाध्यायसँगको निरन्तर सम्पर्कमा विभिन्न विषयवस्तुका शीर्षक लिएर छन्दमय ढाँचामा फुटकर कविता कोर्दाकोर्दै उनले ‘उच्चता प्राप्त गर्न’ शीर्षकमा कविता सिर्जना गरी २०३६ सालमा **वीणा** पत्रिकामा पहिलोपटक प्रकाशित भएपछि उनको साहित्य यात्रा सुरु भएको देखिन्छ । यसै समयमा कवि भण्डारीले समस्यापूर्ति मण्डलको सम्पर्कमा रहेर आफ्नो १४ वर्षको उमेरमा **फिलिङ्गो** खण्डकाव्य पनि लेखे । उनको निरन्तर लेखनमा फुटकर पद्यात्मक कविताहरू सङ्कलन हुँदा २०३९ सालमा **दियालो** कवितासङ्ग्रह र पछि २०४६ सालमा गद्यकवितासङ्ग्रहका रूपमा **आगो पालेका पेट र शीत ओढेका बस्तीहरू** प्रकाशित भयो । साहित्यकार गोविन्द भण्डारीका प्रकाशित कृतिहरू एवम् अन्य विभिन्न विधाका अप्रकाशित कृतिहरूको चरणबद्धरूपमा अध्ययन गरिएको छ ।

## ४.३ चरण विभाजन

कुनै पनि व्यक्तिको साहित्यिक जीवन एकाएक विकसित भएको पाइँदैन । साहित्यिकारको साहित्यिक इतिहासमा देखापरेका विभिन्न रचनाका प्रवृत्तिगत परिवर्तन, सिर्जित रचनाका परिमाण, गुणस्तरको अन्तर्विकास, साहित्यिक रचना र कृति प्रकाशन तथा चिन्तन पक्षको परिवर्तन जस्ता आधारहरू लिएर साहित्यकारको समग्र साहित्यिक यात्राको विभिन्न चरण वा कालको विभाजन गर्ने गरिन्छ । तसर्थ साहित्यकार गोविन्द भण्डारीको साहित्यिक यात्रालाई सरसर्ती अध्ययन गर्दा प्रथम चरण र द्वितीय चरण गरी निम्नलिखित दुई चरणमा विभाजन गरी उनका कृतिहरूलाई अध्ययन गर्नु उपयुक्त हुने देखिन्छ ।

(क) प्रथम चरण : २०३६- २०३९ सम्म

(ख) द्वितीय चरण : २०४०- २०५० सम्म

उपर्युक्त दुई चरण विभाजनको मुख्य आधार प्रथम चरण पद्यात्मक र छन्दोबद्ध कविता लेखनको चरण मानिएको छ भने द्वितीय चरण गद्यात्मक कविता र अन्य विधाका लेखरचना समेटी अध्ययनको फराकिलो चरणमा राखिएको छ ।

## ४.४ चरणबद्ध अध्ययन

यहाँ साहित्यकार गोविन्द भण्डारीको साहित्य यात्राको क्रियाशीलता र साहित्यिक रचनाको प्रवृत्तिगत मोड तथा प्रकाशित कृतिका आधारमा चरणबद्ध अध्ययन गरिएको छ ।

### ४.४.१ प्रथम चरण

गेविन्द भण्डारीको औपचारिक साहित्यिक यात्रा गीर्वाण सरस्वती संस्कृत माध्यमिक विद्यालय, मणिग्राममा अध्ययनरत हुँदा २०३६ सालमा 'उच्चता प्राप्त गर्न' शीर्षकमा कविता रचना गरी **वीणा** साहित्यिक पत्रिकामा प्रकाशित भएबाट प्रारम्भ भएको देखिन्छ । समस्यापूर्ति साहित्यिक मण्डलीमा निरन्तर सहभागी हुने, विद्यालयको पुस्तकालयबाट आवश्यक साहित्यिक सामग्रीहरूको अध्ययन गर्ने, तत्कालीन सामसामयिक राजनीतिक परिस्थिति र त्यही सेरोफेरोका साहित्यिक गतिविधिहरू अध्ययनबाट चौध वर्षे बालमस्तिष्कबाट **फिलिङ्गो** खण्डकाव्यको सिर्जना हुनु चानेचुने विषय थिएन । एघार वर्षको उमेरमा कक्षा ५ मा अध्ययन गर्दा नै ऋषिराम भुसाल भरखर स्नातक गरी गीर्वाण सरस्वती संस्कृत माध्यमिक विद्यालयमा शिक्षक भएर नजिक भएका थिए ।[२६]

साहित्यकार गोविन्द भण्डारीका रचनाहरू सुरुमा अपत्यारिला र शङ्कास्पद मानिए पनि पछिपछि उनको बालप्रतिभाप्रति जनविश्वास जागेको पाइन्छ । मोतीराम भट्टको

---

[२६] **फिलिङ्गो** खण्डकाव्यका प्रकाशक ऋषिराम भुसाल (भूमिका ग, २०३६) ।

समस्यापूर्ति मण्डलबाट प्रभावित गीर्वाण सरस्वती संस्कृत मा.वि.का साहित्यप्रेमी विद्यार्थीहरूको सक्रियता र ऋषिराम भुसालको सहयोग भएपछि निरन्तर हरेक बिहिबार विद्यालयको छुट्टीपछि भेला भई आआफ्नो रचना पाठ, समीक्षा र सैद्धान्तिक ज्ञान गरी तीन चरणमा हुने निरन्तर अभ्यासले गोविन्द भण्डारीलाई साहित्ययात्राको प्रथम चरणको पृष्ठभूमि तयार गर्न निकै सहयोग सिद्ध भयो । साहित्यकार भण्डारीले आफ्ना गुरुसँगै शीर्षकहरू लिएर पन्ध्र दिनको अवधिमा २०३५ सालमा **फिलिङ्गो** खण्डकाव्य पूरा गरी देखाउँदा प्रौढ तथा बौद्धिक वर्गलाई समेत मार्गनिर्देश गर्न सक्ने कला देखेर उनका गुरुहरूले सो खण्डकाव्य प्रकाशन गरी सहयोग गर्ने निर्णय गरेको प्रकाशक तथा भण्डारीका गुरु ऋषिराम भुसाल आफैँ बताउँछन् ।[२७]

साहित्यकार गोविन्द भण्डारीका प्रकाशित कृतिहरू मोटामोटी रूपमा सरसर्ती अध्ययन गरी हेर्दा उनी मणिग्राममा कक्षा ५ देखि कक्षा १० सम्म अध्ययनरत रहँदा पद्यात्मक शैलीबाट विभिन्न छन्दमा कविताहरू रचना गरी प्रकाशन भएको देखिन्छ । यस समयावधिको नवोदित बालकविको पद्यात्मक र छन्दोबद्ध शैलीमा मात्र लेखेका प्रकाशित दुई कृतिहरू **फिलिङ्गो** (खण्डकाव्य, २०३६) र **दियालो** (कवितासङ्ग्रह, २०३९) हरू प्रथम चरणका उल्लेख्य उपलब्धि हुन् ।

**फिलिङ्गो** खण्डकाव्य २०३६ साल मङ्सिरमा गीर्वाण सरस्वती संस्कृत माध्यमिक विद्यालय, रूपन्देहीमा कक्षा आठमा अध्ययनरत हुँदा गोविन्द भण्डारीले लेखेका र ऋषि भुसालको सहयोगमा प्रकाशन भएको पहिलो कृति हो । साहित्यकार गोविन्द भण्डारीले बालमस्तिष्कबाट सिर्जित जनताको हकहित परिवर्तनलाई सम्बोधन गर्ने एवम् जनपक्षीय क्रान्तिको भाव दर्साउने यो खण्डकाव्य साहित्यकारको उमेरअवस्था अनुसार कृति प्रकाशनका सहयोगी ऋषि भुसालको विचारमा कलात्मक सशक्तताको दृष्टिले अनुपयुक्तता कुनै भद्र प्राज्ञिक समालोचकले मान्न सक्दैनन् । कलाले काँचो कलिलो देखिए पनि खण्डकाव्यको वैचारिक परिपक्वता, ग्रामीण जनजीवनको यथार्थ जस्तो लाग्ने प्रस्तुतिले सामाजिक र राजनैतिक परिवर्तनका पक्षमा दृढ सङ्कल्पित देखिएको छ । यस खण्डकाव्यमा एउटा उपेक्षित उत्पीडित, भोकोनाङ्गो गरिब पुष्पपुरे पहाडी बस्तीको भारी बोक्ने पेसा अँगालेको सेते (भरिया)को कथाव्यथा र तत्कालीन एकदलीय पञ्चायती व्यवस्थामा हालीमुहाली गर्न पल्केका महेश र उसका शासकीय भजन मण्डलीबाट उन्मुक्तिका लागि ग्रामीण समुदायले सङ्गठित आवाज र भावलाई काव्यात्मक र छन्दोबद्ध तरिकाले गोविन्द भण्डारीले प्रस्तुत गरेका छन् । एक उदाहरण :

झल्झल देख्दछु भारि त्यो असजिलो औ मिर्मिरे रात छ,

क्या मीठो गीत गाइ जङ्गल भरि हिँडे भरीया सब ।

---

[२७] ऋषिराम भुसालबाट प्राप्त जानकारी ।

को हुन् यी भरिया भनी यदि कुनै यो प्रश्न गर्ला जब,

ती हुन् पुष्पपुरे भनेर सबले चिनाई दिनु तब ॥

(**फिलिङ्गो,** पृ.१)

अति दुर्गम चट्टानी भिरपाखाको गाउँ पुष्पपुर र महेश भनिने त्यस ठाउँको एक साहू सामन्तको चरम शोषण र अन्यायमा परी गरिबी भोग्नु परेका गाउँलेहरू सबैलाई अलग अलग फुट गराई आफ्नो स्वार्थ पूरा गर्दै धनी भन्दा झन् धनी बन्दै गइरहेको गरिब गाउँलेहरू बिना ज्याला र सुविधा सधैँ उसको चाकरी गर्नु पर्ने बाध्यता आदिका बारेमा भारी बोक्दै डाँडापाखा, भञ्ज्याङ-चौतारी, उकाली-ओराली गर्दै हिँड्ने र चौतारीमा भारी बिसाई दुखसुखका कुरा गर्ने छिमेकी गाउँले भरियाका गफगाफलाई बालकवि गोविन्द भण्डारीले पुष्पपुर र युवक पात्रको तर्फबाट छन्दोबद्ध कवितामा यसरी प्रस्तुत गरेका छन् :

कसिलो एउटा गाँठो त्यो गाउँमा छँदै थियो

अशिक्षित दरिद्रको भित्र सद्भावना थियो ।

तर त्यो मेलको खेल रहेन पछि सम्मन

क्वै यौटा दुष्ट आएर गर्नुसम्म गऱ्यो त्यहाँ ॥

त्यो गाउँमा पस्यो यौटा साहू बस्ति सरिकन

ठूलो भुँडी थियो उस्को यसो हेर्दा महाजन ।

लुगा लत्ता थिए दामी गाउँले सब थर्किए

ठर्रो बोली, मिजासैको थोपो छैन कडै थिए ॥

(**फिलिङ्गो,** पृ. १०)

उपर्युक्त कविताका श्लोकहरू निम्नमाध्यमिक स्तरमा अध्ययनरत एउटा बालकले रचना गरेका हुन् । त्यस उमेरमा पनि शार्दूलविक्रीडित, अनुष्टुप् र उपजाति जस्ता छन्दमा राजनैतिक विचारले प्रेरित हुँदै आफ्नो देश र समाजमा व्याप्त सामन्त वर्ग र उत्पीडित वर्ग बीचको अन्तरद्वन्द्व एवम् वर्गसङ्घर्षलाई प्रस्ट पार्न कवि खप्पिस देखिन्छन् ।

**दियालो** कवितासङ्ग्रह साहित्यकार गोविन्द भण्डारीद्वारा २०३६ साल चैत्र २४ देखि २०३८ चैत्र १० सम्म लेखिएको शास्त्रीय छन्दका ११ वटा कविताहरूको सँगालो हो । यस

कवितासङ्ग्रहमा अनुष्टुप्, पञ्चचामर, मन्दक्रान्ता र शार्दूलविक्रीडित छन्दहरूको प्रयोग भएको छ । साहित्यकार गोविन्द भण्डारीका तत्कालीन सहपाठीहरू गङ्गाराम अर्याल र टेकबहादुर गुरुङले बुटवलमा प्रेसको कम्पोजिटर तालिम लिने सिलसिलामा उपर्युक्त कविताहरू सङ्कलित गरी पन्ध्र-बीस प्रति छापेर सहयोग गरेका हुन् । साहित्यकार गोविन्द भण्डारीले **फिलिङ्गो** खण्डकाव्यको रचना गरेपछि उनले निम्नमाध्यामिक र माध्यमिक तहमा अध्ययनरत हुँदा माथि उल्लिखित छन्दहरूमा बेग्लाबेग्लै सन्दर्भ, विषयवस्तु र शीर्षकका फुटकर कविताहरूलाई डायरीमा सङ्कलन गरी सहपाठीहरूको सहयोगबाट २०३९ सालमा प्रकाशन गर्न सफल भएका देखिन्छन् । तत्कालीन एकदलीय पञ्चायती प्रशासनले प्रगतिशील साहित्यकर्मीहरूको चलखेल मणिग्राम क्षेत्रमा निरन्तर भइरहने हुँदा खुलारूपमा बेग्लै विचार र सिद्धान्त बोकेको इतर साहित्यकर्मीहरूको भेला, कार्यक्रम, सभा-सम्मेलन र कृति प्रकाशनमा नियन्त्रण गर्ने, निगरानी राख्ने र आक्रमण गर्ने जस्ता घटनाहरू भइरहेको परिस्थितिले कृति प्रकाशन गर्न जोखिम थियो । मणिग्राम क्षेत्रको सेरोफेरोमा प्रगतिशील साहित्यकर्मीहरूको सार्वजनिक स्थानहरूमा भेला भई ऋषि भुसाल, गोपीरमण उपाध्याय, धनपति उपाध्यायसँग साहित्यकार गोविन्द भण्डारी उनका सहपाठीहरू मुरारि पराजुली, बोधराज पन्तका साथ शोधार्थी आफैँ पनि त्यस समयमा महिनाको अन्तिम शनिबार भेला भई साहित्यिक रचनाहरू वाचन गर्ने गर्थे । सुन्ने, सुनाउने र अग्रजहरूबाट समीक्षा गर्ने गर्दा सोही क्षेत्रमा बसोबास गर्ने पञ्चायती व्यवस्थाका तथा राजतन्त्रवादी प्रहरी अनुसन्धानका जासुस यज्ञ गैरे र उनका सहयोगी घनश्याम ज्ञवालीबाट कार्यक्रममा श्रोताका रूपमा सहभागी हुने र वाचन गरिएका रचनाहरू रेकर्ड गरी नजिकको मक्रहर-४, महुवारी प्रहरी चौकीमा सूचना दिने गर्दा चौकीको प्रहरी हवल्दारले आफ्नो क्षेत्रमा साहित्यिक गतिविधि नगर्न चेतावनी र खबरदारी गरेको घटना स्मृतिमा अझै ताजै रहेको त्यस्तो परिवेशमा व्यवस्था विरोधी रचनाहरू प्रकाशन गरेर गोविन्द भण्डारीलाई अगाडि बढ्न चुनौती नै थियो । यस कवितासङ्ग्रहको भूमिकामा बालकवि गोविन्द भण्डारीले जनपक्षीय साहित्यले सफलता पाउँदै आएको र जनपक्षीय साहित्यमा कति शक्ति हुन्छ भन्ने कुरा गोर्कीको **आमा** उपन्यासले रुसी क्रान्तिलाई १० वर्षअघि ल्याएको तथ्यलाई अगाडि सारेका छन् । जनवादी साहित्यस्रष्टाहरूको प्रेरणा र सहयोगबाट आफू प्रेरित भई पाठकहरूलाई समेत उत्साहित गराउन यो उनको कवितासङ्ग्रह सफल देखिन्छ । **दियालो** प्रकाशन गर्न सहयोग गर्ने साथीहरूको 'हाम्रो तर्फबाट' शीर्षकको शुभकामनामा कवि गोविन्द भण्डारीका ११ वटा फुटकर छन्दोबद्ध कवितामा देश र समाजमा व्याप्त छाडा संस्कृति र अन्धविश्वास एवम् शासकहरूको चाकरी गर्ने साहित्यिक विधाहरूको विरुद्ध जनचेतनामूलक, जनपक्षीय र मानवसभ्यतामा थप परिवर्तन ल्याउन र शिक्षित युवा विद्यार्थीहरूलाई जागृत गराउन सक्ने विभिन्न शीर्षकका कविताहरूले आफूलाई क्रान्तिमा सहयोग पुग्ने देखेर निर्दलीय पञ्चायती व्यवस्थाको गिद्धे दृष्टिबाट बचेर प्रकाशन गर्न सहयोग पुऱ्याएको कुरा उल्लेख गरिएको छ ।[२८]

---

[२८] गंगाराम अर्यालबाट प्राप्त जानकारी ।

**दियालो** कवितासङ्ग्रहमा एघारवटा विभिन्न फुटकर छन्दोबद्ध कविताहरू छन् । ती हुन् : शहीदको सम्झनामा, म, नेपाली शेक्सपियर, क्रान्तिका अग्रदूत, फड्को, जनता, देवकोटालाई सम्झेर, वीर चरी, पाहुर, नेपाल विशाल छ र विद्यार्थी को हुन् । यस सङ्ग्रहको पहिलो कविता 'सहिदको सम्झनामा' शीर्षकको पहिलो कवितामा कवि गोविन्द भण्डारीले लेखेका छन्-

जनताहरूको कालो अन्धकार मिटाउन

सत्य प्रण गऱ्यो प्यारा नेल सिक्रि टुटाउन

तिम्रा दुश्मनका धम्कि घुर्कि देखी निडर भयौ

फर्कन्नौ अब रोएर प्यारा वीर मरि गयौ ॥ (**दियालो,** पृ. ४)

उपर्युक्त कविताहरूमा कवि गोविन्द भण्डारीले देशप्रेमको भावना प्रकट गरेका छन्, सामाजिक विकृति र विसङ्गतिको चित्रण गरेका छन्, जनइच्छा र आकाङ्क्षा व्यक्त गरेका छन्, परिवर्तनको चाहना प्रकट गरेका छन्, राज्यको तानासाही चरित्र उदाङ्गो पारेका छन्, जनपक्षीय नेतृत्वको सम्मानको मुक्तकण्ठले प्रशंसा गरेका छन् । कविले यस्ता कुरा सरल भाषा र शास्त्रीय छन्दमा निडर भएर व्यक्त गरेका छन् ।

### ४.४.२ द्वितीय चरण

दोस्रो चरणमा गोविन्द भण्डारीको साहित्यिक यात्रा जिल्ला, अञ्चल, विकास क्षेत्र र राष्ट्रिय स्तरमा समेत पुगेको देखिन्छ । उनले साहित्य, कला र संस्कृतिको फराकिलो साहित्याकाशमा सम्पर्क गर्न पुगेको देखिन्छ । साहित्यकार गोविन्द भण्डारीले २०४० सालमा मणिग्रामस्थित गीर्वाण सरस्वती संस्कृत माध्यमिक विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरी बुटवल बहुमुखी क्याम्समा भर्ना भई अध्ययन गर्न सुरु गर्दा ऐच्छिक नेपाली विषय र क्याम्पस लगायत विभिन्न स्थानीय सङ्घसंस्थाहरूको साहित्यिक र प्रतियोगितात्मक कार्यक्रमहरूमा सहभागी भई आफ्ना रचनाहरू प्रस्तुत गर्ने र विभिन्न भौगोलिक क्षेत्र र विभिन्न शैलीका कविताहरू सुन्दै र अध्ययन गर्दागर्दै उनको कविता लेख्ने शैलीमा परिवर्तन देखापर्छ । बालकवि भण्डारीको शास्त्रीय छन्दमा कविता लेख्न अभ्यस्त र सक्षम बालकवित्वको कलकलाउँदो विरुवा बाह्य साहित्यिक वातावरण र विभिन्न प्रकृति एवम् स्थापित कविलेखकसँगको सम्पर्क तथा साहित्य सङ्गमको मासिक कविता वाचन र समीक्षा कार्यक्रमले उनमा गद्यात्मक शैलीमा कविता रचना गर्ने छुट्टै मोड देखापर्छ । कवि गोविन्द भण्डारी यस चरणमा कविमात्र नभएर विविध विधाहरू निबन्ध, कथा, वक्तृत्वकला, हाजिरीजवाफ, कविता जस्ता प्रतियोगितात्मक कार्यक्रमहरू र क्याम्पसबाट प्रकाशन हुने

वार्षिक मुखपत्र तथा स्मारिकामा आफ्ना लेखरचना प्रस्तुत गर्ने सिलसिलामा गद्यात्मक भाषाशैलीबाट फराकिलो साहित्यका फाँटमा उदीयमान हुने अवसर पाउँदा २०४० साल देखि २०४६ सालसम्म विभिन्न समय र अवसरमा सिर्जना गरेका गद्यात्मक कविताहरूको एउटा सँगालो नै बन्न पुगेको देखिन्छ ।

२०४० सालको शिक्षा दिवसको उपलक्षमा बुटवल बहुमुखी क्याम्पसको आयोजनामा सम्पन्न क्याम्पस स्तरीय निबन्ध प्रतियोगितामा प्रथम भएका गोविन्द भण्डारीको 'शिक्षा र जीवन' शीर्षकको निबन्ध सोही क्याम्पसको २०४१ सालको **छहारी** मुखपत्र (२०४१,अङ्क ३, पृ.३) मा प्रकाशित भएको छ र निबन्धकारका रूपमा पनि चिनिन्छन् । यसैगरी २०४४ मा 'गाउँतिरको घिउ' कथा **गरिमा**मा प्रकाशन भएपछि उनी एउटा कथाकारका रूपमा पनि परिचित भएका छन् । २०४५ साल फागुनमा **गरिमा**मा २/२ पङ्क्तिका ९ श्लोक बनाएर 'अस्मिता' शीर्षकमा कविता प्रकाशित भएको देखिन्छ । यस कविताको एउटा अंश यस प्रकारको छ :

स्वदेश बोक्ने दलिनहरू हो, फगत चुलोमा डढिरहेछौ,

सीमापारि ढोकाहरूमा, किन लठ्ठी भै अडिरहेछौ ?[२९]

साहित्यकार गोविन्द भण्डारीले बुटवल बहुमुखी क्याम्पसमा मानविकी सङ्कायमा (२०४०/०४२) प्रमाणपत्र तहमा अध्ययनरत हुँदा जिल्लाभित्र हुने मोती जयन्ती, लक्ष्मी जयन्ती, भानु जयन्ती जस्ता साहित्यस्रष्टाहरूको सम्झनामा आफ्नो रचना एवम् कविताहरू लिएर सहभागी हुने गर्दथे । साहित्यकार गोविन्द भण्डारीको प्रवेशिका परीक्षा पछि बुटवल बहुमुखी क्याम्पस, बुटवलमा एउटै सङ्कायमा सहपाठी भई अध्ययन गर्ने र कतिपय साहित्यिक कार्यक्रमहरूमा गद्यात्मक कविता, मुक्तक र निबन्ध लिएर उनीसँगै सहभागी हुँदा र एउटै गा.वि.स. करहियाको एउटै वडाभित्र छिमेकी बस्तीका बासिन्दा स्थानीय जनकल्याण क्लबका त्यस समयका कलासंस्कृति, नाटक, भैलो, देउसी कार्यक्रममा पनि सँगै सहभागी भएर कला प्रस्तुति गर्ने गरेकाले उनको साहित्यमा कविता मात्र नभएर काव्यभित्र पर्ने साहित्यिक बहुप्रतिभा एवम् कलात्मक क्षमताको क्रमशः विकास हुँदै गएको देखिन्छ । २०४३ सालमा प्रवीणता प्रमाणपत्र तहको अध्ययन पूरा भएर उनीसँगको निकटता जागिरे पेसाका कारण केही टाढा भएको र साहित्यकार गोविन्द भण्डारी सहलेखापालको पदमा तम्घासमा जागिरे हुँदा २०४३ माघ ११ मा रचना गरेको 'ओर्लंदो वर्तमान' गद्य कविता २०४४ जेष्ठ २५ गते नेपाली बी.बी.सी सेवाबाट 'काव्यकृति कार्यक्रम' अन्तर्गत एवम् गीत/गजल रचना गरी गुल्मी तम्घासको सेरोफेरोमा भइरहने साहित्यिक कार्यक्रममा सहभागी भई प्रस्तुत गरेर सम्मान पाएको विवरण उनका २०४३ देखि २०४७ सम्म लेखिएका विभिन्न विधाका फुटकर रचनाहरू सङ्कलित अप्रकाशित रूपमा रहेका दुईवटा डायरीमा उल्लेख भएको पाइन्छ ।

[२९] **गरिमा,** (वर्ष ७, अङ्क ३, पूर्णाङ्क ७५, फागुन २०४५), पृ. १७ ।

कवि भण्डारीले अवसर पाएमा प्रकाशित गर्ने योजना बनाएर गद्य र पद्यका ३२ वटा कविताहरू सङ्कलित एउटा डायरी र ३ वटा निबन्ध एवम् १३ वटा कथाको एउटा अर्को डायरी भरेर सुरक्षित राखेको देखिन्छ ।[३०] उल्लिखित एउटा डायरीभित्रबाट ५ वटा गद्य कविताहरू र पछि सिर्जना गरेका ५ वटा गद्य  कविताहरू १० वटा राम्रा छनौट गरिएका कविताहरूको सँगालो मुरारि पराजुली र बोधराज पन्तसँग साझेदारी गरी संयुक्त रूपमा **आगो पालेका पेट र शीत ओढेका बस्तीहरू** (कवितासङ्ग्रह, २०४६) लिएर साहित्यकार गोविन्द भण्डारी पुनः अगाडि देखा परेका हुन् ।

**आगो पालेका पेट र शीत ओढेका बस्तीहरू** प्रसिद्ध साहित्यकार आनन्ददेव भट्टको भूमिका र प्रकाशक ऋषिराम भुसालके त्रिवेणीका सुसेली प्राक्कथनका रूपमा शुभकामना दिएर २०४६ साल कात्तिक महिनामा प्रकाशित भएको तीनजना युवा कविहरूको संयुक्त कवितासङ्ग्रह हो । तीनजना कविका जम्मा ३१ वटा कविताहरूमध्ये यस सङ्ग्रहमा गोविन्द भण्डारीका १० वटा कविताहरूलाई पहिलो प्राथमिकता क्रममा राखिएको छ । ती कविताका शीर्षकहरू निम्नअनुसार छन् :

(१) घिउ

(२) म त नेपाल आमा हुँ

(३) कविजीको डायरी

(४) अभ्यर्थना यौटा अर्को बैंसको

(५) ओर्लंदो वर्तमान

(६) विज्ञापन

(७) अस्मिता

(८) म नाटक हेरिरहेको हुन्छु

(९) हिमालमुनिको बस्ती

(१०) मर्ने अम्मल बसिसकेको छ

कवि गोविन्द भण्डारीको पहिलो कविता शीर्षक 'घिउ'मा नेपाली ग्रामीण कृषि समाजभित्र बिहान सबेरै मही पारेर निकालिने नौनी घिउको प्रशोधित रूप घिउको अस्तित्व एवम् अस्मितालाई युगौंदेखि सामन्ती संस्कारले प्रदूषित नेपाली समाज र शासन पद्धतिमा देखिएको विकृतिका कारण जथाभावी बेइमानीको रक्षाकबच बनाउने र सामन्त एवम् ठूलाबडा भनाउँदाहरूको चाकडी र खुसामदमा प्रयोग भएको कुरा मार्मिक ढङ्गले गद्य

---

[३०] शोधनायकका अप्रकाशित रचना दुईवटा डायरीमा रहेका छन् ।

शैलीमा प्रसङ्ग मिलाएर आकर्षक तरिकाले प्रस्तुत भएको छ । यस कविताको एउटा अंश यस प्रकार छ :

मधानी पुछ्ने घिउ हातबाट
चिप्लेर बटौली झर्छ
डोके नाम्ले र बाजेबाट पदोन्नति हुँदै
मैया, मेडम र श्रीमान्‌तिर सर्छ
कति पातकी छ घिउ
अनि चुपचाप
पुरानो मायालुलाई ऐठन गर्छ ।       (पृ. १)

कवि गोविन्द भण्डारीको 'घिउ' लगायतका १० वटा फुटकर गद्य कविताहरूको लेखनशैली, शब्द एवम् वाक्यरचना अनुप्रासयुक्त विश्राम मिलाएर पाउ र पङ्क्तिको सुन्दर संयोजनबाट सिर्जित कविताहरूले उनको छुट्टै पहिचान दिएका छन् । सबै कविताहरूको भावना भित्र विपन्नता, गरिबी, नेपालको तत्कालीन निर्दलीय र निरङ्कुश शासन पद्धति, सामन्ती प्रवृत्तिका नेतृत्व वर्ग, सामाजिक विकृति र कुरीतिको उजागर गर्दै सुधार र परिवर्तनका लागि सुझावहरू व्यक्त गरेको पाइन्छ ।

## ४.५ निष्कर्ष

साहित्यकार गोविन्द भण्डारीको साहित्य यात्रालाई सूक्ष्म अध्ययन गर्दा मुख्यतः दुई चरणबाट गुज्रेको देखिन्छ । प्रथम चरणमा बालकवि भएर निम्न माध्यमिक तहदेखि माध्यमिक तहसम्म अध्ययनरत हुँदा पञ्चायती तानासाही सामन्ती व्यवस्थाका विरुद्ध राजनैतिक रूपले सचेत भई शोषित-पीडित जनताको पक्षमा सामाजिक, राजनैतिक, आर्थिक एवम् सांस्कृतिक परिवर्तनका पक्षमा शास्त्रीय छन्द तथा पद्यात्मक शैलीमा तीन वर्षको अन्तरमा दुईवटा कविताकृति सिर्जना गरी आफ्नो विचार र दृष्टिकोण दिएका छन् । कवि भण्डारी कलिलो बालमस्तिष्कबाट साहित्य यात्राको प्रथम चरणमा **फिलिङ्गो** जस्तो खण्डकाव्य र **दियालो** जस्तो कवितासङ्ग्रह रचना गर्न सक्ने साहित्यिका बेजोड प्रतिभा हुन् । बाल्यकालदेखि रोजगारीका लागि कृषि पेसासँगै विद्यार्थी जीवनको कर्तव्यभित्र रही सामाजिक परिवेशमा घुलमिल हुँदै साहित्यिक कृति रचना गरेर छोटो समयमा दुईवटा कृतिहरू प्रकाशन समेत गर्न सक्नु चानचुने विषय थिएन । सङ्घर्षमय साहित्य यात्राको दोस्रो चरणमा स्वतन्त्र, खुल्ला र परिपक्वता देखाउने छुट्टै गद्य शैलीको **आगो पालेका पेट र शीत ओढेका बस्तीहरू** कवितासङ्ग्रह साहित्यकार गोविन्द भण्डारीले दुईजना नवोदितको साहित्यकर्मीहरूलाई पनि सँगै लिएर हिँडेको पाइन्छ । साहित्यकार गोविन्द भण्डारी अनुकरणीय व्यक्तित्व हुन् । उनको २८ वर्षको छोटो जीवनसँगै १५ वर्षको छोटो अवधिको साहित्यिक यात्रा अन्त भएको देखिन्छ ।

# परिच्छेद पाँच

# गोविन्द भण्डारीको फिलिङ्गो खण्डकाव्यको अध्ययन

## ५.१ विषयप्रवेश

साहित्यकार गोविन्द भण्डारीको जीवनकालको १४ वसन्त पार गर्दा नगर्दै गीर्वाण संस्कृत मा.वि.मा कक्षा आठमा अध्ययनरत हुँदा ऋषिराम भुसालको सहयोगमा पहिलो कृतिका रूपमा **फिलिङ्गो** खण्डकाव्य (२०३६) प्रकाशित भएको पाइन्छ । ऋषिराम भुसालको प्रेरणा र सहयोगमा स्थापित समस्यापूर्तिबाट प्रभावित विद्यार्थीहरूको समस्यापूर्ति कार्यक्रम सञ्चालन भइरहँदा उनको सक्रिय सहभागिताका क्रममा यो खण्डकाव्यको सिर्जना भएको देखिन्छ । जेठ, २०३५ मा ऋषिराम भुसाल स्नातकोत्तर तहमा अध्ययन गर्न जान लाग्दा आफ्ना साथीहरूसँगै गोविन्द भण्डारीले उनलाई भेटेर “सर ! शीर्षक दिएर जानोस्, हामी कविता लेख्छौँ” भनेका र विद्यार्थीलाई कविता लेख्ने काम दिँदा गोविन्द भण्डारीलाई खण्डकाव्य लेख्ने सल्लाह दिएको कुरा ऋषिराम भुसाल बताउँछन् ।[३१] विद्यालयको सानो पुस्तकालयबाट प्राप्त सीमित पुस्तकहरूको अध्ययन, त्यस समयको राजनीतिक र राष्ट्रिय परिवेश, विद्यालय वरपरको साहित्यिक गतिविधि एवम् उनले आफ्नो बाल्यकाल्यमा प्राप्त गरेको शिक्षा-दीक्षासँगै देखेभोगेको अनुभवको समष्टिगत अभिव्यक्तिको मूर्त रूप नै **फिलिङ्गो** खण्डकाव्य भएको कुरा उनको आफ्नै भूमिकामा उल्लेख छ ।

निरङ्कुश पञ्चायती व्यवस्थाको सामन्ती सामाजिक परम्परामा सर्वसाधारण नेपाली जनता कतिसम्म प्रताडित र शोषित पीडित थिए भन्ने एउटा ज्वलन्त उदाहरण यस खण्डकाव्यको कथावस्तुले प्रस्ट पार्ने जमर्को गरेको देखिन्छ । कवि गोविन्द भण्डारीका शब्दमा यो खण्डकाव्य बुर्जुवा साहित्यको विरुद्ध सङ्घर्षशील जनताको मुक्तिको लागि लेखिएको एउटा जनपक्षीय साहित्यको नमुना हो । शास्त्रीय छन्दमा रोजगारीका रूपमा पहाडको दुर्गम बस्ती पुष्पपुरका भरिया पेसामा दैनिक जीवनयापन गर्न बाध्य सेते र उनका छिमेकी साथीहरू सामन्ती शासनको पृष्ठपोषक महेश एवम् सुरक्षा निकायलाई माध्यम बनाएर यस खण्डकाव्यको विषयवस्तु सिर्जना भएको देखिन्छ । पञ्चायती तानाशाहीको निर्दलीय प्रशासनिक शासनपद्धति र यसबाट प्रताडित आम नेपालीको दुःख पीडा एवम् गीर्वाण सरस्वती संस्कृत मा.वि.मा स्थापित पुस्तकालय र प्रगतिवादी साहित्यप्रेमीहरूको सक्रियतामा स्थापित समस्यापूर्ति मण्डल यस खण्डकाव्यको विषयवस्तु सिर्जना गर्न सहयोग पुऱ्याउने स्रोतहरूका रूपमा देखिन्छन् । फिलिङ्गो र झिल्को सकारात्मक परिवर्तन ल्याउने उज्यालोको प्रतीक भएर खण्डकाव्यमा प्रयोग भएको पाइन्छ । सेते र उनका साथीहरू तथा

---

[३१] गोविन्द भण्डारी, **फिलिङ्गो** खण्डकाव्य (२०३६), पृ.घ ।

छिमेकी सहयोगी मित्रहरू फिलिङ्गाका नमुना हुन् भने शोषण, उत्पीडन र सामन्तको भूमिका खेल्ने महेश लगायतका उसका दलाल र सरकारी प्रशासनको दमन र शोषणबाट उन्मुक्ति पाउन गरिएको गाउँले श्रमजीवीहरूको क्रमबद्ध सङ्घर्षका क्रियाकलापहरू सबै फिलिङ्गाका झिल्काहरू हुन्, जुन खण्डकाव्यका रूपमा विषयवस्तुको स्रोत बनेर देखापरेका छन् । यहाँ गोविन्द भण्डारीको **फिलिङ्गो** खण्डकाव्यलाई खण्डकाव्यका तत्त्वका आलोकमा अध्ययन गरिएको छ ।

## ५.२ केन्द्रीय कथ्य, विचार तथा भाव

खण्डकाव्यमा कविले अभिव्यक्त गरेको कथावस्तुको मुख्य भाव र तात्पर्यलाई केन्द्रीय भाव भनिन्छ । कथावस्तुको मुख्य भाव एवम् खण्डकाव्यभित्र पाइने आख्यानीकरणको मूल सारतत्त्वलाई विचार वा जीवनदृष्टि पनि भन्ने गरेको पाइन्छ । खण्डकाव्यमा जीवनदृष्टि अप्रत्यक्ष रूपमा प्रस्तुत गर्ने गरिन्छ । अप्रत्यक्ष भन्नाले काव्यका घटना, कथा, चरित्र र वातावरणमा घोलेर अभिव्यक्त गर्नु हो । यस रूपमा मात्र काव्यमा कलात्मकता र प्रभावत्मकताको निर्वाह हुन सक्छ ।[३२] खण्डकाव्यमा जीवनको कुनै एक पक्षको उद्घाटन हुने र यसमा अन्तर्निहित कथा, पात्र र वातावरणको माध्यमबाट रचनाकारले जीवन र जगत्लाई हेरेको आधारमा खण्डकाव्यको सिर्जना हुने कुरालाई हिमांशु थापाले आफ्नो **साहित्य परिचय**मा आजको सन्दर्भमा खण्डकाव्यको लागि आवश्यक तत्त्वको विवेचना गर्न सकिन्छ भनेर जीवनदृष्टिलाई केन्द्रीय भावसँग मिल्दोजुल्दो किसिमले विश्लेषण गरेका छन् ।[३३]

गोविन्द भण्डारीको **फिलिङ्गो** खण्डकाव्य (२०३६) निर्दलीय पञ्चायती व्यवस्थाबाट पालित पोषित शासक वर्ग र स्थानीय सामन्तहरूबाट प्रताडित विपन्न वर्गका सर्वसाधारण नेपाली जनताको न्यायको पक्षमा सिर्जना गरिएको आवाज विहीनहरूको आवाज हो । आफ्नो न्यायको पक्षमा आफैँ बोल्न, वकालत र पैरवी गर्न नसक्ने लाखौँ ग्रामीण नेपाली जनताको दबिएका आवाजहरूलाई समेटी कविले त्यस समयको राजनैतिक र सामाजिक परिवेशका आधारमा घटना, कथा, पात्र, वातावरणलाई प्रगतिवादी विचारले संयोजन गरेर यस खण्डकाव्यको रचना गरेको देखिन्छ । कविका शब्दमा **फिलिङ्गो** खण्डकाव्य बुर्जुवा साहित्यका विरुद्ध जनपक्षीय साहित्यको उद्घोष हो, जनमुक्तिका लागि सङ्घर्षको एउटा बलियो हतियार हो, सभ्य समाजको सच्चा दर्पण हो । यो खण्डकाव्य शोषित उत्पीडित र थिचिने वर्गको ऐना हो भने थिच्ने वर्गलाई भष्मीभूत पार्ने आगोको फिलिङ्गो हो ।[३४]

---

[३२] हिमांशु थापा, **साहित्य परिचय**, पृ.५७ ।

[३३] ऐजन ।

[३४] गोविन्द भण्डारी, **फिलिङ्गो** खण्डकाव्य (२०३६) पृ.क ।

पाँच झिल्कोमा विभाजित यो खण्डकाव्य पहिलो झिल्कोबाट घटना, कथा, पात्र, वातावरण जस्तो आख्यानात्मक आधारभूमिलाई शास्त्रीय छन्दमा व्यवस्थापन गर्दै क्रमशः खण्डकाव्यको मूलभाव परिपुष्ट बन्दै गएको पाइन्छ । पहिलो झिल्कोभित्र प्राकृतिक मनोरम सौन्दर्ययुक्त पहाडी, शृङ्खलाका बीच अवस्थित पुष्पपुर गाउँका बासिन्दाहरू अशिक्षा, गरिबी, बेरोजगारी र सीपमूलक चेतनाको अभावै अभावको ग्रस्त जीवन बाँचिरहेको गाउँले दृश्य रहेको देखिन्छ । पितापुर्खादेखि परम्परागत रूपले भरिया, ज्याला, मजदुरी र कृषि पेसा अँगालेर जीविका चलाइरहेका गाउँलेहरूलाई पुष्पपुरे नाम दिइएको छ । पुष्पपुर गाउँमा महिला, बालबालिका र बृद्धबृद्धाहरू छन् । यहाँ बूढापाकाहरू गाउँघरको झगडा मिलाउने, मानवोचित र सामाजिक संस्कार सिकाउने, घरव्यवहार चलाउने र युवाहरू कठिन शारीरिक श्रमका काममा खटिएर लाग्ने परम्परागत सामाजिक सद्भाव र एकता पनि देख्न पाइन्छ । भारी बोक्ने मूल पेसा मात्र रहेको र कृषि एवम् पशुपालनका लागि उर्वर भैगोलिक बनोट नभएकोले जति काम गरे पनि साँझ बिहानको छाक टार्न मात्र नभई कहिलेकाहीँ त भोकमरीको प्रकोपले पुष्पपुर छटपटिएको देखिन्छ । अनिकालको बेला हप्तौँसम्म पेट भर खान नपाएर छोराछोरीको मुख हेर्दाहेर्दै एक दिन सेते आफैँ बेहोस भएर पल्टन्छ । घरका परिवार हारगुहार गर्छन्, गाउँलेहरू आत्तिँदै वन जङ्गलबाट जडीबुटी ल्याई थिचेर खुवाउँदा सेते बिस्तारै ब्युँझेको मार्मिक घटनालाई जिम्मेवार सरकारी निकायबाट वास्ता नगरेको जस्ता झलक प्रस्तुत भएको पाइन्छ । जस्तै :

उपकार छ के हाम्रो गरिबमारा स्वदेशमा,

एउटा दृष्टि नै छैन यो कोप्चेरो पहाडमा ।

मान्छे के हामी छैनौँ र नेपाली होइनौँ कि त,

किन नेपालमा गासवासको नहुने हक ॥

एक हप्ता दुई हप्ता नखाएर निरन्तर,

तैपनि धन्य ज्यूँदै छौँ के भयो खै स्वदेश र ।

विकास गर्दैछौँ भन्दै नारा व्यर्थ लगाउँछन्,

शान्त र सुन्दर नेपाल यो हो भू-स्वर्ग भन्दछन् ॥

(पहिलो झिल्को, २०,२१औँ श्लोक, पृ.६)

चाडपर्वहरू सधैँ महलमा मात्र आउने झुपडीमा बस्नेहरूलाई रोग, भोकले मात्र किन सताउने भनेर भरियाहरूले छलफल गर्दा पण्डित पुरोहितहरूले पूर्वजन्मको पापले गर्दा गरिब भएको कुतर्क पेस गर्छन् । त्यतिममात्र होइन, एउटा पेट त जङ्गली जनावरले पनि भर्छ भने गरिब दीनदुखीको जीवन गल्लीको हल्लने कुकुरको जति पनि अस्तित्व नभएको प्रसङ्ग पनि उठाउँछन् । भरियाहरूको श्रमको मूल्य आफैँ निर्धारण गर्न नपाई साहूमहाजनले नै तोकेको अति न्यून ज्याला र श्रमशोषणले परिवारको छाक टार्न नसक्दा कुपोषणको रोग र अभावै अभावको भोकले माथि उठ्न नसकेको ठहर भरिया युवाहरूले गर्छन् । आफ्नो श्रमको मूल्य आफैँ निर्धारण गरेर श्रमशोषणबाट मुक्त हुन सङ्गठित भएर सङ्घर्ष गर्नुपर्छ तथा सङ्घर्ष र क्रान्ति नगरी सुख र शान्ति प्राप्त हुँदैन भन्ने विचार यहाँ छ । जीवनमा परिवर्तन ल्याएर सबै क्षेत्रमा शान्ति कायम गर्न बाधा र अवरोधसँग सङ्घर्ष गर्नु पर्छ भन्ने त्यस गाउँका युवा समूहमा चेतना जागृत भएको कुरा कविले पहिलो झिल्कोको अन्तमा यसरी व्यक्त गरेका छन् :

जाँदा यताउता सुन्थेँ रसिला मर्मका कुरा,

सङ्घर्ष नगरी शान्ति हुन्न हाम्रो स्वदेशमा ।

के हो सङ्घर्ष भन्ने त्यो लडाईं हो कि पौरख,

गरौँ त्यै मरिमेटेर यो जिन्दगी रहेतक ॥

(पहिलो झिल्को, २९ औँ श्लोक, पृ.९)

यसरी **फिलिङ्गो** खण्डकाव्यको पहिलो झिल्कोमा खण्डकाव्यको उद्देश्य अनुसार वर्ग सङ्घर्षको पृष्ठभूमि र पात्रअनुकूलित वातावरण तयार गरिएको देखिन्छ । नेपालको अति दुर्गम पहाडी जीवन बाँच्न बाध्य राज्यको दृष्टि पुग्न नसकेको स्थानीय पुष्पपुर ग्रामीण बस्ती र भरिया पेसा अँगालेका श्रमजीवीहरूको कथाव्यथाको परिवेशलाई दर्साइएको छ । **फिलिङ्गो**को पहिलो झिल्कोले एउटै प्रकृतिको मानवस्वरूपमा एउटा वर्ग दिनभर परिश्रम गर्दा पनि भोको पेट शान्त पार्न नसक्ने, अर्को वर्ग कुनै परिश्रम नगरी गरिब वर्गको पसिना बटुलेर ऐस आरामले उन्मत्त भएर उनै शोषितपीडित समुदायमा आतङ्क मच्चाउने गरेको विभेद देखाएको छ । पुष्पपुरे गाउँवासीहरू आफ्नो मित्र वर्ग र शत्रु वर्ग छुट्याएर व्यवहार गर्न सक्ने चेतना उत्पन्न भएको कुरा पहिलो झिल्कोमा देख्न पाइन्छ ।

दोस्रो झिल्कोमा महेश नामको एक सामन्त सुविधा सम्पन्न घरबास रहेको पहिलेको स्थान कान्तिग्राम छोडेर गरिबीको फाइदा उठाउन बसाइ सरी पुष्पपुरमा आइपुग्छ । सोझा गाउँलेलाई एक ठाउँमा भेला गरी आफू समाजसेवी, जनप्रेमी भएको र पुष्पपुर बस्तीमा बस्ने इच्छा जागेर बसाइ सरी आएको भनी विश्वास जित्ने कुरा गर्छ । आफ्नो निजी स्वार्थ पुरा गर्न कुटिलतापूर्ण शब्दजालमा फसाएर आफ्नो घरबास नभएको निहुँमा गाउँलेहरूलाई

ज्यालादारीमा कज्याएर एउटा भव्य महल ठड्याउँछ । ज्याला माग्न आउनेलाई मीठा चिप्ला कुरा गरी दिन, हप्ता र महिनौं बिताइदिन्छ । बिस्तारै कडा स्वभाव प्रदर्शन गरी मनपरी गरी त्यस गाउँको निरङ्कुश शासक बन्न पुग्छ । ऊ गाउँका चेलीबेटीहरूको इज्जतमा आँखा लगाउने, श्रमिकहरूको श्रमको मूल्य नतिर्ने, जाली तमसुक बनाएर धनसम्पत्ति हत्याउने, आफ्नो शोषणको विरुद्ध बोल्नेहरूलाई प्रशासनको आडमा दमन-धरपकड गराउने गर्छ । महेशको सामन्तवादी चरित्रको नमुना प्रस्तुत कवितांशबाट पुष्टि हुन्छ :

घर बनाउने मान्छे थोत्रा झोपडीमा पसे,

बसी थकाइ लागेको मान्छे महलमा पस्यो,

निर्धाका श्रमको ज्याला अन्यायी मुखमा पस्यो,

गरिबका पसिनामा ठालु मालिक भै बस्यो ॥

(दोस्रो झिल्को, २४ औं श्लोक, पृ.१६)

तेस्रो झिल्कोमा खण्डकाव्यका मुख्य युवा पात्र सेतेको झुपडीमा जाडो याममा साँझपख आगोवरिपरि बसेर गाउँलेहरू साहूको चिप्ला कुरामा फँसिसकेको र उसको जालबाट उम्कने, सित्तैमा उसको काममा नजाने उपायहरूका बारेमा गोप्यरूपमा पालै पालो एक-एकका घरमा छलछल गर्छन् । महेशले जालझेल गरेर हड्पेका पशु-धनसम्पत्ति जग्गा सबै एकजुट भएर फिर्ता गर्ने कुरा गर्छन् । कसैले बसाइ सरेर गाउँ छोडे मुक्ति पाइने कुरा गर्छन् । कोही साहूको तानासाहीका कारण डर महसुस गरी चुप लाग्छन् । केही समयपछि एकदिन उनीहरू भारी बोक्ने काम लिएर सहर जाने निर्णय गर्छन् । उनीहरू भारी बोक्दै डाडाँ-पाखा, नदीनाला, उकाली-ओराली गर्दै हिँड्दा हिँड्दा थकाइका कारण एउटा चौतारोमा सुस्ताउन पुग्छन् । त्यहाँ सुस्ताउँदा पनि उही गाउँभित्र पछि बसाइ सरेर प्रवेश गरेको साहूले युगौंदेखि एकताबद्ध भएर बसेको गाउँलेहरूको शान्ति अमनचयनमा खलल पुऱ्याएर आतङ्क मच्चाउन थालेको महेशकै विषयमा कुरा चल्छ । त्यसै त गरिब बस्ती उसैमा शोषण र अत्याचारले झन् गरिबी थपिएकोमा अब केही त बोल्नै पर्छ, बुझेका गाउँलेहरू जाग्नै पर्छ भन्ने कुरा कविको शब्दमा उनीहरूको भाव यसरी अभिव्यक्त भएको छ :

सहन यसरी हामी सक्दैनौं बोल्नुपर्दछ,

के गाउँ उसको हो र ? हामी के दास हौं सब ?

(तेस्रो झिल्को, २७ औं श्लोक, पृ.२४)

यस्तै छलफल र गन्थन भइरहँदा त्यही चौतारोको छेउमा एक शिक्षित जस्तो देखिने युवक भरियाहरूको पीडादायी कथाव्यथा सहितको गफबाट आकर्षित भई नजिकै पुग्छन् । एकआपसमा वर्गीय समानताको समभाव सहितको परिचय आदानप्रदान हुन्छ । दाजुभाइको साइनोको माध्यमबाट दोहोरो गफ गर्दागर्दै ती नौजवानले एउटा पाटीमा बास बस्ने गरी पुऱ्याउँछन् । साथमा भएको आटो-पीठो, सिन्की पकाएर खाईवरी सँगै बसेर गफ गर्न पुनः सुरु हुन्छ । गाउँमा एक/दुई शोषक फटाहाको आनिबानी प्रवृत्ति गाउँलेहरूलाई फुटाएर शोषण गर्ने, पूर्वजन्मको फल बताएर सामन्ती शासनलाई दीर्घायु बनाउने चरित्र हुन्छ । शोषित पीडितहरू एक जुट भएर जागेमा फटाहाहरूको आयु चाँडै समाप्त हुने जस्ता जोसिला कुरा सुनेपछि भरियाहरू एकएक गरेर पालैसँग आआफ्ना मनका बह पोख्छन् । उनीहरू फटाहा महेशले गाउँमा सबैलाई फुटालेर जग्गा-जमिन, पशुपंक्षी, अन्नपात लुट्ने र सित्तैमा कज्याएर श्रमशोषण गर्ने गरेको कुरा खुलेर बताउँछन् । त्यही फटाहा महेशलाई कान्तिग्रामबाट सबै मिलेर लखेटेको कुरा ती नौजवान युवकले भरियाहरूलाई बताउँदा निकै मन्त्रमुग्ध भएर उनको कुरा सुन्छन् । गाउँलेहरूलाई 'दाजु' भनेर सम्बोधन गर्दै ती युवकले वर्ग सङ्घर्ष के हो, प्रगतिवादी विचार कस्तो हुन्छ, जनमुक्तिका लागि लडाकुपन र क्रान्तिकारी शैली कस्तो हुनुपर्छ, शोषित पीडितले कसरी मुक्ति पाउँछन् भनेर विदेश र आफ्नो गाउँका जनताले पाएको सफलताका कथाहरू सुनाउँछन् । चेतनामूलक प्रशिक्षण दिए जस्तै गरी ती कान्तिग्रामका युवकले उत्पीडित र शोषित पुष्पपुरे भरियाहरूलाई सम्झाउँदै यसो भन्छन् :

काममा ल्याउनु पर्छ बलिष्ठ जनशक्ति यो,
चिन्नुपर्छ नयाँ मार्ग पवित्र जनमुक्तिको ।
गाउँका जनतालाई लड्न भिड्न सिकाउनोस्,
दलालहरूको राम्रो ओखति तय गर्नुहोस् ॥

(तेस्रो झिल्को, ५७ औं श्लोक, पृ.३१)

थकाइ मार्दै हिंड्दै गर्ने क्रममा भेट भएका सहयात्री नवयुवाको जोसिलो क्रान्तिकारी र सही मुक्तिको कुरा सुनेपछि भरियाहरू ती युवकसँग बिदा हुनुअघि आवश्यक पर्दा, सङ्घर्ष चर्किंदा आई लागे जाई लाग्न सहयोग गर्न आग्रह गर्छन् । नौजवान युवकसँग बिदा भए पछि भरियाहरू अब त्यो अत्याचारी महेशको जालमा नफस्ने र लुटिएका एवम् ठगिएका मालसामान र वस्तुभाउहरू फिर्ता गर्नका लागि थप सङ्घर्ष गर्ने अठोट गर्दै यस्तो भाव व्यक्त गर्छन् :

उसको शीघ्र नै हामी जाली चक्र उडाउँछौं,

व्यर्थ गाउँमहाँ धाक लाउने शैली तोड्दछौं ।

के हाम्रो एकता माथि उ यौटा टिक्न सक्छ र !

जनताहरूको बैरी नपल्टेको कहाँ छ र !!

(तेस्रो झिल्को, ६६ औँ श्लोक, पृ.३३)

तेस्रो झिल्कोको अन्तसम्म आइपुग्दा भरिया पेसा अँगालेका र अन्य सर्वसाधारण कृषिमजदुरहरू गाउँभित्र खाइपल्केका महेश लगायतका सामन्ती दलालहरू विरुद्ध सङ्घर्ष गरेर कसरी मुक्त हुन सकिन्छ भन्ने विषयमा युवकसँगको भेट र सम्पर्कबाट प्रशिक्षित गाउँका युवाहरू मानसिक रूपले एकताबद्ध भएर सङ्घर्ष गर्ने निर्णय गर्छन् । पुष्पपुरका गाउँले युवा एवम् सर्वसाधारण जनसमुदायबाट जनमुक्तिका लागि भौतिक र मानसिक रूपले स्थानीय सामन्तहरूका विरुद्ध आन्दोलनमा उत्रने तयारी स्वरूप क्रान्तिको तेस्रो झिल्को अगाडि विकसित भएको देखिन्छ ।

खण्डकाव्यको चौथो झिल्कोभित्र महेशका विरुद्ध जनसङ्घर्ष आरम्भ भएको देखिन्छ । दिनरात आफ्नो पेसासँगै पालो गरी कुनै न कुनै घरमा बैठकहरू चलिरहन्छन् । महेशबाट भएगरेका अन्याय, अत्याचार, लुटपाट र श्रमशोषणको पाई-पाई हिसाब तयार हुन्छ । बाटोमा भेट भई गाउँका अगुवा युवाहरूलाई वर्ग सङ्घर्षको सैद्धान्तिक र व्यावहारिक पक्षमा अभिमुखीकृत गराएका युवकलाई पुष्पपुरमा आमन्त्रित गरी गाउँलेहरूलाई क्रान्तिकारी जोस र व्यावहारिक होस भर्नमा सहयोग लिन्छन् । पुष्पपुर गाउँमा शोषित पीडितहरूको एकता तयार हुन्छ । अन्ततः एकदिन गाउँलेहरू जुटेर महेशको घर घेरा हाली आआफ्नो हरहिसाब माग गर्छन् :

लौ लौ गोरु र भैँसी हामीहरूका बोका दिनुहोस् सब,

हडपेका कुखुरा र सुङ्गुरहरू फिर्ता दिनुहोस् सब ।

खै हाम्रा सब उर्वरा जमीन ती झट्टै टकार्नोस् दिनोस्,

फिर्ता होस् श्रम खुन तप्त पसिना औ चित्त सन्तोष होस् ॥

(चौथो झिल्को, १७ औँ श्लोक, पृ.३९)

यसरी गाउँलेको मागलाई महेशले 'आफ्नो बाचा कबुल नभएको, आफ्नो खुसीले काम गऱ्यौ, फर्केर जाओ' भन्ने जस्तो हिसाब-किताब नदिने आशयको कुरा सुनेपछि गाउँलेहरू सामूहिक रूपमा कुटपिटमा उत्रिन्छन् । कालोमोसो दलेर, राँगा माथि चढाई

गाउँघर घुमाई उसैको घरआँगनमा ल्याएर छोडिदिन्छन् । अन्नपात, जग्गाजमिन, पशुपंछी सबै बाँडेर लिनुका साथै घरभित्रका हातहतियार समेत उठाएर जोस-होसका साथ नारा लगाउँदै गाउँलेहरू घर-घर फर्किन्छन् । यसरी गाउँलेको प्रथम चरणको आन्दोलन सफल भएको देखाइएको छ । यसपछि महेशका परिवार, आसेपासे, समर्थक र दलालहरू एकआपसमा चलखेल गरी पुलिस प्रशासनमा धाएर खुसामद गरी आफ्नो पक्षमा देखाएर दमन गर्ने षड्यन्त्रको सुइँको गाउँलेहरूले पाउँछन् । पालो गरी पालेपहरा बस्दा पनि धेरै दिनपछिको एक मध्यरातमा प्रहरी र सेनाको ठूलो दस्ता गाउँभित्र घेरा हाल्दै प्रवेश गर्दा कोलाहल र आतङ्क मच्चिन्छ । बलियाबाङ्गा युवावर्ग भागदौड गरी उम्किन सफल भए भने महिला, बालबालिका र वृद्धबृद्धाहरूमाथि कुटपिट र यातना दिँदै केरकार गरियो । महेशका दलाल र समर्थकहरू साटो फेरेको खुसीमा हर्षोल्लास गर्नुका साथै खबरदारीपूर्ण धम्की दिन्छन् । महेशको यो षड्यन्त्रमूलक दमनचक्रको गाउँलेहरू भर्त्सना र घृणा गर्छन् । निरपराध, सोझासाझा महिला बालवृद्धहरूमाथि भएको क्रुर यातना दमनको बदला नलिई नछाड्ने गाउँलेहरू यसरी प्रतिबद्धता व्यक्त गर्दछन् :

बस्दैनौँ यसरी बरु शहीद मै साटो तिरौँला अब,

जित्दा विश्व जितिन्छ, मारिन पुगे यौटा शरीर मर्दछ ।

दन्कौँला सब अग्नी झैँ मुलुकका बैरी डढाउँदछौँ,

मार्नेछौँ बरु मर्दछौँ, हरघडी सङ्घर्ष चर्काउँदछौँ ॥'

(चौथो झिल्को, ३५ औँ श्लोक, पृ.४४)

यसरी खण्डकाव्यको चौथो झिल्कोको अन्तसम्ममा आइपुग्दा पुष्पपुरका जनता सामन्तवादको विरुद्धको युद्धमा आंशिक रूपमा सफलता प्राप्त गरेको देखिन्छ । सत्ताधारी सामन्ती प्रशासनको संरक्षण नपाएको भए जनसङ्घर्षले पूर्ण सफलता प्राप्त गरिसकेको हुन्थ्यो । सामन्त महेश र उसका दलालको एकपक्षीय उजुरी सुनेर निहत्था जनताका विरुद्ध हातहतियारले सुसज्जित सैनिक र प्रहरीहरू युद्ध र नियन्त्रणको नियम विपरीत पूर्व जानकारी बिना मध्यरातमा गाउँमाथि वर्षिंदा जनसङ्घर्ष विफल भएको छ । सत्ता र शक्तिको भरमा अत्याचारीको आयु केही समय भए पनि लम्बिने यथार्थता भेटिन्छ । जनताको मुक्तिका लागि गाउँलेहरू निर्णायक आन्दोलनका रूपमा जनपक्षीय र सत्ताधारी सामन्तवादी बीचको यो पहिलो भिडन्तबाट चौथो झिल्को जनताको मुक्तिका लागि निर्णायक मोडमा तेजिलो बन्दै गएको देखिन्छ ।

अन्तिम पाँचौँ झिल्कोमा महेशका भरौटे दलालहरू फुट गराएर लुट मच्चाउन लागिपर्छन्, तर परिवर्तन हुन्छ भन्नेमा प्रशिक्षित गाउँलेहरू झन् एक ढिक्का हुन्छन् र महेशको अन्त्य गर्ने गोप्य योजना बनाउँछन् । कान्तिग्रामका युवकको निर्देशन भइरहन्छ ।

आखिर एकदिन शोषित पीडित गाउँलेहरू रातको समय पारी छद्‌मभेषी रूपबाट महेशको घर चारैतिरबाट घेरा हाली उसको इहलिला समाप्त गरिदिन्छन् । यस घटनाबाट महेशका शुभेच्छुक दलालहरू झस्किन्छन् । गाउँका बचेखुचेका दलालहरूसँग पनि गाउँलेहरूले आफ्ना लुटिएका खोसिएका जायजेथा, अन्नपात र श्रमको मूल्य असुल उपर गरेर आफ्नो सुदिन फर्काउन सफल भएकोमा खुसियाली मनाउँछन्, तर फेरि पुलिस प्रशासन महेश मारिएको घटनाको जाँचबुझ गर्ने निहुँमा गाउँलेहरूको भेला गरेर केरकार गर्दा जनसमूह फिटिक्क केही बोल्दैनन् । प्रशासनले उनीहरूको मौनता देखेर 'गाउँलेहरू बोल्ने भए बोल हत्याको कारण खोल, बातले नमान्ने भए लात खान तयार होऊ' भन्दै जबर्जस्ती गर्न खोज्दा गाउँलेहरू झन् आक्रोशित बन्न पुग्छन् । गाउँलेहरू एकताबद्ध भएर दलालहरू माथि खनिँदा र प्रशासनसँग 'सामन्तवादको पक्षपोषक र संरक्षक हौ कि आम जनसमुदायको ? भनेर घेराबन्दी गरी प्रश्नहरूको वर्षा गराउँदा आखिर प्रशासन गल्न र सम्हालिन पुग्छ । सर्वसाधारण गाउँलेहरू स्थानीय सामन्ती शासन र शोषणबाट उन्मुक्ति पाएको महसुस गर्छन् । कविले पुष्पपुरमा आएको परिवर्तनलाई यसरी अभिव्यक्त गरेका छन् :

> फारेर आकाश खुल्यो उज्यालो,
>
> भयो अरुणोदय चेतनाको ।
>
> क्या चम्किलो सूर्य त्यहाँ उदायो,
>
> सङ्घर्षको मानवता सुहायो ॥

(पाँचौँ झिल्को, ४० औँ श्लोक, पृ.५५)

जनताको जुझारु एकता र सशक्त सङ्घर्षबाट सभ्यताको विकास हुने दृढविश्वासका साथ कविले पुष्पपुरको कथालाई यसरी बिट मारेका छन् :

> जागा बनाऔँ इतिहास नौलो
>
> छरौँ नयाँ सिर्जनको उज्यालो ।
>
> लेखौँ नयाँ जीवनको सुचित्र,
>
> सङ्घर्षको लाल सलाम ! मित्र ॥

(पाँचौँ झिल्को, ४४ औँ श्लोक, पृ.५६)

यसरी वर्गसङ्घर्षलाई पहिलो झिल्कोबाट क्रमशः विकास गर्दै पाँचौँ झिल्कोमा पुऱ्याइएको छ । जनक्रान्तिको फिलिङ्गो जनताबाटै तयार भएको छ । त्यही फिलिङ्गोबाट जनआक्रोशको आगो बलेर शेषणका सबै अवयवहरूलाई भष्मीभूत गराई अँध्यारो

पुष्पपुरलाई उज्यालो बनाइएको छ र अन्तमा जनताको जुझारु एकता र सशक्त सङ्घर्षबाट सभ्यताको विकास हुने दृढविश्वास प्रकट गरिएको छ ।

## ५.३ कथावस्तु/आख्यानीकरण

कथात्मकतायुक्त विशिष्ट लयात्मक मझौला संरचना नै खण्डकाव्य हो । खण्डकाव्यमा कसैको आख्यान वा कथा भनिन्छ । त्यसैले कथावस्तु वा आख्यान खण्डकाव्यको एक अनिवार्य तत्त्व हो । खण्डकाव्यमा कथावस्तु अपरिहार्य हुन्छ । जनमानसमा लोकप्रियता पाइसकेका घटना, विषयवस्तु तथा कथालाई पनि काव्यको कथावस्तु बनाइएको पाइन्छ । विषयवस्तुगत विविधता, विस्तारित वर्णन, व्यापक समाख्यान र बहुविध घटनाहरूको प्रस्तुतिका कारण यस प्रकारका कविताको आकार लामो र ठूलो हुन्छ ।[३५]

गोविन्द भण्डारीको **फिलिङ्गो** खण्डकाव्य पनि कविताको मध्यम आयाम भएको कथात्मक विशिष्ट लयात्मक संरचना हो । यो खण्डकाव्य ग्रामीण समाजको वर्ग विभेदलाई कथावस्तु बनाएर विशिष्ट लयात्मक संकथनबाट सिर्जना भएको छ । **फिलिङ्गो** खण्डकाव्यले नेपालको एउटा दुर्गम पहाडी गाउँको अत्यन्त पछाडी परेको गरिब बस्तीको चित्र देखाउँछ । सामन्ती शासन पद्धतिले आम सर्वसाधारण नेपाली जनतालाई चरम शोषण गरेर दासताको जीवन बाँच्न बाध्य पारिएको पञ्चायतकालीन नेपाली परिवेशको नमुना यस खण्डकाव्यको कथावस्तुले प्रस्तुत गरेको देखिन्छ । कृषि, पशुपालन र भरिया पेसा अँगालेका अति विपन्न वर्गका श्रमजीवीहरूको नेतृत्व कान्तिग्रामका युवक र पुष्पपुर गाउँको सेतेले गरेको हुन्छ भने सामन्ती शासन व्यवस्थाको नेतृत्व गाउँभित्रकै एउटा सम्भ्रान्त व्यक्ति महेशले गरेको देखिन्छ । भोक र रोगसँग प्राकृतिक रूपले सङ्घर्ष गरेर गरिबी जीवन बाँचिरहेका गाउँले र कान्तिग्रामबाट पछि बसाइसराइ गरेर पुष्पपुरमा आई बसेको महेश एवम् उसका दलालहरू बीचको वर्ग सङ्घर्षबाट खण्डकाव्यमा कथानक अगाडि बढेको छ ।

यहाँ हुँदा खाने र हुनेखाने बीचको सङ्घर्षको ज्वलन्त नमुना देखिन्छ । यसमा सेते जस्ता सर्वसाधारण श्रमजीवी गाउँलेहरू रोग, भोक, अन्याय-अत्याचार र सामन्ती शोषणसँग निरन्तर सङ्घर्ष गर्दा अन्ततः गाउँलेहरू सबै प्रकारका शोषण र विकृतिमाथि विजय हासिल गर्न सफल भएको देखाइएको छ । कथानक वा आख्यान आदि, मध्य र अन्त्ययुक्त छ । गतिशील आख्यान सँगै दुःखपूर्ण सङ्घर्षबाट सुखपूर्ण जीवनमा रूपान्तरण गरेको देखाइएको छ । **फिलिङ्गो** खण्डकाव्यमा निम्नवर्गका पात्रहरूलाई हार्दिकतापूर्वक नमस्कारका साथ विधिवत् सम्बोधन गरेर कथावस्तुलाई आदिभाग तथा पहिलो झिल्कोमा यसरी आमन्त्रित गरिएको छ :

---

[३५] खगेन्द्रप्रसाद लुइँटेल, पूर्ववत्, पृ.२१३ ।

आफ्नो छाति मुटु चिरेर पहिले बालेर मौलीकता

आशिर्वाद म दिन्छु पात्रहरूमा खोलेर स्वाधीनता ।

ठाडो शीर यहाँ भएन कहिल्यै हाम्रो सधैं हार छ,

जागा चेतनशील वर्गहरूमा मेरो नमस्कार छ ॥

(पहिलो झिल्को, पहिलो श्लोक, पृ.१)

कथावस्तुको प्रारम्भमा ग्रामीण परिवेशलाई आत्मसात् गर्दै मंगलाचरणबाट पात्रहरूको प्रवृत्तिगत परिचय दिइएको छ । धार्मिक, सांस्कृतिक, पारिवारिक र सामाजिक सद्भाव जुटाएर कथावस्तुलाई चाहिने पहिलो वातावरणीय परिवेशको व्यवस्थापन र सम्पादन गरिएको छ । मध्यभागमा दुवै वर्गका बीच सङ्घर्षको सुषुप्त अवस्थाबाट चेतनामूलक र सीपमूलक क्रान्तिको आधारभूत प्रशिक्षणले पुष्पपुरे गाउँका बासिन्दाहरू सचेत र परिवर्तनका लागि जागरुक हुन्छन् । कान्तिग्रामका सचेत युवकको मार्गदर्शन र प्रशिक्षणमूलक अन्तर्क्रियाबाट पुष्पपुरका श्रमजीवी सेते लगायतका युवाहरू शोषण-उत्पीडनबाट सदाका लागि मुक्ति पाउन एकताबद्ध भई जनसङ्घर्षमा उत्रन र आफ्ना गुमेका अधिकार र जायजेथा फिर्ता गर्न संयुक्तरूपमा यसरी प्रतिज्ञा गर्दछन् :

ढाक्रेले दृढ प्रतिज्ञा पाटीभित्र गरे ठूलो,

सहन्नौं कहिल्यै हामी अत्याचार महेशको ॥'

हामीमा उसको यस्तो दमनचक्र चली सक्यो

ब्वाँसाको चुसाहा भाव गाउँमा देखिई सक्यो ॥'

(तेस्रो झिल्को, ६५ औं श्लोक, पृ.३३)

यसरी पुष्पपुरमा वर्गसङ्घर्षको प्रारम्भ भएपछि महेशको निरङ्कुशता र तानाशाही स्वभाव प्रत्यक्षरूपमा सेना र प्रहरी प्रशासनको संरक्षण र सहयोग पाएपछि देखिन्छ । पहिलोपटक गाउँमा श्रमजीवीहरू भेला भएर महेशको घर घेरा हाली कालोमोसो दलेर राँगामाथि चढाई गाउँ घुमाएर धुलाइ पिटाइ गरी घरको आगँनमा पल्टाएर छोडेकोमा उसका भरौटे दलालहरू मार्फत् प्रशासनको आड लिएर मध्यरातमा गाउँ घेरा हाली सेना सहितको प्रहरी जत्थाबाट गाउँमा आतङ्क र दमनचक्र फैलिन्छ । धेरै युवाहरू भागेर ज्यान बचाउँछन्, तर असहाय बाल-बृद्ध र महिलाहरू यातनापूर्ण कारवाहीमा पर्छन् । उनीहरू यसको बेग्लै तरिकाले हिसाब-किताब असुल उपर गर्नुका साथै त्यो सामन्तलाई सदाका लागि साफ गर्ने योजना बनाउँछन् । यस तहसम्म आइपुग्दा वर्गसङ्घर्ष मध्यान्तरमा

पुगिसकेको हुन्छ । कान्तिग्रामका युवकले बीचबीचमा पुष्पपुरका गाउँलेको भेला गरेर जोस भरिरहँदा एक दिन गाउँलेहरू मुक्ति पाउन सफल हुन्छन् । प्रशासनबाट छानबिन र कारवाहीका लागि गाउँमा केरकार गरिन्छ । जनआक्रोशका अगाडि पुलिस प्रशासन पनि कमजोर भएको देखाइएको छ :

सङ्घर्ष थाले जनताहरूले,

पाएन कोही अब बन्न भाले ।

आए सिपाही तर मौन फर्के,

त्यो क्रान्तिकारी जनशक्ति देखे ॥

(पाँचौँ झिल्को, २७ औँ श्लोक, पृ.५१)

यसै गरी कथावस्तुले वर्गसङ्घर्षलाई सफलताको अन्तिम चरणका रूपमा व्यवस्थापन गर्न पाँचौँ झिल्कोको सिर्जना गरेको छ । सामान्त र शोषकहरूको नाइके महेशलाई जनकारवाही गरी समाप्त गरेपछि उसका आसेपासे, समर्थक र दलालहरूलाई गाउँलेहरूले तह लगाएर शोषणमुक्त समाज सिर्जना गर्न सफल हुन्छन् । कथावस्तुको समापन यस प्रकार भएको छ :

सबैजना सचेत भै गरौँ अदम्य पौरख,

डुलोस् जताततै अपूर्व मानवीय गौरव ।

बलोस् प्रत्येक प्रत्येकबाट मानवीयता,

मबाट शुभकामना बढोस् जुझारु एकता ॥

(पाँचौँ झिल्को, ४५ औँ श्लोक, पृ.५६)

वर्गसङ्घर्षमा आधारित यो खण्डकाव्यले ग्रामीण समाजमा व्याप्त जालझेल, शोषण, उत्पीडनको सामन्तवादी वर्गीय शोषणको तस्वीरलाई सत्यतथ्य लाग्ने गरी जीवन्तरूपमा उतार्ने काम भएको छ । यहाँ फटाहा महेशको जीवनलीला समाप्त गरी भ्रष्ट र सामन्तवादी प्रशासनलाई समेत सचेत गराइएको छ । यसरी फिलिङ्गो खण्डकाव्यमा प्रगतिवादी विचारले प्राथमिकता पाएको छ ।

## ५.४ पात्र र चरित्र

पात्र खण्डकाव्यको अनिवार्य तत्त्व हो । फुटकर कविता र लामा कविताभन्दा खण्डकाव्य केही बृहत् आयामको हुने भएकाले यसमा आख्यानतत्त्व रहेको हुन्छ । आख्यानमा

पात्र र चरित्र पनि रहन्छन् । यिनै तत्त्वहरूका कारण कविता लम्बिएर सर्ग-सर्गमा विभाजित भएर तथा आदि र अन्त्यको विधिवत् व्यवस्थापन मिलाएर खण्डकाव्यको सिर्जना हुन्छ । **फिलिङ्गो** नायक प्रधान वर्गसङ्घर्षमा आधारित प्रगतिवादी विचार बोकेको खण्डकाव्य हो । पूर्वीय काव्यसिद्धान्त विपरीत यसमा कुनै अलौकिक शक्ति धारण गरेका देवी-देवता वा उच्चवर्गका धिरोदात्त पात्र नभई एउटा सर्वसाधारण निम्नवर्गको श्रमजीवी सेते नामको सत्पात्र चयन गरिएको छ । यसै गरी अर्को उच्च वर्गभित्र पर्ने एउटै गाउँठाउँको महेश नामको सामन्तलाई मुख्य खलनायकका रूपमा प्रस्तुत गरिएको छ । सत्पात्रका पङ्क्तिमा मुख्य पात्र सेतेसँग सहायक पात्र कान्तिग्रामका नौजवान भनेर खण्डकाव्यमा सम्बोधित गरिएका क्रान्तिकारी युवक, भरिया पेसा अँगालेका गाउँले युवाहरू, कृषक पेसा गर्ने सम्पूर्ण गाउँलेहरू, बूढापाका, महिला, बालबालिका आदि गौण पात्रका रूपमा रहेका छन् भने अर्कोतर्फ मुख्य खलनायक तथा खलपात्र महेशको पङ्क्तिमा सेना, प्रहरी सहायक खलपात्र र पण्डित-पुरोहित, भरौटे, दलालहरू गौण पात्रका रूपमा देखिन्छन् ।

**(क) सेते**

पुष्पपुर दुर्गम पहाडी बस्तीको एक साधारण गाउँले युवक सेते यस खण्डकाव्यको नायक तथा मुख्य पात्रका रूपमा प्रस्तुत गरिएको छ । यस मुख्य पात्र सेते भारी बोक्ने पेसा अँगालेर आफू र आफ्नो परिवार पालेको हुन्छ । खाने-लाउने कुराको सामान्य अभाव र समस्या त सधैं थियो, तर यसबाट गाउँमा अनिकाल परेर हप्तौं दिनसम्म खान नपाउँदा ‘कस्तो अनिकाल काल जस्तो भयो, छोराछोरीहरू खान नपाई आँत सुकिसक्यो’ भनेर परिवारसँग गन्थन गर्दागर्दै एकाएक मुर्छा परेर भुईंमा पल्टँदा तालुमा पानी ठोकी छोराछोरीहरूले उठाउँछन् । सेते फेरि ‘मरेँ म मरेँ’ भन्दै पल्टिन्छ । गाउँमा होहल्ला गरेर परिवारले गुहार माग्दा गाउँलेहरू जुटेर जङ्गलबाट जडीबुटी खोजेर उपचार गर्दा बिस्तारै ब्युँझिन्छ । यस्तै गाउँका अन्य घरपरिवारमा पनि भोकमरीले कोलाहल मच्चाइदिन्छ । सेतेको घरपरिवारको नियति सबैले भोगिरहेको अवस्था देखिन्छ । गाउँमा दुई-चार घरका सामन्तहरू काम गराएर ज्याला नदिने, दिए पनि थोरै दिने, सहरबाट भारी बोकेर कमाएको ज्यालाले अनिकालको महंगो अन्नपात धेरै दिन नपुग्दा भोकमरीले गाउँबासीलाई नराम्रै गरी गाँजेको थियो । यस्तै अवस्थामा कान्तिग्रामबाट पुष्पपुरमा बसाइसराइ गरेर आएको भन्ने महेशको जालझेलपूर्ण चिप्लाकुरामा विश्वास गरेर सेतेको नेतृत्वमा गाउँमा युवा मजदुरहरू उसको घर बनाउने काममा फस्दछन् । महेशबाट ज्याला मजदुरी नपाउँदा गाउँबासी दुखी हुन्छन् । सेतेसँग युवामजदुरहरू छलफल र सरसल्लाह गरेर त्यो फटाहाको काम छोडी सहरमा भारी बोक्ने पेसाका लागि जाने आउने भइरहन्छ । एकदिन एउटा चौतारोमा भारी बिसाएर थकाइ मार्ने सन्दर्भमा कान्तिग्राम छिमेकी गाउँको एक नौजवानसँग भेटघाट र परिचयका साथै दुखसुखका गफगाफ हुँदा एउटै वर्ग र विचार मिलेकाले शोषणबाट उन्मुक्ति र वर्गसङ्घर्षका विषयमा अन्तर्क्रिया र अनुभव आदानप्रदान हुन्छ । महेश फटाहालाई कान्तिग्रामबाट गाउँलेहरू एकताबद्ध सङ्घर्ष गरी लखेटेको र सेतेको गाउँमा जस्तै दुख

दिएको जानकारी हुन्छ । पुष्पपुरबाट त्यसै गरी नहटाए अरू थप दुखकष्ट भोग्नु पर्ने र उसलाई गाउँबाट हटाउने उपायहरूका बारेमा युवकले भरिया युवासँगै हिँडेर रातको बास बस्ने स्थानको समेत व्यवस्था मिलाई वर्गसङ्घर्षका सफलताका कथाहरू समेत बताएर प्रशिक्षित गराइन्छ । सेतेको नेतृत्व र युवकको साङ्गठनिक प्रशिक्षणबाट प्रशिक्षित भएका पुष्पपुरे युवा एवम् गाउँलेहरू भिन्न-भिन्न रूपका परिस्थिति अनुसारको तीन पटकको जनसङ्घर्षमा विजय प्राप्त गर्न सफल हुन्छन् ।

यसरी सेतेले शोषण, अन्याय-अत्याचार र सामन्ती प्रथाका विरुद्धमा गाउँबासीलाई आफ्नो पक्षमा लिई विद्रोह र सङ्घर्ष गर्दा-गर्दा अन्तमा सफलता प्राप्त गरेको एक सत्पात्रको रूपमा देखा पर्दछ । सेते एउटा निम्नवर्गको पुरुष पात्र वा नायक सेते सामान्य मानवको कार्यव्यवहारबाटै सत्विचार र गाउँले एवम् छिमेकी गाउँका युवाहरूको सहयोग लिएर वीरतापूर्ण लडाइँ जित्न सफल भएको देखिन्छ । निम्नवर्गको सामान्य युवकले यस खण्डकाव्यको कथावस्तुमा सत्चरित्र र सङ्घर्षमयी पौरुषत्व प्रदर्शन गरेको देखिन्छ । सेते, एक गाउँले युवक, सामान्य वर्गको मुख्य पात्र, अलौकिक शक्तिको उपासना नगर्ने तर सामाजिक र मानवताको पक्षधर भएर सामाजिक न्यायका लागि लडाइँ लडेको सर्वहारा वर्गको प्रतिनिधि पात्रका रूपमा रहेको देखिन्छ ।

### (ख) नौजवान वा नवयुवक

नौजवान वा नवयुवकको उपस्थिति खण्डकाव्यको तेस्रो झिल्कोको २८ औँ श्लोकदेखि पाँचौँ झिल्कोको ३४ औँ श्लोकसम्म रहेको पाइन्छ । पुष्पपुरदेखि केही दूरीमा रहेको छिमेकी गाउँ कान्तिग्रामको बासिन्दा भनेर आफूलाई चौतारीमा पुष्पपुरे भरियाहरूसँग परिचय दिने नौजवानले यस खण्डकाव्यमा आफ्नो खास नाम थर दिइएको पाइँदैन । 'नौजवान'को परिचय गराउने क्रममा कवि भण्डारी लेख्छन्- 'नौ जवान थिए गोरा अग्ला ठिक्क उचाइको, बोले ती नम्रताका साथ साइनो राखी दाइको' (पृ.२४) । थकाइ मार्दै गरेका भरियाहरूसँग दाइको नाता लगाएर दुखी गरिबका सुदिन कुनै बेला आउने छ, चेतना जागृत गराएर एकताबद्ध जनसङ्घर्ष गर्न सके पुष्पपुरबाट त्यो सामन्त छिटै भाग्नेछ' भनेर नौजवान युवकले मीठा कुरा गर्दा भरियाहरूले थप जिज्ञासा राख्छन् । उनीहरू घर, ठेगाना सोधपुछ गरेर अरू नजिक हुन खोज्छन् । 'कान्तिग्राम यतै पर्छ गाउँले क्षेत्र एक हो, त्यही नै छ कुनै झुप्रो मेरो घर भनाउँदो ।' भनेर युवकले बताउँदा उनको नाम खुल्दैन । तेस्रो र चौथो झिल्कोमा नौ जवान, नौलो युवक, युवक, अतिथि रूपी युवक (क्रमशः पृ.३२, ३४, ३५ र ३७) भनेर वर्गसङ्घर्षलाई उत्कर्षमा पुऱ्याउन आमन्त्रण मात्र गरेको देखिन्छ । सेते प्रथम झिल्कोदेखि पाँचौँ झिल्कोसम्म निरन्तर गतिशील मुख्य पात्र रही समाज सुधार र परिवर्तनका क्षेत्रमा सङ्घर्षशील देखिएको छ भने नौजवान सेतेको नेतृत्वमा हुने निर्णायक आन्दोलनहरूमा मार्गनिर्देश गरी क्रान्ति सफल पार्न सहयोगीको भूमिका खेलेको देखिन्छ । 'नौ जवान' भनेर कविले भरियाहरूबाट अलग चिनिने छुट्टै नाम दिएर सचेत नागरिकका

रूपमा प्रस्तुत गरेको पाइन्छ । तेस्रो झिल्कोमा चौतारीमा सेते लगायतका भरियाहरू आफ्ना कथाव्यथाका गफ गर्दैगर्दा ती नौजवान त्यस समूहमा परिचयका साथ सङ्घर्षको पूर्वतयारीका क्रममा प्रवेश गर्छन् । -

कुरा गर्दै थिए बस्दै भरियाहरू मार्गमा,

कुरा सुन्न पुगे यौटा नौ जवान कुनै त्यहाँ ।

फाटेका कपडा थिए, कसिलो जिउका थिए,

धेरै कुरा देखे जस्ता उज्याला नेत्रका थिए ॥

(तेस्रो झिल्को, २८ औं श्लोक, पृ.२४)

भरियाहरूसँग एकआपसमा परिचय, गफगाफ र दुःखसुखका कुराकानी गर्दा गर्दै विश्वासको राम्रो सम्बन्ध बनेपछि भरियाहरूले आफ्ना उत्पीडन, शोषण, अत्याचारका व्यथाहरू नलुकाईकन सविस्तार व्यक्त गर्छन् । शोषक महेशले अनेक जालझेल गरी गाउँलेहरूलाई शोषण गरेको, ऋणमा डुबाएको, राम्रा कुरा जे देखे पनि अनेक उपाय गरेर लुट्ने गरेको, काम गराई ज्याला नदिएको जस्ता कुरा सुनेर त्यो नवपरिचित नौजवानले खुसी हुँदै शोषणबाट मुक्त हुने वर्गसङ्घर्षको सामान्य सिद्धान्त बताएर गाउँलेहरूलाई सामन्तहरू विरुद्ध लड्न यसरी प्रेरित गरेको देखिन्छ :

काममा ल्याउनुपर्छ बलिष्ठ जनशक्ति यो,

चिन्नुपर्छ नयाँ मार्ग पवित्र जनमुक्तिको ।

गाउँका जनतालाई लड्नभिड्न सिकाउनोस्,

दलालहरूको राम्रो ओखति तय गर्नुहोस् ॥'

(तेस्रो झिल्को, ५७ औं श्लोक, पृ.३१)

यसरी नौजवान वा युवकले आन्दोलनको तयारीमा गाउँमा पुगी एउटा लडाकु दस्ता निर्माण गर्न क्रान्तिकारी प्रशिक्षकको भूमिका निर्वाह गरेको छ । देशविदेशका सच्चा प्रगतिवादी युद्धका ताजा गाथासँगै राता पुस्तक एवम् लडाकु गुरुहरूको परिचय गराएर भरियाहरूलाई शोषक फटाहाका विरुद्ध लड्ने जोस भरेको छ । यस खण्डकाव्यमा नौजवानलाई जनसङ्घर्षमा सहयोग गरेकाले सत्पात्रहरूका सूचीको सहायक पात्रका रूपमा स्थान दिइएको छ । जनआन्दोलनलाई चेतनास्तरबाट परिपक्व बनाउँदै जनमुक्तिको निर्णायक तहसम्म पुऱ्याउने काममा युवकले ठूलो योगदान गरेको देखिन्छ ।

**(ग) महेश**

**फिलिङ्गो** खण्डकाव्यमा महेश पुष्पपुरे गाउँले जनताहरूको विरुद्ध क्रियाकलाप गर्ने मुख्य खलनायकको भूमिका निर्वाह गरेको पात्र हो । महेश सामन्ती शासनको प्रतिनिधि र जनविरोधी चरित्र धारण गरेको कुपात्र हो । कान्तिग्रामबाट शोषण र अत्याचार गरेका कारण जनदवावले बस्न नसकेर भागेको महेश पुष्पपुरे गाउँका अत्यन्तै  गरिब गाउँलेहरूलाई एक दिन भेला बोलाएर मीठा चिप्ला कुराले फकाउँदै यसरी आफ्नो स्वार्थ पुरा गर्ने योजना बनाउँछ :

मेरो बस्ती सरेको हो, म आएँ यस ठाउँमा,

गाउँलेहरूको सक्दो दया गर्छु भनिकन,

दरबार सरि मेरो घर छोडी पसेँ यहाँ

जग्गा, वारी, पखेरा र पशु छोडी पसेँ यहाँ ॥

(पहिलो झिल्को, चौथो श्लोक, पृ.११)

निर्दलीय तानाशाही सामन्ती शासनको आयु बढाउन महेश जस्ता दुश्चरित्रले गृहप्रशासनको चाकरी गरेर उसको आडमा गाउँलेहरूलाई दबाउन र प्रतिशोध लिन पछि पर्दैन । सचेत गाउँलेहरू एक जुट भई आआफ्नो ज्याला मजदुरी र लुटिएका धनमाल फिर्ता मागेर नपाउँदा महेश विरुद्ध गरेको जनकारवाहीलाई उसका दलालहरूको उजुरी सुनेर पुलिस प्रशासनबाट यसरी बदला लिने जमर्को गरेको देखिन्छ :

बोल्ने भए बोल खुलस्त बोल,

यो के भयो कारण आज खोल ।

बोल्दै नबोल्ने यदि हो भने लौ,

पुलिसका लात चखाउने छौँ ॥'

(पाँचौँ झिल्को, २१ औँ श्लोक, पृ.५०)

पुष्पपुरका गाउँलेहरू एक दिन सहरमा भारी बोक्ने काम लिएर गई फर्केर आउँदा चौतारीमा भेट भएको एक नौजवानसँगको चिनजानी र दुखसुखका कुराकानी गर्ने क्रममा महेशको कुकृत्य र दुश्चरित्रको जानकारी हुन्छ । महेश फटाहाको बोली व्यवहारमा समानता नभेटाएपछि र दमनशोषणको पराकाष्ठा नाघेपछि गाउँमा सर्वहारा वर्ग मानिएका गाउँलेहरूको सङ्गठन महेशका विरुद्ध आन्दोलन गरी कारवाही गर्ने योजना बन्छ । महेश

जस्ता जनविरोधी सामन्ती प्रवृत्ति बोकेका व्यक्तिहरू बस्ती-बस्तीमा जीवित रहँदासम्म बहुसङ्ख्यक जनता शान्ति र अमनचयनले बाँच्न नसक्ने र गाउँको पनि विकास नहुने ठहर गरिन्छ । जिउँदो लाश भएर बाँच्नु भन्दा जनताको मुक्तिका लागि सङ्घर्ष गरेर मर्नु इज्जत र सम्मान हुने जस्ता नौजवानको प्रगतिवादी विचारको जोसिलो प्रवचनले पुष्पपुरका जनता जागृत हुन्छन् । उसको घर चारैतिरबाट घेराबन्दी गरी नचिन्ने गरी भेष बदलेका युवाहरूले महेशलाई समाप्त गरी छाड्छन् ।

**(घ) गौण पात्रहरू**

खण्डकाव्यमा गौण पात्रहरूले कथावस्तुलाई गतिशीलता प्रदान गर्नुका साथै परिवेश र घटनालाई सजीव गराउन सहयोग पुऱ्याउँछन् । गौण पात्र अप्रत्यक्षरूपबाट कथावस्तुमा सहभागी हुने र बिदा हुने गर्दछन् । नायक र खलनायकको भूमिका निर्वाह गर्ने पात्रहरूको सामान्य सहयोगका लागि छोटो समयमा आउने जाने तथा उदाउने अस्ताउने पात्रहरूलाई गौणपात्र मानिन्छ । **फिलिङ्गो** खण्डकाव्यमा सहभागी हुन आएका दुवै वर्गका गौण पात्रहरूलाई दुई भागमा छुट्याएर हेर्न सकिन्छ :

**सत्पात्रका रूपमा उपस्थित गौण पात्रहरू**

(क) भारी बोकेर जीविका चलाउनेहरू

(ख) गाउँघरमा झैँझगडा मिलाएर सहयोग गर्ने स्थानीय बुढापाकाहरू

(ग) श्रमजीवी कृषि मजदुरहरू

(घ) सेतेका परिवार तथा छोराछोरीहरू

(ङ) अन्य गाउँलेहरू

**असत्पात्रका रूपमा उपस्थित गौण पात्रहरू**

(क) सेना, प्रहरी र प्रशासन

(ख) महेशका परिवार र भरौटे दलालहरू

(ग) पूर्वजन्म फलाक्ने पण्डित पुरोहितहरू

(घ) गाउँका हुने खाने सामन्तवादी साहूहरू

सत्पात्रका रूपमा उपस्थित गौण पात्रहरूले नायक सेतेलाई प्रत्यक्ष र अप्रत्यक्षरूपमा महेशको शोषणबाट मुक्त हुनका लागि भारी बोक्दा, गाउँमा मेलापात गर्दा, दुखविमार हुँदा, गोप्य वैठक र भेला हुँदा, आन्दोलन गर्दा छलफल र लडाइँमा उपस्थित

भएर सहयोग गरेको देखिन्छ । सेते र नौजवानलाई कसैले पनि विश्वासघात नगरी आफ्ना साझा समस्या समाधानका लागि एकताबद्ध भएर सहयोगीको भूमिका निर्वाह गरी जनमुक्तिको लडाइँ सफल पार्न सत्पात्रतर्फका गौणपात्रहरूले ठूलो सहयोग पुऱ्याएको देखिन्छ । यस्तै, यस खण्डकाव्यको खलनायक महेशलाई पञ्चायती निरङ्कुश व्यवस्थाका रक्षक देखिएका सेना र प्रहरी प्रशासनले रक्षा कवच भएर ठूलो सहयोग पुऱ्याएको देखिन्छ । सामन्ती व्यवस्थालाई टिकाउन महेश जस्ता साहूहरूलाई उनका आसेपासे भाडामा चलखेल गर्ने दलालहरू, पण्डित आदिले सहयोग गरेका छन् । प्रहरी प्रशासलाई सूचना दिएर महेशका नजिकका दलालहरूले महेशको संरक्षणमा सहयोग गर्दै जनसङ्घर्ष दबाउन अप्रत्यक्ष-प्रत्यक्ष भूमिका खेलेको देखिन्छ । एक-दुई सामन्तका रक्षक हौ कि आम सर्वसाधारण जनताका रक्षक भन्दै बहुसङ्ख्यक जनताप्रति जवाफदेही र इमान्दार बन्न समेत जनताले प्रशासनलाई सचेत गराएका भए पनि प्रशासन महेशकै पक्षमा लागेको छ । यहाँ सत्पात्रहरूको जीत र असत्पात्रहरूको हार देखाएर खण्डकाव्यले आफ्नो कर्तव्य पूरा गरेको पाइन्छ ।

## ५.५ लय विधान

लय खण्डकाव्यको आत्मा हो । लय बिना न त कविता बन्छ न कविताको मझौला रूप खण्डकाव्य नै बन्छ । खण्डकाव्यका लागि बद्ध वा मुक्त कुनै लय आवश्यक मानिन्छ । साङ्गीतिक आल्हाद प्रदान गरी काव्यलाई श्रुतिरम्य बनाउने माध्यमका रूपमा लयलाई लिन सकिन्छ । लयले खण्डकाव्यलाई ओजस्वी र गहन बनाउन सहयोग पुऱ्याउँछ ।

**फिलिङ्गो** खण्डकाव्यमा प्रथम र चौथो झिल्कोमा शार्दूलविक्रीडित, दोस्रो र तेस्रो झिल्कोमा अनुष्टुप् र पाँचौं झिल्कोमा उपजाति छन्द गरी तीनवटा वार्णिक छन्द रहेका छन् । यिनै छन्दको प्रयोगले पाठक वर्गलाई अध्ययनमा सहज र कथावस्तु बुझ्नमा सरल बनाएको देखिन्छ । यसमा प्रयोग भएका तीन किसिमका वार्णिक तथा शास्त्रीय छन्दका एक-एकवटा उदाहरण नमुनाका रूपमा यहाँ प्रस्तुत गरिएको छ :

### (क) शार्दूलविक्रीडित छन्द

शार्दूलविक्रीडित छन्दमा मगण (ऽऽऽ), सगण (।।ऽ), जगण (।ऽ।), सगण (।।ऽ), तगण (ऽऽ।), तगण (ऽऽ।) र एक गुरु (ऽ) रहेका हुन्छन् । यस छन्दमा १९ अक्षरको एउटा पाउ हुन्छ र एक श्लोकमा चार पाउ हुन्छन् भने प्रत्येक पाउको बाह्रौं र सातौं अक्षरमा यति अर्थात् विश्राम हुन्छ ।

छन्द : शार्दूलविक्रीडित

अक्षर : १९

| **गण** | मगण | सगण | जगण | सगण | तगण | तगण | गुरु |
|---|---|---|---|---|---|---|---|
| सङ्केत | ऽऽऽ | ।।ऽ | ।ऽ। | ।।ऽ | ऽऽ। | ऽऽ। | ऽ |
| | झल्झल् देख | दछु भा | रि त्यो अ | सजिलो | औ मिर्मि | रे रात | छ |

**श्लोक :**

झल्झल् देख्दछु भारि त्यो असजिलो औ मिर्मिरे रात छ

क्या मीठो गीत गाई जङ्गल भरि हिँडे भरिया सब ।

को हुन् यी भरिया भनी यदि कुनै यो प्रश्न गर्ला जब,

ती हुन् पुष्पपुरे भनेर सबले चिनाइ दिनु तब ॥

(प्रथम भिल्को, दोस्रो श्लोक, पृ.१)

यहाँ शार्दूलविक्रीडित छन्दमा पाइने गणहरू म स ज स त त गु का साथै प्रत्येक पाउमा बाह्रौँ र सातौँ अक्षरमा यति वा विश्राम छ । यही सूत्रबद्ध गति र यतिले आफ्नै छुट्टै पहिचान दिएर लय उत्पन्न गर्न सहयोग गरेको छ ।

**(ख) अनुष्टप् छन्द**

अनुष्टुप् छन्दको प्रत्येक पाउमा आठ अक्षर हुन्छन् । विषम पाउको सातौँ अक्षर गुरु हुन्छ । त्यस्तै सम पाउको सातौँ वर्ण लघु हुन्छ । प्रत्येक पाउमा पाँचौँ अक्षर लघु छैठौँ अक्षर गुरु हुन्छ । जस्तै :

त्यो गाउँमा पस्यो यौटा साहु बस्ति सरिकन,

ठूलो भुँडी थियो उस्को यसो हेर्दा महाजन ।

लुगालत्ता थिए दामी गाउँले सब थर्किए,

ठर्रो बोली, मिजासैको थोपो छैन कडै थिए ॥

(दोस्रो भिल्को, दास्रो श्लोक, पृ.१०)

यहाँ प्रत्येक पाउमा ८/८ अक्षर गरी १६ अक्षर प्रयोग भई पाउको निर्माण भएको देखिन्छ । १६ अक्षरको पाउ भए पनि यस छन्दको नियमानुसार ८/८ अक्षरमा विश्राम तथा यति रहेको छ । विषम पाउको सातौं अक्षर 'यौटा' शब्दको 'यो' 'उस्को' शब्दको 'उस्' गुरु रहेका छन् । सम पाउको सातौं अक्षर लघुका रूपमा 'सरिकन' शब्दको 'क' र 'महाजन' शब्दको 'ज' लघु र प्रत्येक पाउको पाँचौं अक्षर लघु र छैठौं अक्षर गुरुका रूपमा क्रमशः 'पस्यो' 'सरिकन', 'थियो' र 'महाजन' शब्दमा लघु र गुरु वर्णको प्रयोग भएको देखिन्छ । पहिलो पाउको सातौं अक्षर 'यौटा' शब्दको 'यो' वर्ण र सोही पाउको पाँचौं अक्षर 'पस्यो' शब्दको 'पस्' वर्ण लघु हुनुपर्नेमा गुरु भएकोले केही अपवाद रहेको पनि भेटिन्छ । दोस्रो झिल्कोका २४ वटै श्लोकहरूमा ८/८ अक्षरमा विश्राम (यति) भए पनि १६/१६ अक्षरले पाउ बनाइएको देखिन्छ ।

यसै गरी तेस्रो झिल्कोको १७ औं र २९ औं श्लोकमा ८/८ अक्षरका पाउहरू परम्परित नियमानुसार रचना गरिएका छन् भने अन्य सबै ८/८ अक्षरमा विश्राम भई १६/१६ अक्षरका पाउ बनेको देखिन्छ । अतः तेस्रो झिल्कोका सबै ६८ श्लोकहरू अनुष्टुप् छन्दमा रहेको पाइन्छ । एक अर्को उदाहरण :

फाटेको एउटा झोला

उनको काँधमा थियो ।

भएन अरूमा थाह,

संसार त्यसमा थियो ।

(तेस्रो झिल्को, २९ औं श्लोक, पृ.२४)

यहाँ अनुष्टुप् छन्दको नियमानुसार हरेक पाउ ८/८ अक्षरले संरचित छन् । प्रयोगवादी प्रभाव स्वरूप तेस्रो झिल्कोका १७ औं र २९ औं श्लोक बाहेक अन्य सबै श्लोकहरू १६/१६ अक्षरमा पाउको निर्माण भएको देखिन्छ । प्रस्तुत श्लोकको विषम पाउमा नियमानुसार सातौं अक्षर 'झोला' शब्दको 'झो' अक्षर र 'थाह' शब्दको 'था' अक्षर गुरु छन् भने त्यस्तै सम पाउको सातौं अक्षर दुवै 'थियो' शब्दको 'थि' अक्षर लघु रहेका छन् । सबै पाउका पाँचौं अक्षर सबै लघु र छैठौं अक्षर सबै गुरु रहेका छन् । यसरी दोस्रो र तेस्रो झिल्कोका सम्पूर्ण श्लोकहरू अनुष्टुप् छन्दमा रचना गरी एउटै लयको व्यवस्थापन गरेको पाइन्छ ।

**(ग) उपजाति छन्द**

उपजाति छन्दमा इन्द्रवज्रा र उपेन्द्रवज्रा दुबैको संयोग हुन्छ । इन्द्रवज्रामा तगण, तगण, जगण र दुई गुरु हुन्छ भने उपेन्द्रवज्रामा जगण, तगण, जगण र दुई गुरु हुन्छ । यसरी दुवैको अन्तमा गुरु/गुरु हुन्छन् भने एघार/एघार अक्षरको पाउ बनेका हुन्छन् ।

छन्द : उपजाति

अक्षर : ११

| | | | | | |
|---|---|---|---|---|---|
| **गण** | ज | त | ज | गु गु | उपेन्द्रवज्रा |
| सङ्केत | ।ऽ। | ऽऽ। | ।ऽ। | ऽऽ | |
| | महेश | का पाल्तु | दलाल | माथि | |
| **गण** | त | त | ज | गु गु | इन्द्रवज्रा |
| सङ्केत | ऽऽ। | ऽऽ। | ।ऽ। | ऽऽ | |
| | जन्ताह | रूको रि | स जाग्न | थाल्यो | |

**श्लोक :**

महेशका पाल्तु दलाल माथि

(उपेन्द्रवज्रा ज त ज गु गु ।ऽ।, ऽऽ।, ।ऽ।, ऽऽ)

जन्ताहरूको रिस जाग्न थाल्यो ।

(इन्द्रवज्रा त त ज गु गु ऽऽ।, ऽऽ।, ।ऽ।, ऽऽ)

गरीबलाई थिचिराख्न खोज्दा

(उपेन्द्रवज्रा ज त ज गु गु ।ऽ।, ऽऽ।, ।ऽ।, ऽऽ)

सचेत तिन्को मुटु जाग्न थाल्यो ॥

(इन्द्रवज्रा त त ज गु गु ऽऽ।, ऽऽ।, ।ऽ।, ऽऽ)

(पाँचौं झिल्को, दोस्रो श्लोक, पृ.४५)

यहाँ पहिलो पाउमा ज त ज गु गु गण र ।ऽ। ऽऽ। ।ऽ। ऽऽ गणअनुरूप सङ्केत भएकाले उपेन्द्रवज्रा र दोस्रो पाउमा त त ज गु गु गण र ऽऽ। ऽऽ। ।ऽ। ऽऽ गणअनुरूप सङ्केत भएकाले इन्द्रवज्रा छन्दको प्रयोगले ११/११ अक्षरमा यति तथा विश्रामले भिन्न लयको सिर्जना भएको छ । पाँचौं झिल्को अन्तर्गत समाविष्ट ४५ श्लोकमा ४१ र ४२ औं श्लोक ६/६ पाउका रहेका छन् भने अन्य सबै ४३ श्लोकहरू ४/४ पाउका देखिन्छ । फरक-फरक पाउका श्लोक देखिए पनि सबै उपजाति छन्द अनुसारको लयमा कविता संरचित देखिन्छ ।

यस खण्डकाव्यमा उपर्युक्त भिन्न-भिन्न तीन प्रकारका छन्दहरूको प्रयोगले कविता श्रुतिरम्य र लयबद्ध गराएको छ । श्रुतिरम्यता र लयबद्धताका कारण खण्डकाव्य पढिरहुँ र सुनिरहुँ लाग्न पुग्दछ । श्रुतिमाधुर्य सहित साङ्गीतिक लयका लागि छन्दले बढी सुन्ने धैर्यता बढाइदिएको छ ।

## ५.६ भाषाशैली

भाषा बोलीचालीको माध्यम हो भने शैली भाषालाई प्रस्तुत गर्ने तरिका वा विधि हो । यस खण्डकाव्यको भाषाशैली सरल छ । यो खण्डकाव्यमा विभिन्न खालका शब्द र अलङ्कारको प्रयोगबाट कथावस्तुलाई व्यक्त गरिएको छ । यस खण्डकाव्यमा प्रयुक्त भाषाशैली श्रुतिरम्य र लयात्मक मात्र नभई बोधगम्य र सुबोध छ । पहिलो झिल्कोको पहिलो श्लोकमा पात्रहरू र पाठक वर्गलाई विधिवत् सम्बोधन स्वरूप मंगलाचरण गरिएको छ भने पाँचौं झिल्कोको अन्तमा मानवीयताको जुझारु एकताको शुभकामना प्रस्तुत गरिएको छ । यहाँ लेख्य र कथ्य भाषाको प्रयोग भएको छ । यसमा ठेट नेपाली वा झर्रा शब्द, अनुकरणात्मक शब्द तत्सम र आगन्तुक शब्दको प्रयोग छ । छोटो अनुभव, निम्नमाध्यमिक तहको शिक्षा र कलिलो बालापनको परिपक्व भाषिक प्रस्तुति अझ प्रशंसनीय देखिन्छ । विभिन्न किसिमका विम्ब, अलङ्कार आदिले पनि उनको खण्डकाव्यको भाषाशैलीलाई अरू समृद्ध तुल्याएको पाइन्छ । यस खण्डकाव्यमा प्रयुक्त शब्दहरूको विवरण यस प्रकार छ :

### (क) झर्रा शब्द

फिलिङ्गो, झिल्को, पुष्पपुरे-१, छिट्टै, यौटा-२ कठैवरा-४, ओखति-५, कोप्चेरो-६, फलाक्छन्-८, कस्सिई, होस्टे, हैँसे-१२, दम्पच-१३, ठालु-१६, बेला, ढाक्रे, थे-२०, दाइँ-२४, नढाँटेर, बटुवा-२६, सकिसके, वनिबुतो-२६, मन्तिर, स्वाँठ-२८, निको-२९, दाजु, मास्छ, घुर-३०, सिन्की, बल्ल-तल्ल, पल्टौं-३३, उक्लेर, चाँजो, मोसो-४०, रित्तो, स्वास्नी-४१, डाँको, भकुर्न-५१, पल्टाइदिए-५५, लक्कु-धक्कु-५५ ।

### (ख) अनुकरणात्मक शब्द

लिर्क्यो, लिसिक्क-२, झल्कन्थ्यो, थुर्थुराएर, चिच्याहट-३, कटाकट, झट्टै-४, मुसुक्क-५, च्याँ-७, झट्ट, मच्चिन्छ-८, छट्पटाएर-१३, दन्किए-१९, चुइकिदै, टमटम-२१, सुस्केरा-२२, छचल्किए, रन्थन-२५, दन्दन-२८, झसङ्ग, चसक्क-३०, रन्किए, चरक्क-३९, थर्रर, घनक्क घन्किन- ५४ ।

### (ग) तत्सम शब्द

स्वाधीनता-१, बन्धुत्व, हिमशैल-२, उपवन, प्रातः-५, नर, भू-स्वर्ग-६, स्वर्ग, नर्क-८, स्वदेश-९, दुष्ट-१०, श्रमदान-१४, शुद्धआत्मा-१५, अगम्य, अतिरम्य, मार्ग-२०, घना-२१, भीषण-२२, सतीत्व, अपवित्र, दुर्गति-२३, शोषित, नेत्र-२४, अविरल, कान्तिग्राम-२५, कर्मठ, शक्तिपिण्ड-२७, तन, कर्म, असह्य, कटु, पतन, भयङ्कर-२८, सुषुप्तता-२९, पिचास, संहार, शीघ्र-३०, यश, बलिष्ठ, सर्वनाश-३१, प्रण, दृढ, प्रतिज्ञा-३३, विलक्षण-३४, क्रुर-४६, दीप, आक्रोश-४५, दृश्य, विचित्र-४७, सर्वहारा, अनन्त, मुक्ति-४८, छद्मभेषी, वीर, सपूत, प्रिय पात्र, आसन-४९, सङ्घर्ष, क्रुद्ध, मौन-५१, शक्तिपिण्ड, झुण्ड-५३, अरुणोदय-५५, ताप, कुरीति, सुचित्र-५६ आदि ।

### (घ) आगन्तुक शब्द

प्यास-२, कुत्ता, जिन्दगी-८, लुटपीट, विन्ति, अकेल-११, दुनियाँ, लाल-१५, लडाकु, मजदुर-२३, बुलन्द, खातिर-२७, कडा, खुन, पागल-२८, हाँक-३०, ज्यादा-३१, बात, बदनाम, जवाफ-४०, मिटिङ, प्यार-४९, नौजवान, सवाई-५३, लाल सलाम-५६ आदि ।

यसरी नेपाली भाषाको मौलिकता झल्किने झर्रा नेपाली शब्दहरूका अतिरिक्त, तत्सम शब्दहरू, प्राकृतिक रूपले विकसित अनुकरणात्मक शब्दहरू, छिमेकी र आगन्तुक शब्दहरू खण्डकाव्यमा पर्याप्त प्रयोग गरिएका छन् । यस बाहेक नेपाली लेखाइमा प्रयोग हुने अल्पविराम (,) पूर्णविराम (।), निपात (नै, त, नी, र, रे, पृ.४,१५) प्रश्नवाचक (?), उद्धरण ( 'दाजु', पृ.३०), आश्चर्य (!), निर्देशक (युवकले भने-पृ.३३), संयोजक (पनि, र.. पृ.३२) जस्ता चिन्ह र शब्दहरू उपयुक्त स्थानमा प्रयोग गरेर भाषा र शैलीलाई अर्थपूर्ण, सार्थक र समृद्ध बनाइएको छ । मङ्गलाचरणबाट काव्यको कथानक गतिशील भई आदि, मध्य र अन्त्यको क्रमबद्धताका रूपमा शुभकामनामा पुगेर खण्डकाव्यको आख्यानीकरण विधिवत् टुङ्ग्याइएको देखिन्छ ।

## ५.७ बिम्ब, प्रतीक र अलङ्कार

अलङ्कार सम्प्रदायमा पूर्वमा भरतमुनिदेखि विश्वनाथ र जगन्नाथसम्म र बिम्ब सम्प्रदायमा पश्चिममा टी.ई. ह्यूम, एज्रा, पाउन्ड, टी.एस्. इलियट आदिबाट बिम्ब र

अलङ्कारलाई समधर्मी वा समानार्थी तत्त्वका रूपमा लिएको पाइन्छ । "पाश्चात्य साहित्यमा बिम्बलाई काव्यशोभाकारक तत्त्व वा अलङ्कारकै रूपमा र बिम्ब काव्यको साधनकै रूपमा मानिएको पाइन्छ । तसर्थ पूर्वीय अलङ्कारको स्थानापन्न भूमिका नै पश्चिममा बिम्ब र प्रतीक (इमेज एन्ड सिम्बोल)ले लिएको स्पष्ट देख्न सकिन्छ ।"[३६] साहित्यमा आभूषण तथा गहनाका रूपमा प्रयोग हुने बिम्ब, अलङ्कार र प्रतीक जस्ता काव्यतत्त्व गोविन्द भण्डारीको काव्यकृति **फिलिङ्गो** खण्डकाव्यमा पनि रहेका छन् । यहाँ यस खण्डकाव्यमा रहेका बिम्ब, प्रतीक र अलङ्कार आदिका केही उदाहरणहरू प्रस्तुत गरिएको छ :

**(क) बिम्ब**

यस खण्डकाव्यमा कविले 'आफ्नो छाति मुटु चिरेर पहिले बालेर मौलिकता' भनेर पहिलो झिल्कोको पहिलो श्लोकमा नै क्रमशः स्पृश्य बिम्ब र चाक्षुष (दृश्य) बिम्बको प्रयोग गरी खण्डकाव्यको रचना सुरु गरेका छन् । पात्र-चरित्र, घटना, वातावरण, परिवेशको चित्रण गर्दा पनि दृश्य बिम्बहरूको प्रयोग गरिएको छ । सर्जकका मानस पटलमा रहेको मानसिक तस्विरलाई सम्मूर्तित बनाउने चित्रात्मक भाषा नै बिम्ब हो । कलरिजका अनुसार कविको मौलिक प्रतिभाको प्रमाण नै बिम्ब हो ।[३७]

ऐन्द्रिक संवेदनाका आधारमा दृश्यतत्त्वसँग सम्बद्ध बिम्ब चाक्षुष बिम्ब हो । यस्ता बिम्बलाई रूपबिम्ब, दृश्यबिम्ब, साकारबिम्ब आदि विविध नाम दिइएको पाइन्छ । यस खण्डकाव्यमा यस्ता बिम्बहरूको बाहुल्य पाइन्छ । जस्तै :

एउटा गरिबी गाउँ थियो एक पहाडमा,

अनि नदी थियो एक त्यै गाउँको नजिकमा ।

उत्तरी कोणमा यौटा झल्कन्थ्यो हिमशैल नै,

पूर्वीय कोणमा राम्रो उपवन थियो कुनै ॥

(पहिलो झिल्को, ४औँ श्लोक, पृ.२)

यहाँ कविले एउटा पहाडी गाउँको गरिब बस्तीसँगै नजिकमा एउटा नदी, उत्तरमा हिमाल र पूर्वमा उपवन रहेको मनोरम प्राकृतिक दृश्य देखाएका छन् ।

त्यहाँ छ घर उसको तीन तले भयंकर,

हाम्रै बाहुपसिनाले कमाएको विशाल छ ।

---

[३६] लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण**, साझा प्रकाशन, २०६०, पृ.१५६ ।

[३७] ऐजन, ऐजन, पृ.१ ।

सुवेदी नामका बाजे जो बस्छन् यही मन्तिर,

उनको एउटा भैँसी लुटेथ्यो लाउँदै सुर ॥

(तेस्रो झिल्को, ४६औँ श्लोक, पृ.२८)

यहाँ महेश साहू बस्ने गाउँलेहरूले बनाएको तीन तले घर र त्यही घर मुन्तिर बस्ने सुवेदी बाजेको भैँसी लुटिएको घर भनेर पीडित र पीडक दुवैको रूपतत्त्व दर्साउने दृश्यबिम्ब छ । यस्तै दृश्यबिम्बहरू पहिलो झिल्कोभित्र ५,९,१० र १४ औँ श्लोकमा, दोस्रो झिल्कोको २,९,११,१७ र २४ औँ श्लोकमा र तेस्रो झिल्कोको २१,२९ र ४६ औँ श्लोकमा देख्न सकिन्छ । यस खण्डकाव्यमा दृश्यबिम्बको प्राचुर्य पाइन्छ ।

'इन्द्रिय संवेद्यताका आधारमा त्वक्इन्द्रिय र स्पर्श तत्त्वसँग सम्बद्ध बिम्बलाई स्पृश्यबिम्ब भनिन्छ ।'[३८] जस्तै :

बिहानै तिनका छोरा थुर्थुराएर उठ्दथे

उठेर तिनका छोरी सब धन्दा सकिहाल्दथे ॥

(पहिलो झिल्को, ९औँ श्लोक, पृ.३)

यहाँ पहिलो पङ्क्तिमा अभिव्यक्त 'बिहानै थुर्थुराएर उठ्दथे' वाक्यांशले इन्द्रिय संवेद्यतासँग सम्बन्धित स्पृश्यबिम्बको विशेषता देखाएको छ । एक अर्को उदाहरण :

बिहान बेलुका खाने बेलामा छ चिच्याहट,

जाडोले छटपटाउँछन् दाँत बज्छन् कटाकट ॥

(पहिलो झिल्को, १०औँ श्लोक, पृ.३-४)

यहाँ दोस्रो पङ्क्तिमा अभिव्यक्त 'जाडोले छट्पटाउँछन्' वाक्यांशले इन्द्रिय संवेद्यतासँग सम्बन्धित स्पृश्यबिम्बको विशेषता देखाउँछन् । गाउँमा गरिब गाउँलेका छोराछोरी बिहानै उठ्नु पर्दा जाडो तथा चिसोको स्पर्शले थुर्थुराउने र छटपटाउने गरेको सन्दर्भले यहाँ स्पृश्यबिम्बको प्रयोग भएको देख्न सकिन्छ । यस्तै खाने बेलाको चिच्याहट र जाडोका कारण दाँत बजेको कटकटले यसमा कर्ण संवेद्य/श्रव्य बिम्बको प्रयोग भएको पनि देखिन्छ । शरीरले प्रत्यक्ष थाहा पाउने गरी स्पृश्यजन्य क्रियाकलाप अभिव्यक्त भएका यस्तै स्पृश्य बिम्बहरू पहिलो झिल्कोको १ र १२ औँ श्लोकमा र तेस्रो झिल्कोको १, २०, ३७ र ५४ औँ श्लोकमा पनि भेटिन्छ ।

---

[३८] लक्ष्मणप्रसाद गौतम, पूर्ववत्, पृ.१७१ ।

यहाँ केही ठाउँमा श्रव्य बिम्ब/कर्णसंवेद्यबिम्बको पनि प्रयोग भएको पाइन्छ । ‘इन्द्रिय संवेद्यताका आधारमा शब्दतत्त्वसँग सम्बद्ध बिम्बलाई श्रव्यबिम्ब भनिन्छ । शब्दबिम्ब, श्रुतिबिम्ब, नादबिम्ब, ध्वनिबिम्ब आदि विविध रूपमा यस बिम्बलाई जान्न सकिन्छ । यस्ता बिम्बमा कुनै ध्वनि वा आवाज, आवाजको अनुकरण आदि प्रयुक्त हुन्छन् ।’[३९] जस्तै :

भारी चुइँकिदै राख्थ्यो, हिंड्दथे सब टम्टम ।

सुस्केरा हाल्दथे कोही, कोही पात बजाउँथे ।

(तेस्रो झिल्को, १७ औँ श्लोक पृ.२१)

दिनहुँ कलह मच्चिन्छ हाम्रो झोपडीमा किन,

खाने औ लाउने बेला कोलाहल हुने किन ?

(पहिलो झिल्को, २४ औँ श्लोक, पृ.७)

यहाँ ‘भारी चुइँकिदै’, ’टम्टम हिँड्दथे’, ‘सुस्केरा हाल्दथे’ र ‘पात बजाउँथे’ शब्दहरूमा, ‘कलह मच्चिन्छ’ जस्ता शब्दहरूमा श्रवणसम्बद्ध ध्वनि तथा आवाज बुझाउने बिम्ब पर्न गएकाले यहाँ श्रव्यबिम्बको प्रयोग भएको देखिन्छ । यस्तै ‘छोराछोरीहरू सारा रोई रोई बसे त्यहाँ (पृ.५) र ‘भँगेरा सरी बच्चा ‘च्याँ’ गर्दै मुख बाँउछन्’ (पृ.७) पङ्क्तिहरूमा पनि कर्णसंवेद्यबिम्ब रहेको देखिन्छ । यस्तै श्रव्य बिम्बको झिल्काहरू क्रमशः पहिलो झिलकोको २, १०, १२ र १९ औँ श्लोकमा, तेस्रो झिल्कोको २०, २२, २५, र ४१ श्लोकमा, चौथो, झिल्कोको १६, २२, ३० र ३२ औँ श्लोकमा र पाँचौँ झिल्कोको १०, २२, ३१, ३६ र ३७ औँ श्लोकमा रहेका देखिन्छन् । यसरी खोज्दै जाँदा यस खण्डकाव्यमा बिम्बको बाहुल्य पाइन्छ ।

**(ख) प्रतीक**

साहित्यमा कुनै पनि अप्रस्तुत वा अनुपस्थित विषयलाई त्यसको सट्टामा काम लिनका लागि प्रयोग गरिने वस्तु वा सङ्केतलाई प्रतीक भनिन्छ । प्रतीकले ध्वन्यात्मक अर्थ दिन्छ । यसको अर्थ लाक्षणिक र व्यञ्जनात्मक हुन्छ । साहित्य तथा भाषामा सादृश्य वा साहचर्यद्वारा कुनै चिजको प्रतिनिधित्व गर्ने वस्तुलाई प्रतीक भनिन्छ । यसले कुनै विचार वा गुणको प्रतिनिधित्व गर्छ ।[४०] यस खण्डकाव्यमा पनि प्रतीकको प्रयोग पाइन्छ । केही उदाहरण :

---

[३९] ऐजन, ऐजन, पृ.१५२

[४०] मेहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत, पृ.३१६

ढाकेले दृढ प्रतिज्ञा पाटीभित्र गरे ठूलो,

"सहन्नौं कहिल्यै हामी अत्याचार महेशको !!"

'हामीमा उसको यस्तो दमन चक्र चली सक्यो,

ब्वाँसाको चुसाहा भाव गाउँमा देखिई सक्यो ॥'

(तेस्रो झिल्को, ६५ औँ श्लोक, पृ.३३)

'भैंसीकाण्ड अनि महेश छलीको शोषण पनि जानियो,

जुम्राको जीत फेर हार जनको भन्ने पनि जानियो ॥'

(चौथो झिल्को, २ औँ श्लोक, पृ.३५)

यहाँ ब्वाँसो र जुम्रो शोषकको प्रतीकका रूपमा प्रयोग भएको पाइन्छ । यस्तै 'भू-स्वर्ग' सुन्दर नेपालको प्रतीक (पृ.६) 'महल' र 'झोपडी' धनी र गरिबको प्रतीक (पृ.८), 'उज्यालो लाल सूर्य सुधार र परिवर्तनको प्रतीक (पृ.१५), 'क्रान्ति राँको' वर्गसंघर्ष र परिवर्तनको प्रतीक (पृ.२७), 'सिन्की र पीठो आटो' सर्वसाधारण नेपालीको खानाको प्रतीक (पृ.३२), 'आगो' उज्यालो र क्रान्तिको प्रतीक (पृ.३६), 'दुष्ट पिचास लुब्धहरू' दलाल र चाकडीबाजहरूको प्रतीक (पृ.४२) आदि ठाउँ-ठाउँमा प्रतीकको प्रयोग पर्याप्त भेट्न सकिन्छ ।

फिलिङ्गो' आफैँ क्रान्ति र उज्यालोको प्रतीक हो । सामान्य गाउँले जीवन बिताइरहेका पुष्पपुरे श्रमजीवीहरूलाई कान्तिग्रामबाट लखेटिएको महेश पुष्पपुरमा आई शोषण र अत्याचार गर्छ । अन्याय, अत्याचार, असन्तोष र विद्रोहका झिल्काहरू सङ्घर्षको रूपमा विकास भएपछि गाउँमा क्रान्तिको आगो बल्छ । दुवै पक्षका बीच सङ्घर्ष चर्किन्छ । अन्ततः क्रान्तिले धपक्क बलिरहेको आगाको फिलिङ्गामा शोषणका सबै किटपतङ्ग डढेर भष्म हुन्छन् र पुष्पपुरका बासिन्दाहरू आफ्नो गाउँलाई शोषणबाट मुक्त गर्न सफल हुन्छन् । यसर्थ 'फिलिङ्गो' क्रान्ति र उज्यालोको प्रतीक भएको छ । आम नेपाली जनसमुदाय आगाका फिलिङ्गा हुन् र हरेक व्यक्ति तथा सर्वसाधारण सचेत नागरिक आगाका झिल्का हुन् । आगाका झिल्का र फिलिङ्गा उपयोग गर्न जाने जीवनलाई न्यानो र तातो ऊर्जा दिन सक्छ, उपयोग गर्न नजाने वा उपेक्षा गरे ससाना झिल्काहरू फिलिङ्गो बनेर शोषकलाई डढाउन सक्छ भन्ने प्रतीकात्मक अर्थ दिन **फिलिङ्गो** खण्डकाव्य सफल देखिन्छ । त्यसैले यहाँ प्रतीक छ ।

**(ग) अलङ्कार**

साहित्यमा आभूषण तथा गहनाका रूपमा प्रयोग हुने विभिन्न अलङ्कार **फिलिङ्गो** खण्डकाव्यमा पनि रहेका छन् । पाउको अन्त्यमा एकै समानको वर्ण दोहोरियो भने अन्त्यानुप्रास अलङ्कार हुन्छ र सजातीय स्वरव्यञ्जन अनियमित रूपले धेरैपटक दोहोरिएमा वृत्यानुप्रास हुन्छ । **फिलिङ्गो** खण्डकाव्यमा प्रायः सबैतिर अनुप्रास अलङ्कार पाइन्छ । केही उदाहरण :

जागा बनाऔँ इतिहास नौलो,

छरौँ नयाँ सिर्जनको उज्यालो ।

लेखौँ नयाँ जीवनको सुचित्र,

सङ्घर्षको लाल सलाम ! मित्र ॥

(पाँचौँ झिल्को, ४४ औँ श्लोक पृ.५६)

यहाँ हरेक दुई-दुई पाउका अन्तमा एकै समानको वर्ण लो-लो र त्र-त्र दोहोरिएर प्रयोग भएकाले यो श्लोकमा अन्त्यानुप्रास अलङ्कारको प्रयोग भएको छ । यसै श्लोकभित्र पनि बनाऔँ, छरौँ, लेखौँ, नयाँ-नयाँ, सिर्जनको, जीवनको शब्दहरूका अनियमित रूपमा उस्तै-उस्तै स्वर र व्यञ्जन वर्ण दोहोरिएर प्रयोग भएकाले वृत्यानुप्रास अलङ्कार बनेको देखिन्छ । पाउको अन्त्यमा एकै समानको वर्ण दोहोरियो भने अन्त्यानुप्रास अलङ्कार हुन्छ । यो अनुप्रासको एउटा भेद हो ।

फटाहा दुष्टले हामी माथि ज्यादै डसी रह्यो,

हाम्रो यो पसिना उस्कै मुखभित्र पसी रह्यो ?

राम्रा पशुहरू देखे उस्कै राल खसी रह्यो,

हाम्रो गाउँ अँधेरामा दिनदिनै फसी रह्यो ?

(तेस्रो झिल्को, २३ औँ श्लोक पृ.२३)

प्रस्तुत कविताको पङ्क्तिपुञ्जमा चारै पाउका अन्तपूर्वमा डसी, पसी, खसी, फसी ( सी-सी) र अन्त्यमा चारै पाउका चारै शब्दहरू एउटै स्वरूप र वर्णको शब्द 'रह्यो' दोहोरिन गएकाले अन्त्यानुप्रास अलङ्कार बनेको देखिन्छ । यस खण्डकाव्यको प्रायः सबैजसो श्लोकमा अन्त्यानुप्रासको प्रयोग पाइन्छ ।

उपमेयमा उपमानको आरोप नै रूपक हो । एक वस्तुसँग अर्को वस्तुलाई अभिन्न हुने र अन्तर नहुने गरी राख्नु नै आरोप गर्नु हो । आरोपलाई अभेद र तादात्म्य पनि भनिन्छ । यसरी रुपक अलङ्कारले फलानो नै फलानो हो भन्ने कुरा तोकेर बताउँछ ।[४१] जस्तै :

मूर्तरूप बन्यो जुम्रो गाउँभित्र चुसाइको,

निचोरिने छ एक चोटि ढाडिइ रहने जुको ।

जनतामा अति गर्नु अत्याचार नगर्नु रे,

निर्धाको पनि उज्यालो लाल सूर्य उदाउछ ॥

(तेस्रो झिल्को, १९ औँ श्लोक पृ.१५)

एकले बीचमा भन्छः यो यौटा चोर हो सखे,

फटाहा एक हो सम्झ यसले सब चुस्दछ ।

जोगिनु पर्छ है हामी विषालु सर्प एक हो,

यदि टोक्यो भने मार्छ, तर्क तर्क सबै अहो ॥

(तेस्रो झिल्को, २ औँ श्लोक पृ.१७)

उपर्युक्त दुई कवितांशमा महेशको सामन्ती र शोषक स्वभाव एवम् चरित्रलाई क्रमशः जुम्रो, जुको, चोर, फटाहा, विषालु सर्प भनेर आरोप गरिएको छ । यहाँ महेश रूपी उपमेयमाथि मानवजातिलाई दुख दिने परजीवीका रूपमा बुझिने जुम्रो, जुको, चोर, फटाहा, सर्प भनेर उपमानको सोकै आरोप भएकोले यहाँ रूपक अलङ्कार छ । यस्तै जुम्रा, ब्वाँसा, उडुस, धूर्त, भडुँवा, वैरी, दुष्ट आदि दुख, कष्ट र शोषणका रूपहरू दर्साउने र सामन्ती चरित्र देखाउने महेशलाई उपमेय बनाएर उपमानको आरोप लागेर रूपक अलङ्कार भएका अन्य कवितांशहरूमा तेस्रो झिल्कोको क्रमशः २, ४ र ६५ औँ श्लोक र चौथो झिल्कोको क्रमशः ५, १६, २५, ३३ र ३४ औँ श्लोकहरूमा पनि रहेका छन् ।

एउटा वस्तुको छेउमा अर्को वस्तुलाई राखेर त्यसको समानता प्रस्तुत गर्नु नै उपमाको अर्थ हो ।  जसको तुल्यमा देखाएको छ त्यो उपमान, जसमा तुल्यता देखाएको छ,

---

[४१] हिमांशु थापा, पूर्ववत्, पृ.२६० ।

त्यो उपमेय हुन्छ । प्रासङ्गिक उपमेय र बाह्य उपमान दुवैको कुनै धर्म-विशेषले तुल्यताको वर्णन गरिएमा उपमा अलङ्कार हुन्छ ।[४२] केही उदाहरण :

भारी बोकेर थाकेर जब ती बाबु आउँछन्,

भँगेराका सरी बच्चा 'च्याँ' गर्दै मुख बाउँछन् ।

साच्चै दरिद्रका साथ खेले पनि लडिबुडी,

खोक्रो मादलको जस्तो खोक्रो जिन्दगी औ भुँडी ॥

(पहिलो झिल्को, २३ औं श्लोक, पृ.७)

मेरो बस्ती सरेको हो, म आएँ यस ठाउँमा,

गाउँलेहरूको सक्दो दया गर्छु भनिकन ।

दरबार सरि मेरो घर छोडी पसेँ यहाँ,

जग्गा बारी पखेरा र पशु छोडी पसेँ यहाँ ॥

(दोस्रो झिल्को ४ औं श्लोक, पृ.११)

प्रस्तुत दुवै कवितांशमा क्रमशः भँगेराका सरी बच्चा, खोक्रो मादलको जस्तो 'खोक्रो जिन्दगी औ भुँडी' र 'दरबार सरि मेरो घर' भनेर 'सरी' र 'जस्तो' शब्दले भँगेरा र गरिब मजदुरका बच्चा, खोक्रो मादल र भोको पेट अनि दरवार र घरका बीच तुलना गरी वर्णन गरिएको छ । गरिबका बच्चा, भोको र खोक्रो पेटको जिन्दगी र महल तथा घर यी प्रासङ्गिक उपमेयलाई भँगेराका बच्चा, खोक्रो मादल र दरबार जस्ता बाह्य उपमानसँग समानता तथा सादृश्यता दर्साई तुल्यतापूर्ण वर्णन गरिएकोले उपर्युक्त दुई कवितांशमा उपमा अलङ्कार छ । यस्तै प्रासङ्गिक उपमेय र बाह्य उपमानका बीच तुल्यताको वर्णन गरिएका उपमा अलङ्कारका उदाहरणहरू पहिलो झिल्कोको ६ र २४ औं श्लोक, दोस्रो झिल्कोको ७ औं श्लोक, तेस्रो झिल्कोको ९, १५, ४५, ४७, ४८, ४९ र ५४ औं श्लोक चौथो झिल्कोको ३१ र ३५ औं श्लोक र पाँचौं झिल्कोको २० र ३१ औं श्लोकहरूमा पनि देख्न सकिन्छ ।

उपमेय र उपमानमा साधारण धर्म बिम्ब-प्रतिबिम्ब भावमा व्यक्त भयो भने दृष्टान्त अलङ्कार हुन्छ । यसमा एउटा वाक्यको अर्को वाक्यमा छाया परेको हुन्छ ।[४३] जस्तै :

---

[४२] सोमनाथ शर्मा, पूर्ववत्, पृ.२१७ ।

[४३] ऐजन, ऐजन, पृ.२६० ।

प्रशंसा अति नै चल्छ अन्यत्र पुष्पपुरको,

सबैले भन्दछन् कस्तो एकता मित्रता अहो ।

यौटाको निम्ति गाउँ नै मर्नु परे तयार छ,

त्यहाँ त मित्रता साह्रै मासु औ नङ तुल्य छ ।

(तेस्रो झिल्को ४९ औँ श्लोक, पृ.२९)

यस कवितांशमा अन्तिमका दुई पङ्क्तिहरू मध्ये पहिलो पङ्क्ति यौटाको निम्ति गाउँ नै मर्न तयार रहेको वाक्यलाई पुष्टि गर्न दृष्टान्तका रूपमा दोस्रो पङ्क्ति नङ र मासुको जस्तो मित्रता भनेर नमुना प्रस्तुत गरिएकोले यसमा दृष्टान्त अलङ्कार छ ।

बत्तीले चारैतिर उज्यालो पारे जस्तै दीपक अलङ्कारले पनि उपमेय र उपमान दुवैको एउटै धर्म वा स्वभावको वर्णन गरी प्रकाश पारेको हुन्छ । सङ्क्षेपमा उपमेय र उपमान दुवैको एउटै धर्म वा गुण बुझाउँछ ।[४४] जस्तै :

हामी मजदूर हौं सारा, हाम्रो जमीन कम्ति छ,

एक मैना पनि खाने अन्न हुन्न त्यहाँ तर ।

तै पनि डाँस, किर्नाले, जुम्राले र उडुसले,

राल चुहाउँदै टोकी लुछी चुसी सकी सके ॥

(तेस्रो झिल्को ३७ औं श्लोक, पृ.२६)

यहाँ अन्तिम दुई पङ्क्तिमा गाउँले जनतालाई शोषण गर्ने शोषक महेशरूपी उपमेय र उस्तै मान जातिलाई टोकेर रगत चुसेर दुख दिने डाँस, किर्ना, जुम्रा र उडुसरूपी उपमान दुवैको धर्म वा स्वभाव एउटै देखाइएकाले यहाँ दीपक अलङ्कार छ । यसै प्रकृतिको अलङ्कार चौथो झिल्कोको ८, ९, १० र ११ औं श्लोक (पृ.३८) मा नेताको नेतृत्त्व र स्वभाव एवम् गाउँले जनताको चाहना देखइएको छ । यस्तै पहिलो झिल्कोको २५ औं श्लोकमा दीपक अलङ्कार भेटिन्छ ।

उपमेयमा उपमानको सम्भावना हुनु उत्प्रेक्षा अलङ्कार हो । विशेष रूपले उपमानलाई हेर्नु नै उत्प्रेक्षाको अर्थ हो । सम्भावनाको स्थिति सन्देह र रूपकको बीचमा

[४४] हिमांशु थापा, पूर्ववत्, पृ.२७०

पर्दछ । सन्देह अलङ्कारमा शङ्का र रूपकमा निश्चितता हुन्छ । मानौँ, सम्भवतः, निश्चय, कि, प्रायः, झैँ आदि यस अलङ्कारका वाचक शब्द हुन् ।[४५] केही उदाहरण :

भन्दै एकदिनमा उसले गाउँले हात पार्दछ,
कस्तो धाक लगाउँदै गाउँमा हक बसाल्दछ ।
पछि फेरि कुनै यौटा सहयोग गर्छ कि भनी
गरे काम सबै उसको केही शङ्का भए पनि ॥

(तेस्रो झिल्को ८ औं श्लोक, पृ.१२)

साथी गुप्त रहे, सिपाहीहरूका आँखा अँध्यारा भए,
भै सल्लाह अनेक गाउँघरमा निष्कर्ष नौला खुले ।
झन्झन् धूर्त महेशमाथि सबले धिक्कार गर्दै रहे,
बाँच्लास् कि भँडुवा अझै पनि यसै ! भन्दै रिसाई रहे

(चौथो झिल्को ३३ औं श्लोक, पृ. ४३)

यहाँ पहिलो कवितांशको अन्तिम दुई पङ्क्तिमा गाउँले मजदुरहरूले दैनिक ज्याला तथा मजदुरी नपाए पनि महेशले पछि कुनै यौटा सहयोग गर्छ कि' भनेर उसबाट सहयोगी पाउने सम्भावना देख काम गरिरहेको सन्दर्भ र दोस्रो कवितांशमा महेशलाई सचेत गराउने तरिकाले गाउँलेहरूले मिलेर कारवाही गर्दा पनि उल्टै प्रहरी प्रशासनको दमनचक्र चलाउँदा धूर्त महेश अझै पनि 'बाँच्लास् कि भनेर उसको जीवनलीला छिटै समाप्त हुने सम्भावना देखाएकोले यी दुवै श्लोकमा उत्प्रेक्षा अलङ्कार छ ।

दुई वा धेरै वस्तु वा व्यक्तिको वास्तविक रूपमा विरोध नभए पनि विरोधको झझल्को हुनु नै विरोधाभास अलङ्कार हो । जस्तै :

घर बनाउने मान्छे थोत्रा झोपडीमा पसे,
बसी थकाइ लागेको मान्छे महलमा पस्यो ।

(दोस्रो झिल्को, २४ औं श्लोक, पृ.१६)

यहाँ घर बनाउने मान्छे थोत्रो झोपडीमा बस्नु पर्ने र बसी खाने, केही काम नगर्ने मान्छे महलमा बस्ने जस्तो वास्तविकतासँग मेल नखाने, काम गरेअनुसारको सम्मानजनक

---

[४५] ऐजन, ऐजन, पृ.२६२-२६३

परिस्थिति कविताको श्लोक तथा पाउहरूले नबताई विरोधाभासको झझल्को दर्साएको हुँदा यसमा विरोधाभास अलङ्कारको प्रयोग भएको देखिन्छ ।

केही कवितामा सन्देह अलङ्कार पनि रहेको पाइन्छ । संदेह भनेको शंका हो । उपमेयमा उपमानको शङ्का भयो भने सन्देह अलङ्कार हुन्छ । यसका लागि सादृश्यपूर्ण र चमत्कारपूर्ण संशय आवश्यक हुन्छ ।[४६] जस्तै :

लुके ती छरिएर जङ्गलमहा पुलिसका त्रासले

के हो ? के गरियो ? र के हुन गयो ? भन्ने ठूलो सोचले ॥

(चौथो झिल्को, ३१ औं श्लोक, पृ.४३)

यहाँ गाउँले युवाहरू पुलिसका डरले मध्यरातमा एकाएक गाउँभित्र प्रवेश गरी महेशको उजुरीले जनतामाथि दमन गर्न खोज्दा भागेर जङ्गल पसेका युवाहरू आपसमा एक्कासी के आइलाग्यो ? के भयो ? अब के हुन्छ ? के होला ? यस्तै शंका-उपशंका गरेको भाव वा सन्देह अलङ्कार रहेको छ । यस्तै सन्देह अलङ्कार तेस्रो झिल्कोको पृ.२१, ३२ र ३३ मा पनि रहेको देखिन्छ ।

साधारण वर्णनलाई असाधारण रूपमा वर्णन गरेमा त्यसलाई अतिशयोक्ति अलङ्कार भनिन्छ । यस खण्डकाव्यमा यस्तो पाइन्छ । जस्तै :

फकाई पहिले जनता ब्वाँसाले सरि लुट्दछन्,

जनताको रक्तमा पौडी खेली मानिस भुटदछन् ।

(तेस्रो झिल्को, ४७ औं श्लोक, पृ.२९)

यहाँ दोस्रो पाउमा पूरै असामान्य र असाधारण तरिकाले हुन नसक्ने कुराको वर्णन भएको छ । सामन्त वर्गले जनताको शोषण र दमन गरे पनि मान्छेको रगतमा पौडी नै खेल्ने र मान्छेलाई भुट्ने कुरा जस्तो अपत्यारिलो कुरा उल्लेख भएकोले यसमा अतिशयोक्ति अलङ्कार छ ।

यसरी **फिलिङ्गो** खण्डकाव्यमा विभिन्न बिम्ब, प्रतीक र अलङ्कार रहेका छन् । 'आफ्नो छाति मुटु चिरेर पहिले बालेर मौलिकता' भनेर पहिलो झिल्कोको पहिलो श्लोकमा नै क्रमशः स्पृश्य बिम्ब र चाक्षुष (दृश्य) बिम्बको प्रयोग गरी खण्डकाव्यको रचना सुरु गरेका छन् । पात्र-चरित्र, घटना, वातावरण, परिवेश देखाउँदा दृश्य बिम्बहरू प्रशस्तै भेटिन्छन् । महेश साहुले पुष्पपुरे गाउँलेहरूसँग चिप्ला फटाई कुरा गर्दा बोलेका कुराहरू

---

[४६] खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृ. २६२ ।

'दरवार सरि मेरो घर छोडी पसे' यहाँ 'र' भाइ झैँ ठान्दछु मैले चाहन्छु गर्न गन्थन' जस्ता पङ्क्तिहरूमा 'सरि', 'झैँ' शब्दहरू उपमाका रूपमा अलङ्कार रहेका छन् । अनुप्रास, उपमा, रूपक, दीपक, उत्प्रेक्षा, सन्देह, अतिशयोक्ति, विरोधाभास जस्ता अलङ्कारहरू आवश्यक ठाउँमा प्रयोग गरी खण्डकाव्यको भाषाशैलीलाई विशिष्ट तुल्याइएको छ ।

## ५.८ कथनपद्धति

कथनपद्धति कवितामा अभिव्यक्त वा प्रयुक्त एक प्रकारको भाषिक शैली हो । यसले कविता वा काव्यको रूपरचनालाई बुझाउँछ । गोविन्द भण्डारीको यो खण्डकाव्यको प्रथम झिल्कोदेखि पाँचौँ झिल्कोसम्म मेरो, म, हामी, हाम्रो, देख्दछु, मरेँ, ठान्दछु, दिन्नौँ, बुनौँ, जाउँ-जाउँ, जुझ्छौँ, गरौँ न जस्ता प्रथम पुरुषीय शब्दहरू कविप्रौढोक्तिका रूपमा प्रयोग भएको पाइन्छ । यस्तै गरी द्वितीय पुरुषका रूपमा तिम्रै, तिम्रा, हजुरको, तपाईंहरू, गर्नोस्, तपाईंको, तिमीलाई, जाउ, गऱ्यौ, ल्याऊ, खोल जस्ता कविनिबद्ध पौढोक्ति, दोस्रो झिल्कोदेखि पाँचौँ झिल्कोसम्म र तृतीय पुरुषका रूपमा पुष्पपुरे, ढाक्रे, सेते, गाउँलेहरू, महेश, नौजवान, कान्तिग्राम, पुलिस, सेना, मुलुक आदि गाउँ-ठाउँ, व्यक्ति, देश, विदेश, वस्तु, ऊ, ती आदि नाम, सर्वनाम प्रयोग गरी कविनिबद्ध प्रौढोक्ति कथनपद्धति प्रयोग भएको देखिन्छ । द्वितीय पुरुष आंशिक रूपमा, प्रथम पुरुष केही बढी (मध्यम) र तृतीय पुरुष कथनपद्धति पर्याप्त मात्रामा प्रयोग गरिएको पाइन्छ । यसरी **फिलिङ्गो** खण्डकाव्यमा विभिन्न कथनपद्धतिको प्रयोग भएको देखिन्छ ।

## ५.९ संरचना

**फिलिङ्गो** खण्डकाव्य पाँच झिल्कोमा संरचित छ । पाँच झिल्कोमा विभाजित यस खण्डकाव्यमा तीनवटा छन्द, छन्दअनुसार चारदेखि छ पाउसम्मको श्लोक (पृ.३,७ र ५५), आठ अक्षर देखि १९ अक्षरसम्मको पाउको संरचनाका आधारमा पद्यात्मक कविताबाट यस खण्डकाव्यको निर्माण भएको छ । बिजोड पङ्क्तिमा अल्पविराम (,), पहिलो जोड पङ्क्तिमा एउटा पूर्णविराम (।) र दोस्रो जोड पङ्क्तिमा दोब्बर पूर्वविराम (॥) दिएर हरेक श्लोकलाई व्यवस्थित गरिएको देखिन्छ । खण्डकाव्यभित्र झिल्कोगत श्लोक सङ्ख्या, हरफ (पाउ), अक्षर, छन्द आदिलाई सूचीबद्ध गरी निम्नअनुसार देखाउन सकिन्छ :

| झिल्को | छन्द | श्लोक | हरफ/पाउ | अक्षर | अन्य |
|---|---|---|---|---|---|
| पहिलो | शार्दूलविक्रीडित (१९ अक्षर) | २९ | १२० | २२८० | २ वटा श्लोक ६/९ पाउको |
| दोस्रो | अनुष्टुप् (१६ अक्षर) | २४ | ९६ | १५३६ | - |
| तेस्रो | अनुष्टुप् (१६ अक्षर) | ६८ | २७२ | ४३८४ | ८/८ का अक्षरका २ वटा मात्र श्लोक |
| चौथो | शार्दूलविक्रीडित (१९ अक्षर) | ३५ | १४० | २६६० | - |
| पाँचौं | उपजाति (११ अक्षर) | ४५ | १८४ | २०२४ | २ वटा श्लोक ६/६ पाउका |
| **जम्मा** | **जम्मा छन्द प्रकार ३** | **२०१** | **८०८** | **१२८८४** | |

यसरी उल्लिखित खण्डकाव्यको संरचनागत स्वरूपमा पहिलो झिल्कोको आठौँ र बाइसौँ श्लोकमा ६/६ पाउका दुई श्लोक र तेस्रो झिल्कोको सत्रौँ र उनन्तीसौँ श्लोकमा ८/८ अक्षरले पाउ/हरफको संरचना देखिन्छ । यसै गरी पाँचौं झिल्कोको एकचालीसौँ र बयालीसौँ श्लोकमा ६/६ पाउ/हरफले दुई श्लोकको निर्माण भएको पाइन्छ । छन्दमा सिर्जना भएकाले छन्दअनुसारका कविताका हरफहरू हारी तथा बान्की मिलेका देखिन्छन् । पहिलो र पाँचौं झिल्कोका २/२ श्लोक बाहेक अन्य सबै १९७ श्लोक ४/४ पाउले बनेका छन् । खण्डकाव्यमा शब्द, वाक्यांश र पाउहरूको अर्थ, भाव र अभिव्यक्तिलाई अर्थ स्पष्ट पार्न भाषागत व्याकरणीय नियमहरूको परिपालना गरेको देखिन्छ । आवश्यक स्थानमा विषय प्रसङ्गअनुसार अल्पविराम (,), पूर्णविराम (।/॥), प्रश्नचिन्ह (?), आश्चर्य (¤), निर्देशक (-), उद्धरण ('...') आदि चिन्हहरूको यथोचित प्रयोग गरेर काव्यात्मक भाषाशैलीलाई संरचनाले व्यवस्थित गरेको पाइन्छ । हरेक श्लोकको बीचमा त्रिशूल तथा तीररूपी चिन्ह र हरेक झिल्कोको अन्तमा 'बिसौनी' शब्दको प्रयोग गरेर संरचना व्यवस्थित भएको देखिन्छ ।

## ५.१० शीर्षक

कवि गोविन्द भण्डारीको **फिलिङ्गो** खण्डकाव्य (२०३६) पञ्चायतकालको रचना हो । यस खण्डकाव्यको नामकरण 'फिलिङ्गो' तीन अक्षरले बनेको छ । पूर्णरूपमा बलिरहेको आगोको अगुल्टाको एउटा खण्डको अर्थ दिने फिलिङ्गो र यसबाट पनि ससाना खण्ड भई चोइटिएर छरिने तथा आगोको फिलिङ्गो चड्किएर उड्ने मसिना कणहरूका रूपमा यहाँ दुई अक्षरको झिल्को नाम दिएर सर्ग योजना गरिएको छ । त्यसैले यसमा तत्कालीन शासन व्यवस्थाको झलक पाइनु स्वाभाविक छ । केन्द्रदेखि स्थानीय तहसम्मका सरकारी संयन्त्रहरू मार्फत् सरकारी सेवा सुविधामा सर्वसाधारण जनताको पहुँच के कति छ र राज्यको स्रोत-साधन (राजस्व)को समान वा असमान वितरण प्रणाली कस्तो छ, कस्तो हुनुपर्ने हो भन्ने विषयलाई गहन खोज गरी सामाजिक परिवर्तनको गतिलाई छिटो टेवा पुगोस् भन्ने अपेक्षा गरेर कविले समय र समाजसापेक्ष शीर्षक चयन गरेको देखिन्छ । २०३६ सालको सामन्तवादी एकदलीय पञ्चायती व्वस्थामा हुँदा खाने र हुनेखानेका बीचको दूरी बढ्दै गएर ती दुईका बीच विद्यार्थी आन्दोलनहरूमा शिक्षक, विद्यार्थी, कर्मचारी, समाजसेवी, बुद्धिजीवी, कृषक र मजदुरको आआफ्नो समूह राजनैतिक र सामाजिक परिवर्तनका लागि सङ्घर्ष गर्न आतुर भइरहेको सन्दर्भमा यो खण्डकाव्यको रचना हुन गएको देखिन्छ । पञ्चायती प्रशासकका स्थानीय भरौटे समूहभित्र पर्ने मण्डले नामका केही युवा समूहका युवापङ्क्ति र आमूल परिवर्तन चाहने आम नेपाली जनताका पक्षधर प्रगतिशील समूहका युवा पङ्क्ति बीच अन्तर्द्वन्द्व एवम् शीतयुद्ध चलिरहेको अवस्थामा खण्डकाव्यकार पनि यही दोस्रो समूहबाट गुज्रेर अनुभव बटुलिरहेका थिए । कविको शब्दमा भन्नुपर्दा यो थिच्ने वर्गका विरुद्ध थिचिने वर्गको चेतना जागृत गराउने उद्देश्यले रचना गरिएको खण्डकाव्य हो । क्रान्तिको प्रतीक रातो रङ्ग भए झैँ युवा वर्गमा रातो र तातो जोश जाँगर भराई अग्नि स्वरूप क्रान्तिको **फिलिङ्गो** सिर्जना गरी समाजमा व्याप्त सामन्त शोषकलाई तह लगाउन सन्देश दिने 'फिलिङ्गो' शीर्षक सङ्घर्षै-सङ्घर्षले भरिएको देखिन्छ ।

**फिलिङ्गो** खण्डकाव्यको नाम शीर्षकसँग यसका पाँच उपशीर्षक तथा सर्गका रूपमा खण्डित पहिलो, दोस्रो, तेस्रो, चौथो र पाँचौं झिल्को नाम दिएर कान्तिग्राम र पुष्पपुरका नौजवान र सेते जस्ता सङ्घर्षशील युवाहरूको एकताबद्ध आन्दोलनबाट महेश जस्ता शोषकहरू विरुद्धको लगातार तीन पटकसम्मको लडाइँमा सफल भएको पाइन्छ । प्रथम झिल्कोदेखि पाँचौं झिल्कोसम्मका सामन्ती शोषण विरुद्धको जनसङ्घर्षको पाठ सिकाउने यो **फिलिङ्गो** खण्डकाव्य वर्गसङ्घर्षको लागि महाभारतको 'गीता' जस्तै शिक्षाप्रद देखिन्छ । खण्डकाव्यको शीर्षक **फिलिङ्गो** भए जस्तै हरेक सर्गको शीर्षक 'झिल्को' पनि सार्थक र उपयुक्त छ ।

**फिलिङ्गो** खण्डकाव्यको अन्तमा सामन्ती साहू महेश जस्ता सबै अवशेष ऊसँगै भष्म गराई सर्वहारा वर्गको सङ्घर्ष सफलतापूर्वक सम्पन्न भएको देखाइएको छ । गाउँलेहरू

अन्य दलालहरूबाट पनि महेशको घरबाट जस्तै आआफ्ना लेनदेनको हिसाब फिर्ता गरी छाड्छन् । गाउँका अत्याचारी सामन्त दलालहरूका घरबाट जाली तमसुक च्यातेर, आफ्ना लुटिएका बस्तुभाउ फिर्ता लिएर गाउँलेहरू शोषण-उत्पीडनबाट मुक्त भएको घोषणा गर्छन् । यसरी खण्डकाव्यमा सङ्घर्ष सफल भएको र पुष्पपुरका जनता शोषणमुक्त भएको देखाइएको छ । मानवसमाजमा परम्परागत सामाजिक संस्कार बनेर जरा गाडेर बसेको सामन्ती शोषण सामाजिक विकासमा बाधक भएकाले जनताले नै त्यसलाई ठेगानमा लगाएका छन् । जनता फिलिङ्गो हुन् । ती अति शक्तिशाली हुन्छन् र कुरीति, कुसंस्कार र सामन्तलाई उखेलेर फ्याँक्न सक्छन् र उज्यालो भविष्य ल्याउन सक्छन् भन्ने देखाइएको छ ।

## ५.११ निष्कर्ष

यसरी सामान्य पहाडी गाउँले जीवन बिताइरहेका पुष्पपुरे श्रमजीवीहरूलाई कान्तिग्रामबाट लखेटिएको महेश पुष्पपुरमा बसाइ सरी स्थानीय केही साहू सामन्तहरूलाई आफ्नो दलाल र भरौटे बनाएर चरम शोषण र अन्याय, अत्याचार गर्छ । अन्याय, अत्याचार, असन्तोष र विद्रोहका झिल्काहरू जनसङ्घर्षको रूपमा विकास भएपछि गाउँमा क्रान्तिको आगो बल्छ । दुवै पक्षका बीच घमासान लडाइँ हुन्छ । अन्ततः क्रान्तिले धपक्क बलिरहेको आगाको फिलिङ्गामा शोषणका सबै किटपतङ्ग डढाएर भष्म गराई पुष्पपुरका बासिन्दाहरू आफ्नो गाउँलाई फिलिङ्गो रूपी वर्ग सङ्घर्षको माध्यमबाट उज्यालो बनाउन सफल हुन्छन् । यसर्थ 'फिलिङ्गो' क्रान्ति र उज्यालोको प्रतीक बनेर खण्डकाव्यमा प्रयोग भएकाले शीर्षक उपयुक्त र सङ्गतिपूर्ण देखिन्छ । आम नेपाली जनसमुदाय आगाका फिलिङ्गा हुन् र हरेक व्यक्ति तथा सर्वसाधारण सचेत नागरिक आगाका झिल्का हुन् । आगाका झिल्का र फिलिङ्गा उपयोग गर्न जाने जीवनलाई न्यानो र तातो ऊर्जा दिन सक्छ, उपयोग गर्न नजाने वा उपेक्षा गरे ससाना झिल्काहरू फिलिङ्गो बनेर पुष्पपुरे गाउँलेहरूले महेश जस्ता शोषकलाई भष्मीभूत पार्न सक्छन् भन्ने प्रतीकात्मक अर्थ दिन **फिलिङ्गो** खण्डकाव्य सफल देखिन्छ । क्रान्तिको चेतना दिने यो खण्डकाव्य एउटा उत्कृष्ट कृति हो ।

# परिच्छेद छ

# गोविन्द भण्डारीको दियालो कवितासङ्ग्रहका कविताको अध्ययन

## ६.१ विषयप्रवेश

गोविन्द भण्डारीले १४ वर्षको बाल्यकालको कलिलो उमेरमा शास्त्रीय छन्दमा कविता लेख्न सुरु गरी प्रगतिशील विचारको पृष्ठभूमिबाट शोषित वर्गको पक्षमा उनका २०३६ सालमा **फिलिङ्गो** खण्डकाव्य र २०३९ सालमा **दियालो** कवितासङ्ग्रह प्रकाशित भएका देखिन्छन् । २०४६ सालमा **आगो पालेका पेट र शीत ओढेका बस्तीहरू** संयुक्त कवितासङ्ग्रहका रूपमा देखिन्छ । यी कविता कृतिहरूका साथै निबन्ध, कथा र फुटकर कविताहरू विभिन्न पत्रिकाहरूमा प्रकाशित भएका देखिन्छन् । प्रस्तुत परिच्छेदमा कविताको सैद्धान्तिक आलोकमा गोविन्द भण्डारीको **दियालो** कवितासङ्ग्रहका कविताहरूको अध्ययन गरिएको छ ।

## ६.२ दियालो कवितासङ्ग्रहका कविताहरूको अध्ययन

**दियालो** कवितासङ्ग्रहमा गोविन्द भण्डारीद्वारा २०३६ चैत्र २४ देखि २०३८ चैत्र १० सम्म शास्त्रीय छन्दमा लेखिएका एघारवटा स्फुट कविताहरू सङ्गृहीत छन् । उनले बुटवलमा प्रेसको कम्पोजिटर तालिम लिँदै गरेका आफ्ना साथीहरू गङ्गाराम अर्याल र टेकबहादुर गुरुङको सहयोगमा उपर्युक्त कवितासङ्ग्रह छाप्ने अवसर पाएका हुन् । यस कवितासङ्ग्रहको भूमिकामा गोविन्द भण्डारीले जनवादी साहित्यले समाजबाटै जन्मी हुर्केर समाजकै लागि फल हालेको कुरा अगाडि राखेर स्वान्तःसुखायका लागि लेखिँदै आएको भाट साहित्यको परम्परालाई चिर्दै जनपक्षीय साहित्यले लोकप्रियता पाउँदै अगाडि बढिरहेको परिवेशलाई दर्साएका छन् । जनपक्षीय साहित्यमा जनताको चेतना बढाउने सवालमा कति सफल छ भन्ने कुरा गोर्कीको **आमा** उपन्यासले रुसी क्रान्तिलाई १० वर्ष अगाडि ल्याएको ऐतिहासिक तथ्यलाई प्रस्तुत गरेका छन् । जनवादी साहित्य स्रष्टाहरूको प्रेरणाबाट प्रेरित भई रचिएका यस सङ्ग्रहभित्रका कविताहरू पाठक वर्गलाई उत्साहित गराउन सफल देखिन्छन् ।

**दियालो** कवितासङ्ग्रहभित्र भूमिकाको रूपमा प्रकाशित प्रकाशकहरूको 'हाम्रो तर्फबाट' शीर्षकको शुभकामनामा गोविन्द भण्डारीको छन्दोबद्ध कविताहरूमा देशमा व्याप्त छाडा संस्कृति, अन्धविश्वास एवम् निरङ्कुश शासकहरूको चाकडी गर्ने भाटसाहित्यका विरुद्ध जनचेतनामूलक सामाजिक क्रान्तिलाई सहयोग पुग्ने देखेर निर्दलीय पञ्चायती व्यवस्थाको गिद्धे दृष्टिबाट बची प्रकाशन गर्न आँट र हिम्मत गरेको कुरा उल्लेख छ । यस

सङ्ग्रहका कविताहरू २०३६ सालको ऐतिहासिक विद्यार्थी आन्दोलन र बहुदल कि निर्दल विषयक जनमतसङ्ग्रहको घोषित परिणामले उब्जाएको जनआक्रोशको भावलाई समेटी कविले त्यसै समयावधिको सेरोफेरोमा रहेर कृतिको सिर्जना गरेको देखिन्छ ।

### ६.२.१ केन्द्रीय कथ्य, विचार तथा भावविधान

कविताभित्र कविबाट व्यक्तिएको मुख्य कथ्यवस्तु, सारभूत कुरा, गुदी तत्त्व वा अन्तरवस्तु केन्द्रीय कथ्य हो । त्यही कविताले पाठकलाई सम्प्रेषण गर्न खोजेको सारभूत दर्शन वा दृष्टिकोणलाई विचार भनेर बुझिन्छ भने यदी दर्शन र विचार एवम् सारतत्व पनि मूल भावका रूपमा मानिन्छ । “कविताको पहिलो आधारभूत संरचक घटक मानिने भाव वा विचार कविताको मूल वस्तु वा मूल कथ्य हो र यो कार्यव्यापारमा अन्तर्निहित हुन्छ । कविता सिर्जनाका लागि प्रयुक्त, मूल विषयवस्तु र अवधारणालाई भाव वा विचार भनिन्छ । कवितालाई रागात्मक, सौन्दर्यमूलक, संवेदनायुक्त र रमणीय तुलाउन सुन्दर भाव वा विचारको विन्यासमा विशेष ध्यान दिनु पर्दछ ।[४७]

केन्द्रीय कथ्य, विचार वा भावलाई कविताले दिन खोजेको विचार र सारभूत कुरा तथा मूल तात्पर्य पनि भनिन्छ । कविका कविता कृतिहरू पढ्दा पाठकको मनमा उठ्ने विभिन्न सूक्ष्म भावनात्मक तरङ्गहरू हुन्छन्, जुन तरङ्ग कविको कविता कृतिले पाठकको मनलाई संवेदनशील बनाई प्रभावित पारेको हुन्छ । यस प्रकारका सम्प्रेषित हुने भावनात्मक तरङ्गहरू कविका कविताकृति मार्फत् पाठकका मन र विचारसँग समाजमा घटिरहेका घटना र विचारका आधारमा अनुभवगत भावनाहरू एकाकार भइरहेको पाइन्छ । कविताभित्रको मूल कथ्य र भाव पाठकले अन्तरमनबाट बुझिसकेपछि कविको मनको भावनासँग मिलेर त्यस कविताको भाव तथा विचार व्यक्त गरेको हुन्छ । यहाँ कविताले उत्पन्न गराउने मनोभावको रसगत सूक्ष्म तरङ्ग नभई कविताले अभिव्यक्त गर्न खोजेको मुख्य सारतत्व र विचार भन्ने बुझिन्छ । गोविन्द भण्डारीको **दियालो** कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरू नेपाली परिवेशभित्र व्याप्त सामाजिक विकृति, विसङ्गति अन्धविश्वास जस्ता पुरातनवादी विचारका विरुद्ध राजनैतिक, सामाजिक र आर्थिक रूपबाट परिवर्तन गर्ने क्रान्तिकारी र प्रगतिवादी विचारको प्रधानता रहेको देखिन्छ ।

गोविन्द भण्डारीका एघारवटा शास्त्रीय छन्दका कविताहरूको सँगालोका रूपमा **दियालो** कवितासङ्ग्रह रहेको छ । यस सङ्ग्रहको पहिलो कविता ‘सहिदको सम्झनामा’ शीर्षकभित्र कविले सहिदलाई जनताको नियतिमा पोतिएको कालो अव्यवस्थालाई हटाउन बलिदान दिएको विषय उल्लेख गरेका छन् । सामन्ती शासकको प्रतिनिधित्व गर्ने दुस्मनहरूका धम्की र घुर्की देखि पछाडि नहटी वीरगति प्राप्त गरेका सहिदहरू रोईकराई गरेर फर्केर आउन नसक्ने र नेपाली धर्तीले त्यस्ता देशभक्तहरू जन्माइरहने कविले अपेक्षा

[४७] खगेन्द्रप्रसाद लुइटेल, **कविताको संरचनात्मक विश्लेषण** (विद्यार्थी पुस्तक भण्डार, काठमाडौं, २०६२) पृ. २१९ ।

गर्दछन् । सहिदहरूको नाममा प्रतिक्रियावादीहरूले देखाएको स्वाङ तथा सपना साकार पार्ने खोक्रो प्रतिबद्धता उनलाई चित्त बुझेको देखिँदैन । उनले सहिदले देखाएको बाटो पक्रेर तिनको रगतको टीका लगाई जनताको मुक्तिका लागि सङ्घर्ष गर्न र अत्याचार समाप्त पार्न आह्वान गरेका छन् ।

यस्तै उनले 'म' शीर्षकको दोस्रो कवितामा आफूलाई क्रान्तिको एक सचेत वीज भनेर क्रान्तिको प्रतीक बनाई समाजभित्र व्याप्त उडुस र बिच्छीयुक्त सामन्ती वर्गशत्रुलाई नासेर जित प्राप्त गर्ने अठोट व्यक्त गरेका छन् । मेघ झैँ चड्कने र तुफान झैँ वहने आफ्नो क्रान्तिशक्तिलाई कसले रोक्न र छेक्न सक्छ भनेर हाँक दिन्छन् । जनताको झुपडीमा गास, बास र कपासका लागि मरिमेट्ने, जनतालाई जगाउँदै, अत्याचारीहरूलाई बगाउँदै र पछार्दै समुद्र झैँ अगाडि बढ्ने, विकृति विसङ्गतिलाई कुल्चदै जनताका सामु आफू शीतल बरफ र न्यानो मसाल एवम् प्यासाहरूका लागि पानी भएर आउने कुरा बताउँदै कविले गरिबमारा शोषक सामन्तहरूलाई उडुसबिच्छी, वर्ग दुस्मन र सामाजिक विकृतिका रूपमा अगाडि देखाएर आफू अग्नि, चट्याङ, मेघ, तुफान, हिमाल, समुद्र आदि प्रकृतिको जस्तो अद्भुत शक्ति बनेर तिनीहरूलाई भस्मीभूत गराई तड्पिएका भोका नाङ्गा गरिब जनतालाई नयाँ वसन्त भई आधारभूत आवश्यकता बनेर आउने वचन दिएका छन् ।

तेस्रो कविता 'नेपाली शेक्सपियर'मा कविले भोको नाङ्गा, शोषित पीडित र अवला असहाय जस्ता आम नेपाली सर्वसाधारण जनताको पक्षमा साहित्य लेख्नु पर्छ भनेका छन् । भोक र रोगले ग्रस्त गाउँबस्तीका झुपडीमा बस्ने आम जनताका पक्षमा साहित्य नलेखी सुखसयल र मोजमस्तीमा रम्ने र महलमा बस्ने सामन्ती शासकको स्तुति र चाकडीका लागि साहित्य लेखेर ठूलै मानपदवीबाट सम्मानित हुन लालायित केही भाट साहित्यकारहरूप्रति व्यङ्ग्यात्मक तरिकाले कविले विरोध गरेका छन् । कविले अति गरिब झुपडीमा बस्ने र अति धनी महलमा बस्ने बीचको फराकिलो असमानता र दुरी घटाउने उद्देश्यले नेपाली साहित्यकारहरूले साहित्य लेख्नु पर्छ भनेका छन् । देश र जनतालाई एकातिर पन्छाएर शासकको मात्र स्तुति गर्दै साहित्य लेखी बेलायतका प्रसिद्ध साहित्यकार सेक्सपियर जस्तै नेपाली सेक्सपियर बन्न खोज्ने लेखकहरूलाई कविले पेचिलो शब्दवाणले हिर्काएका छन् ।

'क्रान्तिका अग्रदूत' भन्ने चौथो कवितामा कविले स्टालिन जन्मजयन्तीको सन्दर्भमा उनैप्रति समर्पित भई विश्वक्रान्तिको सफलतापूर्वक नेतृत्व गरेको वीर र सम्पूर्ण भाव दुनियाँका शोषित पीडितका तर्फबाट सम्झना सहित सम्मान प्रकट गरेका कविले ती क्रान्तियोद्धा शोषित, पीडितका हृदयमा जीवित रहेको दावी गरेका छन् गरिब र विपन्न वर्गका जनतालाई मुक्ति दिलाउने यस्ता विश्व सर्वहारा वर्गका क्रान्तिवीर स्टालिनलाई लालसलामको शब्दबाट श्रद्धा व्यक्त गरेका छन् ।

पाँचौँ कविता 'फड्को'मा कविले मानव चेतना पनि प्रकृतिको गतिशील समयसँगै परिवर्तनशील छ भन्दै अज्ञानता र चेतनाको कमी हुँदासम्म मानिसले अन्याय, अत्याचार, शोषण, दमन आदि सहन्छ, तर मान्छेले जव कुरा विस्तारै बुझ्दै जान्छ, तब अन्यायले चिसीचिसी घोचेको अनुभूति हुन थाल्छ भनेका छन् । अन्यायको कारण बुझेर जब शोषित पीडित जनता जुर्मुराउन र सङ्घर्ष गर्न थाल्छन्, तब धूर्त, पिपासु तथा परजीवी शोषक सामन्तहरू सबैलाई परिवर्तनको फड्कोले किनारा लगाउँछ । जनता जुर्मुराइसकेपछि त्यसलाई दबाउन कुनै ताकतले सक्दैन । परिवर्तनशील संसारमा यथावत् टिक्दै नटिक्ने र समयको फड्कोले पीडीत जनलाई मुक्त गराएरै छोड्ने कुरामा कविको दृढ विश्वास रहेको विचार छ ।

यसै गरी उनको छैठौँ कविता 'जनता'मा कवि गोविन्द भण्डारीले स्वदेशको प्रगति चाहने बुद्धिजीवी, किसान, मजदुर, विद्यार्थी, पत्रकार आदिको एकताबद्ध गाँठो मात्र जनताको पङ्क्ति हो । यी देशका बलिया आधार वा खम्बा हुन् । कविले बाटो बनाउने श्रमिकहरूको यात्रा कठिन, घर बनाउनेहरू घरबार विहीन, वस्त्र बुन्नेहरू वस्त्र विहीन, अन्न फलाउनेहरू गास विहीन हुनु परेको नेपालको सामन्ती शासकीय प्रवृत्तिलाई उनले उजागर गरी समानताको चाहना व्यक्त गरेका छन् । यहाँ जनताले प्रशस्त कर बुझाएर सरकारी ढुकुटी भर्ने तर तिनै जनता विकासको आधारभूत सेवा सुविधाबाट वञ्चित भइरहने गरेको तथ्य छ । सामन्त पञ्चहरूको राजतन्त्ररूपी 'पाँच पहाडहरूको ओसेप' हटे मात्र त्यस्ता अन्याय र विकृति हराउने भन्दै कलात्मक बिम्बको माध्यमबाट शोषक र शोषित वर्गबीचको वर्ग सङ्घर्ष र मुक्तिको लक्ष्यलाई सङ्क्षेपमा सङ्केत गरेको मुख्य कथ्य रहेको छ । यो कविता पनि मार्क्सवादबाट प्रभावित छ । आजसम्मको सारा इतिहास नै सामाजिक विकासका विभिन्न चरणहरूमा शोषक र शोषित, अनि शासक र शासित वर्गहरूको परस्पर सङ्घर्ष अर्थात् वर्गसङ्घर्ष हो । अब यो सङ्घर्ष यस्तो स्तरमा पुगेको छ, जहाँ शोषित र उत्पीडित वर्ग (सर्वहारा वर्ग)ले सम्पूर्ण समाजलाई नै सधैँको निम्ति शोषण, दमन र सङ्घर्षबाट मुक्त तुल्याएर मात्र आफूले पनि शोषक र उत्पीडक वर्ग (पुँजीपति वर्ग) बाट मुक्ति पाउन सक्छ ।[४८]

सातौँ कविता 'देवकोटालाई सम्झेर'मा महाकवि लक्ष्मीप्रसाद देवकोटालाई नेपाली साहित्य भण्डारलाई उचा पार्ने व्यक्तित्वका रूपमा सम्मान गर्दै उनले गरिबी उत्पीडनबाट थिचिएका झुप्रा कटेराहरूको व्यथा लेख्ने कट्टर देशभक्त र जनताका सेवक भएको दावी गरेका छन् । न्याय प्रेमीहरूका आत्माभित्र कवि देवकोटा बाँचिरहेका छन् र देशको अव्यवस्थाका विरुद्ध बम बनेर पड्किन तयार रहेको भन्ने उनको अड्कल देखिन्छ । गाउँबस्तीका झुप्रा कटेरा र हिमालका खोचबाट दीन दुःखीका कथा व्यथा काव्यात्मक

---

[४८] मार्क्स एङ्गेल्स (अनु. कष्णप्रकाश श्रेष्ठ), **कम्युनिष्ट पार्टीको घोषणापत्र**, (काठमाडौँ, अग्निपरीक्षा जनप्रकाशनगृह प्रा.लि.
तेस्रो संस्करण, सन् १९८६) पृ.९ ।

शैलीमा गुनगुनाउने देवकोटा युगौंयुग नेपाली मनमा अजेय भई बाँचिरहने भाव अभिव्यक्त छ । देवकोटाको व्यक्तित्व र कृतित्व मूल सार कविताभित्र खिचेर उनलाई प्रगतिवादी साहित्यकारका कित्तामा कविले उभ्याएका छन् ।

'वीर चरी' शीर्षकको आठौँ कवितामा कविले चरीलाई परिवर्तनकारी विद्रोही पात्र बनाएर नेपालको निकृष्ट शासनव्यवस्था, समाजभित्र व्याप्त विसङ्गति र विकृतिका विरुद्ध वीर सेनानी भई लडिदिन आग्रह गरेको देखिन्छ । नाङ्गा फाँटमा वसन्तको हरियाली, दुःखी गरिब, भोका नाङ्गा जनताको गास, बास, कपास सहितको खुसियाली भएर आमजनताको सच्चा मित्र बनेर आइज भनी चरीलाई बोलाइएको छ । चरीलाई एउटा अद्भुत क्रान्तिवीरका रूपमा परिवर्तनका लागि कविले आह्वान गरेका छन् । चरीलाई कवितामा प्रतीकका रूपमा प्रयोग गरी कविले पीडित जनजीवनमा छिटो भन्दा छिटो परिवर्तन ल्याउन आतुर भई प्रकृति रूपी चरासँग सहयोगको अपेक्षा गरेका छन् ।

नवौं 'पाहुर' कवितामा कविले जनताको गिर्दो जीवनभित्र कालो अन्धकार रूपी चर्को शोषणको दानवीय पञ्जा गडेको महसुस गरेका छन् । उनले अचेत शोषित पीडित वर्गलाई सबै परिस्थितिले हेप्ने चेप्ने गरेको देखेका छन् । महङ्गी, अन्याय, अत्याचार, रोग, भोक, शोक सबै धुरीमाथि चढेर कुर्लदै गरिबलाई हेपेर लड्न चुनौति दिएको छ । नेपाली समाजको दर्दनाक स्थितिलाई कविले कलात्मक रूपले उक्त भावलाई मानवीकरण गरेर प्रस्तुत गरेका छन् । देश खाने शोषक रूपी महिषासुरलाई अन्त्य गर्न धर्तीले उथलपुथल गर्दै देवीको रूप धारण गरी सङ्घर्षका साथ अगाडि बढिरहेको दृश्य कविले अनुभूत गरेको मूलभाव दर्साइएको छ । जनताको सङ्घर्ष गर्ने आँट छ, परिवर्तन अवश्य आउने छाँट छ । कुपरम्परा, चाकडी सबै विकृतिका नेल हत्कडी टुटेर भोलि न्यानो सूर्यले पाहुरका रूपमा नौलो परिवर्तनको बिहानी लिएर उदाउने आशा गरेका छन् ।

दसौं कविता 'नेपाल विशाल छ'मा पनि कविले मुलुकभित्रको असमानता र अव्यवस्थाप्रति आक्रोशपूर्ण भाव व्यक्त गरेका छन् । नेपाली जनता वीर पुर्खाले आफ्नो बलिदानीपूर्ण हातले सिर्जना गरेको नेपाल र निर्माण गरेको सार्वजनिक विकासका पूर्वाधार स्वरूप बस्ती बसाल्ने, बेसी, उपत्यका पुल, चुरे क्षेत्रमा बिजुली, बाटो, सिचाइ पुऱ्याएर उज्यालो र हरियाली फैलाउने मिहेनतकस श्रमिकहरू झुप्रा, बुकुरा र ओढारमा बस्नु पर्ने र केही काम नगर्ने बसीबसी महलभित्रबाट विदेशीहरूको चाकडी गरेर शासन गर्ने सामन्ती शासकहरू देशका मालिक हुने जस्तो विभेदपूर्ण शासन पद्धतिको विरोधमा कुर्लेका छन् । हिमाल, पहाड तराई र विषम प्राकृतिक खनिजले धनी देशका जनताको केही नहुनु, भोक र रोगले छटपटिएर गरिब नेपाली जनता भई मर्न बाध्य हुनु आदि विसङ्गतिका विरुद्ध, ध्वंश गर्न गौरवशाली लाल धर्तीको इतिहास सम्झेर फटाफट नयाँ निर्माण गर्न देशभक्तहरूलाई आह्वान गरेका छन् । वीर पुर्खाबाट संरक्षित र सिर्जित यो धर्ती, अपार जल भण्डार, सुन्दर वनजङ्गल, विषम प्राकृतिक भूबनोट जैविक विविधता र खनिजले भरपूर देश नेपाल विशाल

छ । सुन्दर र शान्त विशाल नेपाल निर्माण गर्ने सपना बोकेर सङ्घर्ष गर्दागर्दै वीरगति पाएका सहिदको रगतले यो धर्ती लाल छ, के छैन यहाँ ? सब थोक छ । पर्यटन भुलाउने चाँदी चुली झैं हिमशैल छन् । अनेकतामा एकता रहेको हिमालको काखमा बस्ने एउटै नेपाली समुदाय जाँगर बटुलेर परिवर्तनका लागि सङ्घर्ष गर्न सके नेपाल गरिब छैन, सानो छैन, विशाल छ, भन्ने कविको भनाइ छ ।

यसै गरी यस कवितासङ्ग्रहको एघारौं अन्तिम कविता 'विद्यार्थी को हुन्'मा कविले विद्यार्थीहरूलाई प्रगतिपथका चल्तापुर्जा, देशका शक्ति र योद्धा एवम् जनताका अति नजिकका मित्र भएको परिचय गराएका छन् । विद्यार्थी वर्गमा एकता भए देशमा उन्नति प्रगति गर्न र सहिदको सपना पूरा गर्न विद्यार्थीले नै सक्ने विश्वास कवितामा गरिएको छ । यहाँ विद्यार्थीलाई देशभित्रका निरङ्कुश तानाशाह रूपी बाघभालु र सामन्त शोषकरूपी बिच्छी एवम् चिल ब्वाँसामाथि जाइलाग्न, नाश गर्न पहिलेदेखि निरन्तर सङ्घर्षमा गर्जिदै आएको शक्तिकेन्द्र भनेर सम्बोधन गरिएको छ । जनताका आशा भरोसाका केन्द्रविन्दु सहिदका सपना साकार पार्ने बलिया र आँटिला रक्तविन्दुका रूपमा विद्यार्थीहरूलाई लिइएको छ । विद्यार्थीहरू सही र गलतको विश्लेषण गर्दै अग्रगतितर्फ लम्किरहेका हुन्छन् । यस्ता युग हाँक्ने विद्यार्थी वर्गलाई अन्तर्राष्ट्रिय जगत्सँग पनि काँधमा काँध मिलाई आपत्तिसँग सामना गर्न र ठूला-ठूला विजय गर्न कविले विशेष आग्रह गरेका छन् । देश हाँक्ने युवाहरूको पूर्वाधार भनेका विद्यार्थी वर्गमा एकता भए, जनताको मन जितेर त्यागी भए, गतिशील भएर प्रगतिका लागि सङ्घर्ष गरिरहेमा विद्यार्थीले देश र जनतालाई जस्तो बनाउन चाह्यो त्यस्तै बन्ने मुख्य विचार यस कवितामा व्यक्त गरिएको छ ।

यसरी यस सङ्ग्रहका कविताहरूमा गोविन्द भण्डारी उज्यालोको प्रतीक दियालो बोकेर गरिब किसानका अँध्यारा ग्रामीण बस्तीका गल्लीगल्लीमा पुगेका छन् । अत्याचारी क्रुर प्रशासनका अगाडि हिमशैल र चट्टान भएर उभिएका छन् । देवकोटाको प्रगतिवादी साहित्य जस्तै जनताका सुखदुखका साहित्य कोर्दै भाट साहित्यकारहरूसँग साहित्यगोष्ठीहरूमा चर्काचर्की बहस गरेका छन् । यस सङ्ग्रहका कविताहरूको केन्द्रीय विचार तथा भाव देशभक्तिपूर्ण छ । प्रगतिवादी विचार, क्रान्तिकारी स्वभाव र जनसङ्घर्षको भावनाले ओतप्रोत छ । परिश्रमी युवा जनशक्ति र विषम प्राकृतिक स्रोत साधनले सम्पन्न र धनी मुलुक भएर पनि जनता विपन्न र गरिब हुनुको कारणको खोजपूर्ण प्रस्तुति छ । विश्वक्रान्तिका अग्रदूत र वीर सहिदका सपना साकार पार्ने प्रतिबद्धता र अठोट सहितको आत्मालाप छ । सबै कविताहरूको केन्द्रीय भाव देशभित्र व्याप्त अन्याय, अच्याचार रूपी अन्धकारको विरुद्ध बलिदानीपूर्ण नेपाली जनताको सङ्घर्षबाट प्राप्त हुने परिवर्तन उज्यालोको प्रतीक **दियालो** कवितासङ्ग्रहकै भाव बनेको देखिन्छ ।

### ६.२.२ लयविधान

गोविन्द भण्डारीको यस कवितासङ्ग्रहमा सङ्गृहीत सबै कविताहरू शास्त्रीय छन्दमा रचिएका देखिन्छन् । उनका कविताहरू संस्कृत तथा पूर्वीय साहित्य परम्पराको कविता सिद्धान्त अनुसार पङ्क्तिगत उच्चारण र श्रवणमा रम्य लाग्ने सङ्गीतमय ध्वनि रहेको पाइन्छ । प्रस्तुत कवितासङ्ग्रहको अनुष्टुप् छन्दमा रचिएका दुई कविताहरू 'सहिदको सम्झना'मा र 'नेपाली शेक्सपियर' परम्परित शास्त्रीय लयविधान भन्दा केही शैलीगत भिन्नता देखिन्छ । चार पङ्क्ति योजना (चरण)मा आठ-आठ अक्षरका हिसाबमा यस छन्दका श्लोकहरू रहनु पर्नेमा सोह्र-सोह्र अक्षरका पङ्क्ति योजनाका लामा-लामा चार चरण देखिन्छन् । अन्य छन्दका कविताहरूका चरण र अक्षरहरूको व्यवस्थापन तथा संयोजन एवम् गति र यति स्वाभाविक रहेको पाइन्छ ।

पद्य कवितामा शास्त्रीय छन्द तथा गद्य कवितामा मुक्त छन्दले कवितालाई लयात्मक तुल्याउने काम गर्दछ । कवितालाई लयात्मक तुल्याउने एउटा प्रमुख साधन छन्द हो । कवितालाई अन्य गद्य विधाबाट पृथक तुल्याउने र तिनका बीचमा विभेदक रेखा कोर्ने काम लयले नै गर्दछ । छन्द बिना कविता सिर्जना गर्न सकिए पनि लयबिना त कविताको कल्पना गर्न पनि सकिन्न ।[४९] कवितालाई कविता बनाउने र अन्य विधाबाट छुट्याउने आधारभूत तत्व लय हो । यस सङ्ग्रहमा सङ्गृहीत सबै कविताहरू छन्दोबद्ध छन् । यहाँ प्रयोग भएका चारवटा छन्दहरू उदाहरण सहित प्रस्तुत गरिएको छ :

(१) जनताहरूका पीरा र तीता मुटुका व्यथा
चुहुने बुकुरा भोका नाङ्गा शरीरका कथा
सारा शोषितको वास्ता नराखी जिन्दगी भर
महलका गीत गाएर बनेका सेक्सपियर ॥

(नेपाली सेक्सपियर, पृ.३)

छन्द : अनुष्टुप्

लक्षण : १. अनुष्टुप् छन्दका हरेक पाउमा आठ अक्षर हुन्छन् ।

२. चारै पाउका पाँचौं अक्षर ह्रस्व र छैठौं अक्षर दीर्घ हुन्छन् ।

३. पहिलो र तेस्रो पाउको सातौं अक्षर दीर्घ हुन्छन् ।

४. दोस्रो र चौथो पाउको सातौं अक्षर ह्रस्व हुन्छन् ।

---

[४९] खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृ. २७५-२७६ ।

(२)    तिम्रा पिपासुले मौका यै हो भन्दै कुटे पनि
सुन्निएर दुवै खुट्टा सुरुवाल फुटे पनि
झरेनन् गोप्यता केही ओजस्वी चेहरा सित
गलेन धातुको व्यक्ति ती धूर्त पातकि सित ॥

(सहिदको सम्झनामा, पृ.१)

छन्द : अनुष्टुप्

लक्षण : ऐजन, ऐजन ।

(३)    सपूत हूँ म क्रान्तिको सचेत एक बीज हूँ
नवीन युग सिर्जने चिराग हूँ म अग्नि हूँ
म भस्मीभूत पार्दछु उडुस बिच्छीको वन
लडेर पाउँछु जित र नास्छु वर्ग दुस्मन ॥

(म, पृ.२)

छन्द : पञ्चचामर

अक्षर : १६, लघु गुरु निरन्तर (सबै चारै पाउमा)

| **गण** | **जगण** | **रगण** | **जगण** | **रगण** | **जगण** | **गुरु** |
|---|---|---|---|---|---|---|
| सङ्केत | ।ऽ। | ऽ।ऽ | ।ऽ। | ऽ।ऽ | ।ऽ। | ऽ |
| | सपूत | हूँ म क्रा | न्तिको स | चेत ए | क बीज | हूँ |

लय : आठ-आठ अक्षरमा यति (विश्राम) र अन्य सातौँ अक्षरमा निरन्तर यतिका साथ लयगत उच्चारण तथा ध्वनिमा लय रहेको पाइन्छ ।

(४) चल्तापूर्जा प्रगति पथका देशका शक्ति यौटा
विद्यार्थी हौ चहक शशि झैँ भोलिका दृढ योद्धा
जनताका छौ नजिक अति नै एउटै मित्रता छ
के गर्दैनौ ? अब सबल भै उत्तिकै एकता छ ॥

(विद्यार्थी को हुन्, पृ. १२)

छन्द : मन्दाक्रान्ता

अक्षर : १७

| **गण** | **मगण** | **भगण** | **नगण** | **तगण** | **तगण** | **गुरु गुरु** |
|---|---|---|---|---|---|---|
| सङ्केत | ऽऽऽ | ऽ॥ | ॥। | ऽऽ। | ऽऽ। | ऽऽ |
| | चल्तापू | र्जा प्रग | ति पथ | का देश | का शक्ति | यौ टा |

लय : ४ अक्षर र १० अक्षरमा यति (विश्राम) भएर १७ अक्षरसम्म गति निरन्तर भई लय उत्पन्न हुन्छ ।

(५) तिम्रो मृत्यु हिमचुली सरी ठान्छौं प्रीय योद्धा
तिमी हाम्रा युगपुरुष हौ गर्दछौं प्रेम श्रद्धा
गौरवशाली जनम हुनगै वीरता पूर्ण अन्त्य
मुक्तिदाता विजय तिमी हौ न्यायका मूर्ति सत्य । (क्रान्तिका अग्रदूत, पृ. ५)

छन्द : मन्दाक्रान्ता

अक्षर : १७

| गण | मगण | भगण | नगण | तगण | तगण | गुरु गुरु |
|---|---|---|---|---|---|---|
| सङ्केत | ऽऽऽ | ऽ।। | ।।। | ऽऽ। | ऽऽ। | ऽऽ |
| | तिम्रो मृ | त्यू हिम | चुलि स | री ठान | छौ प्रीय | यो द्धा |

लय : ४ अक्षर र १० अक्षरमा यति (विश्राम) भएर १७ अक्षरमा गति निरन्तर भई लय उत्पन्न हुन्छ ।

(६) जन्तामा समयानुसार युगले अर्कैपना ल्याउँछ
मान्छे बढ्छ अगाडि जागरणका आँखा नयाँ खोल्दछ
आँखा देख्न सके अगाडि गहिरो मस्तिष्कले सोच्दछ
सोच्ने शक्ति भए पछि चिसीचिसी अन्यायले घोच्दछ ॥ (फड्को, पृ.६)

छन्द : शार्दूलविक्रीडित

अक्षर : १९

| गण | मगण | सगण | जगण | सगण | तगण | तगण | गुरु |
|---|---|---|---|---|---|---|---|
| सङ्केत | ऽऽऽ | ।।ऽ | ।ऽ। | ।।ऽ | ऽऽ। | ऽऽ। | ऽ |
| | जन्तामा | समया | नुसार | युगले | अर्कै प | ना ल्याउँ | छ |

लय : ७ र १२ अक्षरमा यति भई निरन्तर गतिमान हुने, १९ अक्षरको हरेक चरण हुने ।

(७) हिस्सेदार स्वदेशका प्रगतिका खम्बाहरू कर्मठ
बुद्धिजीबि समाजसेवि र सबै किसान अनी मजदुर

आम विद्यार्थी र पत्रकारको गाँठो हुने गर्दछ

त्यस्तैलाई भनिन्छ सत्य जनता जस्को सही लक्ष्य छ ॥

(जनता.पृ.७)

| **गण** | **मगण** | **सगण** | **जगण** | **सगण** | **तगण** | **तगण** | **गुरु** |
|---|---|---|---|---|---|---|---|
| सङ्केत | ऽऽऽ | ।।ऽ | ।ऽ। | ।।ऽ | ऽऽ। | ऽऽ। | ऽ |
| | हिस्सेदा | र स्वदे | शका प्र | गतिका | खम्बाह | रू कर्म | ठ |

छन्द : शार्दूलविक्रीडित

गण/सङ्केत/लय : ऐजन/ऐजन/ऐजन ।

यसरी यस कवितासङ्ग्रहमा २ अनुष्टुप्, २ मन्दाक्रान्ता, १ पञ्चचामर र ६ शार्दूलविक्रीडित छन्दका ११ कविताहरू शास्त्रीय छन्द अनुरूपको यति र गतिको सङ्गीतमय लयमा गोविन्द भण्डारीबाट विद्यार्थी उमेरमा वैचारिक परिपक्वता मिश्रित गरी रचिएका कविताहरू श्रुतिरम्य छन् ।

## ६.२.३ संरचना

संरचना आन्तरिक र बाह्य  गरी दुई किसिमको हुन्छ । कविताकृतिको बाह्य संरचनामा स्थानका लयात्मक खण्ड/गण र मिश्राम भई पाऊ वा चरण वा पङ्क्तिविधान तथा पङ्क्तिपुञ्ज (श्लोक वा अनुच्छेद योजना) सँगै थालिन्छ र त्यसका विविध भाग/परिच्छेद हुँदै विस्तारित हुन्छ ।[५०] **दियालो** कवितासङ्ग्रहभित्रका कविताहरूको अध्ययन विश्लेषण गर्दा वाह्य संरचनाको मात्र अध्ययन गरिएको छ । साहित्यका हरेक विधाको आफ्नै खालको विशिष्ट संरचना हुन्छ । हरेक कविताको पनि आफ्नो छुट्टै र विशिष्ट संरचना हुन्छ । कविता संरचनाको निर्माण गर्ने विभिन्न संरचक घटकहरू हुन्छन् र विभिन्न साना संरचक घटकहरूको कुलयोगबाट कविताको सिङ्गो वा ठूलो संरचना निर्माण हुन्छ । यस्ता घटकहरूको कुलयोगबाट कविताको सिङ्गो वा ठूलो संरचना निर्माण हुन्छ । यस्ता घटकहरूमा शब्द, छन्द, लय, अलङ्कार, बिम्ब, प्रतीक अर्थ, पात्र, घटना, कथावस्तु, संवाद, वातावरण, पृष्ठभूमि आदि पर्दछन् । संरचना कविता विधाभित्रको विभिन्न घटक तत्वहरू

[५०] वासुदेव त्रिपाठी र अन्य, पूर्ववत्, पृ.१७-१८ ।

सहितको रूपाकृति हो, जसमा बुनोट र बनोटको रूपलाई हेरेर अध्ययन र विश्लेषण गरिन्छ ।[५१]

**दियालो** कवितासङ्ग्रहमा सङ्कलित कविताहरूलाई वाह्य संरचनाका दृष्टिले अध्ययन गर्दा यसमा एक शब्ददेखि तीन शब्दसम्मका कविताशीर्षकहरू रहेका छन्, जसमा 'म', 'फड्को', 'जनता' र 'पाहुर' एक-एक शब्दका चार कविता 'सहिदको सम्भ्ानामा', 'नेपाली शेक्सपियर', 'क्रान्तिका अग्रदूत', 'देवकोटालाई सम्भ्रेर र 'वीर चरी' दुई-दुई शब्दका पाँच कविता र 'नेपाल विशाल छ' र 'विद्यार्थी को हुन्' तीन-तीन शब्दका दुई कविता रहेका छन् ।

यस सङ्ग्रहभित्रका एघारवटा भिन्न-भिन्न शीर्षकका कविताहरू चारचार चरण/ पाउ/ पङ्क्ति योजनाबाट शास्त्रीय छन्दमा संरचित छन् । यसमा सबभन्दा छोटो ३ श्लोकमा रचिएको 'वीर चरी' एउटा कविता र सबभन्दा लामो ७ श्लोकमा रचिएको 'सहिदको सम्भ्ानामा' एउटा कविता रहेको छ । अन्य नौवटा कविताहरू यिनीहरूका तुलनामा मध्यम आयामका जस्ता देखिन्छन् । 'म', 'नेपाली शेक्सपियर', 'फड्को', 'जनता' र 'पाहुर' गरी पाँचवटा शीर्षकका कविताहरू ४/४ श्लोकमा, 'देवकोटालाई सम्भ्रेर' ५ श्लोकमा एक कविता र 'नेपाल विशाल छ', 'विद्यार्थी को हुन्' र 'क्रान्तिका अग्रदूत' शीर्षकमा ६/६ श्लोकका तीन कविता रहेका छन् ।

यस सङ्ग्रहमा समाविष्ट कविताहरूको संरचनागत विषयवस्तु र पृष्ठभूमि निरङ्कुश पञ्चायती व्यवस्थाको विरुद्ध जोसिएको विद्यार्थी आन्दोलन र बहुदलीय राजनीतिक परिवर्तन एवम् शोषित पीडित नेपाली जनताको उन्मुक्तिको विषय रहेको छ । प्रथम, द्वितीय र तृतीय पुरुष कथनपद्धति तथा दृष्टिविन्दुमा कविताहरू संरचित छन् । कविप्रौढोक्ति र कविनिबद्ध प्रौढोक्ति दुवै भाषाशैलीका छन्दोबद्ध कविताहरू शास्त्रीय प्रविधिको संरचनामा ढालिएका छन् । यस सङ्ग्रहभित्रका सम्पूर्ण कविताहरूलाई निम्नलिखित आधारभूत संरचनामा समेटी सङ्क्षिप्त रूपमा छुट्टाछुट्टै पनि अध्ययन गर्न सकिन्छ :

पहिलो कविता 'सहिदको सम्भ्ानामा' शीर्षकमा जम्मा ७ श्लोक र २८ पङ्क्ति रहेका छन् । । यसमा ८/८ अक्षरमा विश्राम हुने गरी १६/१६ अक्षरको पङ्क्तियोजना रहेको छ । द्वितीय र तृतीय पुरुष दृष्टिविन्दु तथा कविनिबद्ध प्रौढोक्ति वा कविनिबद्ध पात्रोक्ति कथन पद्धतिबाट कविता अभिव्यक्त भएको छ । दोस्रो कविता 'म' शीर्षकमा जम्मा ४ श्लोक र १६ पङ्क्ति रहेका छन् । यसमा १६ अक्षर लघु गुरु निरन्तर भई ८/८ अक्षरमा विश्राम भएको प्रथम पुरुष वा कविप्रौढोक्ति कथनपद्धतिमा यस कविताको संरचना रहेको छ । यसै गरी तेस्रो 'नेपाली शेक्सपियर' कवितामा जम्मा ४ श्लोक र १६ पङ्क्ति योजना रहेको छ । यो कविता पनि पहिलो कविता सरह ८/८ अक्षरमा विश्राम हुने गरी १६/१६ अक्षरको

---

[५१] खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृ. १८९-१९० ।

पङ्क्तियोजना र तृतीय पुरुष तथा कविनिबद्ध प्रौढोक्ति कथनपद्धति रहेको छ । चौथो 'क्रान्तिका अग्रदूत' कवितामा जम्मा ६ श्लोक र २४ पङ्क्तियोजना रहेको छ । यस कवितामा १७ अक्षरको पङ्क्ति र ४ र १० अक्षरमा विश्राम भई प्रथम र द्वितीय पुरुष दृष्टिविन्दु तथा कविनिबद्ध प्रौढोक्ति कथनपद्धति रहेको छ । पाँचौं 'फड्को' कवितामा जम्मा ४ श्लोक र १६ पङ्क्ति योजना रहेको छ । यस कविताको हरेक पङ्क्तिमा १९ अक्षर एवम् ७ र १२ अक्षरमा विश्राम हुने गरी कविताको संरचना भएको छ । यसमा तृतीय पुरुष तथा कविनिबद्ध प्रौढोक्ति कथनपद्धति रहेको छ । यसै गरी छैठौं 'जनता' कवितामा जम्मा ४ श्लोक र १६ पङ्क्तियोजना रहेको छ । हरेक पङ्क्ति १९ अक्षरको रहेको छ । यसमा प्रथम र तृतीय पुरुष तथा कविनिबद्ध प्रौढोक्ति कथन पद्धतिमा कविता संरचित भएको छ । अर्को सातौं शीर्षकको 'देवकोटालाई सम्झेर' कवितामा जम्मा ५ श्लोक र २० पङ्क्ति योजना रहेको छ । यो कविता पनि पाँचौं र छौठौं कवितामा जस्तै १९ अक्षरको सबै पङ्क्ति संरचित छन् । यसमा द्वितीय र तृतीय पुरुष कथनपद्धतिहरू संरचित रहेको छ । आठौं कविता 'वीर चरी'मा जम्मा ४ श्लोक र १६ पङ्क्तियोजना रहेको छ । यसमा पनि माथिल्ला कविताहरूमा जस्तै १९ अक्षरका पङ्क्तिगत संरचना र तृतीय पुरुष तथा कविनिबद्ध प्रौढोक्ति कथनपद्धतिमा कविताको संरचना भएको छ । यस पछिको नवौं 'पाहुर' कवितामा जम्मा ४ श्लोक र १६ पङ्क्तियोजना रहेको छ । यसमा पनि सातौं कवितामा जस्तै १९ अक्षरको हरेक पङ्क्तिगत संरचना र तृतीय पुरुष तथा कविनिबद्ध प्रौढोक्ति कथनपद्धतिमा कविताको संरचना भएको छ । दसौं 'नेपाल विशाल छ' कवितामा जम्मा ६ श्लोक र २४ पङ्क्तियोजना रहेको छ । यस कवितामा पनि सबै पङ्क्ति १९ अक्षरमा संरचित छन् । प्रथम पुरुष तथा कवि निबद्धप्रौढोक्ति कथनपद्धतिमा यो कविताको संरचना भएको छ । अन्तिम एघारौं कविता 'विद्यार्थी को हुन्' शीर्षकमा जम्मा ६ श्लोक र २४ पङ्क्ति योजना रहेको छ । यो कविता चौथो कवितामा जस्तै १७ अक्षरको पङ्क्तिगत संरचना र प्रथम पुरुष तथा कविनिबद्ध प्रौढोक्ति (हामी/हाम्रो) कथनपद्धतिमा कविता संरचित भएको छ ।

यसरी यस कवितासङ्ग्रह अन्तर्गतका कविताहरूको वाह्य र आन्तरिक संरचनागत आयामलाई हेर्दा कविताहरूले अभिव्यक्त गर्न खोजेको भावका आधारमा कविताहरू कहीँ लम्बिएको र कहीँ छोटिएको देख्न सकिन्छ ।

### ६.२.४ भाषाशैली

साहित्यमा भाषा र शैलीको अन्योन्याश्रित सम्बन्ध छ । भाषा अभिव्यक्तिको माध्यम हो भने शैली अभिव्यक्तिको तरिका हो । कुनै पनि भनाइ वा काम गराइको तरिका शैली हो । कृतिगत सन्दर्भमा लेखकीय अभिव्यक्तिको तरिका वा ढाँचालाई शैली भनिन्छ । शैलीलाई लेखकको हँसाइ, हिँडाइ, लेखाइ तथा अनुहारको आकृति जस्तै ठानिन्छ । भाषाविज्ञानसँग पनि निकट सम्बन्ध रहेको शैलीलाई साहित्य सिर्जनाको अपरिहार्य संरचक

घटकको एकाइ मानिन्छ ।[५२] साहित्यिक संरचना र भाषिक संरचनालाई जोड्ने सेतुको काम गर्ने शैलीकै माध्यमबाट भाषा संरचना अन्तर्गतका एकाइहरू (ध्वनि, शब्द, व्याकरण र अर्थ) साहित्यिक संरचना अन्तर्गतका एकाइहरू (बनोट र बुनोट) मा रूपान्तरित हुन्छ । यो रूपान्तरण प्रक्रिया अमूर्त, विशिष्ट र जटिल हुन्छ । कृतिको मध्यवर्ती तह शैलीले विशिष्ट रूपान्तरणका माध्यमबाटै साहित्यिक संरचना र भाषा संरचनामा एकैसाथ सम्बन्ध स्थापित गरी कृतिलाई अस्तित्ववान् तुल्याउँछ ।[५३] शैलीविज्ञानका अनुसार भाषाको विशिष्ट प्रयोग हुने स्थल साहित्य हो भने साहित्यले मूर्त रूप पाउने माध्यम भाषा हो । यसले यी दुवैमा अनिवार्य र घनिष्ठ सम्बन्ध स्विकार्छ ।[५४] विद्वान्का यी भनाइ अनुसार लेखकले आफ्नो रचनालाई कुन ढाँचा र तरिकाले प्रस्तुत गर्ने काम गरेको छ, त्यसैलाई शैली भनिन्छ अर्थात् साहित्यिक प्रस्तुतिको ढाँचा वा तरिकालाई नै शैली भनेको पाइन्छ । भाषा अभिव्यक्तिको माध्यम हो भने शैली अभिव्यक्ति वा प्रस्तुतिको तरिका मानिएको छ ।

भाषा र शैलीको यसै सैद्धान्तिक पृष्ठभूमिका आधारमा गोविन्द भण्डारीको पहिलो पद्यात्मक कविताकृति **दियालो** कवितासङ्ग्रहभित्रका कविताहरूको भाषाशैली अध्ययन गर्दा सुवोध, सरल, सहज र श्रुतिरम्य पाइन्छ । अनुष्टुप्, पञ्चचामर, मन्दाक्रान्ता र शार्दूलविक्रीडित छन्दको प्रयोगले कविताको भाषिक संरचना साहित्यिक बनेको छ । छन्द मिलानको आवश्यकता र बाध्यताले कहीँकहीँ भाषिक व्याकरणमा विचलन भएको पनि पाइन्छ । जस्तै :

| **मानक शब्द** | **प्रयोग भएको शब्द** | **पृष्ठ** |
|---|---|---|
| पानी | पानि | ८ |
| देवी | देवि | १० |
| पीडितहरूले | पिडित हरूले | ४ |
| बसीबसी, मालिक | बसिबसि, मालीक | ११ आदि |

उनका कविताहरूमा झर्रा नेपाली शब्दहरू, अनुकरणात्मक, आगन्तुक र संस्कृत तत्सम शब्दहरूको भाषिक विविधता समेत रहेको र ती सम्मिश्रित विविध भाषिक शब्दहरूले कविताको भाषा सम्प्रेष्य बनाउनमा सहयोग पुऱ्याएको देखिन्छ, जस्तै :

---

[५२] खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृ.२५२ ।

[५३] ऐजन, पृ. ६८ ।

[५४] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, (**पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, काडमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६१), पृ. २४५ ।

| झर्रा शब्दहरू | पृष्ठ |
|---|---|
| कटेरा | ८ |
| बुकुरा | ३ |
| सेल्टिए | ४ |
| राँको | १० |
| अलपत्र | ११ |
| सुर्ता | ४ |

| अनुकरणात्मक शब्दहरू | पृष्ठ |
|---|---|
| थैयथैय | २ |
| चिसीचिसी | ६ |
| फटाफट | १२ |
| डिच्च | १० |
| छक्क | ५ |

| आगन्तुक शब्दहरू | पृष्ठ |
|---|---|
| लालसलाम | ६ |
| हिप्पी | १२ |
| हिस्सेदार | ७ |
| दुनियाँ | ५ |
| चिराग | २ |
| दुस्मन | ११ |
| स्टालिन | ६ |
| सेक्सपियर | ४ |

| संस्कृत तत्सम शब्दहरू | पृष्ठ |
|---|---|
| स्वान्तः सुखाय | ४ |

| | |
|---|---|
| शशि | १२ |
| अविरल | १३ |
| प्रण | १ |
| भस्मिभूत | २ |
| कोटी | ५ |
| कर्मठ | ७ |
| अरिवर्ग | १२ |

यस सङ्ग्रहमा सङ्कलित सबै कविताहरू २०३६ सालपछि विद्यार्थी वर्गको ठूलो जमात देशभरि नै निरङ्कुश सत्तापक्षको विरुद्ध इतर राजनीतिमा जुर्मुराइरहेको र सबै वर्गका जनसमुदाय भूमिगत रूपले आन्दोलनमा सल्बलाइरहेको पृष्ठभूमिमा राजनैतिक क्षेत्रका भाषिक शब्दहरू समेत प्रयोग गरी कविता रचना गरेको पाइन्छ । त्यस समयको भूमिगत आन्दोलनको परिवेशमा विद्रोहात्मक (वीर रसयुक्त) र जनबोलीको सरल एवम् सहज कलात्मक भाषाशैलीले गर्दा उनका कविता उत्कृष्ट देखिन्छन् ।

### ६.२.५ बिम्ब, प्रतीक र अलङ्कार

अलङ्कार, प्रतीक र बिम्बले कविताको सौन्दर्य बढाउने काम गर्दछन् । अलङ्कार शब्दको व्युत्पत्ति अलम्+कृ+घञ्बाट भएको हो । यसको व्युत्पत्तिबाट अलङ्कारको शाब्दिक अर्थ आभूषण वा गहना भन्ने हुन्छ । काव्यका सन्दर्भमा यस शब्दको तात्पर्य काव्यको गहना वा आभूषण हो । काव्यको गहना भन्नाले काव्यको सौन्दर्यलाई र त्यस सौन्दर्यको कारक ( उपमादि अलङ्कार) लाई जनाउँछ ।[५५] बिम्बको शाब्दिक अर्थ प्रतिमा, प्रतिबिम्ब, मानसिक चित्र आदि हुन्छ ।[५६] कविताको बाहिरी शृङ्गार (शब्द र अर्थ, उपमा र अन्त्यानुप्रास, लय तथा छन्द सहित) अलङ्कार हो भने कविताभित्रको शब्दचित्र बिम्ब हो । लक्षणा र व्यञ्जना दुवैले बिम्बको विधान गर्छन् । प्रत्येक लक्ष्यार्थ एक प्रकारको बिम्ब हो भने व्यङ्ग्यार्थ वा ध्वन्यार्थ पनि बिम्ब रूप हो । बिम्ब मानव मनबाट निस्किएर भाषामा प्रकट भइरन्छ र यसको निर्माणमा मानिसको चेतन इच्छाशक्तिको पनि कुनै न कुनै रूपमा योग हुन्छ । बिम्ब मूल सृष्टि नभएर पुनः सृष्टि हो । काव्यबिम्बको प्रेरक तत्त्व भाव हो । काव्यबिम्बको निर्माण सिर्जनात्मक कल्पनाबाट गरिन्छ र त्यसको मूलमा भावको प्ररणा अनिवार्य रहन्छ ।[५७] अनुप्रास मिलेको छ भनेर शब्दहरू मिलाएर भकारी बाँध्दैमा कविता बन्न सक्दैन । त्यसमा

---

[५५] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृ.५८ ।

[५६] ऐजन, पृ.३२७ ।

[५७] खगेन्द्र लुइटेल, पूर्ववत, पृ. २५८-२५९ ।

भाव सहितको अलङ्कार र बिम्बविधानले सिँगारिनु पर्छ, मर्मस्पर्शी र श्रुतिरम्य हुनु पर्छ, जुन कुरा गोविन्द भण्डारीका यस कवितासङ्ग्रहका कविताहरूमा पाइन्छन् । उपर्युक्त अलङ्कार र बिम्बविधानसम्मत केही उनका कविताका श्लोकहरू उदाहरणका लागि यहाँ प्रस्तुत गरिएको छ :

(१) गर्जेका हौ अघि अघि पनि बिच्छीको नाश गर्न
जागेका हौं प्रबल सुरले बाघ भालु लघार्न
हाम्रो न्यायिक पथ सहिदका रक्तले रंगिएको
यो इतिहास अविरल सङ्घर्षले हो बनेको ॥

(विद्यार्थी को हुन्, पृ. १३)

पाउको अन्त्यमा एकै समानको वर्ण दोहोरियो भने अन्त्यानुप्रास अलङ्कार हुन्छ । यो अनुप्रासको एउटा भेद हो ।[५८] प्रस्तुत श्लोकको पहिलो दोस्रो पङ्क्तिका अन्तमा प्रयोग भएका वर्णहरू 'न', तेस्रो र चौथो पङ्क्तिका 'को' र 'को' वर्णहरू अन्त्यानुप्रासका रूपमा दोहोरिएर प्रयोग भएकाले श्रुतिरम्य बनेको छ ।

(२) सपूत हूँ म क्रान्तिको सचेत एक बीज हूँ
नवीन यूग सिर्जने चिराग हूँ म अग्नि हूँ
म भस्मिभूत पार्दछु उडुस विच्छिको वन
लडेर पाउँछु जित र मास्छु वर्ग दुस्मन ॥

(म, पृ.२)

वृत्यनुप्रास रसानुकूल वर्ण योजनालाई वृत्ति भनिन्छ । यसमा सजातीय स्वर-व्यञ्जन अनियमित रूपले धेरै चोटि दोहोरिन्छन् ।[५९] प्रस्तुत श्लोकका रसानुकूल वर्णयोजना भएका वृत्ति एवम् सजातीय स्वर-व्यञ्जन अनियमित रूपले धेरै पटक दोहोरिएका छन् ।

(३) चट्याङ चङ्कि मेघ झैँ तुफान झैँ बहन्छु म
मलाई तोड्न सक्छ को ? हिमाल झैँ रहन्छु म
बिगुल बज्छ जोडले सचेत छाति उठ्दछन्

---

[५८] हिमांशु थापा, **साहित्य परिचय** (साझा प्रकाशन दो.सं २०४२) पृ. २५५ ।

[५९] कृष्णप्रसाद पराजुली, **राम्रो रचना मीठो नेपाली** (सहयोगी प्रेस काठमाडौं पच्चीसौँ सस्करण २०६१) पृ.२४९ ।

उठाई तेजबाट मुक्कि लड्नु पर्छ भन्दछन् ॥

('म', पृ.३)

'उप' भनेको नजिक वा छेउ हो । एउटा वस्तुको छेउमा अर्को वस्तुलाई राखेर त्यसको समानता प्रस्तुत गर्नु नै उपमाको अर्थ हो ।[६०] प्रस्तुत श्लोकको पहिलो र दोस्रो पङ्क्तिमा मेघ झैँ, तुफान झैँ, हिमाल झैँ शब्दहरू कविले आफू (म) सँग दाँजेर प्रस्तुत र अप्रस्तुत दुई भिन्न वस्तुको सादृश्य मिलाई तुलना गरेका र भिन्नता पनि कायम राखी उपमा अलङ्कारको प्रयोग गरेका छन् । उपमा अलङ्कारको प्रयोग यस कवितासङ्ग्रहको दोस्रो कविताको दोस्रो र तेस्रो श्लोक (पृ.३) चौथो कविताको पाँचौं श्लोक (पृ.५), नवौं कविताको दोस्रो, तेस्रो र चौथो श्लोक (पृ.१०-११), दसौं कविताको चौथो श्लोक (पृ.१२) र एघारौँ कविताको पहिलो श्लोक (पृ.१२)मा भएको पाइन्छ ।

(४) गरे जो आफूले हत्या त्यो कर्तुत मिटाउन

आज प्रतिकृयावादीहरूले स्वाङ पार्दछन्

अनुयायीहरू तिम्रा जन्मेका छन् जताततै

रोप्यौ सङ्घर्षको बीउ हाल्ला फल अवश्य नै ॥

(सहिदको सम्झनामा, पृ.१)

उपमयेमा उपमानको सम्भावना हुनु नै उत्प्रेक्षा अलङ्कार हो । विशेष रूपले उपमानलाई हेर्नु नै उत्प्रेक्षाको अर्थ हो ।[६१] प्रस्तुत श्लोकमा सङ्घर्षको बीउ रोपेर त्यसको फल प्राप्तिको अपेक्षा गरिएको हुँदा यसमा परिणाम तथा सहिदले रोपेको सङ्घर्षको बीउका अनुयायीहरूबाट पनि सो सङ्घर्ष जारी रहेकाले उनको सपना साकार हुने तथा परिणाम तथा फल पाउने सम्भावना हुँदा उत्प्रेक्षा अलङ्कार भएको छ ।

(५) धर्तीभरि बिसाउँछिन् त्यस घडि टुट्लान् स्वयं हत्कडी

सड्नेछन् कुपरम्परा र गरिबी विन्ती अनि चाकडी

छाती नै हिमशैल झैँ प्रगतिको बन्नेछ नेपालीको

तातो सूर्य प्रशस्त पाहुर लिँदै झुल्कन्छ बिहानीको ॥

(पाहुर, पृ. १०)

---

[६०] हिमांशु थापा, पूर्ववत्, पृ.२५८ ।

[६१] ऐजन, ऐजन, पृ.२६२ ।

साधारण वर्णनलाई पनि असाधारण रूपमा वर्णन गरिनेलाई अतिशयोक्ति भन्छन् । उपमेय लुकाएर वा उल्लेखसम्म नगरी उपमानसँग अभेद सम्बन्ध देखाउनु नै अतिशयोक्ति अलङ्कार हो । प्रस्तुत श्लोकको प्रथम र अन्तिम पाउ/चरणमा धर्तीले सङ्घर्षको भारी बिसाउने र सूर्यले प्रगतिको तातो पाहुर ल्याउने अवास्तविक र अपत्यारिता जस्ता कुराहरूको प्रयोग भएको छ । यस्तै अतिशयोक्ति लाग्ने अलङ्कार पङ्क्तिहरू पहिलो कविताको चौथो र पाँचौं श्लोक (पृ. १२), चौथो कविताको चौथो श्लोक (पृ. ५) र नवौं कविताको पहिलो श्लोकमा अतिशयोक्ति दर्साउने कवितामा अङ्कारयुक्त पङ्क्तिहरू देखिन्छन् ।

(६) सेता उच्च हुने खुनी महलका नाना सुविधाहरू

भोग्ने गर्दछ एकले तर यहाँ निर्माण गर्ने अरु

जनताको श्रमले असाध्य कपडा बुन्ने गरे तापनि

रुन्छन् आँसु पुछी जहान तिनकै नाँगै छु बाबा भनि ॥

('जनता', पृ. ७)

दुई वा धेरै वस्तु वा व्यक्तिको वास्तविक रूपमा विरोध नभए पनि विरोधको झझल्को हुनु नै विरोधाभास अलङ्कार हो ।[६२] प्रस्तुत श्लोकमा चारै पङ्क्तिहरू एकअर्का पङ्क्ति विरुद्धको भाव (झझल्को) अभिव्यक्त भएको देखिन्छ । यसका अतिरिक्त छैठौं कविता (जनता. पृ. ७) को दोस्रो र तेस्रो श्लोकका पङ्क्तिहरू पनि एकअर्का पङ्क्ति बीच विरोधाभास देखिन्छन् । एउटा वर्ग सुविधै-सुविधाले ढाडिएर बस्ने र अर्को वर्ग अभावै अभावले सुकेर मर्नु पर्नु परिस्थिति दर्साइएका पङ्क्तिहरूले विरोधाभास अलङ्कारलाई प्रस्ट पारेका छन् ।

(७) मान्छेले जब तोड्न खोज्छ रिसले अन्यायका बन्धन

मान्छे हुन्छ असह्य खोज्छ युगले जनवादी आन्दोलन

यो संसार सदैव हुन्छ गतिशील टिक्दैन यथावत

जागेमा भई क्रूर आम जनता चल्दैन क्यै ताकत ॥

(फड्को, पृ.६)

---

[६२] ऐजन, पृ. २६७ ।

स्वभाव र उक्तिको सन्धि भएर स्वभावोक्ति शब्द बनेको हो । स्वभावोक्ति भनेको कुनै पनि प्राणी वा वस्तुको मिल्दो र सुहाउँदो वर्णन हो ।[६३] प्रस्तुत श्लोकको तेस्रो पङ्क्तिमा संसार गतिशील छ, यथावत् टिक्दैन भन्ने भावयुक्त चरणले स्वाभाविकता (सत्यता) दर्साएको हुँदा स्वाभावोक्ति अलङ्कार भएको छ ।

ऐन्द्रिक संवेदनाका आधारमा दृश्यतत्त्व वा रूपतत्त्वसँग सम्बद्ध बिम्ब नै चाक्षुष बिम्ब हो । यस्ता बिम्बलाई रूप बिम्ब, दृश्यबिम्ब वा साकार बिम्ब आदि विविध नाम दिइएको पाइन्छ ।[६४] केही उदाहरण :

(८) तिम्रो मृत्यु हिमचुली सरी ठान्छौं प्रीय योद्धा

तिमी हाम्रा युगपुरुष हौ गर्दछौं प्रेम श्रद्धा

गौरवशाली जनम हुनगै वीरतापूर्ण अन्त्य

मुक्तिदाता विजयी तिमी हौ न्यायका मूर्ति सत्य ॥

(क्रान्तिका अग्रदूत, पृ. ५)

यहाँ दृश्य/चाक्षुष बिम्बको प्रयोग भएको छ । इन्द्रिय संवेद्यताका आधारमा त्वक्इन्द्रिय र स्पर्श तत्त्वसँग सम्बद्ध बिम्बलाई स्पृश्य बिम्ब भनिन्छ ।[६५] प्रस्तुत श्लोकमा बिम्बक्रान्तिका अग्रदूत स्टालिनलाई चौथो पङ्क्तिमा न्यायका मूर्ति भनेर देख्न सकिने मूर्ति ( शालिक)का रूपमा चाक्षुष बिम्बको प्रयोग भएको देखिन्छ ।

(९) जनताका समयानुसार युगले अर्कैपना ल्याउँछ

मान्छे बड्छ अगाडि जागरणका आँखा नयाँ खोल्दछ

आँखा देख्नसके अगाडि गहिरो मस्तिष्कले सोंच्दछ

सोच्ने शक्ति भएपछि चिसीचिसी अन्यायले घोंच्दछ ॥

(फड्को, पृ. ६)

यहाँ स्पृश्य/स्पर्श संवेद्य बिम्बको प्रयोग भएको छ । श्लोकको चौथो पङ्क्तिमा चिसीचिसी अन्यायले घोच्दछ भनेर अन्यायको पीडा दर्साउने तथा अनुभूति गराउने स्पृश्य

---

[६३] लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण** (ललितपुर : साझा प्रकाशन) २०६०), पृ. १५६ ।

[६४] ऐजन, पृ. १५६ ।

[६५] ऐजन, पृ. १७१ ।

बिम्बको प्रयोग भएको देखिन्छ । उपर्युक्त श्लोकहरूका अतिरिक्त दोस्रो शीर्षकको 'म' कविताको पहिलो श्लोकमा प्रयोग गरिएका क्रान्ति बीज, चिराग, अग्नि, उडुसबिच्छीको वन जस्ता शब्दांशहरूले पनि चाक्षुष तथा स्पृश्य (स्पर्श) बिम्बको प्रयोग पाइन्छ ।

बिम्बको सबैभन्दा समीपस्थ शब्द नै प्रतीक हो । प्रायः सबै प्रतीकहरू मूलरूपमा बिम्ब हुन्छन् । बिम्बको मूलरूपबाट विभिन्न चरण पार गर्दै तिनै बिम्बहरू प्रतीक बन्न सक्छन् । त्यसैले सबै प्रतीक बिम्ब हुन सक्छन्; तर सबै बिम्ब प्रतीक हुन सक्दैनन् ।[६६]

(१०) गर्जेको हौँ अघि अघि पनि बिच्छिको नास गर्न

जागेका हौँ प्रबल सुरले बाघ भालु लघार्न

हाम्रा न्यायिक पथ सहिदका रक्तले रंगिएको

यो इतिहास अविरल सङ्घर्षले हो बनेको ॥

(विद्यार्थी को हुन्, पृ.१३)

प्रस्तुत श्लोकको पहिलो र दोस्रो पङ्क्तिमा प्रयोग भएका बिच्छी र बाघ-भालु जनताका वैरी तथा जनपिराहाको प्रतीकका रूपमा प्रतीकीकरण गरिएको छ ।

यसरी विभिन्न अलङ्कार, बिम्ब र प्रतीकसँग आठौँ 'वीर चरी' र नवौँ पाहुर कविताका दुवैका पहिलो-पहिलो श्लोकमा क्रमशः चरालाई मानवीकरण गरी परिवर्तनका निम्ति आग्रह गरिएको र अर्कोमा अन्याय, भोक, रोग र महंगी जस्ता भावलाई मानवीकरण गरी तिनीहरूले शोषित पीडित वा गरिब-जातिलाई हेप्ने वा सताउने गरेको कुरा उल्लेख गरिएको छ । यसरी यस कवितासङ्ग्रहमा भएका एघार कविताहरूमा सात किसिमका अलङ्कार, दुई किसिमका बिम्ब र प्रतीक लगायत प्रत्यक्ष एवम् अप्रत्यक्ष वस्तुलाई मानवीकरण गरी कवितालाई कलात्मक र सौन्दर्य युक्त बनाएको देखिन्छ ।

### ६.२.६ कथनपद्धति

कविता मूलतः आत्मालाप वा मनोलाप गर्ने भाषिक लयात्मक कथन कला हो । कवि आफैँ सिधै कुनै कवितात्मक कथन गर्दछ भने त्यो कविप्रौढोक्ति हो भने अर्कै पात्रका माध्यमबाट नाटकीकृत गरेर कथन गर्दछ भने त्यो कविनिबद्ध प्रौढोक्ति हुन्छ । यो कथन खासगरी तृतीय पुरुष वा प्रथम पुरुष र कहिलेकाहीँ द्वितीय पुरुषमा पनि प्रकट हुन सक्छ । अतः कवितात्मक कथनमा सिधै कवि कथन, आख्यानीकृत कथन र दृश्य संवाद-

---

[६६] ऐजन, पृ. ४२ ।

मनोवादात्मक नाटकीकृत कथन यी तीनवटै पद्धतिहरूको मिश्रण पनि सम्भव हुन सक्छ ।[६७] 'कथनपद्धति' कविता सिद्धान्तभित्र अध्ययन र विश्लेषण गरिने एक महत्त्वपूर्ण घटक तत्त्व मानिन्छ । कविले आफ्ना कवितामा कवि आफैँ म/हामी प्रथम पुरुष (कविप्रौढोक्ति) शैलीमा कथन गरेका छन् वा अन्य पात्र तँ/तिमी, तिनी, उनी, त्यो वा द्वितीय वा तृतीय पुरुष (कविनिबद्ध प्रौढोक्ति) शैलीमा आफ्ना भावना कथन गरेका छन् भनेर कथन पद्धतिको शैलीलाई कविताभित्र अध्ययन गरी हेर्ने गरिन्छ । गोविन्द भण्डारीको कवितासङ्ग्रह **दियालो**भित्रका कविताहरूमा कथनपद्धतिको अध्ययन गर्दा 'म', 'क्रान्तिका अग्रदूत', 'जनता', 'नेपाल विशाल छ' र 'विद्यार्थी को हुन्' शीर्षकका कविताहरूमा कवि आफ्नै आत्मलापको माध्यमबाट म/हामी/हाम्रो प्रथम पुरुष जनाउने सर्वनाम शब्दहरूको प्रयोग गरी कविप्रौढोक्ति तथा प्रथम पुरुषीय उक्ति प्रयोग गरेको देखिन्छ । कवितामा प्रथम वा तृतीय पुरुष कथनपद्धति (दृष्टिविन्दु) प्रयोग गरिन्छ भन्ने गरिएको भए तापनि यस कवितासङ्ग्रहमा 'सहिदको सम्झनामा', 'क्रान्तिका अग्रदूत', देवकोटालाई सम्झेर' र 'वीरचरी' गरी ४ कवितामा द्वितीय पुरुष (तिमी/तँ) कथनपद्धति तथा कविनिबद्ध प्रौढोक्ति पद्धतिको उपयोग गरेको पाइन्छ । अन्य कविताहरू 'नेपाली शेक्सपियर', 'फड्को', 'जनता' र 'नेपाल विशाल छ' शीर्षकका ४ कवितामा तृतीय पुरुष कथन पद्धति जनाउने ऊ, त्यो, उनी, तिनी जस्ता सर्वनामका सट्टामा सहिद, जनता, मान्छे, स्टालिन, शेक्सपियर, विद्यार्थी आदि जातिवाचक र व्यक्तिवाचक नामपदहरू (कविनिबद्ध प्रौढोक्ति)का माध्यमबाट कविले आफ्ना भावनाहरू वा कथनहरू अभिव्यक्त गरेका छन् । यसका अतिरिक्त अन्य पशुपंक्षी, भोक, रोग, महंगी, झुपडी, महल, हिमशैल, प्रतिक्रियावादी जस्ता जातिवाचक र भाववाचक र भाववाचक नामहरू बिम्ब, प्रतीक, रूपक, उपमा र विविध अलङ्कारका रूपमा कथनपद्धतिबाट कलात्मकता दिन र विचार तथा मूल भावलाई सार्थक तथा अर्थपूर्ण गराउन प्रयोग गरेको देखिन्छ ।

### ६.२.७ शीर्षक

शीर्षक कविता कृतिको नामकरण मात्र नभई कृतिको सारभूत भाव विचारको सूचक सङ्केत वा उद्घाटन हो । विशेषीकृत शीर्षकभर कृतिको अन्तर्बाह्य संरचना र भाषाशैलीले वहन गरेको समग्र विषयवस्तुको केन्द्रीय कथ्यलाई जाहेर गर्दछ । शीर्षक र केन्द्रीय कथ्यका बीच बाहिरी वा भित्री सङ्गति नै नभए शीर्षकीय प्रत्याशा विफल नै रहन्छ ।[६८] केही विद्वान्हरूको भनाइमा कवितामा शीर्षकको महत्त्वपूर्ण स्थान देखे पनि केही विद्वान्हरू यसलाई अनिवार्य घटक तत्त्वका रूपमा लिएको पाइँदैन । मुक्तक, रोइला, गीत, हाइकु, कविता, गजल जस्ता लघुतम कविताका स्वरूपमा शीर्षक नभए पनि कविको भाव व्यक्त भएकै हुने र कवित्व झल्किएकै हुन्छ भन्ने मान्यता राखी शीर्षक कविताको अनिवार्य तत्व जस्तो मानिँदैन । शीर्षक बिनाको कविता लघुतम कविताका क्षेत्रमा उपयुक्त देखिए पनि स्फुट तथा फुटकर कवितामा शीर्षक आवश्यक हुन्छ ।

शीर्षक विधानका आधारमा यस कवितासङ्ग्रहमा गोविन्द भण्डारीका कविताका शीर्षक केही अभिधात्मक र केही प्रतीकात्मक देखिन्छन् । 'सहिदको सम्झनामा' पहिलो कविता शीर्षकमा

---

[६७] वासुदेव त्रिपाठी र अन्य, पूर्ववत्, पृ.१९-२० ।

[६८] वासुदेव त्रिपाठी र अन्य, पूर्ववत्, पृ.१७ ।

राणाशासन र निरङ्कुश पञ्चायती तानाशाही शासन विरुद्ध देश र जनताको पक्षमा लड्दालड्दै वीर गति प्राप्त गरेका महान् सहिदहरूलाई हार्दिकतापूर्वक सम्झना गर्दै उनीहरूले देखाएको र पूरा गर्न बाँकी रहेका काम (सपना) पूरा गर्न क्रान्तिकारी युवाहरू अगाडि बढिरहेका र सबै वर्ग एवम् समुदायका जनता पनि जाग्नुपर्छ भन्ने भाव व्यक्त भएको छ । दोस्रो 'म' शीर्षक कवितामा 'सपूत हुँ म क्रान्तिको सचेत एक बीज हुँ, नवीन युग सिर्जने चिराग हूँ म अग्नि हूँ' भन्दै नयाँ राज्यसत्ता सहितको आमूल परिवर्तनका निम्ति कविप्रौढोक्ति शैलीमा कविले वर्ग दुस्मनसँग लड्न हाँक दिइएको छ । यसै गरी 'नेपाली शेक्सपियर' तेस्रो शीर्षक कवितामा सामन्ती शासकहरूको व्यक्ति र शासनव्यवस्थाका स्तुति गरेर बेलायतका प्रसिद्ध अङ्ग्रेजी साहित्यकार सेक्सपियर जस्तै नेपाली सेक्सपियर बन्न खोज्ने केही भाट साहित्यकारहरूलाई सत्यतथ्यमा आधारित जनपक्षीय साहित्य लेखनमा जोडदिने भाव व्यक्त छ । चौथो 'क्रान्तिका अग्रदूत' र सातौँ 'देवकोटालाई सम्झेर' शीर्षकका कवितामा श्रमिक, सर्वहारा र राष्ट्रप्रेमी युगपुरुषका रूपमा सम्बोधन गर्दै युगयुगसम्म विश्वका र देशभित्रका श्रमजीवी वर्गले सम्झिरहने र उनका विचार र बाटोमा लागिरहने सङ्कल्प सहितको भाव व्यक्त भएको छ । 'फड्को', 'जनता' र पाहुर क्रमशः पाँचौं, छैठौं र नवौं शीर्षकका कवितामा प्रकृति र समय परिवर्तनशील भएकोले युगलाई कसैले रोकेर रोकिन्न, जनता लाग्दैछन्, प्रगतिपथमा फड्को मार्दैछन्, विकासको प्राकृतिक नियमअनुसार प्रकृतिले पनि आफ्नो परिवर्तनको कालचक्र बोकेर देवीका रूपमा प्रकट भई महिषासुररूपी यथास्थितिवादको कालो बादल तथा जनविरोधी अन्धकार हटाउन रातो सूर्य 'पाहुर' लिएर आँउदै गरेको पूर्वसन्देशात्मक भाव व्यक्त भएको छ । यसै गरी आठौं 'वीर चरी' शीर्षक कवितामा कविले पंक्षी मार्फत् प्रकृतिको परिवर्तनशील सास्वत नियम अवलम्बन गर्दै पीडित जनताको पीरमर्का बुझेर, गास, बास, कपास लिएर, हरियाली वसन्तको आश बनेर आउन र सुतेकालाई राँकोले तताएर ब्युँझाउन बिन्ती गरेका छन् । अन्ततः दसौँ र एघारौँ क्रमशः 'नेपाल विशाल छ' र 'विद्यार्थी को हुन्' शीर्षक कवितामा वीर पुर्खाहरू ठूलो दुःखले आर्जेको र यो रूपाकृतिमा कोरेको नेपाल विषम प्राकृतिक स्वरूप एवम् जैविक विविधताले गर्दा विशाल छ । प्रकृतिले धनी देशका शासकहरूको विभेदपूर्ण व्यवहारले गरिब भएका जनता अब वीर सहिद र पुर्खाको सपना पुरा गर्न जनता सबै जाग्नु पर्छ, लालधर्ती माथि उठाउन लाग्नु पर्छ भन्ने भावका साथ चल्तापुर्जा प्रगतिपथका देशका शक्ति विद्यार्थी हौँ चहक शशि झैँ भोलिका दृढ योद्धा भन्दै जनतासँग मित्रता र एकता गरी विश्वजगत्सँग काँधमा काँध मिलाई देशभित्रका तानाशाही बाघभालु चील ब्वाँस धपाउन सङ्घर्षका लागि अगाडि बढेको भनेर विद्यार्थी युवाशक्तिले राम्रो चिनारी अभिव्यक्त भएको देखिन्छ । यस कवितासङ्ग्रहको **दियालो** शीर्षकविधान पनि उज्यालो ल्याउने उद्देश्यले रचिएका साथै कवितासङ्ग्रहका सङ्घर्षमय क्रान्तिकारी कविताका शीर्षकहरू जस्तै सार्थक र उपयुक्त देखिन्छ ।

## ६.३ निष्कर्ष

यसरी **दियालो** कवितासङ्ग्रहमा गोविन्द भण्डारीबाट सङ्घर्षकालमा सिर्जित ३ देखि ७ श्लोकीय रूपाकृतिका कविताहरूमा विद्रोह, क्रान्ति, व्यङ्ग्य, सुधार र परिवर्तनको तीव्र चाहना रहेको विषय र प्रवृत्ति आत्मसात् गरी सरल र सहज पद्यात्मक श्रुतिरम्य भाषाशैलीमा कविले आफ्नो प्रगतिवादी र यथार्थवादी आत्मचिन्तन र विचारको प्रयोग गरेको पाइन्छ ।

# परिच्छेद सात

# गोविन्द भण्डारीको आगो पालेका पेट र शीत ओढेका बस्तीहरू कवितासङ्ग्रहका कविताको अध्ययन

## ७.१ विषयप्रवेश

गोविन्द भण्डारी सहकार्य रुचाउने कवि हुन् । २०४६ सालमा **आगो पालेका पेट र शीत ओढेका बस्तीहरू** संयुक्त कवितासङ्ग्रहका रूपमा देखिन्छ । प्रस्तुत परिच्छेदमा **आगो पालेका पेट र शीत ओढेका बस्तीहरू** कवितासङ्ग्रहका कविताहरूमध्ये गोविन्द भण्डारीका दसवटा कविताहरूको अध्ययन गरिएको छ ।

## ७.२ आगो पालेका पेट र शीत ओढेका बस्तीहरू कवितासङ्ग्रहका कविताको अध्ययन

गोविन्द भण्डारीले २०४३ साल भाद्र २६ देखि २०४५ साल माघ २९ सम्म रचना गरेका रचनाहरू उनको जीवनकालको अन्तिम र प्रथम गद्य काव्यकृतिका रूपमा प्रकाशित **आगो पालेका पेट र शीत ओढेका बस्तीहरू** (२०४६) संयुक्त कवितासङ्ग्रहका रूपमा देखापरेको छ । यस सङ्ग्रहभित्र गोविन्द भण्डारीका दसवटा कविता, मुरारि पराजुलीका दसवटा कविता र बोधराज पन्तका एघारवटा कविता गरी जम्मा एकतीसवटा कविता रहेका छन् । यहाँ यस सङ्ग्रहमा प्रकाशित गोविन्द भण्डारीका कविताहरूको अध्ययन गरिएको छ ।

### ७.२.१ केन्द्रीय कथ्य, विचार तथा भावविधान

कविता सिर्जनाका लागि प्रयुक्त मूल विषयवस्तु र अवधारणालाई भाव वा विचार भनिन्छ । विषयवस्तु चयनमा कवि पुरै स्वतन्त्र हुन्छ र ऊ निर्वाधहरूमा स्वेच्छापूर्ण अनेक विषयवस्तुको चयन गरी त्यसमा आफ्नो विचारलाई समेत मिसाएर काव्य सिर्जना गर्छ ।[६९] कविबाट सिर्जित कविताकृतिको एकीकृत सारतत्त्व वा केन्द्रीय भाव र त्यसभित्रका शीर्षकगत खण्ड-खण्डको केन्द्रीय भाव गरी दुवै तरिकाले अध्ययन गर्न सकिन्छ । कविले कविता मार्फत पाठकलाई भन्न खोजेको मूल मर्म र तात्पर्य यस भावविधान अन्तर्गत प्रस्तुत गरिन्छ । कविताको विषयवस्तु अमूर्त हुनाका साथै  सूक्ष्म पनि हुन्छ । यही अमूर्तता र सूक्ष्मताका कारण यसको केन्द्रीय भाव वा विचार सुस्पष्ट हुन पनि सक्छ र नहुन पनि सक्छ । मूल भाव विषयवस्तुको एउटा भाग हो र यो चरित्र, बिम्ब, प्रतीक, शाब्दिक ढाँचा आदिमा आबद्ध हुन्छ ।[७०] यस सङ्ग्रहभित्र गोविन्द भण्डारीको पहिलो स्थानमा सङ्गृहीत

---

[६९] खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृ. २१९ ।

[७०] ऐजन्, पृ. २२० ।

कविताहरूको मूल सारतत्त्व साहित्यकार द्वय आनन्ददेव भट्ट र ऋषिराम भुसालबाट आ-आफ्नो भूमिकामा अभिव्यक्ति समीक्षात्मक मन्तव्य तथा विचार नै उनका कविताहरूको केन्द्रीय कथ्य वा भाव बनेको देखिन्छ ।

यस सङ्ग्रहको नामकरणबाटै पनि कविताहरूको मूल भाव र केन्द्रीय विचार बुझ्न सकिन्छ । आगो पालेका पेटले गरिब, विपन्न, पछाडि परेका सीमान्तकृत वर्ग र भोकानाङ्गा समुदायको दिनभरिको परिश्रमबाट पनि पेटभर खान नपाएको रन्थनिएको भोको पेटको दर्दनाक दृश्यचित्र  खिचेको छ । यसै गरी शीत ओढेका बस्तीहरूले राज्यको सेवासुविधाबाट टाढा रहेका झुपडी र छाप्रोमा बस्ने ग्रामीण समुदायको आर्थिक विपन्नताका कारण जाडो याममा कम्बल तथा सिरक ओढेर चिसोबाट बच्नु पर्ने ठाउँमा ढुँडी, तुसारो र हिमपातले भरिएको शीत ओढेर बस्नु परेको गरिबीको मानसिक चित्र प्रतिबिम्बित छ । कृतिको समग्र सारभूत मर्म मात्र यस कवितासङ्ग्रहको नामले प्रस्तुत भएको छ ।

कवि गोविन्द भण्डारीको यस कवितासङ्ग्रहको 'घिउ' शीर्षकको पहिलो कवितामा कविले सरकारी र गैरसरकारी निकाय, शैक्षिक संस्था, नातासम्बन्ध तथा घरपरिवार सबै क्षेत्रमा घुस्याहा प्रवृत्तिका लागि 'घिउ' 'अचूक फर्मुला' सिद्ध भएको यथार्थपरक सारभूत कुरा उल्लेख छ । कतै सम्बन्ध बिग्रन थाले वा जागिरको सरुवा हुने सम्भावना देखिए घिउले मध्यस्थताको भूमिका निर्वाह गरी सम्बन्ध र जागिर सरुवामा रक्षाकवज बनेर नवीकरण गरिदिएको छ । 'घिउ' कतै अपराधीको प्रायश्चित्त भइदिएको छ भने कतै नयाँ दुलही फकाउन दोस्रो विवाह गर्ने बूढो लोग्नेको टिकोटालोमा मध्यस्थकर्ता भइदिएको छ । 'घिउ' चौबाटोको 'शिवलिङ्ग' र मन्दिरको 'घण्ट' भएर सार्वजनिक रूपबाट हित-अहित तथा इज्जत-बेइज्जत दुवै भोगिरहेको देखाइएको छ । यहाँ घिउ सामाजिक र सांस्कृतिक विकृतिका रूपमा बढी प्रयोग हुँदै आएको र विपन्न वर्गलाई कहिलेकाहीँ तुसको रूप धारण गरेर पीडा दिने जस्तो तथ्यलाई रमाइलो र व्यङ्ग्यात्मक शैलीले प्रस्तुत गरिएको छ । सारमा यस कवितामा घिउलाई उपहार र कोसेली बनाएर देश र समाजमा सरकारी संयन्त्र सङ्घसंस्था एवम् घर गाउँ समाजमा व्याप्त विसङ्गतिपूर्ण र भ्रष्ट प्रवृत्तिमाथि कलात्मक शैलीले तिखो व्यङ्ग्य गरिएको छ ।

'म त नेपाल आमा हूँ' दोस्रो कविता नेपाल आमाले असमान रूपले वर्गीय विभेदमा छिरलिएका सन्तान रूपी जनताप्रति व्यक्त गरिएको गुनासोयुक्त कविता हो । सरकार चलाउने शासक वर्ग र गाउँसहरका सम्पन्न वर्गले दिनरात पाखुरी बजार्दा पनि पेटमा माड पुऱ्याउन नसक्ने विपन्न वर्गलाई बेवास्ता गर्दा दुवै सन्तानका एउटै आमा चिन्तित र मर्माहत भएको मूल कथ्य यस कवितामा व्यक्त भएको छ । एउटा भाइ अट्टालिकामा बसेर हाँसो पड्काउने र चट्ट बिर्को फुकालेर जिभ्रो फड्काउने गर्छ । अर्को भाइको पेटले माड खान माग्दा भोकको आवाज सुन्न नपरोस् भनी मन्टो फर्काउँछ । झुपडीमा बस्ने एउटा

भाइको छानो भरीले चुहेर नुहाउँछ, अर्को भाइ महलमा आनन्दका साथ निदाउँछ । यहाँ आफ्ना चेलीबेटी, दिदी, बहिनी बेचिँदा-लुटिँदा मौन बस्ने, चिल्ला गाडीमा गुड्दै हिँड्दा अशक्तहरूलाई 'बजिया' भन्दै घिच्याउने, छिमेकमा दाजुभाइ नाङ्गै जाडोले काम्दा र आटोपिठो सापटी माग्दा रित्तो हात फर्काई महलमा रासलीला गर्ने जस्ता विभेदपूर्ण मार्मिक भावहरू कविले नेपाल आमाको तर्फबाट व्यक्त गरेका छन् । देशभित्र समाजमा व्याप्त उँचनीच बीचको यस्तो विभेदपूर्ण विसङ्गति हट्नु पर्छ, नेपाल आमाको न्यानो काखमा समानरूपले सबै अट्नु पर्छ, कसैले कसैलाई उपेक्षा गरिरहेको र दुर्दशा भोगिरहेको एउटै सन्तानकी आमाले हेर्न नसकेको मुख्य कथ्य यस कवितामा रहेको छ । अतः कविताको सारतत्वमा नेपाल आमाको रूपाकृति र प्रतिबिम्ब देखाएर नेपाल सरकारले सबै क्षेत्रका जनतालाई बिना भेदभाव अभिभावकले आफ्नै सन्तानलाई स्नेहमा एकरूपता दिए जस्तै समान रूपले सेवामा पहुँच पुऱ्याउनु पर्छ भन्ने प्रगतिवादी एवम् प्राकृतिक समन्यायको भाव अभिव्यक्त गरिएको छ ।

तेस्रो कविता 'कविजीको डायरी'मा एक हप्ताभित्रको कविको जीवन कुन हिसाबमा अभावग्रस्त भएर घिसारिँदै र घाइते हुँदै बाँचेको छ भन्ने कुरालाई दैनिकी लेखनशैलीमा प्रस्तुत गरिएको छ । आर्थिक विपन्नताले ग्रसित कवि कहिले आफ्नै गृहिणीबाट तिरस्कृत भएका छन् त कहिले पारिश्रमिक पाउनु पर्ने ठाउँको ढोकाबाट रित्तै हात फर्केका छन् । पुरस्कार पाउने आशा पनि निराशामा बदलिएको छ । बजारबाट बाचाकबुल गरी ल्याएको उधारो सामानले भोला भर्न आफैँलाई अपमानका साथ लिलाम गरेका छन् । कहिले दिनलाई अध्याँरो बनाएर बाँकी बक्यौतासँग लुकेर हिँडेका छन् र रातमा उज्यालोमा हिँडे जस्तो अभिनय गरेर स्वतन्त्र आकाश छामछुम गर्न पुगेका छन् । कहिले भोको पेटले मसी छादेर भए पनि बाँझो धरतीमा अभिमन्यूको सपना कोरेका छन् । हैसियत नभएर पनि बैठक र गोष्ठीमा भाषण बोल्नुपर्ने जस्ता सम्मान र प्रोत्साहनबाट वञ्चित शोषित पीडित कविको मर्मस्पर्शी भाव यस अधिकार खोसिने गरेको सङ्कीर्ण परम्परावादी सोच समाजमा जीवित रहेको देखाइएको छ । जिउँदोमा जन्ती जान र मर्दामा मलाम जान मात्र क्रियाशील रुढिवादले ग्रस्त समाजले प्रतिभावान् साहित्यकला कर्मीको जिउँदो छउञ्जेल इज्जत, मान-सम्मान नगर्ने तर ऊ मरेपछिमात्र एउटा सालिक बनाइदिएर उम्कने परम्परा बोकेको राष्ट्रिय र सामाजिक कुप्रवृत्तिलाई नाटकीय तरिकाले भाव व्यक्त गरिएको छ । आइतबारदेखि शनिवारसम्मको कविको सम्मानपूर्वक इज्जतले बाँच्ने रहर गर्दा ठक्करै-ठक्कर खाएको मूल भाव छ । पेटमा भोकै भोकको आगो पालेका कविहरू शीत ओढेका दुर्गम बस्तीहरूमा न्यानो घामको लागि सङ्घर्ष गर्दै बाँच्न बाध्य भएको भाव पनि यस कवितामा रहेको देखिन्छ ।

'अभ्यर्थना एउटा अर्को बैँसको' कवितामा कविले जोश जाँगर भरिएको बैँसालु उमेरमा केही गर्न नभ्याउँदै जिन्दगी चाउरिँदै गएको र धेरै कामकुरा गर्न खोज्दा जवानी फर्सी भैँ फतक्क गले जस्तो महसुस भएकाले जीवन नवीकरण गर्न वा कसैबाट सापटी

दिन प्रकृति तथा समयसँग आग्रह गरेका छन् । यस कवितामा मान्छेको बैंस र अनन्त कामना मर्दै गइरहेको छ । छातीभित्र इच्छामा बैंस र कुरामा बसन्त भए पनि बुढौती र शिशिर मात्र भएर कवि चिसो उमेरको जिन्दगी बाँचिरहेका छन् । जीवनमा जवानी पाखुरीको नशामा रक्तप्रवाह, देशभक्तिमा पौरुषत्व कविमा घर्किंदै गएको र जवानी सरसापट गरेर भए पनि कविले बाँच्ने रहर गरेका छन् । निरीह चेलीको सुहाग खोसिएको र देशको स्वतन्त्रता एवम् स्वाभिमान चोरिएको  कथाव्यथा फलाक्नेहरूको छातीमा देशभक्तिको गन्ध छ कि छैन भनेर नियालेर हेर्न कविले राष्ट्रसेवी तन्नेरीहरूलाई आह्वान गरेका छन् । बेला र बैंसको जोसमा होस नपुगे पछि, तङ्ग्रिएका नसा पनि सुकिसकेपछि हजार मुठी जुटे पनि, पाइला जुर्मुराएर उठे पनि, अशक्त पाखुरीले सङ्घर्षको पहाड बोक्न सकिँदैन । अशक्त अन्तरिक्षबाट न्यानो घाम पनि उदाउन सक्दैन । शीतको चिसो पछ्यौरीभित्र नेपाली धर्ती चुप छन् । मातृभूमि बाँझिएर हो कि परिवर्तनको जोसजाँगर मच्चाउने पौरुषत्व भरिएका बैंसालु तन्नेरी जन्मन छाडेका छन् । यसैले अब बैंसको नौलो बिहानी ल्याउन र हराभरा धर्तीको स्वरूप निर्माण गर्न उमेर घर्किन लागेका युवाहरूलाई कविले यस कवितामा प्रार्थना गरेको मुख्य भाव छ । यहाँ सङ्घर्ष र परिवर्तनका लागि घर्किएको र बिस्तारै लर्किँदै गएको जिन्दगीमा जवानी सापटी गरेर भए पनि कविले केही समय उमेर नवीकरण गरी बाँच्ने चाहना गरेका छन् ।

'ओर्लंदो वर्तमान' शीर्षकको पाँचौँ कवितामा विकासको नियमानुसार अगाडि बढ्दै जानुपर्ने देश र समाज बढ्दो महङ्गी र बेरोजगारीका कारण झन पछाडि पारिएको तथा वर्तमान ओरालो लागिरहेको वास्तविकता कविले दर्साएका छन् । वर्तमानको बढ्दो वैज्ञानिक प्रविधिको चहलपहलले जिन्दगी बाँच्नुको जटिलतालाई दाँजेर कविले घरपरिवारभित्र खर्चमा मितव्ययी गर्न नखोज्ने गृहिणी, सापटी कट्टी गर्दा दुब्लाएको तलब, बढ्दो उमेरसँग वर्षहरू कट्टी गर्दा हलुङ्गिँदै र शारीरिक तौल घट्दै गएको जिन्दगी, विहेमा किनेको श्रीमान्-श्रीमतीको कोट र मनीव्यागले आफ्नो अस्तित्व प्रदर्शन गर्न पालो नपाएर ठुस्सिएको अवस्था, हिजो जुङ्गामा ताउ लगाउँदै हिँड्ने मान्छेहरू आज समयले घिस्सिएर हराउँदै गएको अवस्था, गरिबीले थिचिँदा अङ्ग्रेजी गीत गाउने बालबालिका 'उहिले बाजेका पालामा' भनेर नेपाली गीत गाउनु पर्ने आजको अवस्था आदि ओर्लंदो वर्तमानका कलात्मक उदाहरणहरू हुन् । नेपाली समाजभित्रको मानवजीवन प्रगति र विकासको गतिमा अगाडि बढ्नु पर्नेमा महङ्गी र बेरोजगारी तथा चढ्ढो आधारभूत आवश्यकता, अत्याधुनिक प्रविधिको तीव्र विकास र नेपाली जनताको क्रयशक्तिमा क्रमशः घट्दै जानु आदि 'ओर्लंदो वर्तमान' कविताको मुख्य भाव हो । २०४६ सालमा कविले वर्तमान ओरालो लागिरहेको देखेको अवस्था आजको परिवेश तथा सन्दर्भमा पनि उत्तिकै सान्दर्भिक रहेको मूल भाव पनि यसभित्र रहेको छ ।

छैठौँ कविता 'विज्ञापन'मा पनि विसङ्गतिपूर्ण हाम्रो सामाजिक जीवनको यथार्थ सजीव चित्रण गरिएको छ । सुन्दर भविष्यको कल्पना गर्दै होटल र बजारमा घुम्ने फक्रँदा

युवाहरू घरभित्रको अभावग्रस्त परिस्थितिले कोठामा पस्दा एकाएक सुर्ताउने, मुर्झाउने र मरेतुल्य हुने गरेका छन् । लच्छिनका छोरीहरू र पौरखी छोराहरू आमा-बाबुको सन्ताप घटाउन र इज्जत राखिदिन कलेजलाई फेसन बनाएर योग्यताको लेबल मात्र लगाउने काम गरेका छन् । तिनले प्रमाण-पत्र आयात गरेरै भए पनि आमा-बाबुको मान बढाएका छन् । दरिद्र देशका सन्तृप्त वक्ताहरू भट्टी-भट्टीमा बसेर सपनाको विज्ञापन खेलाएर उजाड र अध्याँरा बस्तीहरूलाई अलकापुरीसँग सट्टापट्टा गरेका छन् । बजारबाट गृहिणीहरू घरको रासन घटाए पनि इज्जत चलाएका छन् । इज्जतको कोर्राले दोब्रिएका बुढाबा अझै सोझिएका छैनन् । ससाना नानीहरू इज्जतकै नाममा रित्ता टिफिन केरियर बोकेर बोर्डिङ दगुरेकै छन् । मान्छेहरू रातभर इज्जत बेचिरहन्छन् र दिनभर त्यसैलाई किनिरहन्छन् । इज्जतकै खरिदविक्रीमा लीन भएकी बजारकी विचरी मैयाँ जीवनको अन्त नहुँदै उमेरमै चौलानी र खरानी भएकी छन् । सेवा र भक्तिको नशा लिने सपना साकार पार्दै अहिले ईश्वरमा लीन भएकी छन् । 'विज्ञापन' इज्जतका लागि तँछाडमछाड गर्दै दिन दुगुना रात चौगुना भएर अनन्त म्याराथुन दौडमा रडारले नाप्नै नसक्ने गरी दौडेको छ । आ-आफ्नो इज्जत देखाउन मान्छेहरू पर्दा पछाडि (रातमा) जस्तोसुकै कुकृति गर्न पछाडि नपर्ने गरी विज्ञापनले यस खालको प्रवृत्तिलाई उक्साइरहेको मुख्य विचार यस कवितामा अभिव्यक्त भएको छ ।

सातौँ कविता 'अस्मिता'मा नेपाली युवाहरू आफ्नो देशको अपार स्रोत-साधन र आफ्नै अद्‌भुत शक्तिलाई नचिनेर आफ्नो अस्तित्व आफैँ गुमाइरहेको बताइएको छ । बहादुरी र स्वाभिमानले उँचा शिर भएका नेपालीहरू अहिले आफ्नै पहिचान गुमाएर विदेशीहरूका ढोका-ढोकामा कोही चौकीदार र कोही कोठीको पुतली भएर हल्लिरहेको र ढलिरहेको कविलाई नमीठो लागिरहेको छ । हिमालका कस्तुरीले आफ्नो बिना थाहा नपाए जस्तै बहादुर भएर पनि नेपालीले आफ्नो बहादुरी भुलेर नेपालीपनको चिनारी दिन डराएको छ । नेपालका वीर युवाहरूको जोसिला आत्माहरू किनबेच गर्ने पसल थापेर यहाँ कसैले ठगिरहेको छ । मानव सम्यताका लागि प्रगतिको शिखरमा चढ्दै जानु पर्ने मान्छे राष्ट्रिय स्वाधीनता र स्वाभिमान भुलेर पानी झैँ तलतिर बगिरहेको छ । नेपाली युवाहरू आफ्ना छिमेकीका अग्ला महल र ऐस आरामदेखि लोभिएर विदेशी भूमिका गल्ली-गल्लीमा लट्ठी लिएर हल्लिरहेका छन् । स्वदेश बोक्ने मूल्यवान् बलिष्ठ काठका दलिनरूपी युवायुवतीहरू सीमापारिका चुलो चौकामा दाउरा भएर डढिरहेका छन् । सबै प्राकृतिक स्रोत-साधनले मौरीको घार झैँ सम्पन्न भएर पनि चुसिएको कुट झैँ नहुन र आफ्नो पहिचान कायम राख्दै अरु माथि उठ्न कविले नेपाली युवाहरूलाई आग्रह गरेका छन् । देश रसातलमा गइरहँदा पनि चुप लागेर बस्ने नेपालीहरूलाई देशभक्तिको कोशी फुट्न र जाँगरको एभरेस्ट उठ्न उनले झकझकाएका छन् । नेपालीहरू आफू र आफ्नो देशलाई राम्ररी चिन्न नसकेर दुःख पाएको मार्मिक भावले कविताका सबै पङ्क्तिपुञ्जहरू भरिएका छन् । 'अस्मिता' कविताले नेपालीहरूलाई आफ्ना अस्तित्वको सही पहिचान गरेर सबै स्रोतसाधनको समुचित

सदुपयोगबाट सम्पन्न बन्न र विश्वमा शिर ठाडो पार्न मार्गनिर्देश गरिरहेको केन्द्रीय कथ्य तथा विचार रहेको देखिन्छ ।

यसै गरी 'म नाटक हेरिरहेको हुन्छु' शीर्षकको आठौँ कवितामा कविले देशभित्र दुराचार र अन्याय-अत्याचारको बन्धन चुँडाल्न प्राण आहुति गर्ने सन्तानहरूको कथा र उनका बाबुआमा तथा परिवारले भोगेका पीडालाई समेटेको दुःखद् नाटकीय भाव व्यक्त गरेका छन् । पति गुमाएका विधवा नारी देशका लागि बलिदान दिएका छोराछोरी र त्यसबाट आहत भएका बाबुआमा यी सबैको कहानीले भरिएको दुःखान्त भावले कविता भरिएको छ । कविले यस प्रकारको जटिल र दर्दनाक हत्या, हिंसा, दरिद्रता, विडम्बना र शोषणयुक्त दुःखान्त नाटक अन्त्य गरेर अब प्रगति उन्मुख सुखान्त नवीन नाटक खेल्नका लागि न्यायप्रेमी जनतालाई मञ्चमा उत्रन आह्वान गरेका छन् । देशभित्र सदियौँदेखि चल्दै आएको शोषक र सामन्त प्रशासन र शोषित पीडित जनता बीचको प्रतिशोधपूर्ण यस्तो दर्दनाक दुःखद नाटक कविले टुलुटुलु दर्शक मौन भएर हेर्नु सिवाय केही गर्न नसकेको र नाटक जटिल भएर बुझ्न नसकेकाले अब अर्को सुखान्त नाटकको सिर्जना गरी नेपाली धर्तीको नाट्यमञ्चमा उत्रेर सँगै सबै मिलेर नवीन नाटक खेल्न नेपाली जनता समक्ष प्रस्ताव गरेको मूलभाव व्यक्त भएको छ ।

'हिमालमुनिको बस्ती' शीर्षकको कवितामा विषम प्रकृति, जैविक विविधता र हिमशृङ्खलाको सौन्दर्यले भरिएको प्राकृतिक स्रोत, साधनको धनी देश नेपालमा आउने विदेशी पर्यटकहरूलाई यहाँको मनोरम दृश्यले आकृष्ट गर्छ र उनीहरू आफ्नो मुवि क्यामराभित्र ती सबै दृश्यलाई कैद गरेर लैजान मन पराउँछन् । यस विषयमा कविले पर्यटकलाई मामा र नेपाली जनतालाई भान्जाको साइनो देखाएर पर्यटक मामाहरू नेपाली भान्जाहरूप्रति हेर्ने दृष्टि र उनीहरूले गर्ने गरेका व्यावहारिक क्रियाकलापका आधारमा अलिकति आशङ्का गरेको भाव यस कवितामा व्यक्त गरेका छन् । विदेशी पर्यटकहरूमा पनि विशेषतः अङ्ग्रेजी पर्यटकलाई लक्ष्य गरेर मामाको स्वागतमा मङ्गल घडा समातेर समुद्रको दूरता नभनी, अक्षांश र देशान्तरको हिसाबै नगरी भान्जाको देशमा आएकोमा कविले सलाम चढाएको र मामा हातको टिका थापिरहेको प्रसङ्गबाट कविताको भाव अगाडि बढेको छ । पर्यटक मामाहरू हिमाल हेर्ने बहानामा नेपाली भान्जाहरूको दारिद्र्यता हेर्न त आएका होइनन् भनेर शङ्का गरिएको छ । नेपालमा आफ्नै परिवार र बन्धुबान्धवहरूले नेपालको मनोरम प्राकृतिक स्थल र हिमाल राम्ररी हेर्न पाएका छैनन्, तर पर्यटकहरू भने नेपालका कुनाकन्दरा र हिमालका सबै शृङ्खला चहारेर क्यामरामा कैद गरी लैजानु पटक्कै राम्रो होइन भनेर कविले मन दुखाएका छन् । हिमाल कहिलेकाहीँ शित र हिमपात बनेर हिमालमुनिका बस्तीहरूमा बसाइ सर्ने, चिसो र शीतल हावा बनेर घर आँगन र पिँढीमा आँखा लगाउने यस्तो सुन्दर एवम् प्यारो हिमाल आफैँले अझ केही समय लगाएर टक्क हेर्न नपाएको आफ्नै बाटुलीले दङ्ग परेर हिमाललाई टोलाएर नहेरेको विषयले सर्वसाधारण नेपाली जनताले हिमाललाई राम्ररी हेर्ने अवसर नपाउने तर विदेशीहरू यहाँका

सौन्दर्यपूर्ण आकर्षक प्राकृतिक स्थलहरूमा लडीबुडी गर्दै फोटो खिचेर सबै दृश्य लैजाने क्रियाकलाप कविलाई चित्त बुझेको छैन । हिमालको हिम मानवरूपी यती जस्तै नेपालीको नियति बनेको छ । पर्यटकको आगमन र उनले चढाएको भेटीले नेपालीको गुजारा चलेको छ । लघुमानवरूपी लिलिपुटको जस्तो आफ्नो हैसियत सम्झेर उनकै बन्दुक बोकेका नेपाली हातहरू आफ्नै पहिचान घुमाएर भान्जा भएका छौँ, टिका र दक्षिणा थापेका छौँ । हिमाली म्युजियममा यती भएर रहरस्यमय जीवन बाँचेका छौँ । हाम्रो दारिद्रता उनीहरूलाई हिमाल जस्तै रमाइलो लाग्न सक्छ भन्ने आशङ्कित हुँदै कविले हामी जसरी बाँचेको भए पनि बाँच्न देऊ, हामीलाई जसरी हेरे पनि हेर तर क्यामराभित्र कैद नगर, हिमालमुनिको बस्तीको सलाम छ, हाम्रो गरिबी र दारिद्र्यलाई आफ्नो यात्रावृत्तान्तमा बिस्कुन बनाएर नछरिदेऊ भनेर पर्यटकलाई आग्रह गरेका छन् । पर्यटकहरू नेपालीलाई यती र हिमालमुनिको बस्तीलाई म्युजियम मानेर रमाइलो र सुन्दर भन्न सक्छन् । पर्यटकहरू आफ्ना स्वार्थ बोकेर आउँछन् हाम्रो हित र भलाइ तथा सहयोग नगण्य नै हुन्छ । हामी नेपाली पर्यटकहरूबाट सर्तक पनि हुनु पर्छ, उनीहरूलाई पाहुनका रूपमा औपचारिकताको सामान्य स्वागत मात्र गर्नु पर्छ, आफ्नो स्वाभिमान र गौरवमय स्वतन्त्रता एवम् स्वाधीनता बचाएर राख्नु पर्छ भन्ने कविको सारभूत विचार यसमा रहेको देखिन्छ ।

'मर्ने अम्मल बसिसकेको छ' शीर्षकको दसौँ कवितामा अभावै-अभाव र सङ्कटग्रस्त जीवन बाँचिरहेका बहुसङ्ख्यक नेपाली जनता कार्यालय र संघसंस्थाका हाकिम र गाउँ, समाजका साहूसामन्तको हप्कीदप्कीका साथै हप्ता र महिनैपिच्छे बढिरहने बजारभाउको महङ्गीले पटक-पटक झस्किँदै र ठक्कर खाँदै मर्दै-बाँच्दै गुर्नपरिहेको नेपाली जन-जीवनलाई कविले काव्यात्मक सौन्दर्यता दिएर अति विपन्नताको मर्मस्पर्शी भाव व्यक्त गरेका छन् । निम्न वर्गका श्रमिकलाई संघसंस्था र गाउँ, समाजका ठूलाबडा मानिएका उच्च वर्गका केही व्यक्तिहरूको कडा स्वभाव र बचनले धेरैपटक मरेतुल्य बन्नु परेको छ । महङ्गी र अभावले गास, बास, कपास जोरजाम गर्न नसकेर ग्रामीण बस्तीका कृषक र मजदुरहरूलाई चिसो सिरेटोमा गुडुल्किएर, भोकभोकै छटपटाएर, औषधि उपचार नपाएर, सुरक्षित ओत बस्ने छाप्रो बनाउन नसकेर, इज्जत बचाउन असमर्थ भएर पटक-पटक निम्न र अतिनिम्न वर्गले मरिरहनु परेको छ । रोगले छटपटिएर अस्पताल धाउँदा-धाउँदा अभावको सिरिन्जले घोचिएर बिरामी मर्नु परेको छ । निम्न वर्गलाई जिउने रहर पनि दुर्व्यसन हुँदो रहेछ, अनाजको नशा खोज्न धद्दाउँदा-धद्दाउँदा पेट डाम्रिर भोकको ज्वालाले हुरहुर्रिएर गरिबलाई मर्नु परेको छ । निम्न वर्गका श्रमिकहरू जिन्दगीमा धेरै पटक जोखिम मोलेर बाँच्नु परेको र जोखिमसँग जुद्धा धेरैपटक मर्दै बाँच्दै गरिरहेको अभ्यासले उनीहरूलाई मर्ने डर पनि मरिसकेको मार्मिक तथ्यलाई चित्रगुप्तको खातासँग जोडेर उसलाई धेरैपटक मरेर पनि बाँच्ने प्रयास गरेको बेइमानीको कठघरामा उभ्याएर फेरि नब्युँतिने गरी मारिएको कलात्मक शब्द संयोजनबाट कविले गरिबीको सहस्र मृत्युको सार व्यक्त गरेका छन् । कविले देशभित्र श्रमिक र मजदुरहरू कालसँग जिस्किँदै जोखिमपूर्ण जीवन बाँचिरहेको मुख्य भाव यस कवितामा व्यक्त गरेका छन् । यसमा शोषित, पीडित वर्गको मार्मिक कथा-व्यथालाई पृष्ठभूमि बनाएर

झिनो कलात्मक आख्यानको पुट दिइएको पाइन्छ । निम्न वर्गको सङ्घर्षमय कठोर जीवनलाई बढी प्रकाश पार्दै शोषित, पीडित जनताको पक्षमा कविता बढी केन्द्रित रहेको छ । यस कवितासङ्ग्रहभित्रका सबै दसवटा कवितामा यस्तै अभावग्रस्त श्रमिक जीवनले ठाउँठाउँमा हन्डर र ठक्कर खाँदै बाँच्नका लागि धेरै ठाउँमा चक्कर लगाएको शोषित, पीडितको आत्मालाप छ । परिवर्तनका लागि जीवनमरणको सङ्घर्ष गरिरहेका नेपाली जनताको पक्षमा कविले आवाज बुलन्द गरेको प्रगतिशील विचारको मूल भाव सबै कवितामा अभिव्यक्त भएको पाइन्छ ।

### ७.२.२ लय विधान

लय विधान नै कविताको आत्मा हो र परिचात्मक स्वरूप हो । कवितामा छन्दोबद्ध वा गद्यात्मक मुक्त लयमध्ये कुनै एउटा लय आबद्ध हुन्छ । 'पङ्क्तिपुञ्जका स्तरमा पाउ/ चरण/ पङ्क्तिहरूको वार्णिक/मात्रिक वितरणको नियमित आवृत्तिको स्थिति मुक्त छन्द र त्यसमा बढी मुक्तता र स्वल्प नियमितताको स्थिति मुक्त छन्द वा गद्य कवितात्मक लय हो ।[७१] पङ्क्ति पङ्क्ति बीच गति यतिसँगै अनुप्रासीयताको श्रुतिरम्य अनुच्छेद (श्लोक) योजनामा कविताको स्वरूप पाइन्छ र यसभित्र लयविधान स्वतः अन्तर्निहित हुन्छ ।

गोविन्द भण्डारी शास्त्रीय छन्दका पारखी र शास्त्रीय छन्दमा कविता लेख्न रुचाउने कवि हुन् । उनले **आगो पालेका पेट र शीत ओढेका बस्तीहरू** कवितासङ्ग्रह अघि शास्त्रीय छन्दमा **फिलिङ्गो** खण्डकाव्य र **दियालो** कवितासङ्ग्रह रचना गरी प्रकाशित गरिसकेका छन् । यसरी शास्त्रीय छन्दका खेलाडी हुँदाहुँदै पनि उनलाई यस कवितासङ्ग्रहसम्म आइपुग्दा मुक्त लयको प्रभाव परेको देखिन्छ । कवि गोविन्द भण्डारीको यस कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरू मध्ये दोस्रो कविता 'म त नेपाल आमा हूँ' शीर्षकको एउटा कविता अनुष्टुप् छन्दमा रहेको छ भने त्यसबाहेक अन्य सबै कविताहरू स्वल्प नियमितता रहेको मुक्त छन्द वा गद्य कवितात्मक लयमा आधारित छन् । उनका कविता गद्यात्मक लयमा भए पनि पङ्क्तिगत योजना र श्लोक जस्तो देखिने चार/चार हरफका कतिपय कविताका अनुच्छेदहरूको व्यवस्थापन एवम् विधान नियोजित पाइन्छ । बद्ध लयभित्र कतै चार पङ्क्तिमा (पृ.३/७) सीमित छन् त कतै क्रमशः हरफहरू लम्बिँदै १८ पङ्क्तिसम्म (पृ.१७) तन्किएका लयात्मक अनुच्छेदहरूमा कविता रचिएका छन् । 'पङ्क्ति-पङ्क्तिबीच कम नियमितता वा दुई, तीन, चार वा बढी पङ्क्तिको कमै नियमित अनुच्छेद ढाँचा चाहिँ मुक्त लयको स्थिति हो' भनेर वासुदेव त्रिपाठी र अन्य विद्वान्ले भनेका विचारअनुसार यस कवितासङ्ग्रहका कविताहरू घटीमा चार पङ्क्ति (अस्मिता-पृ.१३) र बढीमा अठार पङ्क्ति ( हिमालमुनिको बस्ती,पृ.१७) सम्म रहेको देखिन्छ । 'पङ्क्तिगत स्तरमा आन्तरिक अनुप्रासीयता र पङ्क्तिपङ्क्तिका बीचको अन्त्यानुप्रासीयताबाट छन्द अरु मीठो हुन्छ र गद्यकवित्वको अन्तर्लय नै पनि अरु समृद्ध हुन पुग्छ । निष्कर्षमा भाषाशैलीको पङ्क्तिगत र पङ्क्तिपुञ्जगत

---

[७१] वासुदेव त्रिपाठी र अन्य, पूर्ववत्, पृ.१८ ।

उच्चारण र भ्रमणका क्रममा रम्य लाग्ने साङ्गीतिक ध्वनिगत नै लय विधानको लक्ष्य हो ।[७२] यही सिद्धान्त अनुरूप उनका कविताहरू गद्यकवित्वको अन्तर्लयले समृद्ध छन् । कविता गद्यात्मक देखिए पनि पङ्क्ति-पङ्क्तिका बीच, अन्त्यानुप्रासको व्यवस्थाले श्रुतिरम्य र साङ्गीतिक ध्वनियुक्त रहेका छन् ।

भण्डारीका कवितामा आन्तरिक अनुप्रासीयता र अन्त्यानुप्रासीयतायुक्त मुक्त लय रहेको पाइन्छ । 'अनु = वर्णनीय रसको अनुकूल, प्र = प्रकर्ष निकटता, आस = बारम्बार राख्नु अर्थात् वर्णनीय रसको अनुकूल वर्णको बारम्बार प्रयोग गर्नु नै अनुप्रासको शब्दार्थ हो ।[७३] पङ्क्तिगत स्तरमा आन्तरिक अनुप्रासीयता र पङ्क्ति-पङ्क्तिका बीचको अन्त्यानुप्रासीयताबाट छन्द अरु मीठो हुन्छ र गद्यकवित्वको अन्तर्लय पनि अरु समृद्ध हुन पुग्दछ ।[७४] एक उदाहरण :

गैँटी बोकेर पक्षपातको

रातभरिमा सरुवाको बाटो खन्छ

छाति पिटेर अभिमानको

चेतावनी र बर्खासीमा रक्षाकवच बन्छ

साउती गरेर आफन्त कानमा

बढुवाको अचूक फर्मूला भन्छ ।

(घिउ, पृ. १)

प्रस्तुत कवितामा गद्य कवित्वको अन्तर्लय छ । पहिलो र दोस्रो पङ्क्तिको अन्तिम अक्षर को-को, दोस्रो, चौथो र छैठौँ पङ्क्तिको अन्तका खन्छ, बन्छ र भन्छ शब्दका छ वर्ण वा अक्षर बारम्बार दोहोरिएर अन्त्यानुप्रासका रूपमा प्रयोग भएका छन् भने बोकेर, पिटेर, गरेर अन्तरपङ्क्ति बीचका 'र' अन्तर अनुप्रासका रूपमा प्रयोग भई लयात्मक कविता बनेको छ । एक अर्को उदाहरण :

शनिवार

---

[७२] ऐजन, पृ. १९ ।

[७३] हिमांशु थापा, पूर्ववत्, पृ. २५३ ।

[७४] वासुदेव त्रिपाठी र अन्य, पूर्ववत्, पृ. १९ ।

मान्छेहरू

'सम्मान' बाँच्ने तिर्खा खोसेका छन् उसबाट

र पाइताला उठाएका छन् मलाम जान

ए ! सुन त

सक्छौ भने उ मरे पछि

यौटा शालिक बनाइदिनु ल ।

(कविजीको डायरी, पृ.६)

प्रस्तुत कवितामा 'खसेका छन्', 'उठाएका छन्' शब्दांशहरू पङ्क्तिगत स्तरमा आन्तरिक अनुप्रासीयताका रूपमा दुईवटा फरक-फरक पङ्क्तिका बीचमा अन्तर्लय बनेर आएका छन्, दोहोरिएर प्रयोग भएका छन् । सुन त, बनाइदिनु ल पङ्क्तिका अन्त्यमा अन्त्यानुप्रासका रूपमा 'त' र 'ल' 'अ' स्वर उच्चारणले छन्दमय लय उत्पदित भएको छ । यस कवितामा गद्य कवित्वको अन्तर्लयसँगै पङ्क्तिगत स्तरमा आन्तरिक अनुप्रासीयता र आंशिक रूपमा अन्त्यानुप्रासीयता रहेको छ । एक अर्को पनि उदाहरण :

भोको पेटले कसरी अङ्ग्रेजी गीत गाउँछौं र बा !

म केटाकेटीहरूलाई उर्दी सुनाउँछु-

केटाकेटीहरू भाखा फेर्छन्-

उहिले बाजेका पालामा, रुपियाँ गन्थे डालामा

अहिले हाम्रा पालामा मकै छैनन् डालामा ।

(ओर्लंदो वर्तमान, पृ.९)

यस कवितामा पनि गद्य कवित्वको अन्तर्लय र आन्तरिक एवम् अन्तयानुप्रासीयता रहेको छ । उहिले, अहिले, पालामा, डालामा शब्दका ए-ए र आ-आ उच्चारण हुने स्वर वर्णको आवृत्तिले कविता श्रुतिरम्य र साङ्गीतिक बनेको छ । यस बाहेक अन्य पङ्क्तिमा यतिले गतिलाई नियन्त्रण गरी लयलाई सुन्दर समायोजन गरेको छ । यस्तै तलको एक अर्को उदाहरण हेरौं :

दरिद्र देशका सम्तृप्त वक्ताहरू

रातभरि सपनामा विज्ञापन खेलाइरहेछन्

चारो झिकेर कोटका खल्तीबाट

कुहेको जाँड छादिरहेछन्

अनि उजाड उजाड र अध्याँरा बस्तीहरूलाई

अलकापुरीसँग साटिरहेछन् ।

(विज्ञापन, पृ.१०)

प्रस्तुत कविताको हरेक दुई-दुई पङ्क्तिको अन्तमा प्रयोग भएका 'खेलाइरहेछन्' 'छादिरहेछन्' शब्दहरूमा छन्/छन् वर्णहरू अन्त्यानुप्रासका रूपमा पटक-पटक आवृत भएर सङ्गीतमय ध्वनि उच्चरित भएको छ । हरेक पहिलो पङ्क्ति गतिमान भई दोस्रो पङ्क्तिको अन्तमा यति/विश्राम भएर गद्यकवित्वको श्रुतिरम्यता र सौन्दर्यताको छन्दमुक्तता दर्साएको छ ।

कवि भण्डारीले कतिपय कवितामा मुक्त लयमा लेख्दालेख्दै पनि छन्दको छनक दिएका छन् । जस्तै :

स्वदेश बोक्ने दलिनहरू हो !

फगत चुलोमा डढिरहे छौ

सीमा पारी ढोकाहरूमा

किन लट्ठी भै अडिरहे छौ ?

(अस्मिता, पृ.१३)

प्रस्तुत कवितांश चार/चार पङ्क्तिका एघार पङ्क्तिपुञ्ज योजना मध्ये एउटा हो । यस गद्य कवितामा पनि दुई/दुई पङ्क्तिका अन्तमा अन्तर अनुप्रासीय र अन्त्यानुप्रासीय तथा समान स्वर र व्यञ्जन ध्वनि उच्चारण सङ्गीतमय स्वतन्त्र मुक्त लय रहेको छ । यसमा गतिसँग अन्त्यानुप्रासीय लय 'डढिरहेछौ', 'अडिरहेछौ' अभिव्यक्त शब्दहरूमा छौ/छौ वर्ण आवृत्त भई योजनाबद्ध रहेको छ । एक अर्को उदाहरण हेरौं :

लाग्छ निरीह आमाको, आँसु अवश्य सिद्धियो ।

र लाग्छ, वृद्ध बाबाको, आशा अवश्य निथ्रियो ।

फलामे सिक्रिका लागि, सिक्यौ सन्तति अर्पन,

म त दंग परे बाबा, सक्छौ कसरी सुम्पन ?

म बुझ्छु कसरी खेल्छौ, यस्तो जटिल नाटक,

तर सधैंभरी रित्तो, म हुन्छु मात्र दर्शक ।

(म नाटक हेरिरहेको हुन्छु, पृ.१५)

प्रस्तुत कवितांश ६/६ पङ्क्तिका ४ पङ्क्तिपुञ्जमध्येको एउटा हो । यस गद्य कवितामा गति र यति लगायत वर्ण योजना तथा सङ्गीतमय ध्वनिको अन्तर्लय योजना व्यवस्थित रहेको छ । धेरै जसो अनुच्छेदमूलक पङ्क्तिमा अन्त्यानुप्रास वर्ण एवम् स्वर व्यञ्जन लय व्यवस्थित देखिन्छ । यस पङ्क्तिपुञ्ज (श्लोक)मा अन्त्यानुप्रास शब्द र वर्णका रूपमा सिद्धियो-निथ्रियो, अर्पन-सुम्पन, नाटक-दर्शक सबै पङ्क्तिका शब्दका अन्तमा क्रमशः यो-यो, न-न, क-क वर्ण दोहोरिएर कविता शास्त्रीय छन्द जस्तै छन्दमय र लययुक्त बनेको छ । यस्तै एक अर्को उदाहरण हेरौँ :

हिमालभन्दा अलिकति पर

हिमालभन्दा अलिकति अन्तै

हो तिमी पालीमुनिका यती हेरिरहेछौ

धरोधर्म तिमी हिमालमुनिको दारिद्रय हेरिरहेछौ

सतोसत मेरो गाउँलाई म्युजियम हेरिरहेछौ

मामा ! ओ पर्यटक मामा !!

सलाम-तिमीलाई विदाईको सलाम

सलाम-तिमीलाई हिमालमुनिको बस्तीको सलाम

अब मुबि क्यामराभित्र हामीलाई कैद नगर

अब तिम्रो यात्रा वृत्तान्तमा हाम्रो बिस्कुन नछर ।

(हिमालमुनिको बस्ती, पृ.१७)

प्रस्तुत कवितांश ५ अनुच्छेद तथा पङ्क्तिपुञ्ज मध्ये एक हो । यस नवौं क्रममा रहेको गद्य कवितामा कहीं एक शब्दको पङ्क्तिले गति र यति छोटिएर टुङ्गिएको छ भने कहीं सात/आठ शब्दमा पङ्क्ति लम्बिएर गति र यति तन्किएको छ । बासुदेव त्रिपाठी र अन्य विद्वानको लय विधान सम्बन्धी सैद्धान्तिक अवधारणाअनुसार यस कवितामा पङ्क्तिगत स्तरमा आन्तरिक अनुप्रासीयता र पङ्क्ति-पङ्क्तिका बीचको अन्त्यानुप्रासीयताबाट छन्द मीठो बनेको छ । गद्य कवित्वको अन्तर्लयको बढी समृद्ध र भावयुक्त हुन पुगेको छ । हिमाल, भन्दा, अलिकति, मामा, सलाम, तिमी, तिमीलाई, सतोसत, धरोधर्म जस्ता शब्दहरू पङ्क्ति-पङ्क्तिमा आवृत्त भई अन्तर अनुप्रासीयताबाट लय उत्पन्न गराएको छ भने पङ्क्तिका अन्तमा छौ/छौ, र/र वर्णहरू आवृत्त भई अन्त्यानुप्रास लयले श्रुतिरम्य बनेको छ । यस्तै एक अर्को उदाहरण हेरौँ :

कसले सहन गर्न सक्छ

यौटै मान्छेको सहस्र मृत्यु

तब न धर्तीलाई वर्ता थियो

एक दिन चित्रगुप्तले खाता खोले

उ 'पटके'मा दर्ता थियो

रङ्गेहात उनको अदालतमा उभ्याइयो

किरिया खाएर सत्यताको

यसपटक कहिल्यै नबिउँतिने गरी मऱ्यो ।

(मर्ने अम्मल बसिकेको छ, पृ.१९)

प्रस्तुत कविताले गद्य कवित्वको वा मुक्त लयको धर्म निर्वाह गरेको छ । 'वर्ता' र 'दर्ता' जस्ता अन्तर अनुप्रासीय र अन्त्यानुप्रासीयताका रूपमा 'थियो'/ 'थियो', 'उभ्याइयो', 'सत्यताको', 'मऱ्यो' पङ्क्तिका अन्तमा दोहोरिएका शब्दका अन्तिम स्वर वर्णहरू यो/यो आवृत्त भइरहेकाले साङ्गीतिक लय प्रदान गरेको छ ।

कवि भण्डारीले यस कवितासङ्ग्रहमा पनि अनुष्टुप् छन्दमा कविता लेखेका छन् । यस छन्दको प्रत्येक पाउमा आठ अक्षर हुन्छन् । विषम पाउको सातौँ अक्षर गुरु हुन्छ । त्यस्तै सम पाउको सातौँ वर्ण लघु हुन्छ । प्रत्येक पाउमा पाँचौं अक्षर र लघु छैठौँ अक्षर गुरु हुन्छ ।[७५] एक उदाहरण :

[७५] हिमांशु थापा, पूर्ववत्, पृ. २८३ ।

लाटा, काना, बहिरा र टुहुरा लङ्गडाहरू

गल्लीका सुतुवा तेरा शब्दका 'बजिया'हरू ।

बन्धु हुन्, किन ए छोरा, उपेक्षा गर्दछस् निकै,

मेरो हृदयमा तिन्का निम्ति माया छ उत्तिकै ।

(म त नेपाल आमा हूँ, पृ.३)

प्रस्तुत कविता अनुष्टुप् छन्दमा रचिएको छ । ८/८ अक्षरको पङ्क्ति हुनुपर्नेमा यसमा भने १६/१६ अक्षरको पङ्क्ति रहेको छ र ८/८ अक्षरमा विश्राम भएर चार पाउमा ६४ अक्षरले श्लोक पुगेको छ । सबै चरणमा पाँचौँ लघु, छैठौँ गुरु, अनि पहिलो र तेस्रोमा सातौँ अक्षर गुरु तथा दोस्रो र चौथोमा सातौँ अक्षर लघु हुनुपर्ने यस छन्दको नियमअनुसार यो दोस्रो कविता रचिएको छ । छन्दोबद्ध कविता भएकोले यसमा गति र यतिको व्यवस्थापन स्वतः मिलेको छ ।

अन्ततः यस कवितासङ्ग्रहमा सङ्गृहीत दसवटा कविताहरूमध्ये दोस्रो कविता मात्र अनुष्टुप् छन्दमा रचिएको र बाँकी अरु नौवटा कविताहरू गद्यात्मक मुक्त छन्द तथा मुक्त लयमा रचिएका छन् । प्रायः सबैजसो कवितामा पङ्क्ति-पङ्क्ति बीच अन्तर अनुप्रास र अन्त्यानुप्रासको बाहुल्यताले सबै कविताहरू अन्तर्लययुक्त, साङ्गीतिक र श्रुतिरम्य बनेका छन् । गोविन्द भण्डारीको यो गद्य कविताकृतिमा लयको प्रचुरता छ । छन्दमुक्त कवितामा छन्दको बन्धन नभए पनि लय पैदा भएको हुन्छ र यस्ता लयलाई मुक्त लय भनिन्छ । मुक्त लयको प्रयोग गद्य कवितामा हुन्छ र यसमा छन्दबाट सिर्जित बाह्य लय नभई ध्वनि एवम् अर्थबाट सिर्जित आन्तरिक लय हुन्छ । पद्य वा गद्य दुवै खाले कवितामा लयोत्पादन गर्न अलङ्कार (विशेषतः अनुप्रास) को महत्त्वपूर्ण भूमिका रहन्छ ।

### ७.२.३ संरचना

कविताकृतिको बाह्य संरचना त्यसका लयात्मक खण्ड/गण र विश्राम भई पाउ/चरण वा पङ्क्तिविधान सँगै थालिन्छ र त्यसका विविध भाग/परिच्छेद हुँदै विस्तारित हुन्छ ।[७६] यहाँ यसै सैद्धान्तिक पृष्ठभूमिका आधारमा **आगो पालेका पेट र शीत ओढेका बस्तीहरू**भित्र गोविन्द भण्डारीबाट रचना गरिएका कविताहरूको संरचनात्मक अध्ययन गरिएको छ ।

[७६] वासुदेव त्रिपाठी र अन्य, पूर्ववत्, पृ. १७-१८ ।

गोविन्द भण्डारीका कविताहरूमा 'घिउ', 'विज्ञापन' र 'अस्मिता' तीनवटा कविता एक/एक शब्दले बनेका छन् । 'कविजीको डायरी' र 'ओर्लंदो वर्तमान' दुईवटा कविता दुई शब्दले र 'हिमालमुनिको बस्ती' तीन शब्दले बनेको छ । 'अभ्यर्थना यौटा अर्को बैंसको', 'म नाटक हेरिरहेको हुन्छु' र 'मर्ने अम्मल बसिसकेको छ' तीनवटा कविता चार/चार शब्दले र 'म त नेपाल आमा हूँ' एउटा कविता पाँच शब्दले बनेका छन् । यस कृतिको कुल संरचना पृष्ठ ५८ मध्ये उनका सङ्गृहीत कविताहरूले जम्मा १८ पृष्ठ ओगटेका छन् । उनका दसवटा कवितामा जम्मा ६७ वटा श्लोक/अनुच्छेद र ४१९ हरफ तथा पङ्क्ति रहेका छन् । 'म त नेपाल आमा हूँ' शीर्षकको दोस्रो कविता अनुष्टुप् छन्दमा रचिएको छ भने बाँकी नौवटा कविता गद्यात्मक मुक्त लयमा रूपमा संरचित छन् । छोटोमा एक शब्द (घिउ, पृ.१) देखि अधिकतम अठार शब्द (भोको पेटले कसरी अङ्ग्रेजी गीत गाउँछौ र बा ! पाँचौँ कविता पृ.९) सम्मका आयाम भएका कविताभित्रका पङ्क्ति/हरफहरू रहेका छन् । सबभन्दा छोटो आयाममा बनेको एउटा 'म नाटक हेरिरहेको हुन्छु' (पृ.१५) ४ अनुच्छेद/पङ्क्तिपुञ्जमा २४ पङ्क्ति/हरफको रहेको छ भने सबभन्दा लामो आयाममा बनेका दुईवटा कविता 'कविजीको डायरी' (पृ.५) र 'विज्ञापन' (पृ.१०) क्रमशः ७ र ६ अनुच्छेद/पङ्क्तिपुञ्जमा ५८/५८ हरफले बनेका छन् । सहज, सरल र सङ्क्षेपमा गोविन्द भण्डारीका दसवटा कविताहरूको संरचनागत बनोटलाई निम्नलिखित तालिकामा एकत्रित रूपले अध्ययन गर्ने प्रयास गरिएको छ :

| **कविता-क्रम** | **कविताशीर्षक** | **पङ्क्तिसङ्ख्या र जम्मा पङ्क्ति** | **जम्मा श्लोक/ पङ्क्तिपुञ्ज** | **लय/ छन्दस्वरूप** |
|---|---|---|---|---|
| १ | घिउ | ५,८,६,७,१४,११=५१ | ६ | मुक्त |
| २ | म त नेपाल आमा हूँ | ४×७ (४/४ पङ्क्ति)=२८ | ७ | अनुष्टुप् |
| ३ | कविजीको डायरी | १०,८,९,१०,७,७,७=५८ | ७ | मुक्त |
| ४ | अभ्यर्थना यौटा अर्को बैंसको | ४×५ (४/४ पङ्क्ति)=२० | ५ | मुक्त |
| ५ | ओर्लंदो वर्तमान | ४,४,५,५,७,४,६,५=४० | ८ | मुक्त |
| ६ | विज्ञापन | ९,८,६,१३,१६,६=५८ | ६ | मुक्त |

| | | | | |
|---|---|---|---|---|
| ७ | अस्मिता | ४×११ (४/४ पङ्क्ति)=४४ | ११ | मुक्त |
| ८ | म नाटक हेरिरहेको हुन्छु | ६×४ (६/६ पङ्क्ति)=२४ | ४ | मुक्त |
| ९ | हिमालमुनिको बस्ती | ७,१६,६,१८,१०=५७ | ५ | मुक्त |
| १० | मर्ने अम्मल बसिसकेको छ | ४,४,४,६,४,५,४,८=३९ | ८ | मुक्त |
| **जम्मा** | | **४१९** | **६७** | |

यसरी यस कवितासङ्ग्रहभित्रका कविताहरूको संरचनागत आयामलाई हेर्दा कविताले अभिव्यक्त गर्न खोजेको भावका आधारमा कविता कहीँ लम्बिएका छन् त कहीँ छोटिएका छन् । कविताहरू गद्यात्मक भए पनि स्वतन्त्र रूपले मुक्त र स्वच्छन्द लयमा कतै एकै शब्दको पङ्क्तिगत गतिमा विश्राम भएर त कतै सात/आठ शब्दका गतिमा तन्किएर कविताका हरफहरू सङ्गीतयुक्त भएर अभिव्यक्त भएका छन् । कवि गोविन्द भण्डारी कविता सिर्जना गर्दा व्याकरणीय नियम पालना र शुद्धाशुद्धिमा पनि उत्तिकै सचेत रहेको देखिन्छ । उनका कविताभित्र शब्दको अर्थ, भाव र अभिव्यक्तिलाई स्पष्ट बोध गराउन आवश्यक स्थानमा अल्पविराम (,), पूर्णविराम (।), प्रश्न चिन्ह (?), उद्गार/सम्बोधन-चिन्ह ( !), उद्धरण-चिन्ह(‘ ’, “ ”), निर्देशक-चिन्ह (-) आदिको यथोचित प्रयोग गरिएको छ । कविता शीर्षकहरू र कवितामा पङ्क्तिगत अक्षरका आकार पनि मोटो र पातलो रूपाकृतिले व्यवस्थित देखिन्छ । सबै कविताका पङ्क्तिपुञ्जका बीच-बीचमा गोलाकार टीका स्वरूपका सीमाबोधक चिन्ह र कविताका अन्तमा सोहीअनुरूप जोडा सीमान्तबोधक-चिन्ह साथै कविताको रचनाङ्क मिति राखेर कविताको संरचनागत कुशल व्यवस्थापन र रचनाकालको परिवेशलाई सङ्केत गर्न खोजेको देखिन्छ ।

### ७.२.४ भाषाशैली

साहित्यको भाषाशैली अन्य विषयक्षेत्रको भन्दा त्यसै पनि कलापूर्ण हुन्छ । त्यसमा पनि कविताको भाषाशैली त झन् विशिष्ट, लयात्मक र अमूर्त हुन्छ । भाषा अभिधार्थ ( वाच्यार्थ) भन्दा पर लाक्षणिक र व्यञ्जक समेत बन्न पुग्छ । मानक आधारभूत भाषिक व्याकरणको प्रतिपालन गरेरै पनि भाषाशैलीले बढी व्यञ्जकता, लालित्य र लयात्मकता

कवितामा प्राप्त गर्दछ ।[७७] कवितामा अभिव्यक्त हुने रचनाकारको भाषा सामान्य बोलीचालीको कथ्य भाषा भन्दा फरक लालित्यपूर्ण र जटिल हुन्छ । कवितामा भाषा र शैलीको कलापूर्ण तरिकाले संयोजन गरिएको देखिन्छ । कृतिको मध्यवर्ती तह शैलीले विशिष्ट रूपान्तरणका माध्यमबाटै साहित्यिक रचना र भाषा संरचनामा एकैसाथ सम्बन्ध स्थापित गरी कृतिलाई अस्तित्ववान् तुल्याउँछ ।[७८] कवितामा भाषाशैली श्रुतिरम्य लाग्ने, लयात्मक र विशिष्ट भए पनि सुबोद्य र बोधगम्य भएन भने शब्दाडम्बरको थुप्रो मात्र बन्न सक्छ । तसर्थ कवितामा भाषाशैली सहज, सरल र स्तरयुक्त हुनु आवश्यक देखिन्छ ।

गोविन्द भण्डारीको यस कवितासङ्ग्रहका दसवटा कविताहरूभित्रका भाषाशैली सुबोध र सरल हुँदाहुँदै पनि उनका दुईवटा कविता (कविजीको डायरी पृ.५-६ र विज्ञापन पृ.१०-११) मा साहित्यकार आनन्देव भट्टले यसै कृतिको आफ्नो भूमिकामा भने जस्तै कवितात्मक भावनाहरू लुकेका र दबेका जस्ता देखिन्छन् । यस बाहेक अरु सबै कविता श्रुतिरम्य, साङ्गीतिक र सुबोध छन् । विपन्न वा गरिब नेपालीका भोका पेट, झुपडी र बस्तीलाई पहिलो प्राथमिकता दिएर अन्तरअनुप्रासीय र अन्त्यानुप्रासीय अन्तर्लयात्मक भाषाशैलीको कलात्मक प्रस्तुति उनका कवितामा प्रशस्त पाइन्छ । झर्रा नेपाली शब्द, अनुकरणात्मक शब्द, तत्सम र आगन्तुक शब्दको प्रयोगले उनका कविताहरू स्तरीय र उत्कृष्ट बनेका छन् । यसलाई निम्नअनुसार देखाउन सकिन्छ :

| **पृष्ठ** | **झर्रा नेपाली शब्द** | **अनुकरणात्मक शब्द** | **तत्सम शब्द** | **आगन्तुक शब्द** |
|---|---|---|---|---|
| १ | हर्पे, मधानी, बटौली डोके, नाम्ले, तुस | ० | पदोन्नति, रक्षाकवच, अभिमान, प्रतिघात | बुलेट प्रुफ, जकेट, मेडम, फर्मुला, ग्यास्ट्रिक |
| २ | बराउनी, धारे हात, पिँडालु, तरुल, च्यूरी | तुर्काएको, हल्लाइरहेछ चिच्चाइरहेछ | प्रायश्चित, अक्षम्य | डिग्री, डिप्लोमा |
| ३ | बिर्को, लाटो, बहिरा टुहुरा, बजिया | चट्ट, पड्काउने फड्काउने, सुलुसुलु, लड्खडाइरहेछ, घच्चा | मौन, उपेक्षा, बन्धु | ० |
| ४ | मानो, गुन्द्री | ठुक्ठुकाउँदा | ० | तमासा |
| ५ | भित्ता | हिच्किचायो, सुस्केरा, प्याट्ट | गृहिणी, प्यादा | भोलुम |
| ६ | घाम, थुप्रै | ० | ० | नेम प्लेट |
| ७ | ० | फतक्क, झ्याम्म, | निरीह, अशक्त | ० |

[७७] वासुदेव त्रिपाठी र अन्य, पूर्ववत्, पृ. १९ ।

[७८] खगेन्द्रप्रसाद लुइँटेल, पूर्ववत्, पृ. ६८ ।

| | | | | |
|---|---|---|---|---|
| | | जुरुक्क | | |
| ८ | अचाल, खिइएको बार्दली | ò | मितव्ययी निस्प्रयोजन | मनिब्याग |
| ९ | डालामा | घिस्सिएको | ò | गेट |
| १० | साउती | ò | भविता, दरिद्र, धारण | रेस्टुराँ, क्यालेण्डर, कलेज |
| ११ | अलिकति, चौलानी निम्तो, तुर्नु बग्रेल्ती, खरानी | ò | अक्षय, साकार | टिफिन कैरियर बोर्डिङ्ग |
| १२ | तैपनि, लुकेको | काँपिरहेछु | अनन्त, शून्यता | रडार, म्याराथुन |
| १३ | दलिन, तलतिर | भर्भर | कुरुक्षेत्र, यौवन, पराक्रम | बन्दुक, गोली |
| १४ | ò | टिलपिल | धरातल, सारथी, अस्मिता | एभरेष्ट, बुट |
| १५ | ò | लत्तपत्त | निरीह, शैया, आर्तनाद, नवीन दर्शक, प्राणनाथ, दीर्घायु | जवर्जस्त, जिन्दगी |
| १६ | बाटुली, माया, | टक्क, दङ्ग | पश्चाताप, सहिष्णु | सलाम |
| १७ | पाली, बिस्कुन | ò | वृत्तान्त | म्युजियम, मुविक्यामरा, यती |
| १८ | जडौरी, खुराक, चाङ, सिरेटो | हाहाकार | क्षुधा, दुर्व्यसन | सिरिञ्ज |

यसरी यी कविताका भाषामा झर्रा, अनुकरणात्मक, तत्सम र आगन्तुक शब्दहरू रहेका छन् । उपर्युक्त भाषिक विविधतालाई कविताको विषयवस्तु तथा मुख्य भावअनुसार कलात्मक शिल्पले प्रस्तुत गरिएको हुँदा भाषाशैली विशिष्ट र उत्कृष्ट देखिएका छन् । गोविन्द भण्डारीका यसभन्दा पहिला प्रकाशित **फिलिङ्गो** खण्डकाव्य र **दियालो** कवितासङ्ग्रहका कविताको भाषाशैलीका तुलनामा यो कवितासङ्ग्रहका कविताको भाषाशैली फरक र उत्कृष्ट छ भने वैचारिक दृष्टिकोण, खारिएको अभ्यास, फराकिलो अनुभवले परिपक्व र विशिष्ट रहेको छ ।

### ७.२.५ बिम्ब, प्रतीक र अलङ्कार

कुनै कृतिमा मुख्य अर्थको सहचर प्रतिच्छायाका रूपमा आउने अर्को सहप्रस्तुत वा सहवर्ती अर्थ बिम्ब हो । जीवनजगत्का विविध सन्दर्भ र सामग्रीबाट बिम्बविधान हुन सक्छ र अर्थालङ्कारहरू बिम्बविधानकै उपक्रम हुन् ।[७९] बिम्बीय तत्त्वका दृष्टिले भन्दा बिम्बप्रतिबिम्ब भावका दृष्टिले दृष्टान्त र निर्देशना अलङ्कार नजिक जस्ता देखिए पनि पूर्वीय साहित्य सिद्धान्तका सम्प्रदायका रूपमा भन्नुपर्दा उपमा, रूपक र दृष्टान्त अलङ्कार

---

[७९] वासुदेव त्रिपाठी र अन्य, पूर्ववत्, पृ. २०-२१ ।

नै बिम्बवादको धेरै नजिक छन् ।[८०] अलङ्कार सम्प्रदाय पूर्वीय साहित्य सिद्धान्तको अत्यन्त प्राचीनतम उपज हो भने बिम्ब सम्प्रदाय पश्चिमी साहित्यसिद्धान्त अन्तर्गत बीसौँ शताब्दीको (अर्वाचीन) उपज भए पनि पूर्वीय अर्थालङ्कार र पाश्चात्य बिम्बका बीच समानता रहेको विचार केशवप्रसाद उपाध्याय र वासुदेव त्रिपाठीको छ ।[८१] अलङ्कार सम्प्रदायमा पूर्वमा भरतदेखि विश्वनाथ र जगन्नाथसम्म र बिम्ब सम्प्रदायमा पश्चिममा टी.ई. ह्यूम, एज्रा पाउण्ड, टी.एस. इलियट आदिबाट अलङ्कार र बिम्बलाई समधर्मी वा समानार्थी तत्त्वका रूपमा लिएको पाइन्छ । पाश्चात्य साहित्यमा बिम्बलाई काव्यशोभाकारक तत्त्व वा अलङ्कारकै रूपमा मानिएको पाइन्छ र बिम्ब काव्यको साधनकै रूपमा आएको देखिन्छ । तसर्थ पूर्वीय अलङ्कारको स्थानापन्न भूमिका नै पश्चिममा बिम्ब र प्रतीक (इमेज एन्ड सिम्बोल)ले लिएको स्पष्ट देख्न सकिन्छ ।[८२] यसरी विभिन्न विद्वान्हरूले बिम्ब र अलङ्कारका विषयमा दिएका विचार र सैद्धान्तिक पृष्ठभूमिका आधारमा गोविन्द भण्डारीको यस कवितासङ्ग्रहभित्रका कविताहरूलाई अध्ययन गर्दा विभिन्न किसिमका बिम्ब, प्रतीक र अलङ्कारको प्रचुरता पाइन्छ । समाजमा व्याप्त विकृति र विसङ्गतिलाई उपर्युक्त बिम्ब र अलङ्कारका माध्यमबाट व्यक्त छ । यहाँ यस कवितासङ्ग्रहका कविताहरूमा बिम्ब, प्रतीक र अलङ्कार विधानका दृष्टिले अध्ययन गरिएको छ । पहिले अलङ्कारकै चर्चा गरौँ :

(१) गैटी बोकेर पक्षपातको

रातभरिमा सरुवाको बाटो खन्छ

छाति पिटेर अभिमानको

चेतावनी र बर्खास्तीमा रक्षाकवच बन्छ ।

(घिउ, पृ.१)

यहाँ चाक्षुष बिम्बको प्रयोग भएको छ । ऐन्द्रिक संवेदनाका आधारमा दृश्य वा रूप तत्त्वसँग सम्बद्ध बिम्ब नै चाक्षुष बिम्ब हो । चक्षुद्वारा दृश्य हुनु यस बिम्बको सामान्य अभिलक्षण हो ।[८३] प्रस्तुत कवितामा 'घिउ' नामको खाद्य पदार्थलाई मूलतः नजरानाका रूपमा प्रयोग गर्ने चलन नेपाली समाजमा रहेको चित्रण गरिएको छ । खासगरी यसले घुसको भूमिका निर्वाह गरेको कविले ठानेका छन् । 'सरुवाको बाटो खन्ने' र चेतावनी एवम् बर्खास्तीमा 'रक्षाकवच' बन्ने जस्ता दृश्य वा चाक्षुष बिम्बका माध्यमबाट यहाँ घिउलाई

---

[८०] लक्ष्मणप्रसाद गौतम, पूर्ववत्, पृ. ३३ ।

[८१] ऐजन, पृ.३४-३६ ।

[८२] ऐजन, पृ. ३४ ।

[८३] ऐजन, पृ. १५६ ।

घुसका रूपमा प्रयोग गरी कसैलाई अपायक सरुवा गर्न सकिने तथा हाकिमको चेतावनी र बर्खास्तीको धम्कीलाई घिउ दिएर रक्षा गर्न सकिने मानसिक तस्विरको सिर्जना गरिएको छ ।

(२) तँ त अट्टालिकाबाट हाँसो पड्काउने भइस्

चट्ट बिर्को फुकालेर, जिभ्रो फड्काउने भइस्

भाइका पेटले माड, माग्दा कान थुनिस किन,

म त नेपाल आमा हूँ, दुर्दशा हेर्न सक्तिन ।

(म त नेपाल आमा हूँ, पृ.३)

यहाँ विरोधाभास अलङ्कारको प्रयोग भएको छ । विरोध र आभास शब्द मिलेर विरोधाभास शब्द बनेको छ । दुई वा धेरै वस्तु वा व्यक्तिको वास्तविक रूपमा विरोध नभए पनि विरोधको झझल्को हुनु नै विरोधाभास अलङ्कार हो ।[८४] प्रस्तुत कवितामा एउटै देशका नेपाली नागरिकहरू पनि कसैले अट्टालीमा बसेर हाँसो पड्काउँदै चट्ट बिर्को फुकालेर जिभ्रो फड्काउने र कसैले भोको पेटका लागि माड माग्दा कान थुन्ने नेपालको सामन्ती समाज र शासकीय प्रवृत्तिको चित्रण गर्दा कविबाट यहाँ विरोधाभास अलङ्कार प्रयोग हुन पुगेको देखिन्छ । एउटै नेपाली घरपरिवारका दाजुभाइ पनि एउटा सुखी र अर्को दुखी हुनु नेपाल आमा (कवि) का दृष्टिमा नमिल्दो व्यवस्थाको झझल्को लागेको हुँदा यस कवितांशमा विरोधाभास अलङ्कार हुन पुगेको छ ।

(३) मङ्गलबार-

साहुको खातामा

उसको पुरानो सावाको अल्या भयो

तन्द्राबाट झस्केर अनायास

रेडियोको भोलुम बढायो

र पुरस्कारको घोषणा ढुकिरहयो

यसपालि पनि

गुलाब फुलाउने उसको गमला

बेलुन झैँ प्याट भयो ।

(कविजीको डायरी, पृ.५)

---

[८४] हिमांशु थापा, पूर्ववत्, पृ. २६७ ।

यहाँ प्रतीक र उपमा अलङ्कार रहेको पाइन्छ । अर्थालङ्कारअन्तर्गत पर्ने उपमा अलङ्कारका चार तत्त्व (उपमान, उपमेय, सदृश्यवाचक र धर्म) मध्ये सादृश्यवाचक र धर्म यी दुई दुई तत्त्व कवि गोविन्द भण्डारीका कवितामा उपमाका रूपमा प्रयोग भएको पाइन्छ । 'एउटा वस्तुको छेउमा अर्को वस्तुलाई राखेर त्यसको समानता प्रस्तुत गर्नु नै उपमाको अर्थ हो । दुई वस्तुमा समता देखाउने वा बुझाउने शब्दलाई सादृश्यवाचक भनिन्छ । सरि, झैँ, जस्तै आदि शब्दलाई सादृश्यवाचक भन्दछन् ।'[८५] प्रस्तुत कवितांशमा 'गुलाब' प्रसन्नता र 'गमला' आकाङ्क्षाको प्रतीक भएर आएका छन् भने प्रसन्न हुने आकाङ्क्षा बेलुन झैँ फुटेको भावले बेलुनको फुटाइसित तुलना गरिएकाले यसैभित्र उपमा अलङ्कार पनि प्रस्तुत भएको छ । यसै कविताको पहिलो, दोस्रो र पाँचौं पङ्क्तिपुञ्जभित्र पनि 'जस्तै' 'जसरी' र 'जुन पनि घाम बिर्साएर' जस्ता शब्द र वाक्यांश प्रस्तुत भई उपमा अङ्कारको प्रयोग भएको पाइन्छ ।

(४) जवानीका घडी, पला फतक्क फर्सि झैँ गले

खसेर अग्निकुण्डमा अनन्त कामना जले ।

प्रत्येक घुम्ती/घुम्तीमा मरिरहेछ जिन्दगी

अझै नमार आँसुको प्रगाढ भेलमा लगी ।

(अभ्यर्थना यौटा अर्को बैंसको, पृ.७)

यहाँ अन्त्यानुप्रास अलङ्कार **छ** । प्रस्तुत कवितांश तथा पङ्क्तिपुञ्जको पहिलो र दोस्रो पङ्क्तिका अन्तमा गले र जले शब्दमा ले/ले र तेस्रो र चौथो पङ्क्तिका अन्तमा जिन्दगी र लगी शब्दमा गी/गी समान रूपका वर्णहरू दोहोरिएर अन्त्यानुप्रास अलङ्कार सिर्जना भएको छ । यसै पङ्क्तिपुञ्जमा जवानीका घडी र पलालाई समयमा प्रयोग नगरिएको फर्सी झैँ गल्न र कुहिन लागेको देखाई कुहेको फर्सीसित बैंसको तुलना गरेकाले यहाँ उपमा अलङ्कार भएको छ ।

(५) अर्को पालिस नसहने गरी

कोटको रङ्ग उडिसकेको छ ।

मैले त उसको इज्जत गर्छु

तर ऊ पालो नपाएर ठुस्सिएको छ ।

(ओर्लंदो वर्तमान, पृ.९)

---

[८५] ऐजन, पृ. २५८-२५९ ।

यहाँ अतिशयोक्ति अलङ्कार छ । प्रस्तुत कवितांशमा पुरानो कोटलाई मानवीकरण गरेर पालो नपाएकाले मान्छे जस्तै ठुस्सिएको देखाइएको छ । यसमा कोट जस्तो निर्जीव वस्तु ठुस्सिन नसक्ने हुँदा यो उक्ति अतिशयोक्तिपूर्ण भएकोले यो अतिशयोक्ति अलङ्कार बन्न पुगेको छ ।

(६) भोको पेटले कसरी अङ्ग्रेजी गीत गाउँछौ र बा !

म केटाकेटीहरूलाई उर्दी सुनाउँछु-

केटाकेटीहरू भाखा फेर्छन्

उहिले बाजेका पालामा, रुपियाँ गन्थे डालामा

अहिले हाम्रा पालामा मकै छैनन् डालामा ॥

(ओलँदो वर्तमान, पृ.९)

यहाँ विरोधाभास अलङ्कार छ । यसै गरी यस कविताको अन्तिम पङ्क्तिपुञ्जमा भोको पेटले केटाकेटीहरू कसरी अङ्ग्रेजी गीत गाउँछन् भनेर उनीहरूलाई उहिले बाजेका पालामा डालोमा पैसा गन्थे भने अहिले विज्ञानले फड्को मारेको वर्तमान समयमा पैसा त परै जावस् मकैसम्म डालोमा नभएको वास्तविक गीत गाउन कविले आग्रह गरेको यथार्थको विरोधाभास अलङ्कार समेत यस कवितामा प्रयोग भएको भेटिन्छ । अङ्ग्रेजी गीतको सट्टा भाका फेरी नेपाली गीत गाउन कविले केटाकेटीहरूलाई उर्दी गरेको हुँदा यहाँ अङ्ग्रेजी गीतको विरोधमा नेपाली गीत गाइएकाले विरोधाभास अलङ्कार देखिन्छ ।

(७) विचरी मैयाँ,

अब त गलेर पानी पानी भयौ,

तातो तातो गथुल्ले मासु

केस्रा केस्रा छुट्याएर

कैयन बिच्छीलाई डसाउँथ्यौ

र पार्टी एवम् सभाको निम्तो पाउँथ्यौ

अब त उमेरैले चौलानी भयौ ।

(विज्ञापन, पृ.११)

यहाँ रूपक अलङ्कार छ । 'उपमेयमा उपमानको आरोप नै रूपक हो । एक वस्तुसँग अर्को वस्तुलाई अभिन्न हुने र अन्तर नहुने गरी राख्नु नै आरोप गर्नु हो । आरोपलाई अभेद र तादात्म्य पनि भनिन्छ । यसरी रूपक अलङ्कारले फलानो नै फलानो हो भन्ने कुरा तोकेर बताउँछ ।[८६] प्रस्तुत कवितांशमा गलेर 'पानी पानी हुनु' तथा 'चौलानी हुनु' जस्ता पदावलीद्वारा एउटी युवतीको उमेर ढल्किएको अर्थमा पानी र चौलानीसित आरोप गरी रूपक अलङ्कारको सिर्जना गरिएको छ । यसै पङ्क्तिपुञ्जभित्र उनै युवतीले आफ्नो गथुल्ले मासुलाई कैयन बिच्छीलाई डसाउने प्रसङ्गले यहाँ वेश्यावृत्तिको प्रतीक पनि भएर आएको छ ।

(८) 'महिना बित्न सत्र दिन बाँकी'

क्यालेण्डर साउती गर्छ

अनि आफ्नै मृत्युको शोकमा

केही वेर मौन धारण गर्छन् ।

(विज्ञापन, पृ.१०)

यहाँ अतिशयोक्ति अलङ्कार छ । साधारण वर्णनलाई पनि असाधारण रूपमा वर्णन गर्नुलाई अतिशयोक्ति भनिन्छ । अतिशय भनेको ज्यादै र उक्ति भनेको कथन हो । यसैले यहाँ अतिशय र उक्तिको सन्धि भएर अतिशयोक्ति भएको छ । उपमेय लुकाएर वा यसको उल्लेख सम्म नगरेर उपमानसँग अभेद सम्बन्ध देखाउनु नै अतिशयोक्ति अलङ्कार हो ।[८७] प्रस्तुत कवितांशमा क्यालेन्डरलाई मानवीकरण गरेर क्यालेन्डरले आफ्नै मृत्युको शोकमा साउती गरी केही बेर मौनधारण गरेको उक्तिबाट यहाँ क्यालेन्डर जस्तो निर्जीव वस्तुले साउती गर्न नसक्ने र त्यसमा पनि आफ्नो मृत्युको शोकमा आफै मौन धारण गर्ने जस्तो हुनै नसक्ने सन्दर्भ र वातावरणले अतिशयोक्ति अलङ्कार बन्न पुगेको देखिन्छ ।

(९) दरिद्र देशका सन्तृप्त वक्ताहरू

रातभरि सपनामा विज्ञापन खेलाइरहेछन्

चारो झिकेर कोटका खल्तीबाट

कुहेको जाँड छादिरहेछन्

अनि उजाड उजाड र अँध्यारा बस्तीहरूलाई

अलकारपुरीसँग साटिरहेछन् ।

(विज्ञापन, पृ.१०)

---

[८६] हिमांशु थापा, पूर्ववत्, २६० ।

[८७] ऐजन, पृ.२५५ ।

यहाँ अतिशयोक्ति र विरोधाभास अलङ्कार छ । प्रस्तुत पङ्क्तिपुञ्जको सुरु र अन्तिमका २/२ पङ्क्ति कवितांशमा दरिद्र देशमा सम्तृप्त वक्ता हुनु, सपनामा विज्ञापन खेलाउनु, उजाड र अँध्यारा, बस्तीहरू अलकापुरीसँग साट्नु जस्ता मेल नखाने अवास्तविक कुराहरूको प्रयोग भएको हुँदा यसमा अतिशयोक्ति र विरोधाभास अलङ्कार रहेको देखिन्छ । यस पछिको कविताको पङ्क्तिपुञ्ज (श्लोक)मा पनि इज्जतको खरिद र बिक्री, इज्जतको कोर्राले डामिएका बुढाबा अझै नसोझिएका, रित्ता टिफिन कैरियर बोकेर नानीहरू बोर्डिङ कुदेको प्रसङ्गले पनि अतिशयोक्ति र विरोधाभास अलङ्कार रहेको देखिन्छ । इज्जतको कोर्रा पनि हुन नसक्ने, यसले डामिएर मान्छे तातो र रातो फलाम झैँ नबाङ्गिने र बच्चाहरू पनि रित्ता टिफिन कैरियर बोकेर बोर्डिङ नलैजाने हुँदा यो चौथो पङ्क्तिपुञ्जको कवितांशमा अतिशयोक्ति र विरोधाभास अलङ्कार प्रयोग भएको छ ।

(१०) स्वदेश बोक्ने दलिनहरू हो !

फगत चुलोमा डढिरहेछौ

सीमा पारी ढोकाहरूमा

किन लट्ठी भै अडिरहेछौ ?

(अस्मिता, पृ.१३)

यहाँ रूपक अलङ्कार छ । प्रस्तुत कवितांशमा देश हाँक्ने र देशको भार बोक्ने युवाहरूलाई दलिनका रूपमा र विदेशी मालिकको ढोकामा रोजगारीका सिलसिलामा चौकीदारी भै नेपाली युवाहरू उभिने लट्ठीका रूपमा आरोप गरी रूपक अलङ्कारको सिर्जना गरिएको छ ।

(११) लिलिपुट हुनुको पश्चात्ताप थालिएको होस्

लौ न मेरो विश्वासलाई एकाएक के भो

म त शङ्काको सिँगै जुलुसको घेरामा परे

मामा !

कतै तिमी,

हिमाल भन्दा रमाइलो

हाम्रो दारिद्र्य हेर्न आएका त हैनौ ?

(हिमालमुनिको बस्ती, पृ.१६)

यहाँ सन्देह अलङ्कार छ । सन्देह भनेको शङ्का हो । उपमेयमा उपमानको शङ्का भयो भने सन्देह अलङ्कार हुन्छ । सन्देह अलङ्कार सादृश्य र चमत्कारमा आधारित हुन्छ ।[८८] प्रस्तुत कवितांशमा 'हिमाल भन्दा रमाइलो, हाम्रो दारिद्र्य हेर्न आएका त हैनौ ?' भन्ने प्रश्नद्वारा पर्यटकप्रति कविले शङ्का प्रकट गरेकाले यहाँ सन्देह अलङ्कारको सिर्जना भएको देखिन्छ । 'लिलिपुट' बिम्बद्वारा यहाँ नेपालीको निम्नस्तरको हैसियतलाई पनि लक्षित गरेको देखाइएको छ ।

अलङ्कारपछि अब बिम्ब र प्रतीकको अध्ययन गरिन्छ । इन्द्रि संवेद्यताका आधारमा त्वक्इन्द्रिय र स्पर्श तत्त्वसँग सम्बद्ध बिम्बलाई स्पृश्य बिम्ब भनिन्छ । स्पर्शको अनुभूति दिने यस्ता बिम्बहरूमा चिसो, तातो, न्यानो, आगो, सूर्य, जाडो, गर्मी, कठोर, कोमल, खस्रो, मसिनो, चिल्लो आदि शब्दबिम्बहरूको पनि प्रयोग हुन्छ भने त्वक् संवेद्य अन्य कुराहरू पनि हुन्छन् ।[८९]

(१२) नाटकै म रुचाउन्न, म अघाइसकेँ तर,

आँखा रुझाउँदै फेरी, छिमेकीहरू आउँछन् ।

आर्तनादहरू थिच्दै, चोटले कहराउँदै,

भोको पेट लिई, फेरी नाटकै गर्न आउँछन् ।

सिद्धिएन यहाँ कैल्यै, यस्तो दुखान्त नाटक,

ल उत्रौँ मञ्चमा हामी, खेलौँ 'नवीन' नाटक ॥

(म नाटक हेरिरहेको हुन्छु, पृ.१५)

प्रस्तुत कवितांशभित्र 'आँखा रुझाउँदै फेरी, छिमेकीहरू आउँछन्' भन्ने पङ्क्तिको आँखा रुझाउने दृश्य बिम्बद्वारा रोएको कुरालाई लक्षित गरी सो बिम्ब प्रस्तुत गरिएको छ । यसै पङ्क्ति पछिको अर्को पङ्क्ति 'आर्तनादहरू थिच्दै, चोटले कहराउँदै' भन्ने पङ्क्तिमा अर्को स्पृश्य बिम्ब पनि रहेको देखिन्छ । यहाँ थिच्ने र चोटले कहराउने शब्दहरूले स्पृश्य बिम्बलाई जनाएको छ । यसै गरी प्रस्तुत कवितांशमा नेपाली समाजको विसङ्गतिपूर्ण र अभावग्रस्त जिन्दगीलाई यहाँ दुःखान्त नाटकको रूपमा प्रतीकीकरण गरिएको छ र नवीन नाटक खेलौँ भनी परिवर्तित समाजको प्रतीकात्मक अर्थ बोध गराइएको छ ।

---

[८८] ऐजन, पृ.२६२ ।

[८९] ए लक्ष्मणप्रसाद गौतम, पूर्ववत्, पृ.१७१ ।

(१३) रोग त भेटिन्नथ्यो

तर उ सधैँको बिरामी नै थियो

उपचारको लागि

बेड नं. 'हाहाकार'मा सुताइयो

दुर्भाग्यवश,

अभावको सिरिञ्जले घोचिएर मर्‍यो ।

(मर्ने अम्मल बसिसकेको छ, पृ.१८)

प्रस्तुत कवितांशमा अभावलाई सिरिञ्जको घोचाइका रूपमा अभिव्यक्त गरी स्पृश्य बिम्बका माध्यमबाट गरिबीको चित्रण गरिएको छ । यस्तै स्पृश्य बिम्बको प्रयोग यो दसौँ कविताको अन्तिम २ पङ्क्तिपुञ्ज बाहेक सबै पङ्क्तिपुञ्जका अन्तिम पङ्क्तिहरूमा पनि (बजार भाउ ठोकिएर, जाडोले काँपेर, चाङ भत्किएर, रसिमा झुन्डिएर) पाइन्छ ।

(१४) चुहेर भाइको छानो, झरीले उ नुहाउँछ

छोरा ! आनन्दमा तेरो, कसरी नीद आउँछ ।

किन मलाई यो तेरो, आनन्दले गिज्याउँछ

कसरी देख्न सक्छु म, मेरै लाम्टो बिझाउँछ ।

(म त नेपाल आमा हूँ, पृ.३)

प्रस्तुत कवितांशमा छानो चुहेर झरीले नुहाएको दृश्यबिम्बबाट यहाँ गरिबीको चित्रण हुन पुगेको छ । यसै गरी यहाँ नेपाल आमाले सम्बोधन गरिरहेको 'तँ/तेरो' पात्र शासक तथा पुगीसरी हुनेखानेको वर्गको प्रतीकका रूपमा उपस्थित गरिएको छ । 'अस्मिता' कविताको पाँचौँ कवितांशभित्र कच्ची घरका तलालाई मुख्य आधार दिई भार थाम्ने दलिनको दृश्य बिम्बद्वारा यहाँ युवालाई चिनाइएको छ भने यसै गरी उनै युवाहरूलाई लठ्ठीका रूपमा उभिएको भनी चौकीदारको प्रतीकका रूपमा पनि देखाइएको छ ।

(१५) ससुरा गोली भइरहेछन्

पतिदेव बन्दुक दागिरहेछन्

भाखा नाघेर पनि हतास छैनन् दुलही नानी

उनीसँग उनले भुन्ड्याएको हर्पे भरि

तम्तयार बुलेटप्रुफ जकेट छ ।

(घिउ, पृ.१)

प्रस्तुत कविताांशमा अभिव्यक्त 'गोली' र 'बुलेट' जस्ता शब्दहरू 'आक्रोशको प्रतीक भएर प्रयोग भएका छन् । 'बुलेटप्रुफ जकेट' रक्षाकवचको प्रतीक भएर आएको छ । यसरी यो 'घिउ' विषय शीर्षकभित्रको कवितामा उदाहरण १ र ८ मा जस्तै विभिन्न बिम्ब र प्रतीकको प्रयोग भई कविता उत्कृष्ट र कलापूर्ण देखिएको छ ।

### ७.२.६ कथनपद्धति

कथनपद्धति कविता अभिव्यक्त गर्ने तरिका र शैली हो । कवि कवितामा आफैँ आत्मगुन्गुन गरी बोलेका छन् कि अन्य पात्रका माध्यमबाट बोलेका छन् भनेर उनको कविताको कथनशैलीलाई हेर्ने साहित्यिक विधि नै कथनपद्धति हो । कवि आफैँ सिधै कुनै कवितात्मक कथन गर्दछ भने त्यो कविप्रौढक्ति हो र यो कथन खास गरी तृतीय पुरुष वा प्रथम पुरुष र कहिले कता द्वितीय पुरुषमा पनि कथित वा आत्मालापित हुनसक्छ ।[९०] यहाँ कवितालाई हेर्ने यही पद्धतिअनुसार गोविन्द भण्डारीको यस कवितासङ्ग्रहका कविताहरूभित्र के कस्ता कथनपद्धति रहेका छन् भनेर अध्ययन गरिएको छ । कथनपद्धतिभित्र दृष्टिविन्दु पनि पर्दछ । दृष्टिविन्दुले कृतिमा समाख्याताको स्थितिलाई जनाउँछ । कवि गोविन्द भण्डारीले आफूले भोगेका, अनुभूत गरेका र ठहर गरेका विचारलाई भिन्न-भिन्न पात्रका माध्यमबाट कवितात्मक शैलीका भाषाको कुशल व्यवस्थापन गरेर भाव अभिव्यक्त गरेका छन् ।

'घिउ'मा घिउको बहुरूप देखाएर कविले प्रायः तृतीय पुरुष कथनपद्धति अपनाएको देखिन्छ । ससुरा, पतिदेव, दुलही नानी, डोके, नाम्लो, बाजे, तुस, ग्यास्टिक, तस्करीको साक्षी, शिवलिङ्ग, मन्दिरको घण्ट, आलु, पिँडालु, तरुल, च्यूरी आदि विभिन्न नाम र 'घिउ'लाई 'उ' (उसलाई) सर्वनामको प्रयोग गरेर तृतीय पुरुष तथा कविनिबद्ध पात्रोक्तिको प्रयोग भएको छ । घिउको भिन्न-भिन्न स्वरूप र चरित्र देखाउँदै यसका विशेषता र पर्यायका रूपमा आएका नाम, सर्वनाम एवम् यसैका सन्दर्भमा सहयोगी भएर देखा परेका नामहरू सबै तृतीय पुरुष दृष्टिविन्दु रहेका छन् ।

दोस्रो कविता 'म त नेपाल आमा हूँ'भित्र कविले आफूलाई 'म त नेपाल आमा हूँ' भनेर प्रस्तुत भएका र पञ्चायती एकतन्त्री तानाशाही शासकलाई 'तँ' (छोरा) एवम् शोषित पीडित श्रमजिवी जनतालाई भाइबन्धु तथा हेपिएको अर्को छोराका रूपमा सम्बोधन गरेर

---

[९०] वासुदेव त्रिपाठी र अन्य, पूर्ववत्, पृ. १९ ।

प्रथम, द्वितीय र तृतीय (तीनवटै) पुरुष कथनपद्धति अङ्गालिएको छ । यस कवितामा कविप्रौढोक्ति र कविनिबद्ध प्रौढोक्ति दुवै कथनपद्धतिको प्रयोग पाइन्छ । प्रथम पुरुष ( आफू/म) निर्देशक भई द्वितीय पुरुष (तँ/तेरो किन ए छोरा ?) रूपी शासक वर्गलाई तृतीय पुरुष रूपी हेपिएका र दबिएका (माड माग्ने/झरीले नुहाउने/दुख देखाउने) भाइ बहिनीप्रति बेवास्ता नगर्ने एवम् शोषण नगर्ने आग्रह गरिएको तीनवटै दृष्टिविन्दुको सम्मिश्रित कथनपद्धति यसमा रहोको देखिन्छ ।

यसै गरी तेस्रो कविता 'कविजीको डायरी'मा अभिव्यक्त सातवटै पङ्क्तिपुञ्जभित्र 'उ/उ आफू' भनेर तृतीय पुरुष तथा कविनिबद्ध प्रौढोक्तिको प्रयोग भएको देखिन्छ । विभिन्न स्थान, व्यक्ति तथा परिवेशको नामहरू उल्लेख गरिएको सात दिनका रूपमा संरचित डायरीमूलक पङ्क्तिपुञ्जगत कवितामा पूर्णरूपमा एकै प्रकारको तृतीय पुरुष दृष्टिविन्दु मात्र रहेको पाइन्छ ।

'अभ्यर्थना : यौटा अर्को बैंसको' शीर्षकको चौथो कवितामा 'निकै निरीह छौ बुझ्यौ ? जवानी सापटी गर, लिएर बैंस छातीमा बुढौती मात्र बाँचियो, नियाल गन्ध छातीमा छ छैन देशभक्तिको' आदि पङ्क्तिगत कविताका हरफमा प्रत्यक्षहरूमा प्रथम र द्वितीय पुरुष ( बाँचियो, छौ, बुझ्यौ, गर...) कथनपद्धति तथा दृष्टिविन्दु रहेको छ । जिन्दगी, अन्तरिक्ष, चेली, चोर, बस्ती आदि परिवेश वर्णनका क्रममा तृतीय पुरुष दृष्टिविन्दु पनि अप्रत्यक्षरूपमा प्रयोग भएको देखिन्छ । यसमा आशिकरूपमा कविप्रौढोक्ति र अधिक रूपमा कविनिबद्ध प्रौढोक्ति कथनपद्धति रहेको देखिन्छ । उमेर, बैंस र समय फर्केर नआउने हुँदा ढल्किँदै र ओइलाउँदै गएको बैंसलाई बाँच्नुको यथार्थ बुझेर, जवानी नवीकरण गर्दै पाठकलाई बाँच्ने र सङ्घर्षका साथ देश विकासमा लाग्न निर्देशन दिइएका कवितात्मक पङ्क्तिहरूको अधिकताले द्वितीय पुरुष रहेको छ ।

'ओर्लंदो वर्तमान' शीर्षकको पाँचौं कवितामा कवि आफूलाई 'म' र अन्य पात्रलाई 'ऊ' भनेर प्रथम र तृतीय पुरुष कथनपद्धति अप्नाइएको देखिन्छ । मितव्यायी हुन नखोज्ने श्रीमती, आजकलको नयाँ नाटक हेर्न चाहने वृद्धबाबा, सापटी कट्टी गर्दा दुब्लाएको तलब, उमेर कट्टी गर्दा हलुङ्गिएको छोरो, बजार घुम्न नपाएर रोइरहेको मनिव्याग, पालो नपाएर ठुस्सिएको र इज्जत नपाएको कोट, बाँझिएका साँढे जस्ता जुँगामा ताउ हाल्न छाडेका मान्छेहरू, अङ्ग्रेजी गीतबाट मोडिएर लोकगीततर्फ ढल्किएका केटाकेटीहरूका प्रसङ्ग साङ्गीतिक रूपमा प्रयोग गरेर तृतीय पुरुष कथन पद्धतिका रूपमा जीव र निर्जीववस्तुका नामपदहरू पनि प्रयोगमा ल्याएको देखिन्छ । यसरी यस कविताभित्र कविप्रौढोक्ति र कविनिबद्धप्रौढोक्ति दुवैको मिश्रण छ ।

यसै गरी छैठौं कविता 'विज्ञापन'मा पनि 'फक्रेका अनुहारहरू', 'लच्छिनका छोरीहरू', 'पौरखी छोराहरू', 'दरिद्र देशका सम्तृप्त वक्ताहरू', 'बजार हिँडेका गृहिणीहरू' खरिद-विक्रीका नेपाली समाजभित्रको तानाशाही इज्जत, 'विचरी मैया' भन्दै कविले अन्तमा

विज्ञापनको म्याराथुनमा 'म' थाकेको छु' भनेर तृतीय र प्रथम पुरुष शैलीको कथनपद्धति अप्नाएको देखिन्छ । यसमा मूर्त एवम् अमूर्त नामपदकहरू र प्रथम पुरुषीय सर्वनाम ( म/मेरो) प्रयोग गरेकाले यसमा कविनिबद्ध प्रौढोक्ति र कविप्रौढोक्ति शैली रहेको छ । यस कविताको चौथो पङ्क्तिपुञ्जमा 'इज्जत'लाई 'तँ/तेरो/तँलाई' भनेर तानाशाहको नामले सम्बोधन भएको र पाँचौं पङ्क्तिपुञ्जमा विचरी मैयाँ, अब त गलेर पानी भयौ, उमेरले चौलानी भयौ, अब त सतोसत, खरानी भयौ, सेवा र भक्तिको नशा लिने सपना साकार गरेर अब त ईश्वरमा लीन भयौ' भनेर द्वितीय पुरुष तथा कविनिबद्ध प्रौढोक्ति कथन पद्धति समेत रहेकाले यस कवितामा तीनवटै दृष्टिविन्दुको सम्मिश्रण देखिन्छ ।

सातौं कविता 'अस्मिता'भित्र नेपाली युवा र तन्नेरीहरूलाई 'हरायौ, डरायौ, रोइरहेछौ, ढलिरहेछौ, डढिरहेछौ, अडिरहेछौ, आँसु भयौ, गोली भयौ, बुट भयो, कुट भयौ भन्दै द्वितीय पुरुष र 'युगका सारथि तन्नेरी हो ¤ देशभक्तिको कोसी फुटौं, लौ आऊ जाँगरको एभेष्ट उठौं' भनेर आफूलाई समेत सहभागी गराई कविले प्रथम पुरुष कथनपद्धति अपनाएको देखिन्छ । यसरी यस कवितामा द्वितीय पुरुष र प्रथम पुरुष क्रमशः प्रयोग भएका छन् । द्वितीय पुरुष कथनपद्धतिबाट कविता सुरु भई आठौं पङ्क्तिपुञ्जसम्म निरन्तर यसै पद्धतिमा अगाडि बढ्दै आएर नवौं पङ्क्तिपुञ्जमा 'भागिरहेछु', 'मागिरहेछु' भन्दै एघारौं पङ्क्तिपुञ्जमा 'देशभक्तिको कोसी फुटौं जाँगरको एभेष्ट उठौं' भनेर प्रथम पुरुष कथनपद्धतिमा कविता समापन भएको पाइन्छ ।

'म नाटक हेरिरहेको हुन्छु' कवितामा चारवटै पङ्क्तिपुञ्जभित्र कविले आफूलाई 'म' भनेर भावना प्रस्तुत गरेको हुँदा प्रथम पुरुष कथनपद्धतिको अधिकता रहेको देखिन्छ । 'फलामे सिक्रीका लागि-सिक्यौ सन्तति अर्पन, म त दङ्ग परें बाबा, सक्छौ कसरी सुम्पन', तर भाइ ! कतै तिम्रा निम्ति आँसु बगेनछ, कलाकार तिमी मेरो' आदि भाव अभिव्यक्त पङ्क्तिहरूसँग द्वितीय पुरुष कथनपद्धति र 'गर्दछिन् बहिनी मेरी, आँसुले प्रेम नाटक, भाइ भन्दछ मायाले-देशका लागि सिद्धिएँ' भनिएको कवि कथनमा यहाँ बहिनी र 'भाइ' तृतीय पुरुष कथनपद्धतिका रूपमा आउको हुँदा यस कवितामा तीनवटै (प्रथम, द्वितीय पुरुष) कथन पद्धति अपनाइएको देखिन्छ । अतः यस कवितामा पनि कविप्रोढोक्ति र कविनिबद्ध प्रौढोक्तिको मिश्रण रहेको छ ।

'हिमाल मुनिको बस्ती' कवितामा पनि पर्यटकलाई तिमी (मामा) नेपालीलाई हामी ( भान्जा), 'हाम्री बाटुली', 'हिमाल मुनिको मेरो गाउँ', 'म ठीक यति बाँचिरहेछु', 'मुवि क्यामराभित्र हामीलाई कैद नगर', 'तिम्रो यात्रा वृत्तान्तमा हाम्रो बिस्कुन नछर', जस्ता शब्दांश र पङ्क्तिहरूमा मामा, भान्जा, तिमी, हामी, म, नाम/सर्वनाम पदले प्रथम, द्वितीय र तृतीय पुरुष गरी तीनवटै कथनपद्धति अपनाइएको छ ।

यसै गरी 'मर्ने अम्मल बसिसकेको छ'भित्र सुरुदेखि अन्तसम्मको आठवटै पङ्क्तिपुञ्जमा तृतीय पुरुष कथनपद्धति रहेको देखिन्छ । यस कविताभित्र ऊ 'बजार भाउमा

ठोकिएर मऱ्यो, सिरेटोले जासुस पठाएपछि ऊ फेरि जाडोले मऱ्यो, पेट छाम्दै क्षुधा हुर्हुराएर मऱ्यो, ऊ सधैँको बिरामी अभावको सिरिञ्जले घोचिएर मऱ्यो, घर बनाउने सपना बोकेको ऊ सर्जामको चाङ लगाउँदा त्यही चाङ भत्किएर मऱ्यो, इज्जत जाने डर र इज्जत पाउने लालसामा भूमिगत हुँदा इज्जतकै रसीमा झुन्डिएर मऱ्यो, चित्रगुप्तका अगाडि पटके भएर उभियो र अन्तमा ऊ किरिया खाएर कहिल्यै नबिउतिने गरी मऱ्यो भन्ने सबै पङ्क्तिपुञ्जगत कवितांशका यी उदाहरणले तृतीय पुरुष दृष्टिविन्दु तथा कथनपद्धति अधिक रहेको प्रस्ट देखिन्छ । यस कविताको पाँचौँ पङ्क्तिपुञ्जका अन्तमा (सर्जाम चाङ लगाउँदा देखेथे', सुने त्यही चाङ भत्किएर मऱ्यो भन्ने यी पङ्क्तिमा) 'देखेथे', 'सुने' भन्ने प्रथम पुरुषीय समापिका क्रियापद अनुसार प्रथम पुरुष कथनपद्धतिको हलुका मिश्रण भएको देखिन्छ ।

यसरी यी दसवटा कविताहरूमध्ये प्रथम, तेस्रो र अन्तिम कवितामा एकै प्रकारको तृतीय पुरुष कथनपद्धति रहेको पाइन्छ भने पाँचौँ कवितामा प्रथम पुरुष र तृतीय पुरुष कथनपद्धति रहेको देखिन्छ । यी बाहेकका बाँकी छ वटा कवितामा सबै तीनवटै पुरुष कथन पद्धतिको सम्मिश्रण रहेको छ । भण्डारीको यिनै कलात्मक कथन पद्धतिका वैविध्यता र विशिष्टताले कविताहरू उत्कृष्ट हुन पुगेका छन् ।

### ७.२.७ शीर्षक

यहाँ **आगो पालेका पेट र शीत ओढेका बस्तीहरू** कवितासङ्ग्रहभित्र सङ्गृहीत गोविन्द भण्डारीका दसवटा कविताका शीर्षकहरू कविताका भावअनुरूप सङ्गतिपूर्ण भए/नभएको भनी अध्ययन गरिएको छ । गोविन्द भण्डारीका कविता र तिनका शीर्षक अध्ययन गर्दा शीर्षक र भावमा सामञ्जस्य देखिन्छ । यहाँ गोविन्द भण्डारीका कविताहरूको शीर्षकका दृष्टिले क्रमशः अध्ययन गरिएको छ ।

'घिउ' शीर्षकको पहिलो कविताभित्रका छ पङ्क्तिपुञ्जमा अभिव्यक्त सबै प्रसङ्ग घिउमय छ । 'घिउ' कतै घरायसी सम्बन्धबाट टाढा नगराउन सुरक्षाका लागि बुलेटप्रुफ जकेट बनेको छ, कतै कर्मचारीको सरुवा रोक्न र बढुवा गराउन अचूक फर्मुला भएको छ । 'घिउ' मधानीपुछ्ने हातबाट चिप्लना साथ बटौली जस्तो शहरमा पुगेपछि क्रमशः डोके-नाम्लेको बुई चढ्दै मेडम र श्रीमान्सम्म पदन्नोतिमा पुग्छ । तलबले लत्याइएका भाइहरूमा दिदीको वारेस भएर अघात गर्छ । 'घिउ' अपराधीको जीउ बचाउन र पेटमा तुस गराउने आतङ्कको बीउ भएको छ । घिउले सम्पन्न र बेइमानीलाई राहत र विपन्न र इमानीलाई आहत बनेको छ । घिउले कहीँ शिवलिङ्ग र मन्दिरको घन्ट समान इज्जत पाएको छ भने कहीँ अर्थहीन पत्थर समान बेइज्जत भोगेको छ । घिउलाई मान्छेले ठीक तरिकाले सदुपयोग गर्न नजान्दा र भ्रष्टाचारको माध्यम बनाउँदा उसको अस्मिता आलु, पिँडालु, तरुल र च्युरी सरहको मूल्यमा तल झरेको अति यथार्थपरक चित्रणले गर्दा कविताको शीर्षक 'घिउ' सार्थक र उपर्युक्त देखिन्छ ।

'म त नेपाल आमा हुँ' शीर्षकको दोस्रो कविताभित्रका सातवटै पङ्क्तिपुञ्जले कविताको शीर्षकलाई सङ्गतिपूर्ण बनाउन सहयोग गरेको देखिन्छ । सामन्ती शासकीय प्रवृत्ति बोकेर सुखसयलमा मात्तिएका सम्पन्न वर्गका छोराहरू र शोषण-उत्पीडनले आत्तिएका अभावग्रस्त जीवन बाँच्न बाध्य दीनदुखी छोराछोरी बीचको विभेदपूर्ण व्यवहारप्रति ध्यानाकर्षित गर्दै कविले नेपाल आमाको रूप दर्साएर समानताको व्यवहार गर्न नेपाली शासक वर्गलाई आग्रह गरेका छन् । हरेक पङ्क्तिपुञ्जका अन्तिम पङ्क्तिमा 'म त नेपाल आमा हुँ', एउटै लाम्टो चुसेका एउटै रगतका सन्तानप्रति एउटै माया छ, यस्तो विसङ्गति र विभेदपूर्ण दुर्दशा हेर्न सक्तिन' भनेर मातृभावले ओतप्रोत यथार्थपरक कवितात्मक वर्णनले शीर्षक उपयुक्त देखिन्छ । शासक वर्गमा तथा सरकारका नेतृत्व वर्गमा जनताप्रति मातृभाव-पितृभावले युक्त अभिभावकको जस्तो जवाफदेही र उत्तरदायित्व वहन गर्न र संरक्षकको भूमिका निर्वाह गर्न कविले आफूलाई नेपाल आमाको संज्ञा दिएर सबै पङ्क्तिपुञ्जमा समस्याका रूपमा भेदभावपूर्ण र समाधानका रूपमा अभिभावकत्वको व्यवहार देखाउन सन्देशमूलक भाव व्यक्त गरेकाले कविताको शीर्षक सार्थक देखिन्छ ।

'अभ्यर्थना यौटा अर्को बैँसको' चौथो कविता शीर्षकको अध्ययन गर्दा यौवनावस्था घर्किसकेका, युवावस्थाको सीमा नाघेका प्रौढ उमेरका व्यक्तिहरू बाँच्नुको यथार्थ बाँच्नका लागि थप अर्को बैँसको प्रार्थना गरिएको हुँदा यो कविताको शीर्षक पनि उत्तिकै सङ्गतिपूर्ण देखिन्छ । 'जवानीका घडी-पला फतक्क फर्सि झैँ गले, निकै निरीह छौ बुझ्यौ ? जवानी सापटी गर, गुहार बैँस यस्तरी कि खोस धर्तीको रूप, उमेर हैन बाँच्नुको यथार्थ पाइयोस्' आदि बैँसको आवश्यकता र औचित्यतालाई बढी महत्त्वका साथ दर्साइएको हुँदा शीर्षक सार्थक देखिन्छ ।

'ओर्लंदो वर्तमान' पाँचौं कवितालाई शीर्षकसँग जोडेर विश्लेषण गर्दा सकारात्मक परिवर्तनको विशेषता बोकेको 'विकास' यसको नियमानुसार वर्तमान माथि उकालो लाग्नु पर्ने हो, तर यहाँ बढ्दो महङ्गी, बेरोजगारी, बढ्दो र चढ्दो आधारभूत आवश्यकता, अत्याधुनिक प्रविधिको तीव्र विकास र जनताको क्रयशक्तिमा ह्रास भईरहेको कारणले वर्तमान ओरालो लागिरहेको स्थिति दर्साइएको हुँदा शीर्षक उपयुक्त देखिन्छ ।

'विज्ञापन' शीर्षकको छैठौँ कवितामा देशभित्र क्षणिक नाम र दाम कमाउने नाममा दिन दुगुना रात चौगुना सर्वत्र छरिएर बढ्दै गइरहेको तथ्यहीन विज्ञापनलाई चिरफार गर्न जमर्को गरेको देखिन्छ । होटेल-रेस्टुराँ घुम्ने युवायुवती, कलेज गइदिएर अभिभावकलाई मख्ख पार्ने छोराछोरीहरू, भट्टीमा बसेर जाँडको तालमा दुर्गम बस्तीलाई अलकापुरी बनाउन गफ छाँटने नेताहरू, इज्जतका लागि बजार गइदिने गृहिणीहरू, रित्ता टिफिन बोकेर बोर्डिङ दगुर्ने नानीहरू, सेवा र भक्तिको पनि नशा हुन्छ भन्दै उमेरअवस्था अनुसार भाखा फेरेर बोल्ने विचरी मैयाँहरू, विज्ञापनको म्याराथुन पछि कतै आफैँ पनि दौडिन पुगियो कि भनेर कविले शङ्का व्यक्त गरेका छन् र कविता अन्त भएको छ । यस कवितामा सस्तो र

मूल्यहीन विज्ञापनलाई कविले विज्ञापनकै शैलीमा व्यङ्ग्य गरेकाले प्रस्तुत कविताको शीर्षक 'विज्ञापन' उपयुक्त देखिन्छ ।

यसै गरी 'अस्मिता' शीर्षकको सातौँ कविताले नेपाली युवाहरूलाई आफू र आफ्नो देशको अस्तित्व पहिचान गर्न आग्रह गरेको छ । 'स्वदेश बोक्ने दलिनहरू सीमा पारिका ढोकाहरूमा लट्ठी भएर अडिने र चुलोचौकामा डढिने गरेका छन्, मरुभूमिका टापुमा बन्दुक र गोली भएर लड्ने गरेका छन्, साधनस्रोतले सम्पन्न देश छोडेर भिखारी झैँ युवाहरू विदेशतिर हल्लिरहेको भन्दै युवालाई देशभक्तिको कोसी फुट्न, पाखुरी उठाएर जाँगरको एभरेष्ट भएर उठ्न र आफ्नो देश र आफूलाई चिन्न भनिएकाले यस कविताको शीर्षक 'अस्मिता' सार्थक देखिन्छ ।

'म नाटक हेरिरहेको हुन्छु' शीर्षकको आठौँ कवितामा कवि गोविन्द भण्डारीबाट अभिव्यक्त चार पङ्क्तिपुञ्ज अन्तर्गत देशभित्र शासक र शासित बीच दुखान्त घटना जबर्जस्त हेर्नुपरिरहेको सन्दर्भ उल्लेख गरिएको छ । राज्यबाट नागरिक समूह माथि हुने गरेको दमन, शोषण, हत्या, हिंसा र देशभक्तहरू त्यसका विरुद्ध लडेर जीवन अर्पिरहेका  छन् । उनका वृद्ध मातापिताहरू सन्तोषका दिन आउने आशा गर्दा गर्दै सबै दिन निराशामा बदलिएको जस्ता दुखान्त घटनाहरूले भरिएको नाटक चलिरहेको र कवि मूक दर्शक भएर सबै घटना टुलुटुलु हेर्न बाध्य हुनुपरेको तत्कालीन सामन्ती प्रशासनको अवस्था दर्साइएको छ । भोका पेट, नाङ्गो शरीर, घाउ चोटको दुखाइले कहराउँदै गरिने यस्ता प्रदर्शनले जटिल र जोखिमपूर्ण नाटक अब बन्द गरेर अर्को सुखान्त, मानवतावादी नवीन नाटक खेल्न कविबाट आह्वान भएको छ । तसर्थ यो शीर्षक सङ्गतिपूर्ण रहेको देखिन्छ ।

'हिमालमुनिको बस्ती' शीर्षकको नवौँ कवितामा विदेशी पर्यटकहरूको आकर्षणको केन्द्रविन्दु नेपालको हिमशृङ्खला र हिमालमुनिको विषय प्रकृतिले भरिएको मनोरम पहाडी बस्ती साथै नेपालीहरूको दारिद्र्यता देखाइएको छ । विदेशी पर्यटकलाई सम्पन्नताको प्रतीक र हिमालमुनिको बस्तीमा बस्ने नेपालीलाई दारिद्र्य तथा विपन्नताको प्रतीकलाई मामा-भान्जाको रमाइलो नाता सम्बन्ध जोडाएर नेपाल र नेपालीलाई विभिन्न माध्यमबाट चिनाउन 'हिमालमुनिको बस्ती' शीर्षक सफल देखिन्छ । हिमालमा बस्ने यती जस्तै पहाडको कठोर जीवन यापन गर्न बाध्य नेपाली जनताको नियतिसँग पर्यटकहरूको जीवनशैलीलाई जोडेर नेपालीहरू पनि यतीको जीवन बाँचिरहेको र मामाको सम्मान पाउने ठूला विदेशी राष्ट्र तथा दातृ निकायको दया, माया र दानदक्षिणाबाट सानो असहाय मुलुक भान्जा भएर 'हिमाल मुनिको बस्ती' बाँचिरहेको सन्दर्भका साथै नेपाल र नेपालीको आफ्नै गौरवमय अस्तित्वलाई मुवि क्यामरामा कैद नगर्न, म्युजियमको आँखाले नहेर्न र उनको आफ्नो यात्रा वृत्तान्तमा नेपालीको दारिद्र्यता नदर्साउन भन्दै कविले विशेष आग्रह गरेका छन् । तसर्थ यस कविताको शीर्षकमा सङ्गतिपूर्ण पाइन्छ ।

'मर्ने अम्मल बसिसकेको छ' शीर्षकको दसौँ क्रमको कविताका हरेक पङ्क्तिपुञ्ज विपन्नता र अभावग्रस्त जीवन बाचेका हुँदा खाने अति निम्न वर्गको कथा र व्यवस्थासँग जोडिएको छ । समस्यै-समस्यासँग ठक्कर खाएर पटकपटक मरिरहनु परेको बहुसङ्ख्यक सर्वसाधारण नेपाली जीवनको मार्मिकतालाई हरेक पङ्क्तिपुञ्जका अन्तिम हरफले पुस्टयाइँ गरेर कविताको शीर्षकलाई सार्थक तुल्याइएको छ । कविताभित्रका आठवटा पङ्क्तिपुञ्जका अन्तिम सबै

हरफहरूमा अभावैअभावले ग्रस्त एउटा मान्छे आठै पटक फरकफरक समस्याको दुर्घटनामा परेर मरेको कुरा उल्लेख गरेकाले यस कविताको शीर्षक सार्थक भएको छ ।

यसरी शीर्षकविधानका दृष्टिले कविताका शीर्षकहरू र ती शीर्षकअन्तर्गतका कविताहरू बीचको सान्निध्यतालाई हेर्दा अति निकट सम्बन्ध रहेको पाइन्छ । सबै शीर्षकको विषयवस्तुअनुसार कविताले प्रगतिवादी विचारको बाटो समातेर देशभित्रको यथार्थ स्थिति, विसङ्गति, विकृतिलाई औँल्याउँदै सुधार र परिवर्तनको लागि पाठक वर्गसँग आग्रह गरिएको छ । सबै शीर्षकहरू सबै कविताका धुकधुकी भएर देखिएका छन् । सबै कविताहरू शीर्षकअनुसार सङ्गतिपूर्ण रहेका देखिन्छन् । कवितासङ्ग्रहको नाम वा शीर्षक **आगो पालेका पेट र शीत ओढेका बस्तीहरू**सँग पनि सङ्गति छ । सबै कविताको समष्टिगत प्रतिनिधित्व यस कवितासङ्ग्रहको नामले पनि गरिरहेको देखिन्छ ।

## ७.३ निष्कर्ष

गोविन्द भण्डारीको जीवनकालको अन्तिम प्रकाशित काव्यकृति **आगो पालेका पेट र शीत ओढेका बस्तीहरू**भित्र समेटिएका उनका दसवटा कविताहरू उनले पहिल्यै सिर्जना गरेका **फिलिङ्गो** खण्डकाव्य (२०३६) र **दियालो** कवितासङ्ग्रह (२०३९) का शास्त्रीय छन्दयुक्त कविताहरू भन्दा उत्कृष्ट छन् । उनका कविताका शीर्षक र केन्द्रीय भाव तथा विषयवस्तु सापेक्ष र सङ्गतिपूर्ण देखिन्छ । 'घिउ' शीर्षकको कवितादेखि 'मर्ने अम्मल बसिसकेको छ'सम्मका दसवटा कविताहरूमा नेपाली समाजभित्र व्याप्त विकृति, विसङ्गति, पथभ्रष्ट प्रशासन, सामन्तवादी प्रवृत्ति र वैचारिक पूर्वाग्रह र छुवाछुतले ग्रस्त देशको सामाजिक परिवेशलाई छर्लङ्ग देखाइएको छ । सस्तो विज्ञापनले गाँसिएको नयाँ पुस्ता, विकासले सही दिशा नसमातेको ओर्लंदो वर्तमान, नेपाल र नेपालीको धर्मराइरहेको अस्मिता, जोस र होस सँगै बैंस र जवानी हराएका परनिर्भरी स्वभावका युवापुस्तालाई दिशा निर्देश गरिएको छ । बेरोजगार र अभावग्रस्त जीवन बाँच्न बाध्य साहित्यप्रेमीहरू, दुखान्तै दुखान्तको नाटक जस्तो भएर गुज्रेको देश (सरकार) र जनताको सम्बन्ध, सधैँ भान्जा भएर मामाहरूको पछि लाग्नु पर्ने गरिब र धनी राष्ट्रहरू बीचको साम्राज्यवादी संस्कार, सदासर्वदा ठूला दातृ निकायहरूको मुख ताक्ने हिमालमुनिको बस्तीमा बस्ने नेपालीहरूको कुसंस्कृत पुरातन प्रवृत्ति, क्रान्तिको आगो बाल्ने भोका पेट र वञ्चितीकरणमा परेका सीमान्तकृत वर्गका शीत ओढेका बस्तीहरूको मार्मिक कथाव्यथालाई कविताहरूले सम्बोधन गरेका छन् । सबै कविताहरूको आन्तरिक मर्म देश र समाजमा व्याप्त विसङ्गति, विकृति हटाई आमूल परिवर्तन ल्याउने प्रगतिवादी विचार रहेको छ । कविताहरूले समस्याहरू उजागर गर्नुका साथै समाधानका लागि प्रगतिशील विचारले दिशाबोध गराएको पाइन्छ । यस कवितासङ्ग्रहमा सङ्गृहीत उनका सबै कविताहरू कवितामा हुनु पर्ने आवश्यक गुण र विशेषताहरू रहनुका साथै हरेक कविता शिक्षाप्रद र उत्कृष्ट देखिन्छन् । कवितामा प्रयुक्त बिम्ब, प्रतीक र अलङ्कारले कविताहरू कलापूर्ण र विशिष्ट भएका छन् ।

# परिच्छेद आठ

# शोधनिष्कर्ष

## ८.१ विषयप्रवेश

यस परिच्छेदमा गोविन्द भण्डारीको जीवनी, व्यक्तित्व र कृतित्वसम्बन्धी अध्ययनको परिच्छेदगत सारसङ्क्षेप तथा शोध-निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ८.२ सारसङ्क्षेप

"गोविन्द भण्डारीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन" शीर्षकको प्रस्तुत शोधपत्रको परिच्छेद एकमा शोधको सामान्य परिचय प्रस्तुत गरिएको छ ।

परिच्छेद दुईमा गोविन्द भण्डारीको जीवनी प्रस्तुत गरिएको छ । गोविन्द भण्डारीको जीवनीलाई यहाँ पुर्ख्यौली र पारिवारिक पृष्ठभूमि, जन्मस्थान र नामकरण, बसोबास, बाल्यकाल, शिक्षादीक्षा, नामकरण, ब्रतवन्ध, विवाह र परिवारिक स्थिति, पेसा, आर्थिक अवस्था, स्वभाव र रुचि, सङ्घसंस्थासँगको आबद्धता, राजनीतिक प्रेरणा र संलग्नता, साहित्य क्षेत्रमा प्रवेश, साहित्यिक लेखनमा प्रेरणा र प्रारम्भ, प्रकाशित कृतिहरू, सम्मान तथा पुरस्कार, जीवनदृष्टि गरी विभिन्न उपशीर्षकमा अध्ययन गरिएको छ ।

परिच्छेद तीनमा गोविन्द भण्डारीको साहित्यिक व्यक्तित्वसँगै अन्य व्यक्तित्वका विषयमा चर्चा गरिएको छ । यसमा उनको व्यक्तित्वलाई शारीरिक, राष्ट्रसेवक, सामाजिक, राजनैतिक, कवि, साहित्यकार, नाट्यकलाकारी, कथाकार, निबन्धकार, गीत एवं गजलकार, स्पष्टवक्ता र चित्रकारी व्यक्तित्व गरी व्यक्तित्वको अध्ययन गरिएको छ ।

परिच्छेद चारमा गोविन्द भण्डारीको साहित्यिक-यात्रालाई दुई चरणमा विभाजन गरी अध्ययन गरिएको छ । २०३६ साल देखि २०३९ सालसम्मको पहिलो चरणमा क्रमशः **फिलिङ्गो** खण्डकाव्य र **दियालो** कवितासङ्ग्रह गरी दुईवटा कृतिको रचना र प्रकाशनका विषयमा चर्चा गरिएको छ । २०४० सालदेखि २०५० सालसम्मको दोस्रो चरणमा एउटा मात्र **आगो पालेका पेट र शीत ओढेका बस्तीहरू** संयुक्त कवितासङ्ग्रह कृतिका विषयमा कृतिगत चर्चा गरिएको छ ।

परिच्छेद पाँचमा गोविन्द भण्डारीको पहिलो रचना कृति **फिलिङ्गो** खण्डकाव्यको अध्ययन गरिएको छ । यहाँ **फिलिङ्गो** खण्डकाव्यलाई केन्द्रीय कथ्य तथा भावभूमि, कथावस्तु, पात्रविधान, लयविधान, भाषाशैली, बिम्ब, प्रतीक र अलङ्कार, कथनपद्धति, संरचना र शीर्षकमा अध्ययन गरिएको छ ।

परिच्छेद छमा गोविन्द भण्डारीको दोस्रो कृति फुटकर कविताहरूको सङ्ग्रह **दियालो**को अध्ययन गरिएको छ । यहाँ यस कवितासङ्ग्रहलाई केन्द्रीय कथ्य तथा भावविधान, लयविधान, संरचना, भाषाशैली, अलङ्कार, प्रतीक एवम् बिम्बविधान, कथनपद्धति र शीर्षक जस्ता कविताका आधारभूत तत्त्वहरूका आधारमा अध्ययन गरिएको छ ।

परिच्छेद सातमा गोविन्द भण्डारीको तेस्रो तथा संयुक्त कवितासङ्ग्रह **आगो पालेका पेट र शीत ओढेका बस्तीहरू** कवितासङ्ग्रहका भढडारीका दसवटा कविताको अध्ययन गरिएको छ । यहाँ यी कवितालाई केन्द्रीय कथ्य तथा भावविधान, लयविधान, संरचना, भाषाशैली, अलङ्कार, प्रतीक एवम् बिम्बविधान, कथनपद्धति र शीर्षक जस्ता कविताका आधारभूत तत्त्वहरूका आधारमा अध्ययन गरिएको छ ।

प्रस्तुत परिच्छेद आठमा गोविन्द भण्डारीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनको सारभूत निचोर प्रस्तुत गर्दै समग्र शोधनिष्कर्ष दिइएको छ ।

## ८.३ शोधनिष्कर्ष

नेपाली काव्यकविताका क्षेत्रमा साहित्यकार गोविन्द भण्डारीको उल्लेख्य योगदान देखिन्छ । गोविन्द भण्डारी २०२१ साल चैत्र ३० गते गुल्मी जिल्लाको स्याङ् गाउँमा आफ्ना माता-पिताका दोस्रो सन्तानका रूपमा जन्मेका हुन् । उनले कक्षा ४ सम्मको शिक्षा पहाडमै पूरा गरेका थिए । २०३० सालमा आफ्ना माता-पिताका साथ पहाड छोडेर मधेसको रूपन्देही जिल्लाको करहिया गा.वि.स., वडा नं. ८ ज्योतिनगर बसाइ सरेका भण्डारीले रूपन्देही जिल्लालाई नै शिक्षा र साहित्यको कर्मस्थल बनाएको पाइन्छ । उनले कक्षा ५ देखि प्रवेशिका परीक्षासम्म मणिग्राम स्थित गीर्वाण सरस्वती संस्कृत मा.वि.बाट उत्तीर्ण गरेका हुन् । उच्च शिक्षा हासिल गर्ने क्रममा उनले प्रमाणपत्र तह र स्नातक तह क्रमशः बुटवल बहुमुखी क्याम्पस र भैरहवा बहुमुखी क्याम्पसबाट उत्तीर्ण गरेका हुन् । यसपछि नेपाली विषयमा स्नातकोत्तर तह दोस्रो वर्षको अन्तिम परीक्षा दिएर घर फर्किने क्रममा २८ वर्षको कलिलो उमेरमै एभरेस्ट एयरको विमान दुर्घटनामा परी २०५० साल श्रावण १६ गते दिवंगत भएका हुन् ।

साहित्यिक, सामाजिक र राजनैतिक व्यक्तित्वका रूपमा गोविन्द भण्डारीको व्यक्तित्व विस्तारित देखिन्छ । उनको व्यक्तित्वलाई अध्ययन गर्दा विचार गरेर मात्र बोल्ने, सादा जीवन उच्च विचार राख्ने, मृदुभाषी, फरासिलो र पारदर्शी, स्वतन्त्रताप्रेमी, राष्ट्रप्रेमी स्वाभिमानी, सरल, प्रगतिवादी, यथार्थवादी, करुण, विवेकशील एवम् मानवतावादी व्यक्ति रहेको पाइन्छ । उनी शोषणरहित समाजको विकासका लागि सर्वपक्षीय विचार मौलाउन र खेल्न पाउनु पर्छ भन्ने मान्यताका पक्षधर देखिन्छन् । साहित्यका क्षेत्रमा उनी कवि, गीतकार, निबन्धकार, कथाकार समेत देखिन्छन् । साहित्यिक व्यक्तित्व नै उनको पहिचान

दिने व्यक्तित्व हो । वैचारिक दृष्टिले हेर्ने हो भने उनी सामन्तवाद र शोषकका विरुद्ध कलम चलाउने प्रगतिवादी जनपक्षीय साहित्यकार देखिन्छन् ।

गोविन्द भण्डारीको साहित्यिक यात्रा गीर्वाण सरस्वती संस्कृत मा.वि.मा कक्षा ८ मा पढ्दै गर्दा सुरु भएको पाइन्छ । यस विद्यालयका गुरुजनको निर्देशनमा समस्यापूर्तिको नामले एक साहित्य मण्डलीको सिर्जना भयो । उक्त साहित्य समूहभित्र रहँदा भण्डारीले साहित्ययात्रा थालेको पाइन्छ । समस्यापूर्तिको अभ्यास र साहित्यकारसँगको सङ्गतबाट उनले किशोरावस्थामै वर्गीय सचेतनायुक्त **फिलिङ्गो** खण्डकाव्य प्रस्तुत गरे । यो नेपालको सामन्ती सामाजिक संरचनाका रूपमा र प्रशासनिक क्षेत्रमा समेत हजारौँ वर्षदेखि जरा गाडेर रहेको शोषणको सञ्जालबाट मुक्त गराउने र सर्वसाधारण श्रमजीवी नेपाली जनतालाई क्रान्ति र वर्ग सङ्घर्षको पाठ सिकाउने उत्कृष्ट काव्यकृति हो । उनले सामाजिक र राजनैतिक विसङ्गति र विकृतिलाई 'भस्मिभूत' पार्न जनचेतनाको 'झिल्को' सहित सामाजिक क्रान्तिका लागि **फिलिङ्गो** खण्डकाव्य लिएर अगाडि बढेको पाइन्छ भने माध्यमिक तहमा अध्ययनरत हुँदा उनले उस्तै प्रगतिवादी क्रान्तिचेतले भरिएका एघारवटा फुटकर कविताहरू **दियालो**मा प्रस्तुत गरेको पाइन्छ । त्यसपछि गोविन्द भण्डारी विभिन्न सामाजिक सङ्घसंस्थाहरूमा आबद्ध भई सामाजिक कार्य र उच्च शिक्षालाई निरन्तरता दिँदै उनले तेस्रो कृतिका रूपमा **आगो पालेका पेट र शीत ओढेका बस्तीहरू** संयुक्त कवितासङ्ग्रह प्रस्तुत गरेको देखिन्छ ।

गोविन्द भण्डारीले १४ वर्षको कलिलो उमेरमा प्रौढावस्थाका परिपक्व प्रगतिशील साहित्यकारले झैँ पूर्वीय साहित्य सिद्धान्तको परिपालन गरे जस्तै खण्डकाव्यमा आदि, मध्य र अन्त्यको कुशल संयोजन र व्यवस्थापन गर्न सफल देखिन्छन् । **फिलिङ्गो** खण्डकाव्यको पहिलो झिल्को प्रारम्भमा मङ्गलाचरणका रूपमा उनले *"आशीर्वाद म दिन्छु पात्रहरूमा खोलेर स्वाधीनता"* र *"जागा चेतनशील वर्गहरूमा मेरो नमस्कार छ"* प्रस्तुत गरी कथावस्तु, घटनाक्रम, सामाजिक परिवेशसँगै सत् र असत् पात्रहरूका बीच द्वन्द्व-अन्तरद्वन्द्वलाई बिस्तारै माथि उठाएर हारजितको पराकाष्ठालाई मध्य भागमा व्यवस्थापन गरेका छन् । खण्डकाव्यको अन्त्य भागमा उनले *"लेखौँ नयाँ जीवनको सुचित्र, सङ्घर्षको लालसलाम ! मित्र ।"* तथा *"बलोस् प्रत्येकमा प्रत्येकबाट मानवीयता, मबाट शुभकामना बढोस् जुझारु एकता ॥"* भनेर **फिलिङ्गो** खण्डकाव्य समापन गरेका छन् । यस खण्डकाव्यमा दुर्गम पहाडको बस्तीका रूपमा पुष्पपुरको सुन्दर गाउँ, गाउँले भरियाको अगुवाई गर्ने युवा 'सेते' र कान्तिग्रामबासी 'नौजबान' तथा 'नवयुवक' एवम् शोषित-पीडित श्रमजीवी गाउँलेहरू सत्पात्रका रूपमा र पुष्पपुरमा पछि बसाइँ सरेर गाउँलेमाथि अन्याय-अत्याचार, दमन-शोषण मच्चाउने, गाउँको जनएकता र उनीहरूको दुःख, पीरमर्का बुझेर आफूलाई नसच्चाउने सामन्त-साहू 'महेश' र उसका मतियार सेना, प्रहरी र दलालहरू असत्पात्रका रूपमा सहभागी गराइएको छ । यसरी वर्गसङ्घर्षको मूर्त रूप दिन र सर्वसाधारण नेपाली जनतालाई क्रान्तिचेत जगाउन **फिलिङ्गो** खण्डकाव्य सफल देखिएको छ । यहाँ सीमित

सामन्तवर्गको शोषणलाई सत्पक्षका बहुसङ्ख्यक जनसमूहको एकता भएमा स्वाभाविक रूपले परास्त गर्न सफलता प्राप्त हुन्छ भन्ने तर्क प्रस्तुत गरिएको छ ।

गोविन्द भण्डारीका कविता सङ्ग्रहभित्रका कविताहरूमा अलङ्कार र बिम्बविधानको प्रयोग र उत्तिकै क्रान्तिकारीताको भावले उनको काव्यकारिता उमेरको परिपक्वतासँगै खारिएर झन् दृढ बनेको देखिन्छ । साहित्य सेवाको विकासक्रममा उनले विद्यार्थी जीवनदेखि अध्ययन र शोधखोजको व्यावहारिक जीवनसम्म कला र विचारलाई सघन बनाएर देशभित्रको राजनैतिक, आर्थिक र सामाजिक विसङ्गति र विकृतिका विरुद्ध सामाजिक न्यायका पक्षमा निडर एवम् निष्पक्षताका साथ साहित्य लेखनमा सङ्घर्षरत हुँदा हुँदै जीवन बिताएको देखिन्छ ।

उनका प्रकाशित कृतिअनुसार उनको काव्यकला र भाषाशैली पद्यात्मकताबाट गद्यात्मक तर्फ विस्तारित भएको पाइन्छ । साहित्यकार भण्डारीको कलम कविता विधामा मात्र सीमित नरही निबन्ध र कथा विधामा समेत चलेको पाइन्छ । उनका रचना स्थानीय र राष्ट्रिय स्तरका साहित्यिक पत्रिका (**विणा, अणु, गरिमा**)हरूमा प्रकाशित भएका देखिन्छन् । उनका आठवटा गजल सहितका बत्तीसवटा फुटकर कविताहरू भएको एउटा डायरी र तीनवटा  निबन्ध र तेरवटा कथाहरू भएको अर्को डायरीमा अप्रकाशित रचनाहरू रहेका छन् ।

यसरी गोविन्द भण्डारीको जीवनी सभ्य मानव सरह 'बाँच्ने र बचाउने' अवधारणाले प्रेरित भई सक्रिय र सङ्घर्षपूर्ण रहेको देखिन्छ । उनको व्यक्तित्व सरल, सहज, सम्मानित, प्रतिष्ठित र उर्जाशील पाइन्छ भने उनका साहित्यिक कृतिहरू वर्गीय समानता र न्यायपूर्ण समाजको सिर्जनाका लागि वर्गसङ्घर्षको माध्यमबाट उत्पीडित वर्गको मुक्ति गराउने मानवतावादी र प्रगतिवादी विचारबाट प्रभावित छन् ।

## ८.४ सम्भावित शोधशीर्षकहरू

(क) गोविन्द भण्डारीका काव्यकविताहरूमा प्रगतिवादी स्वर

(ख) गोविन्द भण्डारीको काव्यशिल्प

# सन्दर्भसूची


खनाल, अजित, "नेपाली साहित्यमा रूपन्देही जिल्लाको योगदान", त्रि.वि., कीर्तिपुरमा प्रस्तुत नेपाली स्नातकोत्तर शोधपत्र, २०५५ (अप्र.) ।

गौतम, लक्ष्मणप्रसाद, **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण,** ललितपुर : साझा प्रकाशन, २०६० ।

त्रिपाठी, वासुदेव र अन्य, **नेपाली कविता भाग ४,** चौथो संस्करण, ललितपुर : साझा प्रकाशन, २०६० ।

थापा, हिमांशु, **साहित्य परिचय,** दो.सं, काठमाडौँ : साझा प्रकाशन, २०४२ ।

पराजुली, कृष्णप्रसाद, **राम्रो रचना मीठो नेपाली,** पच्चीसौँ संस्करण, काठमाडौँ : सहयोगी प्रेस, २०६१ ।

पराजुली, मुरारि, 'गोविन्दका कविताभित्रका भावसंसार' **समष्टि,** वर्ष-२७, अङ्क ३, २०६३ ।

पौड्याल, शालिकराम, 'रूपन्देही जिल्लाका प्रतिनिधि कवि र तिनका प्रमुख कविताकृतिहरूको अध्ययन,' त्रि.वि., कीर्तिपुरमा प्रस्तुत नेपाली स्नातकोत्तर शोधपत्र, २०६१ (अप्र.) ।

भण्डारी, गोविन्दप्रसाद, **फिलिङ्गो,** काठमाडौँ : ऋषीश्वर भुसाल, २०३६ ।

... ..., 'अस्मिता', **गरिमा**, वर्ष-७, अङ्क-३, साझा प्रकाशन, २०४५ ।

... ..., 'गाउँतिरको घिउ', **गरिमा**, वर्ष-५, अङ्क-१२, साझा प्रकाशन, २०४४ ।

... ..., 'दार्शनिक बन्ने धुनमा' **शब्ददूत,** वर्ष-१, अङ्क-२, २०६१ ।

... ..., 'विवादमा मुछिन लागेको छोरो' **शब्ददूत**, वर्ष-२, अङ्क-३, २०६२ ।

... ..., **दियालो,** बुटवल : गंगाराम अर्याल र साथीहरू, २०३९ ।

... ... र अन्य, **आगो पालेका पेट र शीत ओढेका बस्तीहरू,** मणिग्राम : ऋषिराम भुसाल, २०४६ ।

मार्क्स एङ्गेल्स (अनु. कृष्णप्रकाश श्रेष्ठ), **कम्युनिस्ट पार्टीको घोषणापत्र**, ते.सं., काठमाडौँ : अग्निपरीक्षा जनप्रकाशन गृह प्रा.लि., सन् १९८६ ।

**रूपन्देहीको कम्युनिस्ट आन्दोलनका पचास वर्षहरू** (२००९-२०५९), ने.क.पा. (एमाले), जि.क., रूपन्देही ।

लामिछाने, कपिल, 'सिद्धार्थ साहित्य परिषद्को इतिवृत्त' **पदचिन्ह**, अङ्क १, २०६३ ।

लुइटेल, खगेन्द्रप्रसाद, **कविताको संरचनात्मक विश्लेषण,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६२ ।

शर्मा, पौड्याल हीरामणि, 'साहित्यिक फाँटमा लुम्बिनी अञ्चलका केही प्रबन्धकाव्यहरू' **समालोचनाको बाटोमा,** पाल्पा : इन्दिरा शर्मा पौड्याल, २०४१ ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल, **पूर्वीय र पाचात्य साहित्य सिद्धान्त**, काडमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६१ ।

साहनी, दिल, 'श्रद्धाञ्जलिका शब्दहरू, युवाकवि गोविन्द भण्डारी' **दैनिक लुम्बिनी** (२०५० श्रावण २९, पृ. ४) ।

## परिशिष्ट (क)

## शोधनायकसित सम्बन्धित केही तस्विरहरू

बसाईं नाटकमा मुख्य पात्र धनबहादुर बस्नेतको भूमिका खेल्दै गोविन्द भण्डारी (दायाँ)

आफ्नो परिवारका साथ (दायाँ जानकी भण्डारी र बीचमा छोरा अविरल) गोविन्द भण्डारी

## परिशिष्ट (ख)

## शोधनायकले प्राप्त गरेका केही प्रमाणपत्र र प्रशंसापत्रहरू

## परिशिष्ट (ग)

# गोविन्द भण्डारीका अप्रकाशित रचनाहरूको विवरण

(क) कविता

| क.सं. | शीर्षक | लयविधान | रचनाकाल |
|---|---|---|---|
| १ | घिउको आत्मकथा | मुक्त | २०४३।१९।१२ |
| २ | प्रीतम ! म वेश्या होइन | मात्रिक | २०४३।११।२३ |
| ३ | आधारभूत आवश्यकता | उपजाति | २०४४।०१।१५ |
| ४ | श्रद्धेय भानु र हामी बाँचेको युग | मात्रिक | २०४४।०३।२८ |
| ५ | उसलाई रेडियो मूल परेको छ | मुक्त | २०४४।०४।१६ |
| ६ | यौटा चुम्बन धर्तीपुत्रको | शार्दूलविक्रीडित | २०४४।०७।०५ |
| ७ | युवातिमी सृष्टिको सुन्दर रचना हौ | अनुष्टुप् | २०४४।०८।२८ |
| ८ | प्रभु मलाई लाटोकोसेरो बनाउ | मुक्त | २०४४।१०।२९ |
| ९ | भावी संगिनीप्रति | मन्दाकान्ता | २०४४।१२।१३ |
| १० | आधारभूत आवश्यकता र हाम्रो कर्तव्य | शार्दूलविक्रीडित | २०४५।०१।२६ |
| ११ | स्काउट गीत | मुक्त | २०४५।०२।२७ |
| १२ | प्रलय हुनु अघि | मुक्त | २०४५।०८।२६ |
| १३ | प्रीतम | मुक्त | २०४५।१२।२२ |
| १४ | मट्टितेल | मुक्त | २०४६।०१।३१ |
| १५ | काठमाडौँ | मुक्त | २०४६।०३।०२ |
| १६ | पैताला माथि | मुक्त | २०४६।०३।२९ |
| १७ | रेडक्रस र युवा | मुक्त | २०४६।०४।२४ |
| १८ | कार्यालय | मुक्त | २०४६।०५।२७ |
| १९ | जाँड | मुक्त | २०४६।०६।१० |
| २० | ड्राइभर | मुक्त | २०४६।०७।०५ |
| २१ | सुन्दरताका भोकहरू | मुक्त | २०४६।०९।२८ |
| २२ | इतिहास | मुक्त | २०४६।१०।१६ |
| २३ | स्वतन्त्रताको शेषकथा | मुक्त | २०४६।१०।२२ |
| २४ | शीत ओढेका वस्तीहरू | मुक्त | २०४६।०७।१२ |

| | | |
|---|---|---|
| २५ यसरी मेरो नयाँ वर्ष आउँछ | मुक्त | २०४६।१२।१३ |
| २६ स्वतन्त्रता | मुक्त | २०४६।१२।२७ |
| २७ दन्त्यकथा बन्नसक्ने यौटा कथा | मुक्त | २०४७।०१।१४ |

**(ख) मुक्तक**

| क.सं. | शीर्षक | रचनाकाल |
|---|---|---|
| १ | स्वावलम्बन | २०४४।०४।२९ |
| २ | बाढी | २०४४।०८।२५ |
| ३ | व्यस्त र सहयोग | २०४४।१०।२८ |
| ४ | गर्व | २०४५।०१।२७ |
| ५ | यौटा रात ढल्नुपछ | २०४७।०१।१४ |

**(ग) गजल**

| क.सं. | मक्ता (पहिलो दुई पङ्क्ति) | रचनाकाल |
|---|---|---|
| १ | हेर्दैरहेछौ मलाई यौटा अन्तिम नमस्कारले,<br>दिएन सुशील संगीत आज मन फुकाई सितारले | २०४४।०३।२६ |
| २ | सधैं चित्र तिम्रो मुटुभित्र लुक्छ,<br>फुटी निस्कदैनौ र पो चित्त दुख्छ । | २०४४।०५।०८ |
| ३ | सन्तुष्टिका हात मिलाउने हो,<br>आउ ल एउटै गीत गाउने हो । | २०४४।०४।३० |
| ४ | चौबाटोमा बसी उसको माया गाइएन,<br>लुकाउछु भन्दा पनि सुखै पाइएन । | २०४५।०५।२३ |
| ५ | सपना किन झन पर झन पर झैं भयो,<br>अव त जिन्दगी झूठो रहर झैं भयो । | २०४५।०८।२५ |
| ६ | संघर्षको पैतालामा इतिहास बोल्छ,<br>जनताको हार देख्न कल्ले सक्या छ र ? | २०४६।१२।१३ |
| ७ | जुन ठाउँमा टेकिरहेथें त्यो नै यौटा धराप थियो,<br>मैले शीत ओकलिरहें छन त छातिमा (उर्लंदो)राप थियो । | २०४६।१२।१४ |
| ८ | गोठालाहरू वरिपरि बस्छन् प्रभुकै  स्वरमा कराउँछन् ।<br>वेश्या भनुँ वा चोर भनुँ रात ढले सि हराउँछन् । | २०४७।०१।१५ |

(घ) निबन्ध

| क.सं. | शीर्षक | | रचनाकाल |
|---|---|---|---|
| १ | प्रेम, प्रेम-विवाह र अपराध | | २०४३।०१।०१ |
| २ | दार्शनिक बन्ने धुनमा | (ब्यङ्ग्य) | २०४३।०८।२९ |
| ३ | नमस्ते | (ब्यङ्ग्य) | २०४३।१२।२१ |

(ङ) कथा

| क.सं. | शीर्षक | रचनाकाल | |
|---|---|---|---|
| १ | तृष्णा | २०४३।०१।०२ | |
| २ | गन्तव्य | २०४३।०१।१८ | |
| ३ | गाउँतिरको घीउ | २०४३।०३।११ | (गरिमा,२०४४,वर्ष ५,मंसिर,अंक १२) |
| ४ | यसरी टुकिन्छ सपना | २०४३।०४।२२ | |
| ५ | भैदिए पछि | २०४३।०४।२५ | |
| ६ | ड्याँङ...ङ...ऽ..ऽऽ.. | २०४३।०६।०६ | |
| ७ | एउटा शैशव | २०४३।०८।०८ | |
| ८ | बाबुको बिहे | २०४३।०९।१९ | |
| ९ | विखण्डन | २०४३।१०।०८ | |
| १० | विवादमा मुछिन लागेको छोरो | २०४३।१०।२२ | |
| ११ | हर्न बज्ने बाटो | २०४३।१०।२२ | |
| १२ | कथाकार | २०४३।११।२३-२०४३।१२।१६ | |
| १३ | माथि नै आउन | २०४३।१२।२९ | |



शोधनायक स्व.गोविन्द भण्डारी **"नवीन"**

परिशिष्ट (क) शोधनायकसित सम्बन्धित केही तस्विरहरू




बसाई नाटकमा मुख्य पात्र धनबहादुर बस्नेतको भूमिका खेल्दै **गोविन्द भण्डारी** (दायाँ)



आफ्नो परिवारका साथ (दायाँ जानकी भण्डारी र बीचमा छोरा अविरल) **गोविन्द भण्डारी**

## परिशिष्ट (ख) शोधनायकले प्राप्त गरेका केही प्रमाणपत्र र प्रशंसापत्रहरू




श्री शान्ति जूनियर रेडक्रस सर्कल, मणिग्राम, रुपन्देही

प्रशंसा पत्र

यस सर्कलको आयोजकत्वमा आयोजित जिल्ला स्तरीय प्रतियोगितात्मक अन्तर माध्यमिक विद्यालय कविता गोष्ठी मा भाग लिई सहयोग गर्नु भई तृतीय स्थान प्राप्त गर्नु भए वापत श्री गोरक्ष स.रा. मा.वि. जुनियर रेडक्रस सर्कलका सदस्य श्री गोविन्द प्रसाद भण्डारी लाई तृतीय पुरस्कार सहित यस प्रशंसा पत्र प्रदान गरिएको छ ।

| अध्यक्ष | | | शिक्षक नायक |
|---|---|---|---|
| शान्ति जुनियर रेडक्रस सर्कल | मुख्य अतिथि | प्रधानाध्यापक | शान्ति जुनियर रेडक्रस सर्कल |

श्री शान्ति जुनियर रेडक्रस सर्कल, मणिग्राम, रुपन्देहीद्वारा २०३६ साल आश्विन ५ गते आयोजित जिल्ला स्तरीय प्रतियोगितात्मक अन्तर माध्यमिक विद्यालय कविता गोष्ठिमा **गोविन्द भण्डारी**ले पुरस्कार सहित *तृतीय स्थान* प्राप्त गरेको प्रशंसा पत्र



साझा विकास शाखा

मिति ०४४।४।१४


विषय: प्रशंशा – पत्र

श्री गोविन्द भण्डारि,
सह – लेखापाल
जि० पं० स० साझा विकास शाखा
गुल्मी – तमघास ।

तपाईले यस शाखाको लेखा पालन एवं प्रशासनिक कार्यमा प्रभावकारि ढंगले परिश्रम, लगनशीलता र दक्षताका साथ प्रशंसनीय कार्य गर्दै आउनु भएको र तपाईंमा योग्य निजामति कर्मचारीमा हुनु पर्ने सर्वगुण सम्पन्नता पाइएकोले तपाईंको प्रगतिमय भविष्यको कामना गर्दै यो प्रशंशा पत्र प्रदान गरिएको छ।

०४४।४।१४
[शंकरनाथ झा]
साझा निरीक्षक

२०४४ साल श्रावण १४ गते जिल्ला पञ्चायत सचिवालय, साझा विकास शाखा, गुल्मी तम्घासबाट सहलेखापाल **गोविन्द भण्डारी**लाई प्रदन गरिएको निजामति कर्मचरीमा हुनु पर्ने सर्वगुण सम्पन्नता सहितको प्रशंसा पत्र ।



त्रिभुवन विश्वविद्यालय

भैरहवा बहुमुखी क्याम्पस

**प्रमाणपत्र**


श्री ५ बडा महारानी सरकारको ४२ औं शुभ जन्मोत्सव को उपलक्ष्यमा अतिरिक्त क्रियाकलाप-अन्तर्गत यस क्याम्पसमा आयोजित अन्तर क्याम्पस चित्रकला प्रतियोगितामा सान्त्वना स्थान प्राप्त गर्ने मानविकी/~~व्यवस्थापन~~ सङ्कायअन्तर्गत स्नातक/~~प्रवीणता प्रमाण-पत्र प्रथम~~/द्वितीय वर्षका छात्र/~~छात्रा~~ श्री गोविन्द भण्डारी लाई यो प्रमाण पत्र प्रदान गरिएको छ ।

मुख्य अतिथि — सिद्धार्थनगर, मिति: ४ भाद्र २०४६

अतिरिक्त क्रियाकलाप शाखा प्रमुख

क्याम्पस प्रमुख

त्रिभुवन विश्वविद्यालय, भैरहवा बहुमुखी क्याम्पस, भैरहवाद्वारा २०४६ साल भाद्र ४ गते आयोजित अन्तर क्याम्पस चित्रकला प्रतियोगितामा मानविकी सङ्कायअन्तर्गत स्नातक द्वितीय वर्षमा अध्ययनरत **गोविन्द भण्डारी**ले *सान्त्वना पुरस्कार* सहित प्रदान गरिएको प्रमाण पत्र



भावी सन्ततीलाई सुन्दर भविष्य हस्तान्तरण गरौं ।

सा. ने. रा. स. प. द. नं. ४५/०४०/४१

# द रेयूकाई नेपाल


## प्रमाण-पत्र

२०४८

अन्तर्राष्ट्रिय युवा वक्तृत्वकला पर्व १९९१ को उपलक्ष्यमा द रेयूकाई नेपालद्वारा आयोजित सातौं राष्ट्रव्यापी खुल्ला युवा वक्तृत्वकला प्रतियोगिताको केन्द्रीय स्तरको प्रतियोगितामा सहभागी भइ प्रथम हुनु भएका द रेयूकाई नेपाल परासी शाखाका श्री/श्रीमती/सुश्री गोविन्द भण्डारी लाई स-धन्यवाद यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

प्रमाण पत्र प्रदान गरिएको मिति- २०४८ माघ ४गते ।

द रेयुकाई नेपालद्वारा आयोजित *सातौं राष्ट्रव्यापी खुल्ला वक्तृत्वकला प्रतियोगिताको केन्द्रीय स्तरको प्रतियोगिता*मा द रेयुकाई नेपाल परासी शाखाको तर्फबाट सहभागी **गोविन्द भण्डारी**लाई प्रथम स्थान सहित प्रदान गरिएको प्रमाण पत्र ।



रजि० नं० ४५/०४०/०४१ जा० जि० का० स० ...

द रेयूकाई नेपाल

The Reiyukai Nepal

परासी शाखा

अन्तरात्माको विकास गरौं

INNERSELF DEVELOPMENT

कार्यकारिणी समिति
१९९१/९२

श्री श्याम कुमार बस्याल
अध्यक्ष

श्री सुमन गोपाल आचार्य
उपाध्यक्ष

श्री ध्रुव कुमार श्रेष्ठ
सचिव

श्री देवराज श्रेष्ठ
कोषाध्यक्ष

श्रीमती सावित्री प्रधान
सह-सचिव

सदस्यहरू
[illegible]

केन्द्रीय प्रतिनिधि
श्री सुरेन्द्र कुमार अधिकारी

सल्लाहकारहरू
श्री डोल राज घर्ती
श्री राजु गुरुङ
श्रीमती राधा प्रधान

संयोजक
श्री डोल राज घर्ती
रेयूकाई शिक्षा प्रवर्धन उप-समिति

शाखा सम्पर्कवाला
श्री बाल चन्द्र आचार्य

च० नं० ... मिति : २०४८/१०/११

श्रीमान गोविन्द भण्डारी ज्यू
मणिग्राम, रुपन्देही

विषय: बधाई ज्ञापन सम्बन्धमा

महोदय,

उपरोक्त सम्बन्धमा यस शाखाको मिति ... १०।१० गते बसेको कार्यसमिती तथा रेयूकाई शिक्षा ... उपसमिती बैठकले द रेयूकाई नेपाल द्वारा आयो... सातौं राष्ट्रिय युवा वक्तृत्व कला प्रतियोगीता ... द रेयूकाई नेपाल परासी शाखाबाट सहभागी ... प्रथम स्थान प्राप्त गरी अन्तर्राष्ट्रिय वक्तृत्व क... पर्व १९९२ सिउल जाने सुवर्ण अवसर प्रा... गर्ने भएकोमा यस शाखा परिवार हार्दिक ... तथा उत्तरोत्तर प्रगतीका साथै शुभकामना व्य... गर्दछौं।

भवदीय

(श्याम बस्याल)
अध्यक्ष

श्याम बस्याल
अध्यक्ष

द रेयुकाई नेपाल, परासी शाखाबाट सहभागी भएका **गोविन्द भण्डारी** द रेयुकाई नेपालद्वारा आयोजित सातौं राष्ट्रव्यापी केन्द्रीय स्तरको खुल्ला युवा वक्तृत्वकला प्रतियोगितामा प्रथम स्थानबाट छनौट भई *अन्तर्राष्ट्रिय वक्तृत्वकला पर्व १९९२ का लागि सिउल जाने सुवर्ण अवसर प्राप्त* गरेकोमा द रेयुकाई नेपाल, परासी शाखाको उत्तरोत्तर प्रगति र शुभकामना सहित वधाई ज्ञापन गरेको पत्र